अदालतले भर्ने
दर्ता नं.:
दर्ता मिति:

श्री उच्च अदालत पाटन, वाणिज्य इजलासमा

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ अन्तर्गत दायर गरीएको

अभियोग पत्र

२०८३ सालको निर्णय नं. ....

नेपाल राष्ट्र वैंक, बैंक सुपरीवेक्षण विभागमा कार्यरत विज्ञ उप-निर्देशक खगेश्वर भण्डारी, सहायक निर्देशक अंगदिप न्यौपाने र सहायक निर्देशक लेख वहादुर पाण्डे र प्रतिवेदक नेपाल प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान व्यूरो, लाजिम्पाटमा कार्यरत प्र.ना.उ. नविन पौडेल समेत र प्र.नि.देवराज काफ्ले समेतको जाहेरीले वादी नेपाल सरकार.....१ } वादी

विरुद्धः

शिव प्रसाद पाण्डेको नाती, राम प्रसाद पाण्डे र माया पाण्डेको छोरा, काठमाडौं जिल्ला, साविक काठमाडौं महानगरपालिका वडा नं. ५ हाल काठमाडौं महानगरपालिका वडा नं. ९ बस्ने ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेस्ट एण्ड भेटेरेनरी साईन्स प्रा.लि. र राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि. का अध्यक्ष बर्ष ६८ को **ओम प्रसाद पाण्डे** (ना.प्र.नं.५२७०/२१/ २०८/२३५३६, काठमाण्डौं).....१
श्रीप्रसाद शेरचनको नाती, विष्णु प्रसाद शेरचन र पार्वती शेरचनको छोरा, जिल्ला बाग्लुङ, साबिक कालिका गा.बि.स वडा नं. ५ हाल परिवर्तित बाग्लुङ नगरपालिका वडा नं. ३ स्थायी वतन भई हाल जिल्ला काठमाडौं, कीर्तिपुर नगरपालिका वडा नं. २, ट्याङलाफाट बस्ने प्रभु बैंक लि.का प्रमुख कार्यकारी अधिकृत वर्ष ५४ को **अशोक शेरचन** (ना.प्र.नं. ९८८/७७८, बाग्लुङ).....१
ढुण्डीराज पोखरेलको नाती, हरी प्रसाद पोखरेल र हरिमाया पोखरेलको छोरा, जिल्ला गोरखा, साविक खोप्लाङ वडा नं. १ हाल पर्रिवर्तित पालुङटार नगरपालिका वडा नं. २ घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १०, बानेश्वर बस्ने प्रभु बैंक लि.का नायब प्रमुख कार्यकारी अधिकृत वर्ष ५७ को मनिराम पोखरेल (ना.प्र.नं. ३७१८, गोरखा).....१
लक्ष्मी प्रसाद श्रेष्ठको नाती, गणेश प्रसाद श्रेष्ठ र सुनिता श्रेष्ठको छोरा, सुनसरी जिल्ला, साविक ईटहरी न.पा. वडा नं. ४ हाल परिवर्तित ईटहरी उपमहानगरपालिका वडा नं. ४ घर भई हाल ललितपुर जिल्ला, गोदावरी न.पा. वडा नं. १४, ठैव बस्ने प्रभु बैंक लि. प्रधान कार्यालय बबरमहल, काठमाडौंमा सहायक महाप्रबन्धक (Assistant General Manager) पदमा कार्यरत वर्ष ५१ को ऋवश श्रेष्ठ (ना.प्र.नं.२२८६८/२४८६८, सुनसरी).....१ } प्रतिवादी

CamScanner

राम चन्द्र पन्तको नातिनी, हेमराज पन्त र मिना पन्तको छोरी, वैतडी जिल्ला, साविक शिलंगा गा.वि.स. वडा नं. ४ घर भई प्रभु वैंक लि. प्रधान कार्यालय बबरमहल, काठमाडौंमा Chief Business Officer (CBO) पदमा कार्यरत वर्ष ३९ की रश्मी पन्त (ना.प्र.नं. ६८६, डडेलधुरा).....१

कर्मसिह लामाको नाती, मान वहादुर लामाको छोरा, काभ्रेपलान्चोक जिल्ला, साविक मादनकुडारी गा.बि.स. वडा नं. २ हाल परिवर्तित चौरीदेउराली गा.पा. वडा नं. ६ घर भएका राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि. का पुर्व संचालक वर्ष ५६ को हरिमान लामा (ना.प्र.नं.३१२७४/६१०, काभ्रेपलान्चोक).....१

धन नारायण शेरचनको नाती, वडि बहादुर शेरचनको छोरा, म्याग्दी जिल्ला, साविक ओखरवोट गा.बि.स. वडा नं. ५ घर भई हाल ललितपुर जिल्ला, ललितपुर पुलचोक वडा नं. ३ बस्ने राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि. का पुर्व संचालक समितिको अध्यक्ष धन बहादुर शेरचन (ना.प्र.नं.२८-०१-७२-००८३६, ललितपुर).....१

मेहरमान तामाङको नाती, गजविर तामाङको छोरा, काभ्रेपलान्चोक जिल्ला, साविक सर्सुखर्क गा.बि.स. वडा नं. ८ हाल परिवर्तित तेमाल गा.पा. वडा नं. २ घर भएका राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि. का पुर्व संचालक वर्ष ४४ को महावीर तामाङ (ना.प्र.नं.३०/८७०९०, काभ्रेपलान्चोक).....१

दशरथ राईको नाती, सुखमान राईको छोरा, खोटाङ जिल्ला, वाम्राङ वडा नं. ४ घर भई हाल काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. ३, चपली बस्ने राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि. का पुर्व संचालक वर्ष ५१ को देवान राई (ना.प्र.नं.१०२२/७२२५८, काठमाडौं).....१

टिकाराम तिवारीको छोरा, सुर्खेत जिल्ला, विरेन्द्रनगर न.पा. वडा नं. १२ घर भएका राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि. का पुर्व संचालक सुरेश कुमार तिवारी (ना.प्र.नं.१५४३०, सुर्खेत).....१

भक्ती प्रसाद भट्टचनको नाती, ओम प्रसाद भट्टचनको छोरा, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २१ बस्ने राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि. का पुर्व संचालक वर्ष ६८ को हरिकृष्ण भट्टचन (ना.प्र.नं.३५/२१२/३४४४६, काठमाडौं).....१

सदानन्द ढुङगानाको छोरा, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ४, बालुवाटार बस्ने Sigma architecture and Engineering Consultant, (दर्ता नं. ४१९८/०३५, स्थायी लेखा नम्बर: ५०००४३७३६ भएको) बालुवाटार ४, काठमाडौंमा कार्यरत मुल्याङकनकर्ता वर्ष ६० को देव ढुङ्गाना (ना.प्र.नं. २७३७७०/४७५/१०३५६, काठमाण्डौं).....१

प्रतिवादी

मुद्दा: बैंकिङ्ग कसूर

मुद्दाको संक्षिप्त तथ्य:

१. जाहेरी दरखास्त:

क) प्रभु बैंक लि. बाट Institute of Agriculture Forest & Veterinary Science Pvt.Ltd. को नाममा प्रबाह भएको कर्जा रकम दुरुपयोग भएको सम्बन्धमा नेपाल राष्ट्र वैंकबाट खटी आएका उप-निर्देशक खगेश्वर भण्डारीले पेश गरेको प्रतिवेदनको व्यहोरा:-

ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साइन्स प्रा.लि.ले प्रभु बैंक लिमिटेडबाट उपयोग गरेको कर्जा सुविधा सम्बन्धमा नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्युरोले अध्ययन गर्ने क्रममा नेपाल राष्ट्र बैंक, मानव संसाधन व्यवस्थापन विभागको मिति २०८२ मंसिर १६ को पत्र सख्या १ मा.स./पर्सनल // २०८२/८३ च.नं. ३९४ को

CamScanner

पत्रानुसार खटि आएका उप-निर्देशक खगेश्वर भण्डारी (के ४०६) ले नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्युरोमा पेश गरेको अध्ययन प्रतिवेदन अनुसार ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साइन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Science (P.) Ltd.) का अध्यक्ष ओम प्रसाद पाण्डेको अध्यक्षतामा मिति २०७५ साल आषाढ १७ गते बसेको संचालक समितिको बैठकको निर्णय नम्बर २ मा कम्पनीले निर्माण गर्ने कलेजको लागि आवश्यक जग्गा खरिद गर्न र चालपूँजी प्रयोजनका लागि प्रभु बैंक लि मुख्य शाखा कार्यालयबाट दीर्घकालीन कर्जा रु. २,००,००,०००/- (अक्षरेपी दुई करोड मात्र) र अधिविकर्ष कर्जा रु.११,००,००,०००।– (अक्षरेपी एघार करोड मात्र) गरी जम्मा रु.१३,००,००,०००।– (अक्षरेपी तेह्र करोड मात्र) कर्जा स्वीकृत गर्दा ऋणी कम्पनीले आफ्नो प्रवन्धपत्र अनुसारको उद्देश्य पुरा गर्न तयार गर्नुपर्ने Detail Project Report पेश गरेको देखिएन। कम्पनीले मिति २०७४ जेठ १७ गते कृषि तथा वन विज्ञान विश्वविद्यालय, रजिष्ट्रारको कार्यालय चितवनबाट स्नातक तहको बिएस्सी (कृषि) विषयमा पठनपाठनको लागि सम्वन्धन प्राप्त कलेज स्थापना एवं संचालन गर्न तोकिएको मापदण्ड पुरा भएको अवस्थामा विश्वविद्यालयको नियमित प्रक्रियामा समावेश गर्ने गरी पूर्व सहमति पाएको देखिन्छ । त्यस पश्चात प्रस्तावित कलेज संचालनको लागि सहमती लिएको पाईएन। प्रभु बैंकले कर्जा पुनरसंरचना/पुनतालिकीकरण गर्दा परियोजना संचालनमा नरहेको व्यहोरा स्वीकार गरेको देखिन्छ।

काठमाण्डौं मेडिकल कलेजको ओम प्रसाद पाण्डेको नाममा रहेको २ लाख कित्ता शेयरको मुल्याङ्कन गर्दा प्रतिकित्ता २२५ का दरले गरेको देखिन्छ। उक्त शेयरको मूल्य निर्धारण गर्दा लिईएका आधारहरु विस्तृत रुपमा खुलाईएको पाईएन। साथै, प्रभु बैंक लिमिटडले नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्यूरो, अपराध अनुसन्धान तथा कारबाही शाखा, लाजिम्पाट, काठमाण्डौमा मिति २०६२/०८/१४ गतेको पत्रसख्या PRABHU/CMP/3327/2995/082/83 मार्फत पेश गरेको विवरण मध्ये क्रम सख्या (ङ) मा ऋणी कम्पनीले उपभोग गरेको कर्जामा शेयर धितो वापत ओम प्रसाद पाण्डेको नाममा काठमाडौं मेडिकल कलेजमा रहेको २ लाख कित्ता शेयर रोक्का राखी बैंकलाई उपलब्ध गराउने प्रतिवद्धता जनाएकोमा सो प्रतिवद्धता बमोजिम शेयर रोक्का राखी कर्जा सुरक्षणको लागि धितो उपलब्ध नगराएको हुँदा उक्त शेयर धितो सुरक्षणमा नरहेको भन्ने व्यहोरा उल्लेख भएको। प्रस्तुत विश्लेषणका आधारमा बैंकले ऋणीलाई कर्जा प्रवाह गर्दा राखेको धितो सुरक्षण प्रचलित कानून अनुसार भएको देखिएन ।कर्जा स्वीकृत भए पश्चात् मिति २०७५ साउन १५ गते प्रभु बैंक लिमिटेडले ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साइन्स प्रा.लि को उक्त बैकमा रहेको चालु खाता १३०००१०१०६५८७२००००१ मा Term Loan रु. १ करोड ९९ लाख ९५ हजार ५०० र डिमाण्ड कर्जा रु ११ करोड उपलब्ध गराएको देखिन्छ । सोही मितिमा कम्पनीका अध्यक्ष श्री ओम प्रसाद पाण्डेले सादा पानामा प्रभु बैक लि.लाई ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साइन्स प्रालि को खाताबाट रु. ११,००,००,०००।- (अक्षरेपी एघार करोड) राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.को खातामा रकमान्तर गरिदिन हुन अनुरोध छ भनी निवेदन पेश गरेको पाईयो। उक्त निवेदनको व्यहोराबाट ऋणी कम्पनीले बैंकबाट लिएको कर्जा तोकिएको उद्देश्य भन्दा भिन्न रुपमा उपयोग गर्न लागेको हो कि भन्ने आशंका उत्पन्न हुन्उल्लेखित कर्जाको सुरक्षण स्वरुप बैकले लिएको धितो मध्ये जग्गाको मुल्याङ्कन प्रत्येक तीन वर्षमा गर्ने बैंकको आफ्नो नीति अनुरुप पुर्नमूल्याङ्कन नगरेको/नगराएको । कम्पनीका अध्यक्ष ओम प्रसाद पाण्डेको नाममा रहेको काठमाण्डौ मेडिकल कलेजको २ लाख कित्ता शेयर समेत उल्लेखित कर्जाका लागि लिने गरी कर्जा स्वीकृत भएको र सो शेयरको मुल्याङ्कन गर्दा प्रतिकित्ता २२५ का दरले गरेकोमा उक्त मुल्याङ्कनको सन्तोषजनक आधार नभेटिएको । साथै, हालसम्म ऋणीले प्रतिवद्धता बमोजिम शेयर रोक्का राखी कर्जा सुरक्षणको लागि धितो उपलब्ध नगराएको देखिएकोले बैंकले ऋणीलाई कर्जा प्रवाह गर्दा राख्नु पर्ने धितो सुरक्षण प्रचलित कानून अनुसार हुने गरी लिएको देखिएन । कर्जा स्वीकृत भए पश्चात उक्त रकम ऋणीले कम्पनीको उद्देश्य प्राप्त हुने गरी कर्जाको प्रयोजन अनुरुप उपयोग

CamScanner

गर्नुपर्नेमा त्यसो गरेको पाईएन । कर्जा रकमको मुख्य अंश राम जानकी हेल्थ फाउण्डेशन प्रा लि को कर्जा चुक्ता गर्न प्रयोग गरेको देखियो । यस तथ्यबाट कर्जा सदुपयोगिता सम्बन्धमा बैंक तथा ऋणी कम्पनीले प्रचलित कानून अनुसार गरेको पाईएन । बैकले कर्जाको भाखा थप गर्दा वा पुनरसंरचना/पुनतालिकीकरण गर्दा प्रत्येक पटक परियोजना संचालन हुन नसकेको विषय उल्लेख गरेको भएपनि ऋणीलाई भाखा थप, पुनरसंरचना तथा पुनतालिकीकरणको साथै धितो परिवर्तनको समेत सुविधा प्रदान गरेको देखिन्छ । मिति २०८० फागुन १३ गते ऋणीलाई पुनतालीकीकरण र पुनसंरचनाको सुविधा प्रदान गर्दा नेपाल राष्ट्र बैंकको मिति २०८० मंसिर ९ गतेको निर्देशनको बुँदा नम्बर १ (हाल नेपाल राष्ट्र बैंक एकिकृति निर्देशन २०८१, इ. प्रा निर्देशन नं २/०८१ को बुँदा नम्बर ८ को उपबुंदा ५ मा समावेश भएको) व्यवस्था विपरित गरेको देखिन्छ । अन्तमा, ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साइन्स प्रा.लि. (Institute of agriculture forest and veterinary science pvt.ltd.) ले प्रभु बैंक लिमिटेडबाट उपयोग गरेको कर्जामा बैंक तथा ऋणी दुवैबाट नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशन र बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को पूर्णरुपमा पालना भएको देखिएन । कर्जा पुनतालिकीकरण र पुनरसंरचना गर्दा परियोजनाको अद्यावधिक वित्तीय विवरण, परियोजनाको प्रगती विवरण जस्ता आवश्यक कागजात समेत संकलन गरेको देखिएन । ऋणी कम्पनीले बैंकसँग पत्राचार गर्दा कम्पनीको लेटर प्याड प्रयोग नगरेको समेत पाईयो । ऋणी कम्पनी ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साइन्स प्रा.लि. (Institute of agriculture forest and veterinary science pvt.ltd.)ले लिएको उक्त कर्जाको मुख्य अंश राम जानकी हेल्थ फाउण्डेशनको कर्जा चुक्ता गर्न प्रयोग भएको देखिएकोले ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साइन्स प्रा.लि. (Institute of agriculture forest and veterinary science pvt.ltd.) र राम जानकी हेल्थ फाउण्डेशन बीचको अन्तर सम्बन्धको सम्बन्धमा प्रचलित कानून बमोजि थप अनुसन्धान हुन उपयुक्त भन्ने समेत व्यहोराका प्रतिवेदन रहेको छ ।

ख) <u>प्रभु बैंक लि. बाट Institute of Agriculture Forest & Veterinary Science Pvt.Ltd. को नाममा प्रबाह भएको कर्जा रकम दुरुपयोग भएको सम्बन्धमा श्री नेपाल प्रहरी प्रधान कार्यालय,केन्द्रीय अनुसन्धान व्यूरो, लाजिम्पाट, काठमाडौंमा कार्यरत प्र.ना.उ. नविन पौडेल समेतको प्रहरी प्रतिवेदनको व्यहोरा:-</u>

<u>नेपाल राष्ट्र बैंकबाट खटिई आउनुभएका बिशेषज्ञले पेश गरेको प्रतिवेदनमा</u> ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेस्ट एण्ड भेटेरेनरी साईन्स प्रा.लि. कर्जाको सुरक्षण स्वरुप बैंकले लिएको धितोमध्ये जग्गाको मुल्याङ्कन प्रत्येक तीन वर्षमा गर्ने बैंकको आफ्नो नीति अनुरुप पुर्नमुल्याङ्कन नगरेको/नगराएको, कम्पनीका अध्यक्ष ओम प्रसाद पाण्डेको नाममा रहेको काठमाण्डौ मेडिकल कलेजको २ लाख कित्ता शेयर समेत उल्लेखित कर्जाका लागि लिने गरी कर्जा स्वीकृत भएको र सो शेयरको मुल्याङ्कन गर्दा प्रतिकित्ता रु.२२५ का दरले गरेकोमा उक्त मुल्याङ्कनको आधार नभेटिएको, साथै, हालसम्म ऋणीले प्रतिवद्धता वमोजिम शेयर रोक्का राखी कर्जा सुरक्षणको लागि धितो उपलब्ध नगराएको देखिएकोले बैंकले ऋणीलाई कर्जा प्रवाह गर्दा राख्नु पर्ने धितो सुरक्षण प्रचलित कानुन अनुसार हुने गरी नलिएको, कर्जा स्वीकृत भए पश्चात उक्त रकम ऋणीले कम्पनीको उद्देश्य प्राप्त हुने गरी कर्जाको प्रयोजन अनुरुप उपयोग गर्नुपर्नेमा त्यसो नगरेको, कर्जा रकमको मुख्य अंश राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.को कर्जा चुक्ता गर्न प्रयोग गरेको देखिदा कर्जा सदुपयोगिता सम्बन्धमा बैंक तथा ऋणी कम्पनीले प्रचलित कानुन अनुसार नगरेको, बैंकले कर्जाको भाखा थप गर्दा वा पुनरसंरचना/पुन तालिकीकरण गर्दा प्रत्येक पटक परियोजना संचालन हुन नसकेको विषय उल्लेख गरेको भएपनि ऋणीलाई भाखा थप, पुनरसंरचना तथा पुन तालिकीकरणको साथै धितो परिवर्तनको समेत सुविधा प्रदान गरेको समेतको आधारबाट ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साइन्स प्रा.लि.ले प्रभु बैंक लिमिटेडबाट उपयोग गरेको कर्जामा बैंक तथा ऋणी दुवैबाट नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशन र बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को पूर्णरुपमा पालना नगरी कर्जा पुनतालिकीकरण र पुनरसंरचना गर्दा परियोजनाको अद्यावधिक वित्तीय विवरण, परियोजनाको प्रगती विवरण जस्ता आवश्यक कागजात समेत

संकलन नगरी ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साइन्स प्रा.लि. को कर्जा दुरुपयोग भई राम जानकी हेल्थ फाउण्डेशनमा गएको सम्बन्धमा प्रचलित कानुन बमोजिम थप अनुसन्धान हुन भनी उल्लेख गरेको देखिन्छ।

उपरोक्त तथ्यहरु बिष्लेषण गर्दा ओम प्रसाद पाण्डेले बैंक तथा वित्तीय संस्थाहरुबाट ऋण लिई जानकी हेल्थ फाउण्डेशन प्रा.लि.मा प्रयोग गर्ने उद्देश्य राखी ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेस्ट एण्ड भेटेरेनरी साईन्सेस प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt. Ltd.) नामक देखावटी/Cell कम्पनी खडा गरी कम्पनीको उद्देश्य प्राप्त गर्नको लागि भनी कृषि विज्ञान अध्ययन संस्थानबाट अनुमति नलिएको, आशय पत्र मात्र लिई सोही आशय पत्रको आधारमा संचालक समितिबाट प्रभु बैंक लिमिटेडबाट Demand loan र Term loan (जग्गा खरिद गर्न र कलेज संचालन/ चालु पूजि व्यवस्थापन) लिनको लागि भनी निर्णय गरी प्रभु बैंकमा निवेदन पेश गरेको, ऋण लिनको लागि पेश गरेको कागजातहरुमा कलेज संचालन (चालु पूजि व्यवस्थापन) गर्नको लागि ऋण रकम प्रयोग गर्ने भनी परियोजनाको Detail Project Plan (DPP) समेत तयार नै नगरी परियोजना संचालनको नाममा प्रभु बैंकका अशोक शेरचन समेतका कर्मचारीहरूको मिलेमतोमा प्राथमिक शेयर निष्कासन तथा धितोपत्र बजारमा सूचिकृत समेत नभएको काठमाडौं मेडिकल कलेजको शेयरलाई धितो कायम गरी उच्च मूल्याङ्कन गरी धितोले नखामेकै अवस्थामा कमसल धितोको उच्च मूल्याङ्कन गरी ऋण दिने गरी निर्णय गरी/ गराई रु.१३,००,००,०००।- (तेह्र करोड) कर्जा स्वीकृत भए पश्चात ऋणीको नामबाट सामान्य निवेदन मात्र लिई संस्थागत रुपमा नै स्वीकृत भएको ऋण रकमलाई दुरुपयोग गर्ने मनसायकासाथ छानविनको क्रममा सजिलै पत्ता नलागोस् भन्ने दुषित मनसायकासाथ प्रभु बैंक लि.कै पार्किङ एकाउण्ट (खाता नं MDR A/C 917106010001) मा रु.११,००,००,०००।– (एघार करोड) रकमान्तर गरेको, उल्लेखित पार्किङ एकाउण्टबाट सो रकम यिनै ऋणी एकल संचालक रहेको जानकी हेल्थ फाउण्डेशन प्रा.लि.को नाममा प्रभु बैंक लिमिटेडमा रहेका विभिन्न खाताहरुमा स-सानो रकममा विभाजन (Structuring/ Smurfing) गरी रकमान्तर गरेको, यसै गरी जग्गा खरीद गर्नको लागि स्वीकृत भएको ऋण रकम मध्ये रु.१,९९,९५,५००।–(एक करोड उनान्सय लाख पञ्चानब्बे हजार पाँच सय रुपैयाँ) समेत राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि. का शेयर सदस्य रबिन्द्र पन्थ तथा हेमता सुवेदी ढुंगेलको नाममा रकमान्तर भएको, बैंककै कर्मचारीको मिलेमतोमा पटक पटक धितो फुकुवा गरी फुकुवा गर्नको लागि निर्णय गरेको भन्दा बढी जग्गा बेचबिखन गरे/ गराएको, कर्जालाई खराब वर्गमा बर्गिकृत गर्नु पर्नेमा सो नगरी/नगराई कर्जाको पुनरतालिकिकरण/पुनर्संरचना गरेको, ऋणीले बैंकलाई नियमानुसार तिर्नु पर्ने भनी तोकिएको शुरुको ब्याजको प्रिमियम समेत घटाई कसूरलाई निरन्तरता दिएको (Countinuity of Crime) देखिन आएबाट निज प्रतिवादीहरु ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेस्ट एण्ड भेटेरेनरी साईन्स प्रा.लि.का संचालक ओम प्रसाद पाण्डे, प्रभु बैंक लिमिटेडका CEO अशोक शेरचन, DCEO मनिराम पोखरेल, Chief Business Officer (CBO) रश्मी पन्त, Chief Credit Officer र (CCO) ऋवस श्रेष्ठ समेतले बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ मा दफा ७ र दफा ८ मा परिभाषित कसूर गरेको देखिएकोले प्रस्तुत ऋण दिने तथा ऋणको उपभोग गर्ने व्यक्तिहरु उपर अनुसन्धान तथा कारवाही हुन भनी प्रारम्भिक छाँनबिनको क्रममा संलग्न कागजातहरू समेत पेश गरेका छौ, भन्ने व्यहोराको प्रहरी प्रतिवेदन।

निम्नः-

क) काठमाण्डौ जिल्ला का.म.न.पा. ९ बस्ने शिव प्रसाद पाण्डेको नाति राम प्रसाद पाण्डे र माया पाण्डेको छोरा ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेस्ट एण्ड भेटेरेनरी साईन्स प्रा.लि.का अध्यक्ष बर्ष ६८ को ओम प्रसाद पाण्डे (नागरिकता प्रमाणपत्र नं. ५२७०/२१/२०८/२३५३६, काठमाण्डौं)।

CamScanner

ख) श्रीप्रसाद शेरचनको नाती विष्णु प्रसाद शेरचन र पार्वती शेरचनको छोरा जिल्ला बाग्लुङ साबिक कालिका गा.बि.स वडा नं. ५ हालको परिवर्तित बाग्लुङ नगरपालिका वडा नं.३ भई हाल जिल्ला काठमाडौं किर्तिपुर नगरपालिका वडा नं.२ ट्याङलाफाटमा बस्ने वर्ष ५४ को प्रभु बैंक लि.का प्रमुख कार्यकारी अधिकृत (DCEO) अशोक शेरचन (नागरिकता प्रमाणपत्र नं. ९८८/७७८/बाग्लुङ)।

ग) जिल्ला गोरखा खोप्लाङ गाबिस वडा नं. १ परिवर्तित पालुङटार नगरपालिका वडा नं. २ स्थायी वतन भई हाल जिल्ला काठमाडौ का.म.पा.वडा नं. १० बस्ने वर्ष ५६ को प्रभु बैंक लि.का नायब प्रमुख कार्यकारी अधिकृत (DCEO) मणीराम पोखरेल (नागरिकता प्रमाणपत्र नं. ३७१८/गोरखा)।

घ) सुनसरी जिल्ला, ईटहरी उप-महानगरपालिका-०४, स्थायी बतन भएका गणेश प्रसाद श्रेष्ठको छोरा, बर्ष ५० को प्रभु बैंक लि.का CCO ऋवस श्रेष्ठ (नागरिकता प्रमाणपत्र नं. २२८६/२४८६८, सुनसरी)।

ङ) जिल्ला कंचनपुर स्थायी बतन भएकी राहदानी नं BA0005869 बाहक बर्ष ३९ की प्रभु बैक (CBO) रस्मी पन्त।

ग) प्रभु बैंक लि. बाट रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि. (Ram Janaki Health Foundation Pvt. Ltd.) को नाममा प्रबाह भएको कर्जा रकम दुरुपयोग भएको सम्बन्धमा नेपाल राष्ट्र वैंकबाट खटी आएका विज्ञहरु सहायक निर्देशक अंगदिप न्यौपाने र सहायक निर्देशक लेख वहादुर पाण्डे समेतले पेश गरेको प्रतिवेदनको व्यहोरा:-

राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.ले प्रभु बैंक लिमिटेडबाट उपयोग गरेको कर्जा सुविधाको सम्बन्धमा नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्युरोले अध्ययन गर्ने क्रममा नेपाल राष्ट्र बैंक, जनशक्ति व्यवस्थापन विभागको मिति २०८२/०८/२६ प.स.१मा.सं./पर्शनल/CIB/ २०८२/८३ अनुसार खटिइ आएका सहायक निर्देशक अगंदीप न्यौपाने (ए.१७३) र सहायक निर्देशक लेख बहादुर पाण्डे (एल.११३) ले केन्द्रीय अनुसन्धान ब्युरोमा पेस गरेको अध्ययन प्रतिवेदन अनुसार राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.ले मिति २०७५/०३/२८ को संशोधित नियमावलिका अनुसार यस कम्पनीमा १ जनाको सञ्चालक समिति हुने उल्लेख भएको तथा कम्पनी रजिष्टर कार्यालय, त्रिपुरेश्वर, काठमाडौंको मिति २०७५/०३/२८ को कम्पनीको संचालकको दर्ता किताबका अनुसार ओम प्रसाद पाण्डे अध्यक्षको पदमा एकल सञ्चालकको रुपमा रहेको राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.ले प्रभु बैंक लिमिटेडबाट उपयोग गरेको कर्जा सुविधाको सम्बन्धमा कर्जा दुरुपयोग भएको अध्ययन प्रतिवेदनले विभिन्न समयमा लगेको कर्जा दुरुपयोग भएको देखिएको प्रतिवेदन समेत मिसिल संलग्न रहेको प्रभु बैंक लि. बाट रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि. (Ram Janaki Health Foundation Pvt. Ltd.) को नाममा प्रबाह भएको कर्जा रकम दुरुपयोग भएको सम्बन्धमा नेपाल राष्ट्र वैंकबाट खटी आएका विज्ञहरु सहायक निर्देशक अंगदिप न्यौपाने र सहायक निर्देशक लेख वहादुर पाण्डे समेतले पेश गरेको प्रतिवेदन रहेको छ।

घ) प्रभु बैंक लि. बाट रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि. (Ram Janaki Health Foundation Pvt. Ltd.) को नाममा प्रबाह भएको कर्जा रकम दुरुपयोग भएको सम्बन्धमा प्र.नि. देव राज काफ्ले समेतले पेश गरेको प्रतिवेदनको व्यहोरा:-

राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.मा प्रयोग गर्ने उद्देश्यले ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेस्ट एण्ड भेटेरेनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt. Ltd.) नाम मात्रको डमी

CamScanner

कम्पनी स्थापना गरी मिति २०७५/०४/१५ गते (सन २०१८/०७/३१) मा प्रभु बैंक लि. बाट ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेस्ट एण्ड भेटेरेनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt. Ltd.) को नाममा प्रवाह भएको कर्जा रकम रु.१३,००,००,०००।–(तेह्र करोड) मध्ये रु.११,००,००,०००।–(एघार करोड) राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.को नाममा प्रभु बैंक लि.मा रहेको पुरानो कर्जा तथा व्याज तिर्न प्रयोग भएको र वाँकी रहेको रु.२,००,००,०००।– (दुई करोड) बाट रामजानकी हेल्थ फाउन्डेशन प्रा.लि.को पुर्व शेयरधनी रबिन्द्र पन्थको खातामा रु.१,५१,००,०००।–(एक करोड एकाउन्न लाख) र हेमता सुवेदी ढुंगेलको खातामा रु.४२,९०,०००।-(बयालिस लाख नब्बेहजार रुपैया) समेत गरी जम्मा रु.१,९३,९०,०००।– (एक करोड त्रियानब्ब लाख नब्बे हजार) रकमान्तर गरी ऋणी कम्पनी ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेस्ट एण्ड भेटेरेनरी साईन्सेस प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt. Ltd.)ले लिएको कर्जाको उद्देश्य विपरीत उक्त कर्जा प्रयोग गरेको सम्बन्धमा यस व्युरोमा दर्ता भई अनुसन्धान भईरहेको प्रहरी प्रतिवेदन तथा नेपाल राष्ट्र बैंकका विज्ञ समेतको प्रतिवेदन जाहेरीले बादी नेपाल सरकार प्रतिवादी ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेस्ट एण्ड भेटेरेनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt.Ltd.) का अध्यक्ष ओम प्रसाद पाण्डे समेत भएको बैकिङ कसुर तथा सजाय ऐन, २०६४ अन्तर्गतको कसूर मुद्दा (आ.व. २०८२/०८३, मुद्दा नं.१३) को अनुसन्धानको सिलसिलामा थप अनुसन्धान गर्ने क्रममा प्रभु वैंक लि.बाट विभिन्न मितिहरुमा रामजानकी हेल्थ फाउण्डेशन प्रा.लि.को नाममा कर्जा प्रवाह भएको तर प्रवाह भएका कर्जा रकमहरु जुन प्रयोजनको लागि प्रवाह भएको हो सो प्रयोजनमा प्रयोग नगरी अन्यत्र प्रयोग गरी दुरुपयोग गरेको भन्ने समेत व्यहोराको नेपाल राष्ट्र वैंकबाट खटी आएका विज्ञ सहायक निर्देशक अंगदिप न्यौपाने र सहायक निर्देशक लेख वहादुर पाण्डे समेतले मिति २०८२/१०/१९ मा प्रतिवेदन लेखी यस व्यूरोमा पेश गरेको साथै सो सम्बन्धमा थप अध्ययन अनुसन्धान गर्दा ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेस्ट एण्ड भेटेरेनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt.Ltd.) का एकल संचालक तथा राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि. को संचालक ओम प्रसाद पाण्डे, राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.को पुर्व संचालकहरु हरिमान लामा, धन वहादुर शेरचन, हरिकृष्ण भट्टचन, महावीर तामाङ, देवान राई र सुरेश कुमार तिवारी तथा प्रभु वैंक लि.का कर्मचारी CEO अशोक शेरचन समेतका व्यक्तिहरुसंग मिलेमतो गरी प्रभावमा पारी नेपाल राष्ट्र बैंकबाट विभिन्न समयमा जारी भएका निर्देशिन बिपरीतको कार्य गरी बैकिङ कसूर तथा सजाय ऐन, २०६४ बमोजिमको कसूर गरी रामजानकी हेल्थ फाउण्डेशन प्रा.लि.को नाममा प्रवाह भएको तपसिल वमोजिमका कर्जा रकम जुन प्रयोजनको लागि प्रवाह भएको हो सोही प्रयोजनमा प्रयोग नगरी अन्यत्र छुट्टै प्रयोजनमा प्रयोग गरी कर्जाको दुरुपयोग गरेको साथै उल्लेखित कर्जाहरु मध्ये केही कर्जा संचालक समितीले स्विकृत नगरी कर्जा प्रवाह भएको र कर्जा रकम प्रवाह भए पश्चात उक्त कर्जा वोर्डबाट कर्जा स्विकृत/अनुमोदन गरेको देखिदा सो कार्यमा संलग्न प्रतिवादीहरु राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.का संचालक ओम प्रसाद पाण्डे, पुर्व संचालकहरु हरिमान लामा, धन वहादुर शेरचन, हरिकृष्ण भट्टचन, महावीर तामाङ, देवान राई, सुरेश कुमार तिवारी र प्रभु वैंक लि.का तत्कालिन CEO अशोक शेरचन समेत उपर यसै व्यूरोमा आ.व.२०८२/०८३ मा दर्ता भई अनुसन्धान भईरहेकोमा ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेस्ट एण्ड भेटेरेनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt. Ltd.) नाम मात्रको डमी कम्पनी खडा गरी सो कम्पनीको नाममा प्रबाह भएको कर्जा रकम रु.११ करोड प्रभु बैंक लि. को मिति २०८२/०८/१६ गतेको पत्रसंख्या PRABHU/ CMP/3396/3056/082-83 बाट ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेस्ट एण्ड भेटेरेनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and

Veterinary Sciences Pvt. Ltd.) खाता नं. १३०००१०१०६५८७२००००१ को चल्ती खाताबाट रु. ११ करोड डेविट भई यस बैंकको पार्किङ खाता (MDRA/C917106010001) मा जम्मा भई राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा रहेको ९ (नौ) ओटा बिभिन्न खाताहरुमा Interest payment/Loan repay and Partial Loan and interest payment of Ram Janaki health foundation समेत उल्लेख गरी रकमान्तर भएको भनि खुली आएको हुँदा प्रस्तुत मुद्दा रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नामको कर्जा तिर्नको लागि प्रयोग भएको तथ्य स्वयं कर्जा प्रबाह गर्ने बैंकबाट नै स्विकार गरी सकेको पुष्टी भएको देखिदा नेपाल राष्ट्र वैंकको विज्ञको प्रतिवेदन तथा प्रहरी प्रतिवेदन समेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी ओम प्रसाद पाण्डे समेत भएको बैकिङ कसुर तथा सजाय ऐन, २०६४ अन्तर्गतको कसूर मुद्दा (मुद्दा नं.१३) मा समावेश गरी एकमुष्ट रुपमा आवश्यक अनुसन्धान तथा कारवाही गरि पाउँ भनि प्रतिवेदन लेखी पेश गरेका छौं।

तपसिलः-

१) नेपाल राष्ट्र बैंकका बिज्ञ सहायक निर्देशक लेख बहादुर पाण्डे र सहायक निर्देशक अंगदिप न्यौपाने समेतले मिति २०८२/१०/१९ गते पेश गरेको प्रतिवेदन अनुसार प्रभु बैंक लि.ले राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा प्रवाह गरेको कर्जाहरुको उद्देश्य वा प्रयोजन बमोजिम उपयोग भएको/नभएको यकिन नगरी थप कर्जाहरु स्वीकृत गरी प्रवाह गरेको, बैंकको सञ्चालक समितिले कर्जा नं. 00104600678973000009 को कर्जाको स्वीकृत सन् २०१८/०९/२० गते भएको तर कर्जा प्रवाह सन् २०१८/०९/२० बाट सुरु भएकोले कर्जा स्वीकृत हुन पूर्व कर्जा प्रवाह भएको कर्जाहरुको रकम विभिन्न खाताहरुमा रकमान्तर भएको र उक्त कर्जाहरुको रकम मध्ये रु २२ करोड ४३ लाख ८९ हजार ३ सय पैसा ६ विभिन्न कर्जाहरुको कर्जा सुविधा प्रस्ताव पत्रमा उल्लेख भएको प्रयोजन बमोजिम सदुपयोग नभएकोले कर्जा दुरुपयोग भएको देखिएको, कर्जाको रकम रकमान्तर भएपश्चात चेक मार्फत नगद भुक्तानी भएको रकम, कर्जाको रकम कम्पनीले सञ्चालक वा सञ्चालक सम्बद्ध रहेको कम्पनीको खातामा रकमान्तर भएको रकम, विभिन्न व्यक्तिको व्यक्तिगत खातामा रकमान्तर भएको रकम र अन्य बैंक तथा वित्तीय संस्थामा वा सहकारीलाई रकमान्तर भएको रकमको हकमा कर्जाको उद्देश्य वा प्रयोजन बमोजिमको सदुपयोगिता यकिन गर्न नसकिने देखिएकोले उक्त करोबार लगायतका अन्य सम्बन्धित विषयहरुमा थप अध्ययन/विश्लेषण/अनुसन्धान हुन मनासिब हुने देखिन्छ भन्ने व्यहोरा उल्लेख गरेको देखिन्छ।

२) देशमा आवश्यक उच्च प्रविधिक शिक्षालाई परिपुर्ती गर्न अत्याधुनिक मेडिकल कलेज, डेन्टल कलेज, ईन्जिनियरिङ कलेज, नर्सिङ कलेज लगयातका शिक्षण संस्थाहरु स्थापना गरी उच्च गुण स्तरीय शिक्षा प्रदान गर्ने, आधुनिक स्रोत साधनले सम्पन्न अस्पताल खोली सशुल्क वा निशुल्क विरामीहरुको स्वस्थ्य उपचार गर्ने, मेडिकल साईन्समा MBBS, MD, नर्सिङ, डेन्टल र ईन्जिनियरिङ सम्बन्धी उच्च शिक्षाको अध्ययन र अध्यापनको लागि विभिन्न फ्याकल्टीहरु स्थापना गरी स्वदेशी तथा विदेशी विद्यार्थीहरुलाई सशुल्क वा निशुल्क पठन पाठन गर्ने लगायतको उद्देश्यले धनुषा जिल्ला जनकपुर-४ आनन्दनगर स्थितमा संचालन गर्ने गरी रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि. कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा मिति २०५६/११/११ मा दर्ता नं.१२२१३ मा दर्ता भई संचालनमा आएको देखिन्छ।

३) राम जानकी हेल्थ फाउण्डेस प्रा.लि.ले धनुषा जिल्लाको जनकपुर स्थितमा संचालन हुने जानकी मेडिकल कलेजलाई यस वर्षको शैक्षिक सत्रमा त्यस विद्यालय, नेपाल मेडिकल काउन्सिल, प्राविधिक शिक्षा तथा अनुगमन समितीले औल्याएका शर्तहरु समयमा नै पुरा गर्ने गरी MBBS तर्फ ***पहिलो समुहमा*** ६० (साठी) जना विद्यार्थी संख्यामा नबढाई विद्यार्थी भर्ना गरी कक्षा संचालन गर्न अनुमती प्रदान गर्न तत्कालिन श्री ५ को सरकारको मिति २०६०/०९/२९ गतेको मन्त्री स्तरीय निर्णय अनुसार अनुरोध छ भनि शिक्षा तथा खेलकुद मन्त्रालय उच्च तथा प्राविधिक शिक्षा शाखाले मिति २०६०/१०/०५ मा

CamScanner

त्रिभुवन बिश्वविद्यालयलाई पत्राचार गरेको देखिन्छ । यसबाट रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.द्वारा संचालित जानकी मेडिकल कलेजमा वि.सं.२०६० साल देखी पहिलो पटक MBBS तर्फ कक्षा संचालन भएको देखिन्छ ।

प्रभु वैंक लि.बाट विभिन्न मितिहरुमा रामजानकी हेल्थ फाउण्डेशन प्रा.लि. को नाममा कर्जा प्रवाह भएको तर प्रवाह भएका कर्जा रकमहरु जुन प्रयोजनको लागि प्रवाह भएको हो सो प्रयोजनमा प्रयोग नगरी अन्यत्र प्रयोग गरी दुरुपयोग गरेको भन्ने समेत व्यहोराको नेपाल राष्ट्र वैंकबाट खटी आएका विज्ञ सहायक निर्देशक अंगदिप न्यौपाने र सहायक निर्देशक लेख वहादुर पाण्डे समेतले मिति २०८२/१०/१९ मा प्रतिवेदन लेखी यस व्यूरोमा पेश गरेको प्रतिवेदन साथै सो सम्बन्धमा थप अध्ययन अनुसन्धान गर्दा राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि. द्धारा धनुषा जिल्ला जनकपुर स्थितमा संचालित जानकी मेडिकल कलेजमा MBBS समेतको कक्षाहरु हालसम्म संचालन भई आएको हुँदा सोही जानकी मेडिकल कलेज संचालन गर्न समेतको लागि प्रभु बैंक लि. बाट राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा प्रवाह भएको निम्नानुसारको कर्जा रकम दुरुपयोग भएको देखिन्छ ।

४) **<u>कर्जा नं.:- 05300220194000 38/06204400220194000031</u>**

सन २०१५/०५/०५ को वैंकको Credit Appraisal अनुसार सन २०१५/०५/०७ मा (मिति २०७२/०१/२४ गते) बैंकको संचालक समितिको वैठक नं.२७ बमोजिम स्विकृत भएको कर्जाको विवरण ।

Date	Details	Remarks
-	Limit	100 million
2015/05/05	Credit Appraisal(CA)	
2015/05/07	Approved by Board	
2015/05/24	Offer Letter (CFOL)	
2015/07/26	Disbursement Date	100 million
-	Product	Term Loan
-	Tenure	8 years
-	Repayment	Quarterly Payment
-	Purpose (As per CA)	Fixed Assets Financing for immediate liabilities management

CamScanner

-	Purpose (CFOL)	स्थीर पुजीमा लगानी गर्ने
-	Collateral (As per CFOL)	• Personal Guarantee of Om Prasad Pandey and Archana Pandey • First charge over the fixed assets of the company • Hypothecation charge over stock • Assignment of receivables • Real Estate collateral of Om Prasad Pandey, Archana Pandey and Ram Janaki Health Foundation Pvt. Ltd. transferred in the name of Prabhu Bank as per letter from Malpot Office, Dhading (Register no. 6647, 2071/12/27), Chahabil (Register no. 2075, 2071/12/30), Dhanusa (Register no. 3119gha, 2066/08/11) and (Register no. 7349gha, 2068/01/06).
2021/11/14	Settlement	Account has been closed.
-	Outstanding principal during settlement	Rs. 8,60,00,000.00

सन २०१५/०७/२६ मा राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को चल्ती खाता नं. 06200100220194000001 मा रु.१०,००,००,०००।– (दश करोड मात्र) जम्मा भएको देखिन्छ ।

खाता नं. 06200100220194000001 बाट खाता नं. 00100100678973000001 मा रकमान्तर भएको विवरण:

Date	Details	Amount	Remarks
2015/07/26	Transfer to current account	Rs. 99,000,000.00	00100100678973000001

खाता नं. 00100100678973000001 बाट भएका कारोवारहरुको विवरण:

Date	Details	Amount	Remarks
2015/07/26-2015/07/30	Cash payment through cheque	Rs. 73,800,000.00	

CamScanner

2015/07/27	Transfer	Rs. 2,542,960.14	Prabhu Bank
2015/07/28	Transfer	Rs. 14,802,088.79	Prabhu Bank
2015/07/28	Transfer	Rs. 5,000,000.00	Suresh Pra. Chaudhary
2015/07/30	Transfer to current account	Rs. 2,500,000.00	00100100678973000002

यसमा कर्जा रकम रु १० करोड सन् २०१५/०७/२६ मा चल्ती खाता नं 06200100220194000001 मा जम्मा भए पश्चात रु ९ करोड ९० लाख चल्ती खाता नं 00100100678973000001 मा रकमान्तर भएको देखिन्छ । चल्ती खाता नं 00100100678973000001 मा रकमान्तर भएको रकम मध्ये रु ७ करोड ३८ लाख विभिन्न मितिमा चेक मार्फत नगद भुक्तानी भएको, सन् २०१५/०७/२७ करिब रु २५ लाख ४२ हजार, सन् २०१५/०७/२८ मा करिब १ करोड ४८ लाख २ हजार प्रभु बैंकको खातामा रकमान्तर भई सो रकम राम जानकी हेल्थ फाउन्डेसन प्रा.लि.को कर्मचारीहरुको तलब भुक्तानीमा प्रयोग भएको र सन् २०१५/०७/२८ मा रु ५० लाख सुरेश प्रसाद चौधरीको व्यक्तिगत खाता ००१०१०००००००९००००० १ मा रकमान्तर भएको देखिन्छ । साथै, सन् २०१५/०७/३० मा रु २५ लाख चल्ती खाता नं 00100100678973000002 मा रकमान्तर भएको र उक्त रकम चेक मार्फत नगद भुक्तानी भएको कारोबार देखिन्छ । यसरी स्थीर पुजीमा लगानी गर्ने उद्देश्यले प्रवाह भएको कर्जा रकम फरक छुट्टै काममा प्रयोग गरी कर्जा दुरुपयोग गरेको देखिन्छ ।

❖ सन् २०१५/०५/०५ को Credit Apprisal अनुसार उक्त Credit Apprisal मा प्रभु वैंक लि.मा कार्यरत रहेका ***Dipesh Pokhrel*** समेतका निम्न उल्लेखित कर्मचारीहरुले दस्तखत गरेको देखिन्छ ।

Proposed by RO-C& PF ***Dipesh Pokhrel***,	Recommendedby Head -C&PF ***Rabin Shrestha***
Supported By Manager Risk **Riwas Shrestha**	Supported By CCO ***Bhesraj Khatiwada***
Supported By DCEO ***Tara Manandhar***	Supported By CEO ***Ashok Sherchan***

CamScanner

Recommended Facility and Terms & Conditions:

In view of the above analysis and ground basis, the credit facilities as per the "Section G.I - Credit Facility Sheet" are recommended for consideration and approval.

For Consortium & Project Finance Unit

Proposed By:	*Recommended By:*
Dipesh Pokhrel PO- C& PF	Robin Shrestha Head- C& PF

For Credit Risk Assessment Department:

Supported By:

Manager Risk

For Approval or Rejection/ Remarks, if any:

Supported By:	*Supported By:*	*Supported By:*
Khatiwada PTO	Tara Manandhar DCEO	Ashok Shrichan CEO

Board approval required: (√) Yes ( ) No

rely on email and hard response of the ... ,
rigital part of the proposal (attached).

Suggest the following:

(i) Existing arrears should clear the Bank overdue first. Prior to disbursement.

(ii) Mechanism to be developed that the Bank loan should not be taken by the owners. i.e if Bank loan is to be used to pay tax. A/c payee cheque to be issued in favour of tax office. If Bank loan is to be used to pay overdue salary of staff, individual staff A/c to be opened with us and credited. No cash withdrawal by the borrower (owner to be allowed.

(iii) Management contract between the college and the Party (Team of Dr. Lok Bikram Thapa) to be reviewed by us/ confirmed by us.

(iv) Borrower should agree to maintain full transparency. Borrower should agree to appoint a consultant, on behalf of bank, at their cost. Consultant should record/ account all revenue and expenses on behalf of bank.

(v) Borrower should agree to control their cash flow. Entire fee should be strictly deposited into bank A/c by the student directly with us. College should not accept cash from student. Other revenues to be deposited into A/c on daily basis. All payments except petty ... should be paid through Bank A/c

(vi) Borrower should close Bank a/cs maintained with other & shall not open in future, too.

(vii) For the purpose of ownership transfer among shareholders there should be any change on company's ... buying shareholders should purchase the shares at par value than loan in company's name.

Khatiwada

❖ यसमा उल्लेखित **कर्जा नं. 0530022019400038/06204400220194000031** बाट सन् 2015/07/26 देखी सन् 2015/07/30 सम्म धन बहादुर शेरचन र हरिमान लामाले २ वटा चेकमा हस्ताक्षर गरि रु.६४,००,०००।- र हरिकृष्ण भट्टचन र हरिमान लामाले १६ वटा चेकमा हस्ताक्षर गरि रु.६,३०,००,०००।०० रकम नगदै भुक्तानी लिई जम्मा १८ वटा रु. ६,९४,००,०००।०० कर्जा रकमको दुरुपयोग गरेको देखिन्छ ।

सि.नं.	हस्ताक्षर गर्ने व्यक्ती	चेकको रकम झिक्ने व्यक्ती	चेकको संख्या	रकम
१	Dhan bahadur sherchan and hariman lama	Dipak Raj Baral	1	2500000
		Kumar Prasad Acharya	1	3900000

CamScanner

Total			**2**	**64,00,000**
२	Harikrishna bhattachan and Hariman lama	Dipak Raj Baral	7	27500000
		Kumar Prasad Acharya	2	8000000
		Motilal Udas	7	27500000
Total			**16**	**6,30,00,000**
Grand total			**18**	**69400000**

उल्लेखित चेकहरुबाट नगदै भुक्तानी लिएको रकमको विवरण निम्नानुसार रहेको छ ।

S.N.	Cheque No	Date of Transaction	Amount	Cheque Name	Withdrawl Name	sign on cheque
1	HOME CHQ. E0000958230	07/29/2015	2500000	Dipak Baral	Dipak Raj Baral	Dhan bahadur sherchan and hariman lama
2	HOME CHQ. K0000958211	07/26/2015	3600000	Dipak Raj Baral	Dipak Raj Baral	Harikrishna bhattachan and Hariman lama
3	HOME CHQ. 20000958209	07/26/2015	3800000	Dipak Raj Baral	Dipak Raj Baral	Harikrishna bhattachan and Hariman lama
4	HOME CHQ. W0000958213	07/26/2015	4000000	Dipak Raj Baral	Dipak Raj Baral	Harikrishna bhattachan and Hariman lama
5	HOME CHQ. 90000958212	07/26/2015	4400000	Dipak Raj Baral	Dipak Raj Baral	Harikrishna bhattachan and Hariman lama
6	HOME CHQ. I0000958210	07/26/2015	4200000	Dipak Raj Baral	Dipak Raj Baral	Harikrishna bhattachan and Hariman lama
7	HOME CHQ. E0000958215	07/27/2015	3500000	Dipak Baral	Dipak Raj Baral	Harikrishna bhattachan and Hariman lama
8	HOME CHQ. Y0000958214	07/27/2015	4000000	Dipak Baral	Dipak Raj Baral	Harikrishna bhattachan and Hariman lama
9	HOME CHQ. C0000958231	07/30/2015	3900000	Dipak Baral	Kumar Prad Acharya	Dhan bahadur sherchan and hariman lama

CamScanner

10	HOME CHQ. K0000958228	07/28/2015	4500000	Kumar Acharya	Kumar Prad Acharya	Harikrishna bhattachan and Hariman lama
11	HOME CHQ. C0000958229	07/29/2015	3500000	Kumar Acharya	Kumar Pra Acharya	Harikrishna bhattachan and Hariman lama
12	HOME CHQ. M0000958217	07/27/2015	3400000	Dipak Raj Baral	Motilal Udas	Harikrishna bhattachan and Hariman lama
13	HOME CHQ. T0000958218	07/27/2015	4500000	Dipak Raj Baral	Motilal Udas	Harikrishna bhattachan and Hariman lama
14	HOME CHQ. 00000958219	07/27/2015	4500000	Dipak Raj Baral	Motilal Udas	Harikrishna bhattachan and Hariman lama
15	HOME CHQ. 00000958222	07/27/2015	2000000	Dipak Raj Baral	Motilal Udas	Harikrishna bhattachan and Hariman lama
16	HOME CHQ. W0000958221	07/27/2015	4500000	Dipak Raj Baral	Motilal Udas	Harikrishna bhattachan and Hariman lama
17	HOME CHQ. H0000958220	07/27/2015	4000000	Dipak Raj Baral	Motilal Udas	Harikrishna bhattachan and Hariman lama
18	HOME CHQ. T0000958216	07/27/2015	4600000	Dipak Raj Baral	Motilal Udas	Harikrishna bhattachan and Hariman lama
Total			**69400000**			

५) **कर्जा नं. 00100678973000 29/00104400678973000003**:-

सन् २०१५/०८/०४ को बैंकको Credit Appraisal (CA) अनुसार सन् २०१५/०८/०५ (मिति २०७२/०४/२०) गते बैंकको सञ्चालक समितिको बैठक न ३५ बमोजिम स्वीकृत भएको कर्जाको विवरणः

Date	Details	Remarks
	Limit	60 million
2015/08/04	Credit Appraisal	
2015/08/05	Approval by Board	
2015/08/06	Offer Letter (CFOL)	

CamScanner

2015/08/06	Disbursement Start Date	40 million
	Product	Term Loan
	Tenure	8 years
	Repayment	Quarterly Payment
	Purpose (As per CA)	Fix assets financing to meet immediate liabilities i.e. settlement of taxes and short-term obligations
	Purpose (CFOL)	स्थीर पुजीमा लगानी गर्ने
	Collateral (As per CFOL)	• Personal Guarantee of Dhan Bahadur Sherchan, Hariman Lama and Hari Krishna Bhattachan • First charge over the fixed assets of the company • Hypothecation charge over stock • Assignment of receivables • Real Estate collateral of Om Prasad Pandey, Archana Pandey and Ram Janaki Health Foundation Pvt. Ltd. transferred in the name of Prabhu Bank as per letter from Malpot Office, Dhading (Register no. 6647, 2071/12/27), Chahabil (Register no. 2075, 2071/12/30), Dhanusa (Register no. 3119gha, 2066/08/11) and (Register no. 7349gha, 2068/01/06).
2024/01/23	Principal	Account has been restructured/rescheduled.
	Outstanding principal during rescheduling.	Rs. 92,00,000.00

यसमा सन् २०१५/०८/०६ मा रु. ४,००,००,०००।०० र सन् २०१५/०९/०१ मा रु.२,००,००,०००।०० चल्ती खाता नं. 00100100678973000001 मा रकमान्तर भएको देखिन्छ।

चल्ती खाता नं. 00100100678973000001 नं. बाट निम्नानुसारको कारोवार भएको देखिन्छ।

Date	Details	Dr. Amount	Cr. Amount	Remarks
2015/08/06	Disbursement		40,000,000.00	
2015/09/01	Disbursement		20,000,000.00	
2015/08/16-	Cash withdrawal	27,000,000.00		

CamScanner

2015/08/20	through cheque			
2015/08/06- 2015/09/02	Transferred to other account	30,500,000.00		00100100678973000002 रामजानकी हेल्थ फाउण्डेसन
2015/08/26	Payment to party	2,500,000.00		Aakarshan Interior Pvt. Ltd.

चल्ती खाता नं. 00100100678973000002 बाट निम्नानुसारको कारोवार भएको देखिन्छ ।

Date	Details	Dr. Amount	Cr. Amount	Remarks
2015/08/06- 2015/09/02	Transferred from RJHF		30,500,000.00	
2015/08/07	Cash withdrawal through cheque	Rs.1,183,575.		
2015/08/24	Cash transfer to personal account	Rs.4,000,000.		Rakesh Kumar Pandit, 06201300668602000001
2015/09/01	Cash withdrawal through cheque	Rs.6,000,000.		Ashok Kumar Adhikari 06201300668702000001
2015/09/01	Transfer from RJHF	Rs.15,000,000		Rs. 17,465,066.23
2015/09/02	Transfer from RJHF	Rs. 4,000,000		used for payment of salary.

यस खाताहरुमा भएको कारोबार मध्ये एक पटकमा रु.१० लाख वा सो भन्दा बढीको कारोबारको बैंक स्टेटमेन्टको Description Column मा देखिएको विवरण अनुसार चल्ती खाता नं. 00100100678973000001 मा जम्मा भएको कर्जा रकम मध्ये रु. २ करोड ७० लाख विभिन्न मितिमा चेकमार्फत नगद भुक्तानी भएको, रु. ३ करोड ५ लाख राम जानकी हेल्थ फाउन्डेसन प्रा.लि.को चल्ती खाता नं. 00100100678973000002 मा रकमान्तर भएको र रु २५ लाख आर्कषण इन्टरियर प्रा.लि. को खाता नं. 10911600684589000001 मा रकमान्तर भएको कारोबार देखिन्छ ।

राम जानकी हेल्थ फाउन्डेसन प्रा.लि.को चल्ती खाता न 00100100678973000002 मा रकमान्तर भएको रकम मध्ये रु.४० लाख राकेश कुमार पण्डितको खाता नं. 06201300668602000001 मा रकमान्तर भएको, रु.६० लाख प्रभु वैंक लि.मा भएको अशोक कुमार अधिकारीको खाता नं. 06201300668702000001 मा रकमान्तर भएको, रु. १ करोड ७४ लाख ६५ हजार ६६ रुपैया २३ पैसा तलबका लागि बैंकबाट भुक्तानी भएको र रु. ११ लाख ८३ हजार ५ सय ७५ विभिन्न चेकहरुबाट नगद भुक्तानी भएको देखिन्छ । **यसरी रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को स्थीर पूँजीमा लगानी गर्ने उद्देश्यले प्रवाह भएको कर्जा रकम फरक छुट्टै काममा प्रयोग गरी कर्जा दुरुपयोग गरेको देखिन्छ।**

CamScanner

<u>कर्जाको २०८२ असोज मसान्तको अवस्था</u> :- यस कर्जाको साँवा रकम रु.९२,००,०००।०० लाई Deferral गरी सन् २०२४/०१/२३ मा कर्जा नं. 00100678973000153 मा समायोजन भएको देखिन्छ।

❖ सन् २०१५/०८/०४ को Credit Apprisal अनुसार उक्त Credit Apprisal मा प्रभु वैंक लि.मा कार्यरत रहेका निम्नानुसारको कर्मचारीहरुले दस्तखत गरेको देखिन्छ ।

Proposed by RO-C& PF ***Dipesh Pokhrel***,	Recommended by Rabin Sherestha
Supported by manager Risk **Prakash Baral**	Supported by CCO **Bhesh Raj Khatiwada**
Supported By DCEO ***Tara manandhar***	Supported By CEO ***Ashok Sherchan***

For Consortium & Project Finance Unit

~~Proposed By:~~ Prepared By

Dipesh Pokhrel
RO- C& PF

forwarded
~~Recommended By:~~

Rabin Shrestha
Head- C& PF

For Credit Risk Assessment Department:

Supported By:

Manager Risk

For Approval or Rejection/ Remarks, if any: Discussed with CEO's instructions

Supported By:	~~Supported By:~~	*Supported By:*
Bhesh Raj Khatiwada *CCO*	*Tara Manandhar* *DCEO*	*Ashok Sherchan* *CEO*

In line with observations and suggestions on the cd dtd 5/5/2015. forwarded for further decision pls

BOD approval required: (√) Yes () No

Renewal CA Ram Janaki Health Foundation Pvt. Ltd

❖ यसमा उल्लेखित कर्जा नं <u>00100678973000 29/00104400678973000003</u> को Term loan 60 Million कर्जा लिएको रकमबाट धन बहादुर शेरचन र हरिमान लामाले ७ वटा चेकहरुमा हस्ताक्षर गरि रु.२,२०,००,००० रकम नगदै भुक्तानी लिई कर्जा रकम दुरुपयोग गरेको देखिन्छ ।

सि.नं.	हस्ताक्षर गर्ने व्यक्ती	चेकको रकम झिक्ने व्यक्ती	चेक संख्या	रकम
१	Dhan bahadur sherchan and hariman ama	कुमार प्रसाद आचार्य	७	२,२०,००,०००

CamScanner

Total		२,२०,००,०००

उल्लेखित चेकहरुबाट नगदै भुक्तानी लिएको रकमको विवरण निम्नानुसार रहेको छ ।

S.N.	Cheque No	Date of Transaction	Amount	Cheque Name	Withdrwl Name	sign on cheque
1	HOME CHQ. 50000958246	08/14/2015	3000000	Dipak Baral	Kumar Prasad Acharya	Dhan bahadur sherchan and hariman lama
2	HOME CHQ. P0000958245	08/14/2015	1000000	Dipak Baral	Kumar Prasad Acharya	Dhan bahadur sherchan and hariman lama
3	HOME CHQ. R0000958242	08/09/2015	4000000	Kumar Acharya	Kumar Prasad Acharya	Dhan bahadur sherchan and hariman lama
4	HOME CHQ. T0000958243	08/09/2015	4000000	Kumar Acharya	Kumar Prasad Acharya	Dhan bahadur sherchan and hariman lama
5	HOME CHQ. A0000958244	08/09/2015	2000000	Kumar Acharya	Kumar Prasad Acharya	Dhan bahadur sherchan and hariman lama
6	HOME CHQ. K0000958240	08/06/2015	4000000	Kumar Acharya	Kumar Prasad Acharya	Dhan bahadur sherchan and hariman lama
7	HOME CHQ. R0000958239	08/06/2015	4000000	Samir Dhungel	Kumar Prasad Acharya	Dhan bahadur sherchan and hariman lama
Total			**22000000**			

६) **कर्जा नं. 06230100220194000009, 0010067897300039/0010440067897300004**

❖ सन् २०१५/०९/२२ को बैंकको Credit Appraisal (CA) अनुसार सन् २०१५/०९/२५ (मिति २०७२/०६/०८) गते बैंकको सञ्चालक समितिको ३९ औं बैठकको निर्णय बमोजिम Overdraft limit enhancement भएको कर्जा नं. 06230100220194000009 र प्रवाह भएको कर्जा नं. 0010067897300039 को विवरण ।

Date	Details	Remarks
	Overdraft Previous Limit	60 million
	Overdraft New Limit	85 million (25 million Enhancement)
	New Term Loan	200 million

CamScanner

2015/09/22	Credit Appraisal	
2015/09/25	Approval by Board	
2015/09/28	Offer Letter (CFOL)	
2015/10/15	Limit enhancement	25 million
2015/10/09	Disbursement Start Date	120 million
	Product	Overdraft Loan and Term Loan
	Tenure	10 years (Term Loan)
	Repayment	Ballooning Quarterly Installment (Term Loan)
	Purpose of Term Loan (As per CA)	Immediate liabilities management and cash flow management
	Purpose of OD	Not defined clearly
	Purpose (CFOL)	:yL/ k"FhLdf nufgL ug]{
	Collateral (As per CFOL)	• Personal Guarantee of Dhan Bahadur Sherchan, Hariman Lama and Hari Krishna Bhattachan • First charge over the fixed assets of the company • Hypothecation charge over stock • Assignment of receivables • Real Estate collateral of Ram Janaki Health Foundation Pvt. Ltd. transferred in the name of Prabhu Bank as per letter from Malpot Office, Dhanusa (Register no. 3119gha, 2066/08/11) and (Register no. 7349gha, 2068/01/06).
	Conditions on CA	Property owned by previous shareholders to be released as additional REC has been taken from existing company.
2024/04/14	Principal	Account has been rescheduled. Additional tenure 10 years.
	Outstanding principal during rescheduling.	Rs. 100,000,000.00

❖ **ओभरड्राफ्ट खाता नं. 06230100220194000009 को कारोवारको विवरण:**

Date	Details	Amount	Remarks

CamScanner

2015/10/15	OD limit extension	Rs. 25,000,000.00	
2015/10/15	Settlement of Short Term Loan	Rs. 24,610,265.13	06240600220194000008

- सन् २०१५/१०/१५ मा ओभरड्राफ्ट कर्जाको सीमा रु २ करोड ५० लाखले बुद्धि गरेको र सो सीमा भित्र रहेर रु. २ करोड ४६ लाख १० हजार २ सय ६५ रुपैया १३ पैसा खाता नं 06240600220194000008 को Short Term Loan को साँवा तथा व्याज चुक्ता गरेको देखिएको हुँदा कर्जा दुरुपयोग भएको देखिन्छ।
- कर्जा नं. 0010067897300039 को जम्मा कर्जा रकम रु.२०,००,००,०००।०० देहाय बमोजिमका मितिहरुमा चल्ती खाता नं. 00100100678973000001 मा रकमान्तर भएको देखिन्छ।

चल्ती खाता नं 00100100678973000001 को कारोबार विवरण:

Date	Details	Debit Amount	Credit Amount	Remarks
2015/10/09	Disbursement		120,000,000.00	
2015/10/09-2015/10/14	Cash payment cheque	56,100,000.00		
2015/10/11-2015/10/16	Payment to various parties	9,990,000.00		
2015/10/11	Transferred to related parties/promoter	25,000,000.00		Incentive Tours
2015/10/09	Transfer to current account	24,500,000.00		00100100678973000002
2015/10/15	Disbursement		520,000.00	
2015/10/15	Transfer to OD a/c	520,000.00		06230100220194000009
2015/10/16	Disbursement		18,000,000.00	
2015/10/16	Interest Payment	1,027,945.26		
2015/10/16	Loan Repay	1,500,000.00		
2015/10/16	Transfer to OD account	6,600,000.00		06230100220194000009
2015/10/17-2015/10/18	Transfer to current a/c	4,500,000.00		00100100678973000002
2015/10/18-	Payment to various	2,000,000.00		

CamScanner

2015/10/19	parties			
2015/10/17	Cash payment cheque	2,625,000.00		
2015/10/18	Disbursement		4,000,000.00	
2015/10/19	Transferto current a/c	3,200,000.00		00100100678973000002
2015/11/10	Disbursement		30,000,000.00	
2015/11/10-2015/11/15	Transfer to current account	26,300,000.00		00100100678973000002 चल्ती खाता
2015/11/16	Transfer to OD a/c	2,405,000.00		06230100220194000009
2015/12/01	Disbursement		27,480,000.00	
2015/12/02-2015/12/06	Transfer to current account	21,000,000.00		00100100678973000002 चल्ती खाता
2015/12/02	Cash pay cheque	5,000,000.00		
2015/12/06	Paymentvarious parties	1,150,000.00		

ओभरड्राफ्ट खाता नं. 06230100220194000009 को कारोवारको विवरण:

Date	Details	Debit Amount	Credit Amount	Remarks
2015/10/15	Transfer		520,000.00	
2015/10/16	Transfer		6,600,000.00	
2015/10/16	Interest and loan repay	7,521,846.13		
2015/11/16	Transfer from RJHF		2,405,000.00	
2015/11/16-18	Interest and principal paid	2,405,000.00		

CamScanner

चल्ती खाता नं. 00100100678973000002 को कारोवारको विवरण:

Date	Details	Debit Amount	Credit Amount	Remarks
2015/10/09	Transfer		24,500,000.00	
2015/10/12	Payment of salary	19,544,423.2		
2015/10/16	Cash payment through cheque	2,600,000.00		
2015/10/17,18	Transfer		4,500,000.00	
2015/10/18-19	Cash payment through cheque	3,475,000.00		
2015/10/19	Transfer		3,200,000.00	
2015/10/19	Cash payment through cheque	2,700,000.00		
2015/11/10	Transfer		18,500,000.00	
2015/11/10	Payment of salary	17,737,160.05		
2015/11/15	Transfer		7,800,000.00	
2015/11/15	Cash payment through cheque	7,800,000.00		
2015/12/02	Transfer		20,000,000.00	
2015/12/02	Cash payment through cheque	20,000,000.00		

प्रभु बैंकमा रहेको खाताहरुमा भएको कारोबार मध्ये एक पटकमा रु १० लाख वा सो भन्दा बढीको कारोबारको बैंक स्टेटमेन्टको description column मा देखिएको विवरण अनुसार देहाय बमोजिम रहेको देखिन्छ।

- चल्ती खाता नं. 00100100678973000001 मा विभिन्न मितिमा जम्मा भएको कर्जा रकम रु.२० करोड मध्ये रु.६ करोड ३७ लाख २५ हजार विभिन्न मितिमा चेक मार्फत नगद भुक्तानी भएको, रु.१ करोड ३१ लाख ४० हजार विभिन्न

CamScanner

फर्म/कम्पनीलाई भुक्तानी भएको, रु.२ करोड ५० लाख सञ्चालक आबद्ध रहेको कम्पनी Incentive Tours को खातामा रकमान्तर भएको, रु.७ करोड ९५ लाख राम जानकी हेल्थ फाउन्डेसनको चल्ती खाता नं 001001006789730 00002 मा रकमान्तर भएको र रु ९५ लाख २५ हजार राम जानकी हेल्थ फाउन्डेसनको ओभरड्राफ्ट खाता न 06230 100220194000009 मा रकमान्तर भएको देखिन्छ। कर्जा रकम मध्ये रु.२५ लाख २७ हजार ९ सय ४५ रुपैया २६ पैसा कर्जाको साँवा तथा व्याज भुक्तानीमा प्रयोग भएको देखिएको हुँदा कर्जा सुविधा प्रस्ताव पत्रमा उल्लेख भएको प्रयोजन बमोजिम सदुपयोग नभएकोले कर्जा दुरुपयोग भएको देखिन्छ।

- राम जानकी हेल्थ फाउन्डेसन प्रा.लि.को चल्ती खाता नं 0010010067897300000 2 मा रकमान्तर भएको रु ७ करोड ९५ लाख मध्ये रु ३ करोड ६५ लाख ७५ हजार विभिन्न मितिमा चेक मार्फत नगद भुक्तानी भएको र रु ३ करोड ७२ लाख ८१ हजार ५ सय ८३ पैसा २५ तलब भुक्तानीको लागी भएको कारोबार देखिन्छ।
- राम जानकी हेल्थ फाउन्डेसन प्रा.लि.को ओभरड्राफ्ट खाता नं 06230100220194000009 मा विभिन्न मितिमा रकमान्तर भएको रु ९५ साख २५ हजार कर्जाको साँवा तथा व्याज भुक्तानीमा प्रयोग भएको कारोबार देखिएको हुँदा कर्जा सुविधा प्रस्ताव पत्रमा उल्लेख भएको प्रयोजन बमोजिम सदुपयोग नभएकोले कर्जा दुरुपयोग भएको देखिन्छ।
- **<u>कर्जाको २०८२ असोज मसान्तको अबस्था</u>**:- ओभरड्राफ्ट कर्जा 06230100220194000009 हाल कर्जा न 0010067897300054 को क्यास कॅडिट कर्जाको रुपमा रहेको र सो कर्जाको साँवा रकम रु ८ करोड ५० लाख Outstariding रहेको देखिन्छ। Term loan 0010067897300039 को सावा रकम रु.१० करोड सन २०२५/१०/१७ मा Reschedule भएको देखिन्छ र सो कर्जाको अवधि सन २०३५/१०/०९ सम्म थप गरेको देखिन्छ।
- सन् २०१५/०९/२२ को उक्त Credit Apprisal अनुसार Credit Apprisal को Contact Details मा Key Contact person/position **Hari Man Lama** Director र Alternate contact person/position **Madhav Khadka** manager उल्लेख भएको देखिन्छ,
- सन् २०१५/०९/२२ को उक्त Credit Apprisal अनुसारको Term Loan 200 र OD 25 million रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को shareholding pattern निम्नानुसार उल्लेख भएको देखिन्छ।

shareholding pattern				**Amount in million**	
S.N.	Name	Designation	Shareholding	Net-worth	Remarks
1	Dhan bahadur sherchan	**Chairman**	10%	220	Clean
2	Hari man lama	**Vice-chairman**	40%	117	Clean
3	Hari Krishna Bhattachan	**Director**	36.9%		Clean
4	Surita kumari sah	Shareholder	7.4%	-	Clean
5	Kameshwor sah	Shareholder	5.6%	-	Clean

CamScanner

6	Lalan kumar Sinha	Shareholder	0.1%	-	Clean

❖ सन् २०१५/०९/२२ को Credit Apprisal अनुसार उक्त Credit Apprisal मा प्रभु वैंक लि. मा कार्यरत रहेका निम्नानुसारको कर्मचारीहरुले दस्तखत गरेको देखिन्छ ।

Prepared by RO-C& PF Dipesh Pokhrel,	Forwarded by Head-C&pf Rabin Sherestha
Supported By manager risk…….No sign	Supported By CCO Bhesh Raj Khatiwada
Supported By DCEO Tara Manandhar	Supported By CEO Ashok Sherchan



For Consortium & Project Finance Unit

Proposed By: Prepared By

Dipesh Pokhrel
RO- C& PF

Recommended By:

Rabin Shrestha
Head- C& PF

For Credit Risk Assessment Department:
Supported By:

Manager Risk

For Approval or Rejection/ Remarks, if any:

Supported By:

Bhesh Raj Khatiwada
CCO

Supported By:

Tara Manandhar
DCAO

Supported By:

Ashok Sherchan
CEO

In line with observations and suggestions on the CA dtd 5/31/2015. forwarded for further decision

BOD approval required: (√) Yes ( ) No

Renewal CA Ram Janaki Health Foundation Pvt. Ltd

१९) अनुसन्धानको क्रममा बुझिएका मानिसहरु तत्काल प्रभु वैंक लि.को Credit administration department (CAD) मा कार्यरत रहेका कर्मचारीहरु उपेन्द्र नेपाल, सुभेच्छा जोशी र सौरभ राज जोशी समेतले आफुले खुलाई लेखाई दिएको कागजमा कर्जा प्रवाहको लागि संचालक समिती (वोर्ड)को निर्णय सन २०१८।०९।२० मा हुनु भन्दा अगाडी सन् २०१८।०९।१३ (मिति २०७५/०५/२८) रु.५,०१,५२,६४७।९१ (पाँच करोड एक लाख वाउन्न हजार छ सय सतचालिस रुपैया एकानब्बे पैसा) र सन् २०१८।०९।१६ (मिति २०७५/०५/३१) मा रु.१,१६,१८,०५३।८६ (एक करोड सोह्र लाख अठार हजार त्रिपन्न रूपैया छयासी पैसा) समेत गरी जम्मा रु.६,१७,७०,७०१।७७ (छ करोड सत्र लाख सत्तरी हजार सात सय एक रुपैया सत्तर पैसा) प्रवाह भएको कर्जा रकम प्रभु बैंक लि.को तत्कालिन CEO अशोक शेरचनको मौखिक आदेश निर्देशनमा प्रवाह भएको हो भनि खुलाई लेखाई दिएको देखिदा यसरी उल्लेखित व्यहोराबाट समेत वैंकलाई हानी पुर्याउने बदनियतले रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को संचालक ओम प्रसाद पाण्डेसँग प्रभु वैंक लि.का उच्च तहका कर्मचारी तत्कालिन CEO अशोक शेरचन समेतको मिलेमतोमा गैरकानूनीरुपमा कर्जा प्रवाह गरी उल्लेखित कर्जा रकम समेत दुरुपयोग गरेको देखिन्छ।

२०) यसमा माथी उल्लेखित कर्जाहरुको रकम विभिन्न खाताहरुमा रकमान्तर भएको र उक्त कर्जाहरुको रकम मध्ये रु. २२,४३,८९,३००।०६ (वाईस करोड त्रिचालिस लाख उनानब्बे हजार तीन सय रुपैया छ पैसा मात्र) कर्जा सुविधा प्रस्ताव पत्रमा उल्लेख भएको प्रयोजन बमोजिम जुन उद्देश्यले कर्जा प्रवाह भएको हो सो प्रयोजनमा प्रयोग नगरी विभिन्न कर्जा तथा कर्जाको व्याज, तलव र व्याक्तिगत कर्जा समेतको रकम भुक्तानी गरी कर्जाको दुरुपयोग गरेको देखिन्छ। साथै, कर्जाको रकम रकमान्तर भएपश्चात चेक मार्फत नगद भुक्तानी भएको रकम, कर्जाको रकम कम्पनीले सन्चालक वा सन्चालक सम्बद्ध रहेको कम्पनीको खातामा रकमान्तर भएको रकम विभिन्न व्यक्तिको व्यक्तिगत खातामा रकमान्तर भएको रकम र अन्य बैंक तथा वित्तीय संस्थामा वा सहकारीलाई रकमान्तर भएको रकमको हकमा कर्जाको उद्देश्य वा प्रयोजन बमोजिमको सदुपयोग भएको नदेखिएकोले प्रभु वैंक लि.बाट राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.ले जुन प्रयोजनको लागि कर्जा लिएको हो सो प्रयोजनमा प्रयोग नगरी कर्जाको दुरुपयोग गरेको प्रष्ट देखिन्छ।

२१) यसरी रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि. को नाममा प्रबाह भएको कर्जा रकम मध्ये रु.२२,४३,८९,३००।०६ (वाईस करोड त्रिचालिस लाख उनानब्बे हजार तीन सय रुपैया छ पैसा) कर्जा सुविधा प्रस्ताव पत्रमा उल्लेख भएको प्रयोजन बमोजिम जुन उद्देश्यले कर्जा प्रवाह भएको हो सो प्रयोजनमा प्रयोग नगरी विभिन्न कर्जा तथा कर्जाको व्याज, तलव र व्याक्तिगत कर्जा समेतको रकम भुक्तानी गरी कर्जाको दुरुपयोग गरेको देखिन्छ भने रु.३७,३३,१७,६००।- (सैतिस करोड तेतिस लाख सत्र हजार छ सय) विभिन्न व्यक्तीहरुको नाममा चेक काटी कुमार प्रसाद आचार्य, वासुदेव राजभण्डारी, दिपक राज वराल र मोतिलाल उदास समेतले चेक मार्फत भुक्तानी लिई उल्लेखित रकम रामजानकी हेल्थ फाउण्डेसनका संचालक हरिमान लामा समेतले प्राप्त गरी कर्जाको उद्देश्य वा प्रयोजन बमोजिम प्रयोग नगरी कर्जा दुरुपयोग गरेको देखिन्छ, यसरी हाल सम्मको अनुसन्धानको आधारमा प्रभु वैंक लि. बाट रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा प्रवाह भएको कर्जा रकमबाट जम्मा रु.५९,७७,०६,९००।०६ (उनान्साठी करोड सत्तर लाख छ हजार नौ सय रुपैया छ पैसा) विभिन्न कर्जाको साँवा तथा व्याज तिर्न र व्यक्तीगतरुपमा चेक मार्फत भुक्तानी लिई कर्जा रकमको दुरुपयोग गरेको देखिदा प्रस्तुत कसूरमा प्रभु बैंक लि.का CEO अशोक शेरचन समेतका निम्न व्यक्तीहरु समेतको संलग्नता भएको देखिदा CEO अशोक शेरचन समेतका व्यक्तीहरुलाई बैकिङ कसुर तथा सजाय ऐन, २०६४ अन्तर्गतको कसूर मुद्दामा आवश्यक अनुसन्धान तथा कारवाही हुन उपयुक्त देखिएको। यसरी प्रभु बैंक लि.बाट राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा प्रवाह भएको कर्जाहरु जुन प्रयोजनको लागि कर्जा सुबिधा लिएको हो सोही प्रयोजनमा नलगाई प्रयोग नगरी व्यक्तीगत स्वार्थ तथा प्रयोजनको लागि वनावटी व्यक्तीहरु समेत विभिन्न व्यक्तीहरुको नाममा चेक काटी उक्त चेक मार्फत भुक्तानी लिएको, प्रभु बैंक लि. लगायतका विभिन्न वैंक तथा वित्तीय संस्थामा रहेको पुरानो कर्जाहरुको साँवा तथा व्याज तिर्नको

CamScanner

लागि प्रयोग गरेको साथै कर्जा सुविधामा उल्लेख भए वमोजिम प्रयोजन विपरीत कर्मचारीहरुलाई तलव दिने काममा प्रयोग गरी कर्जा रकम दुरुपयोग गरेको देखिन्छ । कर्जा सुविधा प्रस्ताव पत्र (Credit Apprisal) मा उल्लेख भए बमोजिम कर्जाको साँवाको किस्ता भुक्तानी नियमित नगरी कर्जाकों बक्यौता रकम भुक्तानी नभएको अवस्थामा समेत थप कर्जा स्वीकृत गरी कर्जाहरु Restructuring/ Rescheduling गरेको, प्रवाह गरेको अगिल्लो कर्जाहरुको उद्देश्य वा प्रयोजन बमोजिम उपयोग भए/नभएको यकिन नगरी प्रभु वैंक लि. मुख्य कार्यालयमा कार्यरत उच्च तहका कर्मचारीहरु CEO अशोक शेरचन समेतको मिलेमतोमा थप कर्जाहरु स्वीकृत तथा प्रवाह गरी प्रभु बैंक लि.बाट रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि. को नाममा प्रवाह भएको कर्जा रकम दुरुपयोग गरेको स्पस्ट देखिदा यसरी कर्जा रकम दुरुपयोग गर्ने कार्यमा संलग्न प्रभु वैंक लि.मा कार्यरत कर्मचारीहरु लगायत न्युनतम सरकारी मूल्याकन भन्दा बढी सरकारी मूल्याकनको दर राखी जग्गाको मुल्यांकन गर्ने मुल्यांकन कर्ता देव ढुंगाना समेतका देहायमा उल्लेखित व्यक्तीहरु उपर समेत बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ अन्तर्गतको कसूरमा आवश्यक अनुसन्धान तथा कारवाही हुनु पर्ने देखिदा प्रस्तुत कसूर अपराधलाई यस व्यूरोमा दर्ता भई अनुसन्धानरत बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ अन्तर्गतको कसूर (मुद्दा नं.१३ (२०८२/०८३) मा समावेश गरी एउटैमा राखी एकमुष्ट अनुसन्धान तथा कारवाही गरी पाउँ भनि यो प्रतिवेदन लेखी पेश गरेका छौ भन्ने व्यहोराको प्रहरी प्रतिवेदन।

२. <u>प्रतिवादीहरुले अनुसन्धान अधिकारी समक्ष गरेको बयानः</u>

क) <u>प्रभु वैंक लि. Chief Executive officer (CEO) प्रतिवादी अशोक शेरचनको बयानः-</u>

म सन् १९९५ मा नेपाल बङलादेश बैंकमा जुनियर एसिटेन्स पदमा ५ वर्ष काम गरी सन् २००० मा नेपाल बैंक अफ सिलोनमा अफिसर पदमा ५ वर्ष काम गरेको थिए । सन् २००७ बाट मैले प्रभु फाईनान्स लि.मा महाप्रवन्धकको रुपमा काम गर्न सुरु गरेको थिए । सन् २०११ मा प्रभु फाइनान्स लि.,समृद्दी बिकास बैंक लि. र वैभव फाईनान्स लि. मर्ज भई प्रभु बिकास बैंक लि.बने पश्चात म प्रभु बिकास बैंक लि.को प्रमुख कार्यकारी अधिकृत भई काम गर्न थालेको हुँ । २०७१ सालमा प्रभु बिकास बैंक, गौरीशंकर बिकास बैंक, जेनिथ फाईनान्स र किष्ट बैंक लि. मर्ज भई प्रभु बैंक लि.बने पश्चात म प्रभु बैंक लि.को प्रमुख कार्यकारी अधिकृतको रुपमा काम गर्न थालेको हुँ । त्यस पश्चात ग्राण्ड बैंक लि. र सेन्चुरी कमर्शियल बैंक लि. समेत प्रभु बैंक लि.मा मर्ज भएको हो । म हाल सम्म पनि प्रभु बैंक लि.मा प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत रहेको छु । ईन्स्च्टच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरिनरी साईन्स प्रा.लि. का अध्यक्ष ओम प्रसाद पाण्डेसँग मेरो बैंकको ऋणीको रुपमा करिव १४/१५ बर्ष अगाडी देखि चिनजान भई आएको हो । निजसंग मेरो कुनै साझेदारी र सामुहिक लगानी केहि पनि रहेको छैन । मिति २०७५ साल साउन ८ गते (सन् २०१८।०७।२४) को Memorandum मा CEO पदमा रही Supported By खण्डमा भएको दस्तखत मैले गरेको मेरो दस्तखत हो फरक छैन । बैंकको CEO को हैसियतले सम्बन्धित विभाग तथा शाखाहरुबाट अध्ययन विश्लेषण गरी पठाईएका Memorandum हरु आफ्नो कर्जा स्विकृत सिमा भित्र परेको अवस्थामा सदर गर्ने र आफ्नो कर्जा स्विकृत सिमा भन्दा माथि भएको अवस्थामा संचालक समिति समक्ष स्विकृतीको लागि पेश गर्ने जिम्मेवारी रहेको थियो । आवश्यकता अनुसार ति Memorandum हरुमा थप गर्नु पर्ने केही राय सुझावहरु भए थप गर्ने गरेको छु । मिति २०७५ साल साउन ८ गते (सन् २०१८।०७।२४) मैले रु.२० करोड बराबरको कर्जा स्विकृत गर्ने अख्तियारीनामा प्राप्त गरेको थिए, करिव ३ वर्ष अगाडी देखी मैले रु.१ (एक) अर्व बराबरको कर्जा स्विकृत गर्ने अख्तियारीनामा प्राप्त गरी आएको छु । Banking क्षेत्रमा ग्राहकको आवश्यकता र बैंकसँगको सम्बन्धको आधारमा तत्काल ऋणीको आवश्यकतालाई मध्यनजर राखी कर्जा प्रदान गर्नु पर्ने भएमा सो कुरा संचालक समितिका प्रतिनिधीलाई जानकारी गराई संचालक समितिवाट स्विकृत गर्नु पुर्व Bank ले कर्जा प्रवाह गर्न सक्ने प्रावधान प्रचलन रहि आएको हुनाले मिति २०७५ साउन ११ गते (सन् २०१८।०७।२७) मा पनि ऋणीको अनुरोध अनुसार संचालक समितिलाई पुर्व जानकारी गराई बैंकबाट रु.१३,००,००,०००।– (तेह्र करोड) कर्जा प्रवाह भएको हो । प्रवाह भएको उक्त कर्जा रकमको सम्बन्धमा पछि संचालक समितिको बैंठकबाट अनुमोदन गरिएको थियो । मौखिकरुपमा कर्जा प्रवाहको लागि पुर्व स्विकृति संचालक

CamScanner

समितिको अध्यक्षबाट प्राप्त भईसकेको थियो । तथापी माथि उल्लेखित कर्जामा संचालक समितिबाट मौखिक रुपमा प्राप्त स्विकृतिलाई संचालक समितिको बैठकले अनुमोदन गरी पुर्व स्विकृतिलाई औपचारिक रुपमा स्विकृत गरेको हो । बैंकले ऋणीलाई रु.२(दुई) करोड बराबरको डिमाण्ड कर्जा स्विकृत गरेको हुनाले सो रकमबाट नघटने गरी मालपोतबाट दृष्टीबन्धक पास गरिएकोले बैंकको मापदण्ड भित्र परेको छ, बैंनाका सम्बन्धमा खरिद गर्ने र विक्री गर्ने विचको आपसी कागजात भएकोले बैंकले ऋणीसँग कर लुकाउने छिपाउने मनासाय राखेको भन्न मिलेन । उक्त कार्य नेपाल सरकार अन्तर्गतको मालपोत कार्यालयबाट गरिएको हुनाले पनि यो लुकाउने छिपाउने कार्यमा बैंकको संलग्नता छ भन्न मिल्दैन । मिति २०७५ साल साउन ८ गते (सन् २०१८।०७।२४) मा तयार पारीएको Memorandum मा काठमाण्डौ मेडिकल कलेजमा ओम प्रसाद पाण्डेको नाममा रहेको २ लाख कित्ता शेयरको Market Value NRP 450 र FMV 225 रुपैयाँ मानिने भनि के-कुन Valuater ले के-कुन माध्यमबाट गरेको हो मलाई हाल याद भएन, काठमाण्डौ मेडिकल कलेजको शेयर कम्पनि रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरबाट रोक्का राख्ने गरि धितोमा स्विकार गरिएको हुनु पर्छ । उक्त कम्पनिको नेपाल स्टक एक्सचेन्जमा Over the counter (OTC) मार्फत भएको कारोवारलाई आधार मानी FMV 225 रुपैया मानिएको हुनु पर्छ । प्राथमिक धितोको रुपमा स्वीकार गरिएको काठमाण्डौ मेडिकल कलेजमा ओम प्रसाद पाण्डेको नाममा रहेको २ लाख कित्ता शेयर धितो सुरक्षण नगरिएको सम्बन्धमा सम्बन्धित विभाग Consortium and project finance department लाई जानकारी हुनु पर्छ । यसरी धितो नलिदैमा कर्जा रकम खराब नै हुन्छ भन्ने हुदैन । कर्जा सम्वन्धी सम्पुर्ण कागजातहरु बनाउने, संकलन गर्ने लगायतका कार्यहरु सम्बन्धित विभागहरुले गर्ने हुँदा मलाई सबै कुराको जानकारी हुदैन । कर्जा जुन प्रयोजनको लागि लिएको सोही प्रयोजनको लागि प्रयोग गर्नु पर्छ, यदी उल्लेखित उद्देश्य प्रयोजन बाहेक अन्यत्र प्रयोग गर्नु मिल्दैन र प्रयोजन भन्दा अन्य उद्देश्यमा कर्जाको प्रयोग गरीएमा उक्त कार्य कर्जाको दुरुपयोग हुन्छ । प्रयोजन बाहेक अन्यत्र प्रयोग गर्नको लागि कसैलाई पनि सहयोग गर्न समेत हुदैन । सम्बन्धित कम्पनीले प्रस्तुत गरेको पत्रमा कम्पनीको छाप र अधिकार प्राप्त व्यक्तीको दस्तखत मिलेको अबस्थामा कम्पनीको अनुरोधलाई स्विकार गरिएको हुनु पर्छ । मिति २०७५।०४।१५ गते ईन्स्च्टच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरिनरी साईन्स प्रा.लि.का अध्यक्ष ओम प्रसाद पाण्डेले ईन्स्च्टच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरिनरी साईन्स प्रा.लि. को खाता बाट रु ११,००,००,००० (एघार करोड रुपैया) राम जानकी हेल्थ फाउण्डेसनको खातामा रकमान्तर गरिदिनहुन" भनी कम्पनीको छाप र आधिकारीक दस्तखत भएको पत्राचारको आधारमा बैंकले रकम रकमान्तर भएको हुनु पर्छ, सम्बन्धित कम्पनीले प्रस्तुत गरेको पत्रमा कम्पनीको छाप र अधिकार प्राप्त व्यक्तीको दस्तखत मिलेको अबस्थामा रकम रकमान्तर गर्न मिल्छ । शुरुमा कर्जा प्रवाह गर्दा परियोजनाको लागि आवश्यक पर्ने जग्गाको व्यवस्थापन गर्नको लागि कर्जा प्रवाह गरिएको हो । Detail Project Plan (DPR) बनाउने चरण पुग्दा नपुग्दै कोभिड-१९ को महामारी शुरु भएको हुनाले उक्त परियोजनाको निर्माण कार्य रोकिएको भनिएको हो । कम्पनीहरुको स्वामित्व रहेको स्वामित्वकर्ताहरु एउटै रहेको कारणले आपसी समझदारीमा कम्पनीहरु वीच भएको कारोवारको उद्देश्य स्पष्ट भएको हुनाले ईन्स्च्टच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरिनरी साईन्स प्रा.लि.को नाममा प्रबाह भएको रकम राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को कर्जाको साँवा व्याज तिर्नको लागि प्रयोग भएको हुनाले कुनै गैरकानूनी कामको लागि दुरुपयोग नभएको स्पष्ट हुन्छ । उक्त कर्जा भुक्तान गर्नको लागि समय-समयमा ऋणीलाई पत्राचार गरिएको हुनुपर्दछ । कर्जाका ऋणीले आंशिक धितो फुकुवा माग्नुको प्राविधिक कारणहरुमा परियोजना सुचारु गर्नको लागि धितोमा रहेका केही कित्ताहरु आंशिक रुपमा फुकुवा गरी अन्य जोडिएका जग्गावालाहरुसँग कित्ता मिलान गर्ने, हाल साबिक गर्ने, केही कित्ताहरु बिक्री गरी कर्जा रकम घटाउने लगायतका कारणहरुको लागि ऋणीको माग बमोजिम आंशिक धितो फुकुवाको सुविधा ऋणीलाई प्रदान गरिएको हुनुपर्छ । सबै काम कारबाहीहरुको जानकारी प्रमुख कार्यकारी अधिकृत समक्ष पुग्दैन । तल्लो तहमा समेत विभिन्न कर्मचारीहरुलाई अख्तियारी प्रदान भएको हुन्छ र सोही अनुसार कर्मचारीहरुले बैंकको हितमा काम गरेका हुन्छन भनी प्रमुख कार्यकारी अधिकृतले उनिहरुले गरेको कामलाई हस्तक्षेप गर्ने गर्दैनन् । सो को निरिक्षण तथा सुपरिवेक्षण गर्ने कार्य सम्बन्धित कर्जा विभाग (Consortum & Project Finance Department) ले गर्नु पर्दछ । माथि उल्लेखित जग्गाहरु फुकुवा गरिएको सम्वन्धमा क्षेत्रफल मिलान गर्नको लागि गरिएको हुनुपर्छ । बैंकमा पेश

गर्ने मुल्यांकन बैंकबाट सुचिकृत भएका Valuator (मुल्यांकनकर्ता) ले स्वतन्त्र रुपमा सो समयमा चलनचल्तीमा रहेको बजार मुल्यलाई आधार मानी गरेको हुन्छ । बैंकले धितोमा राखिने जग्गाको मुल्य सम्वन्धमा सुचिकृत भएका Valuator (मुल्यांकनकर्ता) ले मुल्यांकन गरी दिएको मुल्यलाई आधार मान्ने गर्दछ । फरक भएको सम्वन्धमा बिगत केही समयदेखि घरजग्गाको मुल्यमा देखिएको गिरावटले पनि असर परेको हुन सक्छ । माथि उल्लेखित जग्गाहरुको विक्री मुल्यको सम्वन्धमा खरिदकर्ता र बिक्रीकर्ता बिचको समझदारीको बारेमा बैंकलाई जानकारी हुने कुरा भएन । Internal Memorandum मा उल्लेख भए अनुसार जग्गा फुकुवा गर्नलाई ऋणीले कवुलियत नामा गरे अनुसार फुकुवा गरिएको जग्गाको मुल्य (FMV) बरावर ७ दिन भित्र जम्मा गरि दिने भनि लेखिएको कारण कर्जा असुली पनि हुने भएको देखिदा Chief Executive Officer (CEO) को हैसियतमा Internal Memorandum मा हस्ताक्षर गरेको हो । मिति २०७६/०३/१३ (२०१९।०६।२८) गतेको Memorandum मा उल्लेख रहेको कित्ता न. ११८ र ११९ नयाँ दृष्टी बन्धक गर्नको लागि प्रस्ताब गरिएका कित्ता नंम्वरहरु हुन भने २०७९।०३।१९ गते (सन् 2022/07/03) को Memorandum अन्य कित्ताहरु फुकुवा गर्न र अन्य कम्पनीहरुका कित्ताहरुसँग Internal Tie up गर्नको लागि प्रस्ताब गरिएको हुनाले उक्त २०७९।०३।१९ गते (सन् 2022/07/03) को Memorandum कित्ता न. ११८ र ११९ उल्लेख नभएको हो । परियोजना निर्माणका लागि ऋणीको अनुरोध बमोजिम ऋण रकम जग्गा खरिद लगायतका कामका लागि प्रवाह भए पश्चात विश्वब्यापी रुपमा महामारीको रुपमा फैलिएको कोरोना भाईरसको कारण निर्माणकार्य अघि बढाउन नसेकेको हो । सोही कारणले उक्त परियोजना निर्माणका लागि समय थप गरिएको थियो । उक्त शैक्षिक संस्थाले सरकारबाट अनुमती प्राप्त गरिसकेको र निर्माण पश्चात मधेस प्रदेशको उक्त क्षेत्रका विद्यार्थीहरुले सहजरुपमा कृषि, वन विज्ञान र भेटेनरी शिक्षा प्राप्त गरी देशलाई योगदान पुर्याउन सक्ने देखिएकोले पनि बैंकले कर्जाको समयावधी बढाएको हो । यदी ऋणीले अटेर गरी परियोजनाको कार्यहरु अगाडी नबढाएमा बैंकले ऋणीलाई कर्जा फिर्ता गर्नको लागि सूचना दिई नियमानुसार आवश्यक कारबाहीको प्रकृया सुरु गर्न सक्दछ । DECO ले उल्लेख गरेको Ext: Charges बैंकको नियमानुसारनै उल्लेख गरेको देखिन्छ । सो चार्ज बैंकले लिएको हुनु पर्छ । नेपाल राष्ट्र बैंकले विविध कारणले अर्थतन्त्रमा आएको मन्दीको समयमा उद्योग, ब्यापार, सेवा क्षेत्र लगायतका संस्थाहरुलाई जोगाउनको लागि बैंक तथा वित्तिय संस्थाहरुलाई Loan Defferal गर्ने सुबिधा प्रदान गर्ने गर्दछ । Loan Defferal भनेको ऋणीले तिर्नुपर्ने सावाँ र ब्याजको अवधीलाई पर सारी कुनै निश्चित अवधीबाट मात्र तिर्ने ब्यवस्था हो । बैंकहरुले ऋणीको माग, देशको अर्थतन्त्रमा देखिएको मन्दीको अवस्था, सम्बन्धित क्षेत्रमा देखिएको नकारात्मक अवस्था एवं नियामक निकाय तथा नेपाल सरकारले दिएको सुबिधा भित्र रही Loan Defferal गर्ने गर्दछ । Loan Defferal अन्तर्गत ऋणीले तिर्नुपर्ने सावाँ र ब्याजको अवधीलाई पर सारी कुनै निश्चित अवधीबाट मात्र तिर्ने व्यवस्था गरिएको हुन्छ । उक्त कम्पनी शैक्षिक संस्था भएको र नेपाल राष्ट्र बैंकले पनि शैक्षिक क्षेत्रलाई प्रभावित क्षेत्र भनी वर्गिकरण गरेको हुनाले बैंकले साँवा र ब्याजलाई deferral गरि निश्चित अवधी पछि सावाँ र ब्याज तिर्ने व्यवस्था मात्र गरिदिएको हो । कम्पनि संचालनमा नरहेको र Overdue (भाखा नाघेको) समेत भएको अबस्थामा बैंकले ऋणीबाट कर्जा रकम असुली कार्यमा सहजिकरणको लागि व्याजदर ५.२६% वाट घटाई ३.००% गराएको हुन सक्छ । यसरी व्याजदर घटाउने वढाउने कार्य बैंकको व्यापारिक रणनीति हो, यसमा बैंकका कर्मचारीहरुको ऋणीसँग मिलेमतो हुन्छ भन्ने लाग्दैन । इन्स्टिच्युट अफ एग्रिकल्चर फरेस्ट एण्ड भेटेरिनरी साईन्स प्रा.लि.लाई कर्जा प्रवाह सम्बन्धमा कर्जा स्विकृत भई सके पछि कर्जा रकमको परिचालन गर्ने मुख्य जिम्मेवारी सम्बन्धित ऋणीको हो । बैंकको नीति नियम अनुसार कर्जा स्विकृत गर्ने सम्मको कार्य बैंकको रहन्छ । स्विकृत भएको कर्जा रकम ऋणीको आग्रह अनुसार माथि उल्लेखित खाताहरुमा रकमान्तरण भएको हुनुपर्छ । उक्त रकमहरुको रकमान्तर ऋणीनै संचालक रहेको कम्पनीहरुको खाताहरुमा भएकोले कुनै पनि गैर कानूनी कार्यहरुमा प्रयोग नभएको हुनाले दुरुपयोग भएको भन्न मिल्ने अवस्था नरहनु पर्ने हो । इन्स्टिच्युट अफ एग्रिकल्चर फरेस्ट एण्ड भेटेरिनरी साईन्स प्रा.लि.लाई कर्जा प्रवाह सम्बन्धमा कर्जा स्विकृत भई सके पछि कर्जा रकमको परिचालन गर्ने मुख्य जिम्मेवारी सम्बन्धित ऋणीको हो । बैंकको नीति नियम अनुसार कर्जा स्विकृत गर्ने सम्मको कार्य बैंकको रहन्छ । स्विकृत भएको कर्जा रकम ऋणीको आग्रह अनुसार खाताहरुमा रकमान्तरण भएको हुनुपर्छ । उक्त रकमहरुको रकमान्तर ऋणीनै

CamScanner

संचालक रहेको कम्पनीहरुको खाताहरुमा भएकोले कुनै पनि गैर कानूनी कार्यहरुमा प्रयोग नभएको हुनाले दुरुपयोग भएको भन्न मिल्ने अवस्था नरहनु पर्ने हो । उपेन्द्र नेपालले खुलाई लेखाई दिए अनुसार उच्च म्यानेजमेन्टको आदेश बमोजिम उल्लिखित रकम प्रभु बैंकको पार्किङ खातामा रकम ट्रान्सफर गरिएको होईन । ऋणीको आग्रह बमोजिम गरिएको हुनुपर्दछ । बैंकको नियमानुसार मेरो कर्जा स्विकृती गर्ने अख्तियारी अनुसार कर्जा स्विकृत गरे पश्चातका प्रकृयागत कार्यहरुमा मेरो संलग्नता हुने गर्दैन ।

राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.को नाममा प्रबाह भएको सन 2015-5-5, सन् 2015-8-4, सन् 2015-9-22, सन् 2016-02-23, सन् 2016-09-05, सन् 2018-05-09 र सन् 2020-5-26 समेतको Credit Appraisal/ Memorandum मा भएको For Approval or Rejection/ Remarks, if Any खण्डमा supported by मा अशोक शेरचनको नाममा भएको दस्तखत मेरो हो, फरक छैन । ऋणीको आवश्यकता बमोजिम समय समयमा बैंकले आवश्यकताको महत्व आकलन गरी थप कर्जा नदिदाँ कम्पनीको नियमित संचालन मै बाधा पुग्न जाने देखिएकोले असल नियतले नै कर्जाको साँवा तथा ब्याजको किस्ता भुक्तानी नियमित नभएको अवस्थामा पनि कर्जा प्रवाह गरिने प्रचलन अनुसार नै उक्त कर्जा प्रवाहको लागि मैले समर्थन गरेको हुँ । बैंकिङ क्षेत्रमा यस खालको प्रचलन रहि आएको छ । कम्पनीले गर्ने दैनिक कारोबारका सम्बन्धमा मलाई जानकारी नहुने भएकोले उक्त नगदै भुक्तानी लिएको रकमको बारेमा एकिन गर्न सक्ने अवस्था रहेन । सो रकम दुरुपयोग भयो वा भएन भन्ने कुरामा मेरो कुनै भूमिका छैन । कम्पनीले कर्जा के-कसरी, कुन-कुन शीर्षकमा प्रयोग गर्यो भनेर बैंकलाई विवरण दिएको हुनुपर्छ, सो कुरा बैंकको कर्जा सम्बन्धि विभागले हेर्ने गर्छ ।ऋणीहरुबाट आएको कर्जा माग सम्बन्धी निवेदनहरुलाई विश्लेषण गरी कर्जा प्रदान गर्न सकिने वा नसकिने एकिन गरी RO- C & PF दिपेश पोखरेलले Credit Chain मा रहेका अन्य कर्मचारीहरुसँग छलफल तथा समन्वय गरी बैंकको आन्तरिक प्रक्रिया अनुसार कर्जाको फाईल तयार गरी अघि बढाउने काममा निजको भूमिका रहने गर्दछ । ऋणीले पेश गरेको विभिन्न कागजातहरुका आधारमा र बैंकको आन्तरिक मापदण्डहरुलाई पालना गर्दै विश्लेषण गरिएका प्रस्ताव पत्र तयार गरिने भएकोले बैंकका कर्मचारीहरुको कर्जा दुरुपयोग गर्ने वा गराउने भन्ने नियत हुँदैन । सो कारणले RO-C & PF दिपेश पोखरेलको उल्लेखित कर्जा दुरुपयोग भएको भनिएको सम्बन्धमा कुनै संलग्नता छ भन्ने मलाई लाग्दैन । Head - C & PF रविन श्रेष्ठले Corporate and Project Finance Department (C & PF) बाट आएको कर्जा फाईलको विश्लेषण गरी रितपूर्वक चेकजाँच गरी कुनै कुराहरु थपघट गर्नु परेको अवस्थामा सो थपघट गरी आफ्नो राय लेख्नु परेको अवस्थामा लेखी उक्त कर्जा फाईल माथिल्लो तहमा सिफारिस गर्ने गर्दछन् । सोही अनुसार नै निज Head - C & PF रविन श्रेष्ठले उल्लेखित कर्जा प्रवाहमा आफ्नो भूमिका निर्वाह गरेका हुन् । उल्लेखित कर्जा दुरुपयोग भएको भनिएको सम्बन्धमा निजको कुनै संलग्नता छ भन्ने मलाई लाग्दैन ।Manager Risk ऋवस श्रेष्ठले कर्जाको प्रस्ताव पत्रलाई जोखिमका हिसाबले विश्लेषण गरी जोखिमसँग सम्बन्धित कुनै कुराहरु उल्लेख गर्नु परे सो समेत उल्लेख गरी कर्जा फाईल माथिल्लो तहमा रायसहित सिफारिस गर्ने गर्दछन् । सोही अनुसार नै निजले Credit Chain मा रही Memorandum मा दस्तखत गरेका हुन् । उल्लेखित कर्जा दुरुपयोग भएको भनिएको सम्बन्धमा निजको कुनै संलग्नता छ भन्ने मलाई लाग्दैन ।Chief Credit Officer (CCO) भेष राज खतिवडाले Credit Chain बाट आएको कर्जा फाईलहरु कर्जा स्वीकृत गर्ने कर्जा सिमा आफ्नो अधिकार भित्र पर्ने भए स्वीकृत गर्ने र कर्जा सिमा आफ्नो अधिकार भन्दा बढी भए आफ्नो रायसहित माथिल्लो तहमा सिफारिस गरी पठाउने गर्दछन् । उल्लेखित कर्जा सम्बन्धमा निजले Credit Chain मा रही सोही अनुसारको भूमिका निर्वाह गरी Memorandum मा दस्तखत गरेका हुन् । उल्लेखित कर्जा दुरुपयोग भएको भनिएको सम्बन्धमा निजको कुनै संलग्नता छ भन्ने मलाई लाग्दैन ।DCEO को हैसियतमा तारा मानन्धरले Credit Chain बाट आएको कर्जा फाईलहरु कर्जा स्वीकृत गर्ने कर्जा सिमा आफ्नो अधिकार भित्र पर्ने भए स्वीकृत गर्ने र कर्जा सिमा आफ्नो अधिकार भन्दा बढी भए आफ्नो रायसहित माथिल्लो तहमा सिफारिस गरी पठाउने गर्दछन् । उल्लेखित कर्जा सम्बन्धमा निजले Credit Chain मा रही सोही अनुसारको भूमिका निर्वाह गरी Memorandum मा दस्तखत गरेका हुन् । उल्लेखित कर्जा दुरुपयोग

CamScanner

भएको भनिएको सम्बन्धमा निजको कुनै संलग्नता छ भन्ने मलाई लाग्दैन । बैंकले कुनै पनि संस्थालाई कर्जा प्रवाह गर्दा बैंक र ऋणी दुवैको नियमित संचालनको लागि असल नियतले नै कर्जा प्रवाह गरेको हुन्छ । त्यसैगरी बैंकका कर्मचारीहरुले समेत Credit Chain मा रही आ-आफ्नो दर्जा अनुसारको राय तथा विचारहरु प्रस्तुत गर्ने र माथिल्लो तहमा पठाउने गर्छन् । सोही अनुसार नै उल्लेखित कर्जा प्रवाह भएको हो । यसमा बैंकका कुनै पनि कर्मचारीको कर्जा दुरुपयोगमा भूमिका छ जस्तो मलाई लाग्दैन । कर्जा प्रवाहको लागि तयार गर्दाका बखत SOL Limit को गणना २०७१ चैत्र मसान्तको Core Capital लाई आधार मानी गरिएकोमा सो मितिमा SOL Limit नाघेको देखिएता पनि उक्त कर्जा प्रवाह गर्दाका बखत उक्त कर्जा असार मसान्त २०७२ को Core Capital को आधारमा SOL Limit नाघेको अवस्था थिएन । ऋणीहरुबाट आएको कर्जा माग सम्बन्धी निवेदनहरुलाई विश्लेषण गरी कर्जा प्रदान गर्न सकिने वा नसकिने एकिन गरी RO- C & PF दिपेश पोखरेलले Credit Chain मा रहेका अन्य कर्मचारीहरुसँग छलफल तथा समन्वय गरी बैंकको आन्तरिक प्रक्रिया अनुसार कर्जाको फाईल तयार गरी अघि बढाउने काममा निजको भूमिका रहने गर्दछ । ऋणीले पेश गरेको विभिन्न कागजातहरुका आधारमा र बैंकको आन्तरिक मापदण्डहरुलाई पालना गर्दै विश्लेषण गरिएका प्रस्ताव पत्र तयार गरिने भएकोले बैंकका कर्मचारीहरुको कर्जा दुरुपयोग गर्ने वा गराउने भन्ने नियत हुँदैन । सो कारणले RO-C & PF दिपेश पोखरेलको उल्लेखित कर्जा दुरुपयोग भएको भनिएको सम्बन्धमा कुनै संलग्नता छ भन्ने मलाई लाग्दैन । Head - C & PF रविन श्रेष्ठले Corporate and Project Finance Department (C & PF) बाट आएको कर्जा फाईलको विश्लेषण गरी रितपूर्वक चेकजाँच गरी कुनै कुराहरु थपघट गर्नु परेको अवस्थामा सो थपघट गरी आफ्नो राय लेख्नु परेको अवस्थामा लेखी उक्त कर्जा फाईल माथिल्लो तहमा सिफारिस गर्ने गर्दछन् । सोही अनुसार नै निज Head - C & PF रविन श्रेष्ठले उल्लेखित कर्जा प्रवाहमा आफ्नो भूमिका निर्वाह गरेका हुन् । उल्लेखित कर्जा दुरुपयोग भएको भनिएको सम्बन्धमा निजको कुनै संलग्नता छ भन्ने मलाई लाग्दैन, Manager Risk प्रकाश बरालले कर्जाको प्रस्ताव पत्रलाई जोखिमका हिसाबले विश्लेषण गरी जोखिमसँग सम्बन्धित कुनै कुराहरु उल्लेख गर्नु परे सो समेत उल्लेख गरी कर्जा फाईल माथिल्लो तहमा रायसहित सिफारिस गर्ने गर्दछन् । सोही अनुसार नै निजले Credit Chain मा रही Memorandum मा दस्तखत गरेका हुन् । उल्लेखित कर्जा दुरुपयोग भएको भनिएको सम्बन्धमा निजको कुनै संलग्नता छ भन्ने मलाई लाग्दैन ।

सन् 2015/09/22 को कर्जा प्रवाह गर्दा ऋणीको आवश्यकता विश्लेषण गर्दा संस्थाको निरन्तरताको लागि नभई नहुने देखिएको अवस्थामा विभिन्न किसिमका सर्तहरु (Terms and Conditions) मा बाँधी थप लगानी गर्ने प्रचलन बैंकिङ क्षेत्रमा रही आएको हुँदा सोही अनुसार नै कम्पनीको अनुरोधलाई समर्थन गरेको हुँ । उक्त कर्जाको Memorandum तयार गर्दा २०७२ असार मसान्तको Core Capital को आधारमा SOL गणना गर्दा SOL Limit नाघेको देखिएतापनि मिति २०७२/०६/२० मा हरिमान लामाले राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.को संचालक समितबाट राजिनामा दिएपछि निजले उक्त ऋणी संस्थाको व्यक्तिगत जमानीबाट हटेपछि उक्त कर्जा SOL Limit भित्रै रहेको थियो । उक्त कम्पनीले लिएको कर्जा मध्येबाट नगदै भुक्तानी लिएको रकमका सम्बन्धमा मलाई एकिनका साथ जानकारी हुने कुरा भएन । साँवा र ब्याज तिर्न प्रयोग भएको कर्जा रकमको सम्बन्धमा पारदर्शी रुपमा कम्पनीले कारोबार गरेको देखिएको र कुनै पनि गैरकानूनी कार्यमा प्रयोग नभएको हुनाले उक्त रकम दुरुपयोग गरेको भन्ने अवस्था देखिदैन । सो रकम दुरुपयोग भयो वा भएन भन्ने कुरामा मेरो कुनै भूमिका छैन । ऋणीहरुबाट आएको कर्जा माग सम्बन्धी निवेदनहरुलाई विश्लेषण गरी कर्जा प्रदान गर्न सकिने वा नसकिने एकिन गरी RO- C & PF दिपेश पोखरेलले Credit Chain मा रहेका अन्य कर्मचारीहरुसँग छलफल तथा समन्वय गरी बैंकको आन्तरिक प्रक्रिया अनुसार कर्जाको फाईल तयार गरी अघि बढाउने काममा निजको भूमिका रहने गर्दछ । ऋणीले पेश गरेको विभिन्न कागजातहरुका आधारमा र बैंकको आन्तरिक मापदण्डहरुलाई पालना गर्दै विश्लेषण गरिएका प्रस्ताव पत्र तयार गरिने भएकोले बैंकका कर्मचारीहरुको कर्जा दुरुपयोग गर्ने वा गराउने भन्ने नियत हुँदैन । सो कारणले RO-C & PF दिपेश पोखरेलको उल्लेखित कर्जा दुरुपयोग भएको भनिएको सम्बन्धमा कुनै संलग्नता छ भन्ने मलाई लाग्दैन ।Head - C & PF रविन श्रेष्ठले Corporate and Project Finance

CamScanner

Department (C & PF) बाट आएको कर्जा फाईलको विश्लेषण गरी रितपूर्वक चेकजाँच गरी कुनै कुराहरु थपघट गर्नु परेको अवस्थामा सो थपघट गरी आफ्नो राय लेख्नु परेको अवस्थामा लेखी उक्त कर्जा फाईल माथिल्लो तहमा सिफारिस गर्ने गर्दछन् । सोही अनुसार नै निज Head - C & PF रविन श्रेष्ठले उल्लेखित कर्जा प्रवाहमा आफ्नो भूमिका निर्वाह गरेका हुन् । उल्लेखित कर्जा दुरुपयोग भएको भनिएको सम्बन्धमा निजको कुनै संलग्नता छ भन्ने मलाई लाग्दैन ।Credit Chain बाट आएको कर्जा फाईलहरु कर्जा स्वीकृत गर्ने कर्जा सिमा आफ्नो अधिकार भित्र पर्ने भए स्वीकृत गर्ने र कर्जा सिमा आफ्नो अधिकार भन्दा बढी भए आफ्नो रायसहित माथिल्लो तहमा सिफारिस गरी पठाउने गर्दछन् । उल्लेखित कर्जा सम्बन्धमा निजले Credit Chain मा रही सोही अनुसारको भूमिका निर्वाह गरी Memorandum मा दस्तखत गरेका हुन् । उल्लेखित कर्जा दुरुपयोग भएको भनिएको सम्बन्धमा निजको कुनै संलग्नता छ भन्ने मलाई लाग्दैन । सन् 2016/2/23 को Memorandum मार्फत कर्जा प्रवाह गर्ने क्रममाऋणीको आवश्यकता विश्लेषण गर्दा संस्थाको निरन्तरताको लागि नभई नहुने देखिएको अवस्थामा विभिन्न किसिमका सर्तहरु (Terms and Conditions) मा बाँधी थप लगानी गर्ने प्रचलन बैंकिङ क्षेत्रमा रही आएको हुँदा सोही अनुसार नै कम्पनीको अनुरोधलाई समर्थन गरी उल्लेखित सन् 2016/2/23 को Memorandum मार्फत प्रवाह भएको Bridge Gap Loan-350 Million कर्जामा कर्जा प्रवाहको लागि तयार पारिएको Memorandum मा समर्थन गरेको हुँ । प्रवाह भएको कर्जा मध्येबाट नगदै भुक्तानी लिएको रकमका सम्बन्धमा मलाई एकिनका साथ जानकारी हुने कुरा भएन । साँवा र ब्याज तिर्न प्रयोग भएको कर्जा रकमको सम्बन्धमा पारदर्शी रुपमा कम्पनीले कारोबार गरेको देखिएको र कुनै पनि गैरकानूनी कार्यमा प्रयोग नभएको हुनाले उक्त रकम दुरुपयोग गरेको भन्ने अवस्था देखिदैन । सो रकम दुरुपयोग भयो वा भएन भन्ने कुरामा मेरो कुनै भूमिका छैन । ऋणीहरुबाट आएको कर्जा माग सम्बन्धी निवेदनहरुलाई विश्लेषण गरी कर्जा प्रदान गर्न सकिने वा नसकिने एकिन गरी RO- C & PF दिपेश पोखरेलले Credit Chain मा रहेका अन्य कर्मचारीहरुसँग छलफल तथा समन्वय गरी बैंकको आन्तरिक प्रक्रिया अनुसार कर्जाको फाईल तयार गरी अघि बढाउने काममा निजको भूमिका रहने गर्दछ । ऋणीले पेश गरेको विभिन्न कागजातहरुका आधारमा र बैंकको आन्तरिक मापदण्डहरुलाई पालना गर्दै विश्लेषण गरिएका प्रस्ताव पत्र तयार गरिने भएकोले बैंकका कर्मचारीहरुको कर्जा दुरुपयोग गर्ने वा गराउने भन्ने नियत हुँदैन । सो कारणले RO-C & PF दिपेश पोखरेलको उल्लेखित कर्जा दुरुपयोग भएको भनिएको सम्बन्धमा कुनै संलग्नता छ भन्ने मलाई लाग्दैन । Head - C & PF रविन श्रेष्ठले Corporate and Project Finance Department (C & PF) बाट आएको कर्जा फाईलको विश्लेषण गरी रितपूर्वक चेकजाँच गरी कुनै कुराहरु थपघट गर्नु परेको अवस्थामा सो थपघट गरी आफ्नो राय लेख्नु परेको अवस्थामा लेखी उक्त कर्जा फाईल माथिल्लो तहमा सिफारिस गर्ने गर्दछन् । सोही अनुसार नै निज Head - C & PF रविन श्रेष्ठले उल्लेखित कर्जा प्रवाहमा आफ्नो भूमिका निर्वाह गरेका हुन् । उल्लेखित कर्जा दुरुपयोग भएको भनिएको सम्बन्धमा निजको कुनै संलग्नता छ भन्ने मलाई लाग्दैन । Chief Credit Officer (CCO) भेष राज खतिवडाले Credit Chain बाट आएको कर्जा फाईलहरु कर्जा स्वीकृत गर्ने कर्जा सिमा आफ्नो अधिकार भित्र पर्ने भए स्वीकृत गर्ने र कर्जा सिमा आफ्नो अधिकार भन्दा बढी भए आफ्नो रायसहित माथिल्लो तहमा सिफारिस गरी पठाउने गर्दछन् । उल्लेखित कर्जा सम्बन्धमा निजले Credit Chain मा रही सोही अनुसारको भूमिका निर्वाह गरी Memorandum मा दस्तखत गरेका हुन् । उल्लेखित कर्जा दुरुपयोग भएको भनिएको सम्बन्धमा निजको कुनै संलग्नता छ भन्ने मलाई लाग्दैन । DCEO को हैसियतमा तारा मानन्धरले Credit Chain बाट आएको कर्जा फाईलहरु कर्जा स्वीकृत गर्ने कर्जा सिमा आफ्नो अधिकार भित्र पर्ने भए स्वीकृत गर्ने र कर्जा सिमा आफ्नो अधिकार भन्दा बढी भए आफ्नो रायसहित माथिल्लो तहमा सिफारिस गरी पठाउने गर्दछन् । उल्लेखित कर्जा सम्बन्धमा निजले Credit Chain मा रही सोही अनुसारको भूमिका निर्वाह गरी Memorandum मा दस्तखत गरेका हुन् । उल्लेखित कर्जा दुरुपयोग भएको भनिएको सम्बन्धमा निजको कुनै संलग्नता छ भन्ने मलाई लाग्दैन । सन् 9/5/2016 को Memorandum मार्फत प्रवाह भएको कर्जा ऋणीको आवश्यकता बमोजिम समय समयमा बैंकले आवश्यकताको महत्व आकलन गरी थप कर्जा नदिदाँ कम्पनीको नियमित संचालन मै बाधा पुग्न जाने देखिएकोले असल नियतले नै कर्जाको साँवा तथा ब्याजको किस्ता भुक्तानी नियमित नभएको अवस्थामा पनि कर्जा प्रवाह गरिने प्रचलन अनुसार नै उल्लेखित

CamScanner

कर्जा प्रवाहको लागि मैले समर्थन गरेको हुँ। कर्जा मध्येबाट नगदै भुक्तानी लिएको रकमका सम्बन्धमा मलाई एकिनका साथ जानकारी हुने कुरा भएन। साँवा र ब्याज तिर्न प्रयोग भएको कर्जा रकमको सम्बन्धमा पारदर्शी रुपमा कम्पनीले कारोबार गरेको देखिएको र कुनै पनि गैरकानूनी कार्यमा प्रयोग नभएको हुनाले उक्त रकम दुरुपयोग गरेको भन्ने अवस्था देखिदैन। सो रकम दुरुपयोग भयो वा भएन भन्ने कुरामा मेरो कुनै भूमिका छैन। Head - C & PF रविन श्रेष्ठले Corporate and Project Finance Department (C & PF) बाट आएको कर्जा फाईलको विश्लेषण गरी रितपूर्वक चेकजाँच गरी कुनै कुराहरु थपघट गर्नु परेको अवस्थामा सो थपघट गरी आफ्नो राय लेख्नु परेको अवस्थामा लेखी उक्त कर्जा फाईल माथिल्लो तहमा सिफारिस गर्ने गर्दछन्। सोही अनुसार नै निज Head - C & PF रविन श्रेष्ठले उल्लेखित कर्जा प्रवाहमा आफ्नो भूमिका निर्वाह गरेका हुन्। उल्लेखित कर्जा दुरुपयोग भएको भनिएको सम्बन्धमा निजको कुनै संलग्नता छ भन्ने मलाई लाग्दैन। Chief Credit Officer (CCO) भेष राज खतिवडाले Credit Chain बाट आएको कर्जा फाईलहरु कर्जा स्वीकृत गर्ने कर्जा सिमा आफ्नो अधिकार भित्र पर्ने भए स्वीकृत गर्ने र कर्जा सिमा आफ्नो अधिकार भन्दा बढी भए आफ्नो रायसहित माथिल्लो तहमा सिफारिस गरी पठाउने गर्दछन्। उल्लेखित कर्जा सम्बन्धमा निजले Credit Chain मा रही सोही अनुसारको भूमिका निर्वाह गरी Memorandum मा दस्तखत गरेका हुन्। उल्लेखित कर्जा दुरुपयोग भएको भनिएको सम्बन्धमा निजको कुनै संलग्नता छ भन्ने मलाई लाग्दैन। DCEO को हैसियतमा तारा मानन्धरले Credit Chain बाट आएको कर्जा फाईलहरु कर्जा स्वीकृत गर्ने कर्जा सिमा आफ्नो अधिकार भित्र पर्ने भए स्वीकृत गर्ने र कर्जा सिमा आफ्नो अधिकार भन्दा बढी भए आफ्नो रायसहित माथिल्लो तहमा सिफारिस गरी पठाउने गर्दछन्। उल्लेखित कर्जा सम्बन्धमा निजले Credit Chain मा रही सोही अनुसारको भूमिका निर्वाह गरी Memorandum मा दस्तखत गरेका हुन्। उल्लेखित कर्जा दुरुपयोग भएको भनिएको सम्बन्धमा निजको कुनै संलग्नता छ भन्ने मलाई लाग्दैन। सन् 5/9/2018 को Memorandum मार्फत प्रवाह भएको कर्जा संचालक समितिका अध्यक्षलाई मौखिक रुपमा नै जानकारी गराएर उक्त कर्जा प्रवाह गरिएको हुनुपर्छ। त्यसपछि नियमित रुपमा बस्ने संचालक समितिको बैठकबाट उक्त कर्जालाई स्वीकृत तथा अनुमोदन गराईएको छ। यस खालको प्रचलन बैंकिङ क्षेत्रमा रही आएको छ। सोही अनुसार नै उल्लेखित रु. २५ करोडको कर्जा संचालक समितिले स्वीकृत गर्नु भन्दा अगाडी नै कर्जा प्रवाह गरिएको हो। कर्जा मध्येबाट नगदै भुक्तानी लिएको रकमका सम्बन्धमा मलाई एकिनका साथ जानकारी हुने कुरा भएन। साँवा र ब्याज तिर्न प्रयोग भएको कर्जा रकमको सम्बन्धमा पारदर्शी रुपमा कम्पनीले कारोबार गरेको देखिएको र कुनै पनि गैरकानूनी कार्यमा प्रयोग नभएको हुनाले उक्त रकम दुरुपयोग गरेको भन्ने अवस्था देखिदैन। सो रकम दुरुपयोग भयो वा भएन भन्ने कुरामा मेरो कुनै भूमिका छैन। RO- C & PF दिपेश पोखरेलले Credit Chain मा रहेका अन्य कर्मचारीहरुसँग छलफल तथा समन्वय गरी बैंकको आन्तरिक प्रक्रिया अनुसार कर्जाको फाईल तयार गरी अघि बढाउने काममा निजको भूमिका रहने गर्दछ। ऋणीले पेश गरेको विभिन्न कागजातहरुका आधारमा र बैंकको आन्तरिक मापदण्डहरुलाई पालना गर्दै विश्लेषण गरिएका प्रस्ताव पत्र तयार गरिने भएकोले बैंकका कर्मचारीहरुको कर्जा दुरुपयोग गर्ने वा गराउने भन्ने नियत हुँदैन। सो कारणले RO-C & PF दिपेश पोखरेलको उल्लेखित कर्जा दुरुपयोग भएको भनिएको सम्बन्धमा कुनै संलग्नता छ भन्ने मलाई लाग्दैन। Head - C & PF रविन श्रेष्ठले उल्लेखित कर्जा प्रवाहमा आफ्नो भूमिका निर्वाह गरेका हुन्। उल्लेखित कर्जा दुरुपयोग भएको भनिएको सम्बन्धमा निजको कुनै संलग्नता छ भन्ने मलाई लाग्दैन। Credit Manager ऋवस श्रेष्ठले Credit Chain मा रही Memorandum मा दस्तखत गरेका हुन्। उल्लेखित कर्जा दुरुपयोग भएको भनिएको सम्बन्धमा निजको कुनै संलग्नता छ भन्ने मलाई लाग्दैन। CCO मनिराम पोखरेलले Credit Chain बाट आएको कर्जा फाईलहरु Credit Chain मा रही सोही अनुसारको भूमिका निर्वाह गरी Memorandum मा दस्तखत गरेका हुन्। उल्लेखित कर्जा दुरुपयोग भएको भनिएको सम्बन्धमा निजको कुनै संलग्नता छ भन्ने मलाई लाग्दैन। सन् 26-05-2020 को Memorandum मार्फत प्रवाह भएको कर्जा रकम स्वीकृत गर्दा अनुमानित लाग्ने खर्चलाई आधार मानी गरिएको हुन सक्छ। उल्लेखित मेसिनहरु खरिद गर्दा र Installation गर्दा अनुमान गरिए भन्दा र कम लागत लागेको हुनाले बाँकी रहेको रकमबाट संस्थाकै कर्मचारीहरुलाई तलब दिनको लागि प्रयोग गरेको देखिएको हुनाले र गैर संस्थागत कार्यको लागि प्रयोग नभएको हुनाले दुरुपयोग भएको भन्ने

CamScanner

अवस्था नरहनु पर्ने हो । RO- C & PF दिपेश पोखरेल नै बढुवा भई Relationship manager भएकोमा निजले ऋणीहरुबाट आएको कर्जा माग सम्बन्धी निवेदनहरुलाई विश्लेषण गरी कर्जा प्रदान गर्न सकिने वा नसकिने एकिन गरी Credit Chain मा रहेका अन्य कर्मचारीहरुसँग छलफल तथा समन्वय गरी बैंकको आन्तरिक प्रक्रिया अनुसार कर्जाको फाईल तयार गरी अघि बढाउने काममा निजको भूमिका रहने गर्दछ । ऋणीले पेश गरेको विभिन्न कागजातहरुका आधारमा र बैंकको आन्तरिक मापदण्डहरुलाई पालना गर्दै विश्लेषण गरिएका प्रस्ताव पत्र तयार गरिने भएकोले बैंकका कर्मचारीहरुको कर्जा दुरुपयोग गर्ने वा गराउने भन्ने नियत हुँदैन । सो कारणले Relationship manager दिपेश पोखरेलको उल्लेखित कर्जा दुरुपयोग भएको भनिएको सम्बन्धमा कुनै संलग्नता छ भन्ने मलाई लाग्दैन । head Project Finance दिनेश डंगोलले Corporate and Project Finance Department (C & PF) बाट आएको कर्जा फाईलको विश्लेषण गरी रितपूर्वक चेकजाँच गरी कुनै कुराहरु थपघट गर्नु परेको अवस्थामा सो थपघट गरी आफ्नो राय लेख्नु परेको अवस्थामा लेखी उक्त कर्जा फाईल माथिल्लो तहमा सिफारिस गर्ने गर्दछन् । सोही अनुसार नै निज head Project Finance दिनेश डंगोलले उल्लेखित कर्जा प्रवाहमा आफ्नो भूमिका निर्वाह गरेका हुन् । उल्लेखित कर्जा दुरुपयोग भएको भनिएको सम्बन्धमा निजको कुनै संलग्नता छ भन्ने मलाई लाग्दैन । Risk analyst प्रतिक भट्टचनले कर्जाको प्रस्ताव पत्रलाई जोखिमका हिसाबले विश्लेषण गरी जोखिमसँग सम्बन्धित कुनै कुराहरु उल्लेख गर्नु परे सो समेत उल्लेख गरी कर्जा फाईल माथिल्लो तहमा रायसहित सिफारिस गर्ने गर्दछन् । सोही अनुसार नै निजले Credit Chain मा रही Memorandum मा दस्तखत गरेका हुन्। उल्लेखित कर्जा दुरुपयोग भएको भनिएको सम्बन्धमा निजको कुनै संलग्नता छ भन्ने मलाई लाग्दैन । Credit Manager भुषण गुप्ताले कर्जाको प्रस्ताव पत्रलाई जोखिमका हिसाबले विश्लेषण गरी जोखिमसँग सम्बन्धित कुनै कुराहरु उल्लेख गर्नु परे सो समेत उल्लेख गरी कर्जा फाईल माथिल्लो तहमा रायसहित सिफारिस गर्ने गर्दछन् । सोही अनुसार नै निजले Credit Chain मा रही Memorandum मा दस्तखत गरेका हुन् । उल्लेखित कर्जा दुरुपयोग भएको भनिएको सम्बन्धमा निजको कुनै संलग्नता छ भन्ने मलाई लाग्दैन । CCO निरज लम्सालले Credit Chain बाट आएको कर्जा फाईलहरु कर्जा स्वीकृत गर्ने कर्जा सिमा आफ्नो अधिकार भित्र पर्ने भए स्वीकृत गर्ने र कर्जा सिमा आफ्नो अधिकार भन्दा बढी भए आफ्नो रायसहित माथिल्लो तहमा सिफारिस गरी पठाउने गर्दछन् । उल्लेखित कर्जा सम्बन्धमा निजले Credit Chain मा रही सोही अनुसारको भूमिका निर्वाह गरी Memorandum मा दस्तखत गरेका हुन् । उल्लेखित कर्जा दुरुपयोग भएको भनिएको सम्बन्धमा निजको कुनै संलग्नता छ भन्ने मलाई लाग्दैन । CBO मनिराम पोखरेलले Credit Chain बाट आएको कर्जा फाईलहरु कर्जा स्वीकृत गर्ने कर्जा सिमा आफ्नो अधिकार भित्र पर्ने भए स्वीकृत गर्ने र कर्जा सिमा आफ्नो अधिकार भन्दा बढी भए आफ्नो रायसहित माथिल्लो तहमा सिफारिस गरी पठाउने गर्दछन् । उल्लेखित कर्जा सम्बन्धमा निजले Credit Chain मा रही सोही अनुसारको भूमिका निर्वाह गरी Memorandum मा दस्तखत गरेका हुन् । उल्लेखित कर्जा दुरुपयोग भएको भनिएको सम्बन्धमा निजको कुनै संलग्नता छ भन्ने मलाई लाग्दैन ।

प्रभु बैंकले कर्जा प्रवाह गरेपछि उक्त कर्जाको सदुपयोग भए नभएको हेर्ने र दुरुपयोग भएको अवस्थामा Incident Report तयार गरी पेश गर्ने जिम्मेवारी बैंकको कर्जा विभागको हुन्छ । बैंकमा ओम प्रसाद पाण्डे र हरिमान लामा प्राय आउने गरेकोले निजहरुलाई चिन्छु । नातामा धन बहादुर शेरचन मेरो काका र हरि कृष्ण भट्टचन ससुरा पर्नुहुन्छ । महाविर तामाङ, देवान राई, सुरेश कुमार तिवारीसँग मेरो देखभेट भएको छैन । ओम प्रसाद पाण्डे, धन बहादुर शेरचन, हरि कृष्ण भट्टचन, हरिमान लामा, महाविर तामाङ, देवान राई, सुरेश कुमार तिवारी कसैसँग मेरो व्यक्तिगत सरोकार लेनदेन केही छैन । मैले प्रभु बैंक लि.मा रही प्रचलित कानून, नेपाल राष्ट्र बैंकबाट समय समयमा जारी भएका निर्देशनहरुको पूर्ण पालना गरी आफ्नो पदिय दायित्व अनुसार आफ्नो जिम्मेवारी निर्वाह गरेको छु । मैले कुनै पनि व्यक्तिगत फाईदा तथा प्रलोभनमा परी बैंकलाई नोक्सान हुने काम गरेको छैन । माथि उल्लेख भए बमोजिमका मेरो जिम्मेवारी अन्तर्गत पर्ने कार्यहरु अनुरुप तयार पार्नु पर्ने सम्पूर्ण नीतिहरु, बार्षिक बजेट, कार्ययोजनाहरु बनाई संचालक समितिबाट हरेक वर्ष पारित गरी लागु गरिएको छ । बैंकको कर्मचारी विनियमवाली भित्र रही हाल करिब ३२०० जना कर्मचारीहरु कार्यरत रहेका छन् । संचालक समितिका

CamScanner

निर्णयहरु, वार्षिक साधारण सभाहरु र नेपाल राष्ट्र बैंकका निर्देशनहरुको पूर्ण पालना गरिएकै कारण आज सम्म कुनै किसिमको कारबाही बैंकले ब्यहोरेको छैन। बैंकका सम्पूर्ण सुचकहरु नेपाल राष्ट्र बैंकद्वारा निर्देशित सिमा भित्रै रहेका छन्। यसर्थ मैले मेरो जिम्मेवारी पूर्ण रुपमा पालना गरेको पुष्टी हुन्छ। राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.ले KIST Bank Ltd. हुँदाकै बखत देखि कर्जा उपभोग गरिरहेको थियो। उक्त बैंक मर्जर पछि प्रभु बैंक लि.मा परिणत भएको हो। म प्रभु बैंक लि. भएपश्चात उक्त बैंकको प्रमुख कार्यकारी अधिकृत नियुक्त भएको हुँ। सो समयमा उक्त कम्पनीको कर्जाको बिग्रेको अवस्थामा रहेको, कम्पनीमा विभिन्न किसिमका समस्याहरु चलिरहेको जस्तै कर्मचारीको ३० महिना देखि तलब नदिएको, नेपाल सरकारलाई तिर्नुपर्ने राजस्व नतिरेको, आपूर्तिकर्ताहरुको बक्यौता नतिरेको, विद्युत प्राधिकरणको महशुल नतिरेको लगायतका समस्याहरु थिए। तर उक्त समयमा राम जानकी कलेजमा विद्यार्थीहरु अध्ययनरत थिए। सो कुराले सामाजिक रुपमा र विद्यार्थीहरुको career मा हानी पुग्ने सम्भावनालाई मध्यनजर गर्दै बैंकले असल नियतका साथ उक्त कलेजलाई सुचारु रुपमा सञ्चालन गर्नको लागि थप कर्जा प्रदान गर्ने निर्णय गरेको थियो। उक्त निर्णयहरुको कारणले नै माथी उल्लेखित सम्पूर्ण समस्याहरु समाधान हुन गई उक्त संस्थाले सोही समयदेखि नेपाल सरकार, Institute of Medicine (IOM) लगायतका निकायहरुबाट रोकिएका कोटाहरु (MBBS, Bsc. Nursing, BN Nursing, Staff Nurse, PCL Nurse, HA etc.) प्राप्त गरी सफलतापूर्वक सञ्चालनमा रहेको छ। बैंकले प्रदान गरेको कर्जाको व्यवस्थापन ऋणी स्वयमबाट हुने भएकोले दुरुपयोग भएको भनि भनिएको कुरामा मेरो कुनै संलग्नता हुने कुरा भएन। साथै बैंकको आन्तरिक नीति नियमहरुलाई पालना गर्दै कर्जा प्रवाहका प्रक्रियाहरु पुरा गरिएकोले र नेपाल राष्ट्र बैंकबाट हरेक वर्ष हुने निरीक्षणका क्रममा उल्लेखित ऋणीले उपभोग गरेको कर्जाहरुलाई दुरुपयोग भएको भनि उल्लेख पनि नगरिएको र कर्जाहरुको सम्बन्धमा कैफियतहरु पनि नदेखाईएकोले पनि मेरो कर्जा दुरुपयोग भएको भनिएको कुरामा संलग्नता पुष्टि नभएकोले यसमा म कारबाहिभोगी छैन भन्ने व्यहोराको प्रतिवादी अशोक शेरचन बयान।

ख) <u>प्रभु वैंक लि. को तत्कालि DCEO पदमा कार्यरत प्रतिवादी मनिराम पोखरेलको बयान</u>:

हाल म करिब ३ वर्ष अगाडी देखि नायव प्रमुख कार्यकारी अधिकृतको रुपमा प्रभु बैंकको संचालन विभाग (Operation Department) अन्तर्गतको Portfolio मात्र हेर्दै छु। यसमा General Administration Department र Marketing Department मेरो जिम्मेवारी भित्र पर्दछ, यस अन्तर्गत बैंकको दैनिक संचालन सुचारु रुपले भए नभएको र बैंकको सेवा सुविधालाई चुस्त दुरुस्त भए नभएको Review तथा Monitor गरी आवश्यक कार्य गर्ने, त्यसको अलवा बैंकको विभिन्न समितिहरु जस्तै Human Resource Committee, Procurement Committee, Operation Risk Management Committee मा पदेन संयोजकको भूमिका रहेको छ। साथै, विभिन्न नीति, Manual, Guidelines, Product Paper, Framework को निर्माण, संशोधन, पुनरावलोकन गर्ने कार्यमा एउटा Team को सदस्यको रुपमा कार्य गर्ने, प्रमुख कार्यकारी अधिकृत/ Chief Executive Officer (CEO) बिदामा हुँदा निमित्त CEO को भूमिका निर्वाह गर्ने तथा विभिन्न बाह्य कार्यक्रम/ समारोहमा बैंकको तर्फबाट प्रतिनिधित्व गर्ने समेतको जिम्मेवारी रहेको छ। ३ वर्ष देखि नायव प्रमुख कार्यकारी अधिकृतको रुपमा कर्जा स्वीकृती गर्ने अख्तियारी थिएन। यस भन्दा अघि DCEO को रुपमा रहँदा प्रति ग्राहक रु. पाँच करोड सम्मको कर्जा स्वीकृत गर्ने अख्तियारी रहेकोमा समय समयमा तरलताको अभावले र Recovery मा बैंकको ध्यान केन्द्रीत गर्नुपर्ने अवस्थामा मेरो अख्तियारी सिज (Hold) हुने गरेको थियो। त्यसको Time line मलाई सम्झना भएन। सम्बन्धित कर्जा विभागबाट प्रस्ताव, Credit Risk, Credit Manager, Chief Credit Officer, Chief Business Officer, DCEO, CEO र Board सम्म कर्जा प्रकृयाको चरण रहन्छ। प्रत्येक तहमा कार्य विवरण (Job Description), विभागिय भूमिकाको आधारमा कर्जा प्रस्तावको फाईल अगाडी बढ्छ। कर्जा स्वीकृत भईसकेपछि उक्त कर्जा फाईल कर्जा विभागमा जान्छ। कर्जा स्वीकृतीको लागि उल्लेख भएका कानूनी कागजात (Legal Documentation), जस्तै: कर्जा स्वीकृती प्रस्ताव, Promissory Note, Hypothecation Deed, Personal Guarantee, Mortgage Deed, Loan Deed आदि तोकिएको विभागबाट तयार गरी कर्जा Disbursement को लागि

CamScanner

कर्जा प्रशासन विभागमा जान्छ । तत्कालिन समयमा Chief Credit Officer हैसियतमा Manager Credit बाट पेश भएको कर्जा फाईल Chief Business Officer कोमा पठाउने गरेको थिएँ । कर्जाको लागि कर्जा स्वीकृतीको लागि मैले फाईल बढाईसकेपछि उक्त कर्जा स्वीकृत भयो वा भएन भन्ने कुरा मलाई थाहा हुँदैन र कर्जा स्वीकृती पश्चातका अन्य तहमा मेरो कुनै भूमिका नहुने भएकोले जानकारी हुँदैन । कर्जा स्वीकृत भएपश्चात उक्त कर्जामा कर्जा Disbursement, loan monitoring and follow up सम्बन्धी मेरो कुनै भूमिका रहँदैन । कर्जा विभाग (Consortium and Project Finance Department) को अनुरोधमा कर्जा प्रशासन विभागले कर्जा स्वीकृत पश्चात कर्जाको रकम ऋणीको खातामा हाल्ने गर्दछ । मिति २०७५ साल साउन ८ गते (सन् २०१८।०७।२४) मा तयार पारिएको Credit Appraisal अनुसार नै ऋणीलाई कर्जा प्रदान गर्ने अधिकार रहेको संचालक समितिले स्विकृत गर्नु अगाडी नै मिति २०७५।०४।१५ (सन् 2018 July 31) मा CEO अशोक शेरचनले "Board reactification will be obtain from next board meeting" भनी लेखि कर्जा प्रवाह गरेको सम्बन्धमा मलाई थाहा भएन । पछि मात्र थाहा पाएको हुँ । CCO पदमा रहने व्यक्ति Credit Chain मा रहने प्रावधान भए अनुसार म Credit Chain मा मात्र रहेको थिएँ । मैले For Approval or Rejection/ Remarks महलमा दस्तखत गरे पश्चात उक्त कर्जा फाईल प्रमुख कार्यकारी अधिकृत समक्ष पेश गरेको थिएँ । उक्त कर्जा Approve वा Reject के भयो ? मलाई थाहा हुँदैन । उक्त कर्जा फाईल पुन: म कार्यरत रहेको पदमा आउँदैन । उक्त Credit Appraisal को पाना १० को footnote मा 'As per baina agreement submitted by client, entire land is purchased at bulk amount of NPR 40 Mio. However, due to high transfer cost and transfer cost other tax to be incurred client is reluctant to maintain purchase price and has informed to rajinama value would be maximum NPR 20 Mio. Only.' भनी उल्लेख गरिएको सम्बन्धमा हाल मलाई देखाउँदा एकिन हुन आयो । प्रभु बैंक लिमिटेडबाट शेयरलाई Primary Collateral को रुपमा स्वीकारी कर्जा प्रवाह गर्ने प्रावधान थियो । शेयर बजारमा सुचिकृत (Listed) शेयरलाई Primary Collateral को रुपमा रोक्का राखिने र Unlisted शेयरलाई Primary Collateral को रुपका Lien राख्ने प्रावधान प्रभु बैंक लिमिटेडमा रहेको छ । रोक्का गर्ने वा बैंकको नाममा Lien (बैंकको नाममा अधिकार श्रृजना गर्ने) गर्ने कार्य कानूनी विभाग र Credit Administration Department (CAD) कर्जा प्रशासन विभागको हो । काठमाण्डौ मेडिकल कलेजमा ओम प्रसाद पाण्डेको नाममा रहेको २ लाख कित्ता शेयरको Market Value NPR 450 र FMV 225 रुपैयाँ मानिने भनी के कुन विधि प्रकृयाबाट के कसरी Valuation गरिएको हो मलाई हाल थाहा भएन । उक्त मुल्याङ्कन मैले गरेको होईन । कर्जा प्रशासन विभाग अन्तर्गत Legal Documentation Section ले धितो सुरक्षण गर्ने, कागजात बनाउने, सम्पूर्ण Legal Documentation बनाउने काम गर्दछ । के-कस्तो कागजात बनाएको, तयार बनाईएको छ, मलाई थाहा हुँदैन किनकी कर्जा स्वीकृत भए पश्चात मकहाँ कुनै पनि Post Loan Sanction जस्तै कर्जा प्रवाह, Legal Documentation सम्बन्धी जानकारी आउँदैन । मैले दस्तखत गरेको Credit Appraisal Memo मा चालु पुजी र Land pooling भनी उद्देश्य किटान गरिएको प्रस्ताव कागजातमा मात्र मैले दस्तखत गरी अगाडी बढाएको हुँ । कर्जा स्वीकृत पश्चात मेरो कुनै पनि कर्जा प्रशासनिक कारोबार (जस्तै: Legal Documentation, Loan Disbursement, Loan Monitoring, Follow up and Site Visit etc.) मा भूमिका नहुने हुँदा माथि उल्लेख भएको रकमान्तर सम्बन्धमा मलाई थाहा हुँदैन । एउटा उद्देश्यले लिएको कर्जा अर्को संस्थाको कर्जाको सावा व्याज तिर्न प्रयोग गरेको सम्बन्धमा हाल आएर थाहा भयो । Incident Report (कर्जाको दुरुपयोग भएको प्रतिवेदन) गर्ने कार्य Consortium & Project Finance Department ले गर्नुपर्ने हो, गरे नगरेको बारेमा मलाई उक्त समयमा भएन । कर्जाको दुरुपयोग भएको जानकारी बैंकले प्राप्त गरीसकेपछी Incident Report निर्माण गर्ने गर्दछ र उक्त Report निर्माण गरीसकेपछी Credit Chain लगायतले उक्त कर्जामा के गर्ने भनी निर्णय गर्दछ । सामान्यतया ऋणीलाई बोलाउने, छलफल गर्ने, समय सीमा दिएर सुधार गर्न लगाउने, कर्जा नियमित गर्ने तिरको कार्य गर्ने कार्य गरिन्छ, तर तत्कालै कर्जाको असुलितर्फ बैंकले कुनै कार्य गर्दैन । कर्जाको दुरुपयोग भएको प्रमाणित भएको खण्डमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जालाई खराब कर्जामा वर्गिरकरण गरी सोही बमोजिमले Provision गर्ने गर्दछ । तर ईन्स्टिच्युट अफ

CamScanner

एग्रिकल्चर फरेष्ट एण्ड भेटेरिनरी साईन्स प्रा.लि. लाई प्रवाह भएको कर्जा रकम रु १३,००,००,०००।–(तेह्र करोड रुपैयाँ) दुरुपयोग भएको भनी बैंकको रेकर्डमा देखिदैन र नेपाल राष्ट्र बैंकको विभिन्न मितिको स्थलगत निरीक्षण प्रतिवेदनमा पनि उक्त व्यहोरा उल्लेख छैन । Chief Business Office (CBO) को रुपमा मेरो पदिय दायित्व अन्तर्गत बैंकको व्यापार, व्यवसायलाई विस्तार, अभिवृद्धि गर्नु प्रमुख हो । बैंकका विभिन्न व्यवसायसँग सम्बन्धित Product Paper निर्माण गर्न सहयोग गर्ने, बैंकको व्यापार व्यवसायको समय समयमा पुनरावलोकन गर्ने, बैंकले तोकिएको लक्ष्य हासिल गर्न लागि पर्ने समेतको कार्यहरु Chief Business Office (CBO) को रुपमा मेरो जिम्मेवारी अन्तर्गत पर्दछ । उल्लेखित मिति २०७६।०३।१३ गते (सन् 2019/06/28) मा बैंकले तयार पारेको Memorandum मा plot no. 120 (3-0-0-0), 61 (0-16-0-0) and 103 (0-17-0-0) and re-mortgage new plot formed after land deduction of 0-4-0-0, 0-7-2-0 & 0-5-0-0 अनुसार स्वीकृती भएको, सो भन्दा अन्यथा भएमा मलाई थाहा भएन र मलाई बिक्री भएको सम्बन्धी जानकारी भएन । फुकुवा गर्नको लागी पत्राचारगरी पठाउने अख्तियार प्रप्त कर्मचारीलाई जिम्मेवारी दिएको हुँदा निज नै माथि उल्लेखित कार्यको लागी जिम्मेवार हुनुपर्दछ । मिति २०७९।०३।१९ गते (सन् 2022/07/03) मा बैंकले तयार पारेको Internal Memorandum अनुसार बैंकको DCEO को रुपमा मेरो जिम्मेवारी अन्तर्गत प्रभु बैंकको संचालन विभाग (Operation Department) अन्तर्गतको Portfolio हेर्ने हो । यसमा General Administration Department र Marketing Department मेरो जिम्मेवारी भित्र पर्दछ, यस अन्तर्गत बैंकको दैनिक संचालन सुचारु रुपले भए नभएको र बैंकको सेवा सुविधालाई चुस्त दुरुस्त भए नभएको Review तथा Monitor गरी आवश्यक कार्य गर्ने, त्यसको अलवा बैंकको विभिन्न समितिहरु जस्तै Human Resource Committee, Procurement Committee, Operation Risk Management Committee मा पदेन संयोजकको भूमिका रहेको छ । साथै, विभिन्न नीति, Manual, Guidelines, Product Paper, Framework को निर्माण, संशोधन, पुनरावलोकन गर्ने कार्यमा एउटा Team को सदस्यको रुपमा कार्य गर्ने, प्रमुख कार्यकारी अधिकृत/ Chief Executive Officer (CEO) बिदामा हुँदा निमित्त CEO को भूमिका निर्वाह गर्ने तथा विभिन्न बाह्य कार्यक्रम/ समारोहमा बैंकको तर्फबाट प्रतिनिधित्व गर्ने समेतको जिम्मेवारी रहेको छ । यसको अलावा म Credit Chain मा रही काम गर्ने गरेको थिएँ । Plot no. 306 Value 6.962 Million Release गर्नको लागि Rs. 6.962 Million बैंकमा जम्मा गर्ने सर्तमा फुकुवा गर्ने र अन्य धितो पनि थप Memorandum मा खुलाईए बमोजिम Rs. 103.106 Million को धितोमा Internal Tie Up (बैंकमा पहिलै रोक्का रहेको सम्पत्तिलाई विभिन्न कर्जा सुविधालाई जग्गाधनीले धितो दिने मञ्जुर गरेको लिखितम कागज) गर्ने सर्तमा फुकुवाको प्रस्ताव Credit Chain मार्फत मकहाँ आएपछि कार्यकारी प्रमुखकोमा पठाएको थिएँ । यस कार्यबाट बैंकको कर्जा असुली भएको देखिन्छ । उक्त Memorandum मा Plot no. 306 Value 6.962 Million Release गर्नको लागि Rs. 6.962 Million बैंकमा जम्मा गर्ने सर्तमा फुकुवा गर्ने र अन्य धितो पनि थप Memorandum मा खुलाईए बमोजिम Rs. 103.106 Million को धितोमा Internal Tie Up (बैंकमा पहिलै रोक्का रहेको सम्पत्तिलाई विभिन्न कर्जा सुविधालाई जग्गाधनीले धितो दिने मञ्जुर गरेको लिखितम कागज) गर्ने सर्तमा फुकुवाको प्रस्ताव Credit Chain मार्फत मकहाँ आएपछि कार्यकारी प्रमुखकोमा पठाएको हो । जसबाट बैंकलाई Rs. 6.962 Million जम्मा हुने र थप धितो समेत लिई कर्जा सुरक्षित हुने देखिएकोले संचालकको नाममा रहेको धितो फुकुवा गरेर बाहिरी कम्पनीको धितो राखी कर्जा स्वीकृत गरिएको हो । मिति २०७९।०६।२६ गते (सन् 2022/10/12) मा बैंकले तयार पारेको Internal Memorandum अनुसार ग्राहकले कर्जा भुक्तानी गर्ने सिमाको म्याद थप मागेमा सामान्यतया उक्त सुविधा प्रदान गरिन्छ । यस अवस्थामा पनि म्याद थपिएको समय भित्र कर्जा नियमित हुन्छ भन्ने विश्वसनियताको आधारमा म्याद थप गरिएको हो । म्याद थप गरिएको शुल्क रु. १०,०००/- (दश हजार रुपैयाँ) लिनु भनि मैले नै उल्लेख गरेको थिएँ । सो कार्यान्वयन भएको थियो । कर्जालाई के-कसरी नियमित गर्ने भन्ने कुरा सम्बन्धित कर्जा विभागको हो । कर्जा विभागले सो को जोखिम व्यवस्थापन मुल्याङ्कन सहित पठाईएको प्रतिवेदनमा तत्कालको अवस्थामा कर्जा रकम तिर्ने समय थप गरी ग्राहकलाई कर्जा नियमित गर्नको लागि सहजिकरण गरिएको हो । मैले उक्त कर्जा रकम तिर्ने समय थपलाई स्वीकृत वा अस्वीकृत गर्ने अख्तियारी मसँग थिएन । मबाट उक्त

CamScanner

फाईल प्रमुख कार्यकारी अधिकृत अशोक शेरचन समक्ष पेश गरेको थिएँ। सोपश्चात कर्जा स्वीकृत भयो, भएन ? भन्ने कुरा मकहाँ फाईल नआउने हुँदा मलाई थाहा हुँदैनथ्यो। उक्त फाईल सिधै कर्जा विभागबाट उठान भएको हो, सोही विभागमा जाने गर्थ्यो र कार्यान्वयन हुने गरेको थियो।

सन् 5/9/2018 को Memorandum मार्फत प्रवाह भएको Bridge Gap Loan-250 Million कर्जामा कर्जा प्रवाहको लागि तयार पारिएको Memorandum मा कर्जा स्वीकृत गर्ने अधिकार संचालक समितिले स्वीकृत गर्नेगरी मैले CCO को हैसियतमा प्रस्ताव पठाएको हो। कर्जा स्वीकृत भएपश्चात मात्र कर्जा प्रवाह गर्ने हो।कसैले त्यसरी स्वीकृत गर्नु भन्दा अगाडी नै कर्जा प्रवाह गर्न मिल्दैन। POST LOAN SANCTION पश्चात कर्जामा मेरो कुनै पनि भुमिका रहँदैन। म ऋणीको ACCOUNT AND LOAN STATEMENT चेक गर्ने र SITE VISIT चेक गर्ने मेरो जिम्मेवारी भित्र पर्दैन। सो रकम दुरुपयोगमा बैंकबाट लिएको कर्जा सहि प्रयोजनको लागि प्रयोग भएको छ वा छैन भनेर हेर्ने जिम्मेवारी बैङ्क तर्फबाट Relationship manager को को जिम्मेवारी हो। सो कर्जा भन्दा अगाडी प्रदान गरको कर्जाको उपयोगिता सहि हिसावमा भएको छ वा छैन भनि कर्जामा Support गर्ने बेलामा दस्तखत गर्ने क्रममा मेरो जिम्मेवारी भित्र नपर्ने हुँदा मैले हेर्नुपर्ने थिएन त्यही भएर मैले हेरिन। सन् 26-05-2020 को Memorandum मार्फत प्रवाह भएको Term loan-60 Million कर्जामा कर्जा प्रवाहको लागि तयार पारिएको Memorandum को For Approval or Rejection/ Remarks, if Any खण्डमा supported by मा DCEO को हैसियतमा मैले अगाडी बढाएको हो। POST LOAN SANCTION मा मेरो कुनैपनि भुमिका नरहेको र उक्त MEMORANDUM मा CT SCAN/MRI AND INSTALLATION COST को 80% OF INVOICE VALUE भनि उल्लेख भए अनुसार कर्जा प्रशासन विभागले गरेको हुनुपर्छ। मैले सम्बन्धित विभागमा बुझ्दा उक्त मेशिनरी भ्याट बिल सहित खरिद गरेको छ भनि मौखिक जानकारी पाएँ भन्ने व्यहोराको **प्रतिवादी मनिराम पोखरेलको** बयान।

ग) <u>प्रभु वैंक लि. का तत्कालिन Chief Credit Officer (CCO) प्रतिवादी ऋवश श्रेष्ठको बयान:</u>

म प्रभु बैंक लि.को Chief Credit Officer को रुपमा रहदा विभिन्न शाखा तथा केन्द्रीय कार्यालयको विभागबाट आएका कर्जा फाईलहरुको Review गर्ने, आफ्नो कर्जा प्रवाह गर्ने अख्तियारी भित्रको कर्जा फाइलहरु रहेको भए उक्त कर्जा फाईलहरु स्वीकृत गर्ने, आफ्नो कर्जा प्रवाह गर्ने अख्तियारी भन्दा बाहिरको कर्जा फाईलहरु भए सो कर्जा फाईल Review गरी Chief Business officer समक्ष पठाईदिने काम रहेको थियो। सुरुमा रु. २ करोड सम्मको कर्जा स्वीकृत गर्ने अधिकार रहेकोमा पछि रु.१५ करोड सम्मको कर्जा स्वीकृत गर्ने अख्तियारी Chief Credit Officer लाई रहेको थियो। कर्जा फाईलहरुको Review अन्तर्गत आफूले स्वीकृत गर्ने र आफु भन्दा माथि फरवार्ड गर्ने लिमिट अन्तर्गत रहेको छ वा छैन भनी हेर्ने, Credit Proposal मिलेको छ, छैन भनी हेर्ने गरिन्छ। सम्पूर्ण कर्जा सम्बन्धी कागजातहरु सम्बन्धित शाखा तथा केन्द्रीय कार्यालयको विभिन्न कर्जा शाखाहरुले तयार गरी ठिक भएको भनी सिफारिस भइ आउने भएको हुँदा निजहरुले गरेको सिफारिसको आधारमा स्वीकृत गर्ने र आफुलाई प्राप्त स्विकृत सिमा सम्मको ठिक नलागेमा अस्वीकृत गर्ने वा सच्चाउनको लागि फिर्ता पठाइदिने गरिन्छ। आफ्नो स्वीकृत सिमा भन्दा माथिको कर्जा Chief Business officer समक्ष पठाईदिने गरिन्छ। Chief Risk Officer को रुपमा मेरो जिम्मेवारी तथा भुमिकामा बैंकको Policy, Product Paper हरु Review गरी बैंकको संचालक समिति अन्तर्गतको जोखिम व्यवस्थापन समिति समक्ष पेश गरी संचालक समितिबाट स्विकृतीको लागि पेश गर्ने, बैंकको Credit Risk Report, Operation Risk Report, Liquidity and Market Risk Report, Information security Report हरु Review गरी बैंकको जोखिम व्यवस्थापन समिति समक्ष पेश गरी संचालक समिति समक्ष जानकारी गराउने र कर्जा प्रवाह सम्बन्धमा रु.१० करोड भन्दा माथि वा संचालक समितिबाट स्वीकृत लिनु पर्ने कर्जाको फाइलहरु Review गरी अगाडि बढाई दिने काम रहेका थिए। कर्जा विभागबाट उठाई आएको कर्जा फाईललाई Credit Risk Assessment Department (CRAD) मा पठाईन्छ, त्यस पछि CRAD मा Risk Analysist ले फाईल अध्ययन गरी आफु भन्दा माथिल्लो Credit Manager मा पठाईन्छ, Credit Manager

बाट पनि अध्ययन गरेर कर्जा स्विकृत गर्ने अख्तियारी भित्र परेको छ भने कर्जा स्विकृत/अस्विकृत गरी सम्वन्धित विभागमा फिर्ता पठाईन्छ, आफ्नो अख्तियारी भन्दा वढी भएमा आफु माथिको Chief Credit Officer को पठाईन्छ, यसरी नै CCO ले पनि उक्त फाईल अध्ययन गरी कर्जा प्रवाह गर्न मिल्ने आफ्नो अख्तियारी भित्र छ भने कर्जा स्विकृत/अस्विकृत गरी सम्बन्धित विभागमा फिर्ता पठाउने र आफ्नो अख्तियारी भन्दा माथिको छ भने आफु भन्दा माथिको Chief Business Officer (CBO) समक्ष पेश गर्ने गरिन्छ। यसरी CBO समक्ष पेश भएको कर्जा कागजातहरु अध्ययन गरी कर्जा प्रवाह गर्न मिल्ने आफ्नो अख्तियारी भित्र छ भने कर्जा स्विकृत/अस्विकृत गरी सम्बन्धित विभागमा फिर्ता पठाउने र आफ्नो अख्तियारी भन्दा माथिको छ भने आफु भन्दा माथिको DCEO तथा CEO समक्ष पेश गरिन्छ, DCEO तथा CEO बाट पनि फाईल अध्ययन गरी आफुले अख्तियारी भित्र छ भने कर्जा स्विकृत/अस्विकृत गरी सम्बन्धित विभागमा फिर्ता पठाउने र आफ्नो अख्तियारी भन्दा माथिको छ भने संचालक समिति समक्ष कर्जा स्विकृतीको लागि पेश गरिन्छ। कर्जा स्विकृत भए पछी Credit Adminstration Department बाट ऋणीको नाममा कर्जा प्रदान गरिन्छ। कुनै पनि कर्जा प्रदान गर्नको लागि तयार भएको Credit Appraisal मा उल्लेख भएका व्यक्तीहरुले आफ्नो भूमिका अनुसार काम कारवाही गरी कर्जा स्विकृत गरिएको हुन्छ, जसमा सवैको भूमिका उतिकै रहन्छ। मिति २०७५ साल साउन ८ गते (सन् २०१८।०७।२४) मा तयार पारीएको Credit Appraisal (for Fresh project loan) मा Credit Manager पदमा रही Reviewed गरेको खण्डमा भएको दस्तखत मैले गरेको मेरो हो। कर्जा प्रवाह गर्ने सम्बन्धमा सम्वन्धित विभाग तथा शाखाहरुबाट तयार तथा उठान भई आएका Credit Appraisal लगायतका अन्य कागजातहरु अध्ययन गरी हेरी ठिक छैन भने मौखिक रुपमा सम्बन्धित विभाग वा शाखामा फिर्ता पठाई सच्चाई पठाए पछि पुन अध्ययन गरी मलाई अख्तियारी प्राप्त कर्जा स्विकृत गर्न मिल्ने कर्जा रु.५० लाख सम्म मैले नै स्विकृत गर्ने गरेको थिए, त्यस भन्दा माथिको कर्जा निर्णायार्थको लागि कैफियत लेख्नु पर्ने भए कैफियत समेत लेखि म भन्दा माथिको Credit chain अन्तर्गत रहेको Chief Credit officer मणिराम पोखरेल समक्ष पेश गर्ने गरेको थिए। मिति २०७५ साल साउन ८ गते (सन् २०१८।०७।२४) मा तयार पारीएको Credit Appraisalअनुसार ऋणी कम्पनीलाई कर्जा प्रदान गर्ने अधिकार रहेको संचालक समिति समक्ष पेश नगरी पछि अनुमोदन गर्ने गरी मिति २०७५।०४।१५ (सन् 2018 July 31) मा CCO मनिराम पोखरेल र CEO अशोक शेरचनले कर्जा स्विकृतको लागि सपोर्ट गरेको देखिन्छ। प्रभु बैंक लि.ले नेपाल स्टक एक्सचेन्जमा सुचिकृत कम्पनीका प्रोमोटर शेयर र पब्लिक शेयरलाई Primary Collateral को रुपमा स्विकारी कर्जा प्रवाह गर्ने कार्य भई आएको छ। उल्लेखित शेयर रोक्का राख्ने जिम्मेवारी मेरो नभएकोले मलाई जानकारी छैन, सम्बन्धित विभाग/शाखा वा Credit Administration Department (CAD) लाई जानकारी हुन्छ। मिति २०७५ साल साउन ८ गते (सन् २०१८।०७।२४) मा तयार पारीएको Credit Appraisal मा प्राथमिक धितोको रुपमा स्वीकार गरीएको काठमाण्डौ मेडिकल कलेजमा ओम प्रसाद पाण्डेको नाममा रहेको २ लाख कित्ता शेयर नै के कति कारणले धितो सुरक्षण नगरिएको हो, सो सम्बन्धमा सम्वन्धित विभाग Consortium and project finance department लाई जानकारी हुनु पर्छ। यसरी धितो नलिदैमा कर्जा रकम खराव नै हुन्छ भन्ने हुदैन। कर्जा जुन प्रयोजनको लागि लिएको सोही प्रयोजनको लागि प्रयोग गर्नु पर्छ, यदी उल्लेखित उद्देश्य प्रयोजन बाहेक अन्यत्र प्रयोग गर्नु मिल्दैन, कर्जाको उद्देश्य भन्दा अन्यन्त्र कर्जाको रकम प्रयोग गरीएमा उक्त कार्य कर्जाको दुरुपयोग हुन्छ र प्रयोजन बाहेक अन्यत्र प्रयोग गर्नको लागि कसैलाई पनि सहयोग गर्न समेत हुदैन।

मिति २०७५।०४।१५ गते ईन्स्च्टच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरिनरी साईन्स प्रा.लि.का अध्यक्ष ओम प्रसाद पाण्डेले ईन्स्च्टच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरिनरी साईन्स प्रा.लि. को खाता बाट रु ११,००,००,००० (एघार करोड रुपैया) राम जानकी हेल्थ फाउण्डेसनको खातामा रकमान्तर गरिदिनहुन" भनी सादा पानामा पत्राचार गरेको आधारमा बैंकबाट एक खाताबाट अर्को खातामा रकम रकमान्तर गर्ने मिल्ने नमिल्ने सम्बन्ध ओम प्रसाद पाण्डेलाई थाहा हुनु पर्छ। ईन्स्च्टच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरिनरी साईन्स प्रा.लि. को नाममा प्रवाह भएको कर्जा रकमबाट डेबिट भई प्रभु बैंकको पार्किङ खाता MDR A/C- 917106010001 मा जम्मा भएको र उक्त खाताबाट रामजानकी हेल्थ

CamScanner

फाउण्डेसनको बिभिन्न खाताहरुको साँवा र ब्याज तिर्न प्रयोग भएको सम्बन्धमा मलाई थाहा छैन । एउटा उद्देश्यको लागि लिएको कर्जा अर्को संस्थाको कर्जाको साँवा व्याज तिर्न प्रयोग गर्नु गलत हो । मिति २०७५/०४/०९ गते (सन् 2018/07/25) मा Sigma Architecher and engineering consultant ले ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेस्ट एण्ड भेटेरेनरी साईन्स प्रा.लि.को नाममा रहेको कित्ता नं १२०,६१ र १०३ को मुल्याङ्कन गर्दा सरकारी दर रु.२ लाख प्रति कट्ठा राखेको तर सोहि जग्गाहरु मिति २०७६/०३/३१ मा विक्री गर्दा प्रति कट्ठा रु.१,५०,००० मा विक्रि गरेको समबन्धमा बैंकलाई जानकारी हुदैन, बैंकले जग्गा फुकुवा मात्र गरि दिने हो । मिति २०७९।०३।१९ गते (सन् 2022/07/03) मा बैंकले तयार पारेको Internal Memorandum मा CCO पदमा रही Supported by खण्डमा गरेको दस्तखत मैले गरेको मेरो दस्तखत हो । मिति २०७९।०३।१९ गते (सन् 2022/07/03) को Internal Memorandum मा उल्लेख भए अनुसार जग्गा फुकुवा गर्नलाई ऋणीले कवुलियतनामा गरे अनुसार फुकुवा गरिएको जग्गाको मुल्य (FMV) बरावर ७ दिन भित्र जम्मा गरि दिने भनि लेखिएको कारण कर्जा असुली पनि हुने भएको देखिदा Chief Credit Officer को हैसियतमा Internal Memorandum मा हस्ताक्षर गरेको हुँ । उक्त Memorandum को Current Proposal मा ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेस्ट एण्ड भेटेरेनरी साईन्स प्रा.लि को नाममा प्रभु बैङ्कले यस भन्दा अगाडी पनि 129.396 million कर्जा लगि सकेको तर हालसम्म Project ले Appropriate Planning को कमिले काम गर्न नसकेको भन्ने व्यहोरा लेखिएको भएता पनि Proposal मा नै जग्गा फुकुवा भएको ७ दिन भित्र जग्गाको मुल्य (FMV) वरावर रु.६.९६२ Million ७ सात दिन भित्र जम्मा गर्छु भनि लेखिएको हुँदा कर्जा असुलीमा सहयोग पुग्ने देखिएको साथै बाहिरी कम्पनी नभएर ओम प्रसाद पाण्डेको स्वामित्व भएको कम्पनी भएकोले आन्तरिक धितो राख्दा कर्जा कमजोर नहुने हुँदा सो कार्य गरिएको हो । यसमा मिति २०७९।०६।२६ गते (सन् 2022/10/12) को Internal Memorandum मा रहेको CCO पदमा रही Supported by खण्डमा गरेको दस्तखत मैले गरेको मेरो आफ्नो दस्तखत हो । इन्स्टिच्युट अफ एग्रिकल्चर फरेस्ट एण्ड भेटेरिनरी साईन्स प्रा.लि. चालु नभए पनि कर्जा असुली प्रकृया सहज बनाउनको लागि ऋणीले समय माग गरेको हुनाले सो प्रकृया अगाडी वढाएको हो । मिति २०८०-११-१३ (सन् २०२४-०२-२५) को Internal Memorandum को CCO पदमा रही Supported by खण्डमा गरेको दस्तखत मैले गरेको मेरो आफ्नो दस्तखत हो । कम्पनी संचालनमा नरहेको र Overdue (भाखा नाघेको) समेत भएको अबस्थामा बैंकले ऋणीबाट कर्जा रकम असुली कार्यमा सहजिकरणको लागि व्याजदर ५.२६% बाट घटाई ३.००% बनाएको हो, इन्स्टिच्युट अफ एग्रिकल्चर फरेस्ट एण्ड भेटेरिनरी साईन्स प्रा.लि.लाई कर्जा प्रवाह सम्बन्धमा कर्जा स्विकृत गर्ने प्रकृयामा मात्र मेरो समेत संलग्नता रहन्छ, कर्जा स्विकृत भई सके पछिको कर्जा प्रवाह गर्ने कार्यमा मेरो कुनै भूमिका रहदैन भन्ने व्यहोराको **प्रतिवादी ऋवश श्रेष्ठको** बयान।

घ) <u>प्रभु वैंक लि. ववरमहल, काठमाडौंमा Chief Credit Officer पदमा कार्यरत प्रतिवादी ऋवश श्रेष्ठको थप बयान:</u>

सन् 2015-05-05 को Credit Appraisal मा कर्जा नियमित गरेपछि मात्र कर्जा प्रवाह गर्ने भनि सर्तहरु उल्लेख गरेको हुँदा सोही अनुसार नै उल्लेखित कर्जा प्रवाहको लागि म Risk Manager को हैसियतले Term Loan-100 Million कर्जा प्रवाहको लागि समर्थन गरी माथिल्लो तहमा पठाएको हुँ । Risk Manager को हैसियतले मैले कर्जाको फाईलमा Risk Analysis गरी स्वीकृतीको लागि अगाडी बढाउने हो । यसपछि कर्जा रकम ऋणीको खातामा के-कसरी रकमान्तर हुन्छ, सो कुरा मलाई जानकारी हुँदैन । सो कुरा सम्बन्धित विभागलाई जानकारी हुनुपर्ने हो । सन् 2018-9-5 को Memorandum मा कर्जा नियमित गरेपछि मात्र कर्जा प्रवाह गर्ने भनि सर्तहरु उल्लेख गरेको हुँदा सोही अनुसार नै उल्लेखित कर्जा प्रवाहको लागि म Risk Manager को हैसियतले Bridge Gap Loan-250 Million कर्जा प्रवाहको लागि Reviewed by मा दस्तखत गरी माथिल्लो तहमा पठाएको हुँ । कर्जा स्वीकृतीको लागि मैले Review गरेको हो । CEO अशोक शेरचनले आफ्नो कर्जा स्वीकृती सिमा भन्दा बाहिर गई संचालक समितिले स्वीकृत गर्नु भन्दा अगाडी नै कर्जा प्रवाह भएको सम्बन्धमा मलाई थाहा छैन । मैले कर्जा प्रवाहको लागि तयार भएको Memorandum मा Credit

CamScanner

Chain मा बसेर Review गर्ने काम गरेको हुँ। कर्जा प्रवाह भएपछि सो रकम के-कसरी ऋणीले प्रयोग गर्छ भन्ने कुरा मलाई थाहा हुँदैन। कर्जा रकम दुरुपयोगमा मेरो कुनै भूमिका छैन भन्ने व्यहोराको **प्रतिवादी ऋवस श्रेष्ठको थप बयान**।

ङ) **ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेस्ट एण्ड भेटेरेनरी साईन्स प्रा.लि. एकल संचालक तथा राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.का संचालक समितिका अध्यक्ष ओम प्रसाद पाण्डेको बयानः**

रामजानकी हेल्थ फाउण्डेशन प्रा.लि. जिल्ला धनुषा छिरेश्वरनाथ नगरपालिका वडा नं.१मा मेरो ८०% लगानी रहेको छ। रामजानकी हेल्थ फाउण्डेशन प्रा.लि.को अन्य संचालकहरुमा रविन्द्र पन्त, ललन कुमार सिन्हा, मंगल श्रेष्ठ, रुकमणी श्रेष्ठ, गृष्मा श्रेष्ठ रहेका छन्। रामजानकी हेल्थ फाउण्डेशन प्रा.लि.२०५६/२०५७ सालमा दर्ता भएको कम्पनी हो। म २०५७/२०५८ साल देखी शेयरधनी तथा संचालक रहेको छु। म २०६४ साल देखी २०७२ असार सम्म संचालक समितिको अध्यक्ष रहेको थिए। सो पश्चात मैले मेरो नामको सम्पूर्ण ४५% शेयर हरिमान लामा, धन बहादुर शेरचनलाई बिक्री गरेकोमा २०७५ सालको असारमा पुनः८०% शेयर खरिद गरी हाल सम्म संचालक समितिको अध्यक्ष रहेको छु। रामजानकी हेल्थ फाउण्डेशन प्रा.लि.को उद्देश्य मेडिकल कलेज संचालन गरी बिरामीको उपचार गर्ने, MBBS, MD, MS, BSC नर्सिङ संचालन गरी पठनपाठन गर्ने रहेको छ। हाल MBBS मा ६० जना, MD, MS मा १३ जना, BSC नर्सिङमा २० जनाले पढीराखेका छन्। ईन्स्च्टच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरिनरी साईन्स प्रा.लि. महोत्तरी जिल्ला बहादुरगंज गाउपालिका वडा नं.२५ मा मेरो एकल स्वामित्व रहेको कम्पनी हो। उक्त कम्पनी २०७५/०७६ मा स्थापना भएको कम्पनी हो। उक्त कम्पनी कृषि, बन विज्ञान बिषयमा पठपाठन गर्नको लागि शिक्षा मन्त्रालयबाट मनसाय पत्र लिएकोमा हाल सम्म संचालनमा आएको छैन। रामपुर चितवन क्याम्पसबाट सम्बन्धन नदिएको कारण संचालन हुन नसकेको हो। मैले रामजानकी हेल्थ फाउण्डेशन प्रा.लि.को आफ्नो नामको शेयर हरिमान लामा, धन बहादुर शेरचनलाई बिक्री गर्दा उधारोमा बिक्री गरेको हुँ। निजहरुले शेयर खरिद बापतको रकम पछि दिन्छु भनेको हुँदा मैले पछि रकम लिने सहमतीमा आफ्नो नामको शेयर दिएको हुँ। सो शेयर बिक्री गर्दा प्रति कित्ता रु.१०० मा कारोबार गर्ने सहमती भएको थियो। पछि शेयर बापतको रकम आफुले नपाए पश्चात मैले निज हरिमान लामा, धन बहादुर शेरचनलाई दिएको शेयर निज हरिमान लामा समेतले डिल्लीराज पौडेल, राजेश थापा, प्रदिप प्रसाद पाठक, बिष्णु सिंखडा समेतलाई बिक्री गरेकोमा मैले आफुले उधारोमा बिक्री गरेको ४५% मैले कट्टा गरी लिई बाँकी शेयर समेत रु.१०० प्रति कित्तामा खरिद गरेको हुँ। मैले आफुले फिर्ता लिएको ४५% शेयर बाहेकको शेयर खरिद गर्दा बैकिङ प्रणाली मार्फत खरिद गरेको हुँ। रामजानकी हेल्थ फाउण्डेशन प्रा.लि.मा म शेयर धनी तथा संचालक समितिको संचालक समितिको अध्यक्ष रहेको छु। संचालक समितिको अध्यक्षको हैसियतमा रामजानकी हेल्थ फाउण्डेशन प्रा.लि.को संचालन गर्ने, कर्मचारी व्यवस्थापन, पुर्वाधार तयार गर्ने, आर्थिक व्यवस्थापन लगायतका जिम्मेवारी रहेका छन्। ईन्स्च्टच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरिनरी साईन्स प्रा.लि.को जग्गा मात्र रहेको छ तर रामपुर चितवन क्याम्पसबाट सम्वन्धन नदिएको कारण हाल सम्म संचालन हुन सकेको छैन। मैले कम्पनी कानुनीरुपमै दर्ता गरी ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि.संचालनको लागि शिक्षा मन्त्रालयको उच्च शिक्षा विभागबाट LOI प्राप्त गरेको आधारमा कर्जा माग गरेको हो। उक्त कम्पनी कानून वमोजिम दर्ता गरेको हुनाले गैरकानुनी कम्पनी भन्न मिल्दैन। संस्थाको पुर्वाधार बनीसकेपछी मात्र सम्बन्धन प्राप्त गर्नु पर्ने हुन्छ। मैले कर्जाको रकमबाट जग्गाको खरीद गरेको र कलेज संचालनको लागि रामपुर चितवन क्याम्पसबाट सम्वन्धन नदिएको कारण बाँकी पैसा रामजानकीमा रहेको कर्जाको साँवा/ब्याज तिर्नको लागी प्रयोग गरेको हो। अन्य बिषय मलाई जानकारी छैन र याद पनी छैन। प्रभु बैंक लि.का प्रमुख कार्यकारी अधिकृत अशोक शेरचन, नायब प्रमुख कार्यकारी अधिकृत मनिराम पोखरेल, Chief Credit Officer ऋवश श्रेष्ठ, Project Finance Department प्रमुख दिनेश डंगोल, RM दिपेश पोखरेल, RM & C रबिन श्रेष्ठसमेतसँग व्यवसाय संचालनको लागि कर्जा लिने तथा बैकिङ कारोबार गर्ने क्रममा चिनजान भएको हो। निजहरुसँग लेनदेन, साझेदारी वा सामुहिक लगानीमा कुनै व्यवसाय संचालनमा रहेको छैन। हरिमान लामा, धन बहादुर शेरचनसँग रामजानकी हेल्थ फाउण्डेशन प्रा.लि.को शेयर बिक्री गर्ने क्रममा चिनजान भएको हो। ईन्ष्टिच्युट अफ एग्रिकल्चर

CamScanner

फरेष्ट एण्ड भेटेरीनरी साइन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Science P. Ltd.) मा मेरो अध्यक्षतामा मिति २०७५ साल आषाढ १७ गतेको संचालक समितिको बैठकको एकल निर्णयमा प्रभु बैंक लि.बाट दीर्घकालीन कर्जा रु २,००,००,०००/- (दुई करोड मात्र) र अधिविकर्ष कर्जा रु.११,००,००,०००।–(एघार करोड मात्र) गरी जम्मा रु.१३,००,००,०००।– (तेह्र करोड मात्र) कर्जा सुविधा लिनको लागि आवश्यक प्रकृया अगाडी बढाउने निर्णयमा ओम प्रसाद पाण्डेको नाममा गरिएको दस्तखत मेरो आफ्नो हो हेरी चिनी सनाखत समेत गरिदिएँ । ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. ले निर्माण गर्ने कलेजको लागि आवश्यक जग्गा खरिद गर्न प्रभु बैंक लि.बाट दीर्घकालीन कर्जा रु २,००,००,०००/- (दुई करोड मात्र) र कलेज संचालन/चालु पूजि व्यवस्थापन प्रयोजनका लागि अधिविकर्ष कर्जा रु.११,००,००,०००।–(एघार करोड मात्र) गरी जम्मा रु.१३,००,००,०००।– (तेह्र करोड मात्र) कर्जा माग गरिएको हो । उक्त कर्जा रकममध्येबाट कलेज संचालनको लागि भनी जग्गा खरिदको लागि रु. २,००,००,०००/- (दुई करोड) खर्च भएको हो । उक्त कम्पनीले कृषि, बन विज्ञान बिषयमा पठपाठन गर्नको लागि शिक्षा मन्त्रालयबाट मनसाय पत्र लिएको तर चितवन रामपुर कृषि क्याम्पसबाट सम्वन्धन नदिएको कारण संचालन हुन नसकेकोले बाँकी कर्जा रकम रु. ११,००,००,०००।–(एघार करोड) रामजानकी हेल्थ फाउण्डेशन प्रा.लि.को प्रभु बैंक लि.मा रहेको कर्जाको सावाँ र ब्याज भुक्तानीको लागि प्रयोग गरेको हुँ । ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि.लाई चितवन रामपुर कृषि क्याम्पसबाट सम्वन्धन नदिएको कारण कलेज संचालन हुन नसकेकोले ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि.नाममा प्रवाह भएको कर्जा रकम रु. ११,००,००,०००।–(एघार करोड) रामजानकी हेल्थ फाउण्डेशन प्रा.लि.को प्रभु बैंक लि.मा रहेको कर्जाको सावाँ र ब्याज भुक्तानीको लागि प्रयोग गरेको हुँ । यसमा अरुको संलग्नता भएको सम्बन्धमा थाहा छैन । मिसिल संलग्न रहेको (Institute of Agriculture Forest and Veterinary Sciences Pvt.Ltd.) को नाममा कर्जा बापत जम्मा भएको रकमबाट रु.११,००,००,०००।–(एघार करोड) रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को खातामा रकमान्तर गरि दिनु हुन भनि मिति २०७५/०४/१५ गते प्रभु वैंक लि.लाई सम्बोधन गरी सादा कागजमा दस्तखत गरी निवेदन मैले दिएको हो, उक्त निवेदनमा भएको दस्तखत मेरो आफ्नै हो फरक छैन हेरी चिनी सनाखत गरिदिए । राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को खातामा रकमान्तर गर्नु भनेको रकम के कति कारणले किन बैंकको पार्किङ खातामा रकमान्तर गरी उल्लेखित पार्किङ खाताबाट राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को खातामा रकमान्तर गरेको हो यस सम्बन्धमा मलाई थाहा छैन, सो कुरा बैंकलाई थाहा हुनु पर्छ । मिसिल संलग्न रहेको ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेस्ट एण्ड भेटेरेनरी साईन्स प्रा.लि. बर्दिबासको लागि जग्गा खरिद भईसकेको र सोको रकम कम्पनीले अन्य विभिन्न श्रोतबाट बिक्रेतालाई चुक्ता गरिसकेको जानकारी गराउछौ । सो जग्गा खरिद गर्न त्यस बैंकबाट स्विकृत कर्जा रु.२,००,००,०००।–(दुई करोड) यस कम्पनीको चल्ती खातामा जम्मा गरिदिन हुन अनुरोध छ भनी मिति २०७५/४/१४ गते प्रभु बैंक लि.लाई सम्बोधन गरि लेखिएको निवेदनमा भएको दस्तखत मेरो आफ्नै हो, फरक छैन मैले हेरि चिनी सनाखत समेत गरिदिएँ । मेरो एकल स्वामित्वमा रहेको ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. को नाममा प्रभु बैंक लि.बाट कर्जा लिने क्रममा प्राथमिक धितोको रुपमा काठमाण्डौ मेडिकल कलेजमा मेरो नाममा रहेको करिब १,८८,००० कित्ता शेयर धितोमा राखेको हुँ। उक्त शेयर रोक्का रहे नरहेको सम्वन्धमा मलाई एकिन भएन । के कसरी मेरो नामको १,८८,००० कित्ता शेयरलाई दुई लाख कित्ता बनाईएको हो मलाई थाहा भएन । मैले ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि.को लागि जग्गा खरिद गर्न भनी कर्जा लिनु भन्दा अगावै कम्पनीले अन्य स्रोतबाट ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि.को लागि २,००,००,०००।०० (दुई करोड) को जग्गा खरिद गरी बिक्रेतालाई जग्गा बापतको रकम चुक्ता गरिसकेको हुँदा सो ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि.को नाममा जग्गा खरिद गर्नको लागि लिएको रु. २,००,००,०००।००(दुई करोड) कर्जा रकम कम्पनीको खातामा जम्मा गरी कम्पनीले अन्य प्रयोजनमा प्रयोग गरी खर्च गरेको हो । धितोमा राखिएको जिल्ला महोत्तरी, तत्कालिन २५ न. बहादुरगंज हाल बर्दिबास नगरपालिका ३ मा रहेको कि.न. १२०, ६१ र १०३ को जग्गाको मुल्यांकन Sigma Architecture and Engineering Consultant का देव ढुङ्गानाले के कसरी तत्कालिन समयको सरकारी

CamScanner

मुल्याङकन दररेट भन्दा बढी मुल्याङकन गरे मलाई केही थाहा छैन । निज देव ढुङगानालाई मैले प्रलोभनमा पारी धितोको रुपमा राखेको जग्गा बढाउन लगाएको होईन । ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि.को लागी खरीद गर्ने कार्य धेरै लामो समय अगाडी भएको हुँदा हाल मलाई एकिन याद भएन । जग्गा बिक्रेताको हकवालाहरुले दाबी गर्छन भनी बढि मुल्यको बैना कागज बनाइएको हुन सक्छ । मैले राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.मा प्रयोग गर्ने उदेश्यले ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. खडा गरेको होईन । ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि.ले नेपाल सरकार शिक्षा मन्त्रालय अन्तर्गतको उच्च शिक्षाबाट कृषि,बन विज्ञान पढाउने मनसाय पत्र लिई रामपुर कृषि क्याम्पस चितवनसँग सम्बन्धन लिनको लागि प्रकृया अगाडी बढाउदा रामपुर कृषि क्याम्पसले सम्बन्धन नदिएको कारण ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. हाल सम्म संचालन नआएको हो । ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि.संचालनको लागि जग्गा खरिद गर्ने र केही संरचना बनाउने काम गरेको थिए तर सम्बन्धन प्राप्त नभएको कारण संचालनमा आउन नसकेको हो । ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि.को कर्जाको केही साँवा र व्याज तिरेको छु । सावाँको रु.३ करोड र केही ब्याज भुक्तानी गरि हाल सावाँ रु. १० करोड र ब्याज रकम बाँकी रहेको छ । एकिन रकम के कति तिर्न बाँकी रहेको छ हाल मलाई एकिन याद भएन । ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेस्ट एण्ड भेटेरेनरी साईन्सेस प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt. Ltd.) को नाममा जग्गा खरिद गर्न Demand loan २ (दुई) करोड र कलेज संचालन/व्यवस्थापन गर्न Term loan ११ (एघार) करोड समेत जम्मा रु.१३,००,००,०००।– (तेह्र करोड) कर्जा सुविधा लिएको हो तर बैंकको संचालक समितिबाट स्विकृत हुनु भन्दा १६ (सोह्र) दिन अगाडी मिति २०७५/०४/१५ गते (सन २०१८/०७/३१) मा कर्जा प्रवाह भएको सम्बन्धमा मलाई थाहा छैन, बैंकलाई थाहा छ । पुरानो धितोमा रहेको कि.नं. १२० को (३-०-०-०), कि.नं.६१ को (०-१६-०-०) र कि.नं.१०३ को (०-१७-०-०) मा भएको जग्गाबाट क्रमश ०-४-०-०, ०-७-२-० र ०-५-०-०(बि-क-धु-क) घटाएर सोही स्थानमा बसी जोतपोत गर्ने व्यक्तीलाई दिनु पर्ने भएकोले सो कार्यको लागि मैले प्रभु बैंक लि.मा प्रकृयागतरुपमा निवेदन दिएर उक्त जग्गा फुक्का गरी नयाँ धितोको रुपमा कि.नं. ३०६ को (०-७-६-०), कि.नं.११९ को (०-२-१०-०) र कि.नं.११८ को (०-२-१०-०) राखेको हो, अन्य कुरा थाहा भएन । सवै कुरा हाल मलाई याद भएन तर ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेस्ट एण्ड भेटेरेनरी साईन्सेस प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt. Ltd.) को नाममा धितो नपुगेर बैंकमा निवेदन दिएर नै कम्पनीको नाममा रहेको कित्ता नं. १३१, १३२, १३५, १३६ र ४७ तथा श्याम कृष्ण ईन्भेष्टमेन्ट प्रा.लि.को नाममा रहि धितो बन्धक रहेको कित्ता नं. ५४, १२५, १२९ र १२७ लाई Internal Tie up गरेको हो अन्य कुरा थाहा भएन । ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि.को नाममा प्रवाह भएको कर्जा रकम तत्काल चुक्ता गर्न नसकिने भएको कारणले उक्त कर्जाको समयावधी वढाई दिनको लागि २०८० सालमा नै निवेदन दिएको थिए, सो निवेदन उपर कारवाही भई उक्त कर्जाको सम्बन्धमा Deferral of overdue interest as of Poush end 2080 amounting NPR 101.643 Million till Poush end 2085, Deferral of principal overdue of Term Loan amounting 12.39 million booking as separate Term Loan till Poush end 2085 at interest rate of Average Base Rate (ABR)+Premium Rate+3.00% p.a.,Review date extension of Demand Loan amounting NPR 108.50 Million for 3 months from the date of implementation. Downward revision of premium rate from 5.26%p.a. to 3.00%. भएको व्यहोरा म पक्राउ पर्नु भन्दा करिव २ (दुई) हप्ता अगाडी मात्र बैंकले कागजातहरु मलाई उपलब्ध गराए पछी थाहा भएको छ । प्रभु बैंक लि.बाट एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि.को नाममा प्रवाह भएको कर्जा रकमलाई मेरो अनुरोधमा बैंकले समय समयमा जग्गा फुकुवा गरी धितो परिवर्तन गर्ने तथा कर्जाको Deferral गर्ने र समयावधि बढाउने पुर्नसंरचना/पुर्नतालिकिकरण गर्ने जस्ता कामहरु भएको हो, यस कार्यमा प्रभु बैंकमा तत्कालिन समयमा कार्यरत CCO ऋवस श्रेष्ठ, CBO रश्मी पन्त र CEO अशोक शेरचन समेतको भूमिका के कस्तो रहन्छ मलाई जानकारीमा छैन । प्रभु मेनेजमेन्ट ग्रुपबाट एडभान्स स्वरुप रु.६०,००,०००।–(साठी लाख) राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.मा रकमान्तर

CamScanner

भएको सम्बन्धमा मलाई केही थाहा छैन ।

रामजानकी हेल्थ फाउण्डेशन प्रा.लि.२०५६/२०५७ सालमा दर्ता भएको कम्पनी हो । म २०५७/२०५८ साल देखी शेयरधनी तथा संचालक भई म २०६४ साल देखी २०७२ असार सम्म संचालक समितिको अध्यक्ष रहेको थिए । सो पश्चात मैले मेरो नामको सम्पूर्ण ४५% शेयर हरिमान लामा, धन बहादुर शेरचनलाई बिक्री गरी कम्पनी छोडेर २०७५ सालको असारमा पुन:८०% शेयर खरिद गरी हाल सम्म उक्त कम्पनीको संचालक समितिको अध्यक्षको हैसियतमा रहि आएको छु, हाल रामजानकी हेल्थ फाउण्डेशन प्रा.लि.मा रविन्द्र पन्त, ललन कुमार सिन्हा, मंगल श्रेष्ठ, रुकमणी श्रेष्ठ, गृष्मा श्रेष्ठ शेयरधनीहरु रहेका छन भने म एकल संचालक समितिमा रहेको छु । रामजानकी हेल्थ फाउण्डेशन प्रा.लि.को उदेश्य मेडिकल कलेज संचालन गरी बिरामीको उपचार गर्ने, MBBS, MD, MS, BSC नर्सिङ संचालन गरी पठनपाठन गर्ने रहेको छ । हाल MBBS मा ६० जना, MD, MS मा १३ जना, BSC नर्सिङमा २० जनाले पढीराखेका छन् । कम्पनिको प्रवन्ध पत्र र नियमावलीमा उल्लेख भए वमोजिम शर्तमा रही नियमितरुपमा कम्पनी गर्ने समेतको सम्झौता भई खरिद गरेको हो । सन् 2015/05/05, 2015/08/04, 2015/09/22/ 2016/02/23, 2016/09/05, को Credit Appraisal/ Memorandum अनुसार म पछिल्लो पटक रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.मा आउनु भन्दा अगाडी भएको सम्पुर्ण कर्जाको जिम्मा लिनु पर्ने भन्ने शर्त उल्लेख छ, कर्जाको दुरुपयोग सम्बन्धमा मलाई थाहा भएन । उक्त कर्जा मैले कर्मचारीको तलब तथा अन्य पार्टीको भुक्तानीको लागि लिएकोमा मैले कर्मचारीको तलब तथा अन्य पार्टीको भुक्तानीको केही रकम आन्तरिक श्रोतबाट जुटाई गरेको हुँदा बाँकी रहेको कर्जा रकमबाट अन्य कर्जाको साँवा र व्याज भुक्तानीको लागि प्रयोग भएको हो । उक्त कर्जा CT Scan, MRI Machine खरिद गर्ने, जडान गर्ने लगायतमा अन्य पाटीहरुलाई भुक्तानीको लागि प्रयोग भएको हो । कर्जाको रकम के कसरी दुरुपयोग भयो मलाई थाहा भएन । कर्जाको दुरुपयोग गर्ने तथा कृत्रिम व्यावसाय खडा गरी कर्जा लिने र दुरुपयोग गर्ने कार्यमा कोही कसैको पनि संलग्नता रहेको छैन । मैले व्यवसाय गर्ने प्रयोजनको लागि कर्जा लिएको हुँ । ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि.ले नेपाल सरकार शिक्षा मन्त्रालय अन्तर्गतको उच्च शिक्षाबाट कृषि,बन विज्ञान पढाउने मनसाय पत्र लिई रामपुर कृषि क्याम्पस चितवनसँग सम्बन्धन लिनको लागि प्रकृया गरेकोमा रामपुर कृषि क्याम्पसले सम्बन्धन नदिएको कारण ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि.संचालन नभएको हो । ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि.संचालनको लागि जग्गा खरिद गर्ने र केही संरचना बनाउने काम गरेको थिए, अन्य कुरा मलाई थाहा भएन । रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि. र ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि.समेतको नाममा कर्जा प्रवाह गर्ने क्रममा शुरूमा प्रभु बैंक लि.को जनकपुर शाखाबाट प्रकृया शुरु गरी आवश्यकता अनुसार कागज पत्रहरु तयार गर्नको लागि म केन्द्रीय कार्यालयमा गई बैंकको उच्च तहको कर्मचारी CEO समेतका कर्मचारीहरुसँग भेटी कर्जाको सम्बन्धमा कुरा गरेको हो । तत्लो तहका कर्मचारीहरु सँग कुनै समन्वय भएको थिएन । त्यस पछि बैंकले आफ्नो सम्पुर्ण प्रकृया पुरा गरी काम सम्पन्न गरे पछी प्रभु बैंक लि.ववरमहलबाट कम्पनिको खाताहरुमा किस्ता किस्तामा कर्जा प्रवाह भएको हो । रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि. ले परियोजना संचालन गर्नको लागि प्रभु बैंक लिमिटेडबाट पटक पटक कर्जा लिई हाल सम्म जानकी मेडिकल कलेज नियमितरुपमा संचालन भई आएको छ । यसको लागि लिएको कर्जा समय समयमा तिर्दै आएको छु । ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि.को नाममा प्रवाह भएको कर्जा रकम कलेज संचालन गर्नको चितवन कृषि क्याम्पसले सम्बन्धन नदिएको कारण आयोजना संचालनमा नआए पछी उक्त कम्पनीको नाममा प्रवाह भएको कर्जा रकम अन्यत्र प्रयोग गरेको हो । रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को म भन्दा पहिलेको संचालकहरुले प्रभु बैंक लि.बाट लिएको कर्जा रकम नतिरी कर्जाको अवस्था विगारेको हुँदा उक्त कर्जा रकम व्यवस्थापन गर्नको लागि प्रभु वैंक लि.का CEO अशोक शेरचनसँग कुराकानी भई ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. र रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा पटक पटक कर्जा लिई आएको हो । मैले बैंकका कर्मचारीहरुलाई कुनै प्रभाव प्रलोभनमा पारेको छैन भन्ने व्यहोराको **प्रतिवादी ओम प्रसाद पाण्डेको** बयान ।

CamScanner

३. मौकामा बुझिएका मानिसहरुले गरेको घटना विवरण कागजः

क) उपेन्द्र नेपालको घटना विबरण कागजः-

मैले प्रभु बैंक लि. मा सन २००८ देखि सन २०२३ जुन २६ सम्म विभिन्न समयमा भिन्न भिन्न जिम्मेवारीमा रहि कार्य गरेको थिए । मैले शुरुमा किष्ट बैंकको जोरपाटी शाखामा काम गरे, त्यसपछी सोही वैंकको ईन्स्युरेन्स शाखामा काम गरे, त्यसपछि म कर्जा प्रशासनमा कार्यरत रहदा किष्ट बैंक र प्रभु वैंक लि. एक आपसमा मर्ज भई प्रभु बैंक लि.भएको थियो । त्यसपछी प्रभु वैंक लि.मा Operation Risk र त्यसपछी Business मा समेत काम गरेको थिए । ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरिनरि साईन्स प्रा.लि.लाई सन् २०१८।०७।३१ मा कर्जा प्रवाह गर्दा म कर्जा प्रशासन शाखामा कर्जा प्रशासन अधिकृतको रुपमा कार्यरत रहेको थिए । सो शाखामा कार्यरत रहेको अवस्थामा मेरो USER:बाट ऋण रकम DISBURSEMENT/SETTLEMENT तथा ऋणिको अनुरोधमा NOMINEE CHANGE & AMOUNT TRANSFER गर्ने समेत गर्ने AUTHORITY रहेको थियो । सन् २०१८।०७।३१ (मिति २०७५/०४/१५ गते) रु.१,९९,९५,५००/- (एक करोड उनान्सय लाख पन्चानब्बे हजार पाँच सय रुपैयाँ) र रु. ११,००,००,०००/- (एघार करोड रुपैयाँ) समेत गरी जम्मा रु.१३,००,००,०००।– (तेह्र करोड) CEO अशोक शेरचनको निर्देशनमा सञ्चालक समिति (वोर्ड) को बैठकबाट नै स्वीकृत हुनु पुर्व ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरिनरि साईन्स प्रा.लि.को खातामा जम्मा गरिएको हो । यसै क्रममा ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटरीनरी साईन्स प्रा.लि.को नाममा ऋण स्वीकृत भए पश्चात सो कर्जा रकम रु.११,००,००,०००/-(एघार करोड) खाता नं. १३०००११०१० ६५८७२००००१ जम्मा भएको थियो । त्यस पछि उक्त रकम रिकभरी प्रयोजनको लागि सम्बन्धित विभागबाट ईमेलमा अनुरोध आए पछि उक्त रकम बैंकको पार्किङ खातामा रकमान्तर गरिएको हो । त्यस पछि ऋणिको अनुरोधमा उक्त रकम रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को अन्य खातामा रकमान्तर गर्नु भनि सम्बन्धित विभागबाट सिफारिस भई आए पछि उल्लेखित रकम रकमान्तर भएको हो । उक्त रकम रकमान्तर गर्न सम्बन्धित विभागले तत्कालिन APPOROVER CCO ऋवश श्रेष्ठ, DCEO मनिराम पोखरेल, CEO अशोक शेरचन समेतको सहमति लिएको हुनु पर्छ । ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरिनरि साईन्स प्रा.लि.को नाममा भुक्तानीका Instruments जारी भएको बारेमा मलाई थाहा भएन, कर्जा जुन प्रयोजनको लागी कर्जा स्विकृत भएको हो सोही प्रयोजन बाहेक अन्य प्रयोजनमा प्रयोग गर्नु वा गराउनु हुदैन भन्ने जानकारी थियो उच्च म्यानेजमेन्टको आदेश बमोजिम उल्लिखित कार्य भएको हो, प्रभु बैंकको पार्किङ खाता रकम ट्रान्सफर सामान्यतया खाताहरु सञ्चालनमा नभएको वा नखुलेको अवस्था वा ऋणिको खाता कालोसूचीमा परि अन्य कारणबाट रोक्का रहेको अवस्थामा ट्रान्सफर गर्ने गरिन्छ, सो रकम कुन कारणबाट ट्रान्सफर भएको हो अहिले याद भएन । कर्जाको रकम अन्य कम्पनीको वा सोही बैंकको ऋणिको खातामा ट्रान्सफर गरी ब्याजको हिसाव मिलान गर्न मिल्दैन । ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरिनरि साईन्स प्रा.लि.को संचालक ओम प्रसाद पाण्डे हुन भनी थाहा छ तर निजसँग कुनै व्यक्तिगत चिनजान लेनदेन समेत रहेको छैन् । राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.को सञ्चालक समेत निज ओम प्रसाद पाण्डे (KIST BANK) नै तत्कालिन अवस्थामा रहेको थिए सो पश्चात को को भए एकिन भएन । उल्लिखित रकम अपचलन गर्ने गराउने कार्यमा मेरो संलग्नता रहेको छैन् सामान्य कर्मचारी भएको हैसियरबाट उल्लिखित कार्य गरेको हुँ मलाई सो कार्य गर्ने गराउने कार्यमा संलग्न रहेका तथा सो ऋण लिई लाभ लिने ओम प्रसाद पाण्डेलाई कानून बमोजिम कारवाही हुनुपर्छ ।

यसरी नै कर्जा प्रवाहको लागि संचालक समिती (वोर्ड) को निर्णय हुनु भन्दा अगाडी सन् २०१८।०९।१३ (मिति २०७५/०५/२८) रु.५,०१,५२,६४७।९१ (पाँच करोड एक लाख वाउन्न हजार छ सय सतचालिस रुपैया एकानब्बे पैसा) र सन् २०१८।०९।१६ (२०७५/०५/३१) मा रु. १,१६,१८,०५३।८६ (एक करोड सोह्र लाख अठार हजार त्रिपन्न रूपैया छयासी पैसा) समेत गरी जम्मा रु.६,१७,७०,७०१।७७ (छ करोड सत्र लाख सत्तरी हजार सात सय एक रुपैया सत्तर पैसा) प्रवाह भएको कर्जा रकम बैंकको CEO अशोक शेरचनको निर्देशनमा भएको हो । यसमा उल्लेखित कर्जा प्रवाह गर्न संचालक समितिको निर्णय हुनु भन्दा अगाडी बैंकको CEO अशोक शेरचनले नै बोर्डबाट पछि अनुमोदन गर्ने गरी मौखिक

CamScanner

अनुमति लिई सकेको छु, पछि अनुमोदन गरौला भनी निज CEO अशोक शेरचनको मौखिक निर्देशनमा नै उल्लेखित कर्जा रकम संचालक समिती (वोर्ड) को निर्णय हुनु भन्दा अगाडी कर्जा प्रवाह भएको हो। उल्लेखित कर्जाको सम्बन्धमा संचालक समिति (वोर्ड) को सन् २०१८।०९।२० मा बसेको वैठकबाट अनुमोदन गरेको हो। उल्लेखित कर्जा प्रवाह पछि उक्त कर्जा रकम ऋणीले के कुन प्रयोजनमा प्रयोग गरेको हो मलाई जानकारी छैन भन्ने व्यहोराको उपेन्द्र नेपालको घटना बिबरण कागज।

ख) <u>प्रभु वैंक लि.मा कार्यरत तत्कालिन RM दिपेश पोखरेलको घटना विबरण कागज:</u>

म प्रभु बैंक लि.मा वि.सं. २०६८ सालमा साविक Clean Energy Development Bank (हाल NMB BankLtd. मा गाभिएको) बाट अफिसर तहमा Operation Department मा काम गर्न सुरु गरेको हुँ। त्यसपछि प्रभु फाईनान्सको भक्तपुर ठिमी शाखा, न्युरोड शाखा, विराटनगर शाखा, त्यसपछि केन्द्रीय शाखाको Project Finance Department मा अफिसर तहमा काम कार्यरत थिएँ। अफिसर तहमा कार्यरत रहँदा मेरो जिम्मेवारीमा Credit को फाईलको कागजातहरु संकलन गरी Project Head Consortium and Project Finance Department रविन श्रेष्ठलाई पेश गर्ने रहेको थियो। त्यसपछि प्रभु बैंक लि.को हात्तिगौडा शाखामा Acting Manager को रुपमा समेत काम गरेँ। हाल सन् २०२३ देखि म प्रभु बैंक लि.को Project Manager को रुपमा कार्यरत छु। उक्त पदमा कार्यरत रहँदा मेरो जिम्मेवारी अन्तर्गत Project Finance मा आएका Project Related फाईलहरुलाई Review गर्ने र माथिल्लो तह Head Consortium and Project Finance लाई Recommend गर्ने हो। मलाई मिति २०७५/०४/०८ गतेको ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेस्ट एण्ड भेटेरेनरी साईन्स प्रा.लि.को नाममा FRESH PROJECT LOAN दिन तयार भएको CREDIT APPRAISAL देखाउँदा देखेँ। उक्त CREDIT APPRAISAL म भन्दा माथीको Head Consortium and Project Finance Department का रविन श्रेष्ठको आदेशमा मैले तयार गरेको हुँ। उक्त CREDIT APPRAISAL मा Dipesh Pokhrel उल्लेख भएको स्थानमा गरेको दस्तखत मैले गरेको हो। DEMAND LOAN & TERM LOAM को लागि ऋणीको निवेदन, कर्जाको लागि Feasibility Report/Projected Report (सम्भाव्यता रिपोर्ट), सो कर्जाबाट निर्माण हुने सम्पत्तिको विवरण, Guaranter र Director को Net worth, कम्पनीको कानूनी कागजातहरु लगायतका आवश्यक कागजातहरु लिईएको थियो। उक्त Credit Appraisal मा कृषि तथा वन विज्ञान विश्वविद्यालय, चितवन हुनुपर्नेमा त्रुटीवश Birendra Multiple Campus Rampur, Chitwan उल्लेख भएको हो। कृषि तथा वन विज्ञान विश्वविद्यालय, रजिष्ट्रारको कार्यालय, चितवनको पूर्व सहमति पत्र तथा नेपाल सरकार, शिक्षा मन्त्रालयबाट कलेज निर्माण गर्ने LOI (Letter of Intent) समेत लिईएको थियो। ऋणीको अनुरोधमा आवश्यक कागजातहरु लिई केहि कागजातहरु पछि लिने भनि Credit Appraisal मा उल्लेख गरी ऋण प्रदान गर्न मिल्छ। कर्जा प्रवाहको क्रममा मेरो विभागको प्रमुख रविन श्रेष्ठबाट भएको निर्देशन बमोजिम CREDIT RISK GRADING नभए पनि Credit Appraisal तयार गरी पेश गरेको हुँ। ऋणीले दुई वर्ष भित्रमा Project लाई संचालनमा ल्याउँछु भनि गरेको अनुरोधको आधारमा FIXED TERM LOAN को MORATORIUM PERIOD दुई वर्ष राखिएको हो। MORATORIUM PERIOD दुई वर्ष भन्दा माथी र CEO को अख्तियारी भन्दा माथीको कर्जा स्वीकृती सिमा भन्दा माथीको कर्जाको लागि संचालक समितिको स्वीकृती हुनुपर्नेमा यस अवस्थामा CEO अशोक शेरचनले सञ्चालक समितिको स्वीकृति नलिई Credit Appraisal मा "Board Ractification will be obtain" उल्लेख गरी कर्जा प्रवाह भएको हो। BACKROUND OF PROJECT मा Full assessment of project and basic features shall be incorporated in the time of project loan conversion उल्लेख भएकोमा सो बमोजिम भएको छैन। सो नभएको कुरा मैले प्रमुख रविन श्रेष्ठ मार्फत र निज रविन श्रेष्ठले बैंक छोडेपछि निजको ठाउँमा दिनेश डंगोल मार्फत उच्च व्यवस्थापन CBO, CEO लाई मौखिक तथा 'The Unit couldn't operate the project due to lack of appropriate planning' भनि त्यसपछिका Memorandum मा उल्लेख गरिएको छ। TOTAL PROJECT COST रु.३२,२५,००,०००/- (बत्तिस करोड पच्चिस लाख रुपैयाँ) रहेको उल्लेख गरेकोमा सो ऋणीले पेश गरेको Financial Projected Report अनुसार निर्धारण गरिएको हो। Details of Collateral मा Pledge of 2,00,000 shares of Kathmandu Medical College(KMC) owned by Mr. OP

CamScanner

Pandey उल्लेख भएको सम्बन्धमा निज ऋणीले दिएको Loan Request/Minute मा उल्लेख भए अनुसार मैले राखेको हुँ। 'We have considered NPR 225 Fair Market Value for Value assessment however as understood Market Value is NPR 450 per share.' उल्लेख गर्ने सम्वन्धमा मलाई विभाग प्रमुख रविन श्रेष्ठले दिएको निर्देशन अनुसार सो कुरा उल्लेख गरेको हुँ। शेयर रोक्काको सम्बन्धमा बैंकबाट तयार भएको Share Pledge Deed बाट रोक्का गरिएको थियो। प्रभु बैंकले जारी गरेको Credit Risk Management Manual 2012 को 11.8 (l) मा शेयर धितो राखी कर्जा प्रवाह गर्दा उक्त शेयर अनिवार्य रुपमा कम्पनी सुचिकृत भएको हुनुपर्ने भनी उल्लेख गरिएको सम्बन्धमा मलाई जानकारी भएन। सो शेयरलाई समेत समावेश गरी मूल्याङ्कन गर्दा LOAN OF FMV FOR Proposed Financing 95.55% उल्लेख भएको, धितोमा समावेश गरिएको उल्लिखित विवरण घटाउँदा "Loan to FMV for proposed financing -42.76% भएको सम्बन्धमा उक्त प्रतिवेदन मलाई मेरो विभाग प्रमुखबाट निर्देशन भए बमोजिम तयार मात्र गरेको हुँ। यो कुरा गैरकानूनी भन्ने कुरा मलाई थाहा थिएन। सो Credit Appraisal को पाना नं.१० को FOOTNOTE मा "As per baina agreement submitted by client,entire land is purchased at bulk amount of NPR 40 million, however due to high transfer cost & other tax to be incurred,client is reluctant to maintain purchase price & has informed to rajinama value would be maximum NPR 20 million"भनी उल्लेख भएको सम्बन्धमा बैना लिखत थिएन। उक्त कुरा विभाग प्रमुख रविन श्रेष्ठबाट मलाई आदेश भए बमोजिम उल्लेख गरेको थिएँ। कर छलि भएको सम्बन्धमा मलाई थाहा भएन। कर्जा प्रवाह गर्नको लागि मैले Credit Appraisal तयार पारेको हुँ। सो कर्जा स्वीकृत भए पश्चात थप प्रक्रिया पुरा गर्नको लागि CAD (Credit Administration Department) मा पठाएको हुँ। तत्पश्चात कर्जा रकम प्रभु बैंक लि.को जानकी हेल्थ फाउण्डेशन प्रा.लि.को नाममा रहेको पार्किङ एकाउण्ट (खाता नं MDR A/C 917106010001)मा रु. ११,००,००,०००।– (एघार करोड) रकमान्तर भएको र जग्गा खरीद गर्नको लागि स्वीकृत भएको ऋण रकम मध्ये रु. १,९९,९५,५००।–(एक करोड उनान्सय लाख पञ्चानब्बे हजार पाँच सय रुपैयाँ) समेत सोही फाउण्डेशन प्रा.लि.का शेयरधनीको खातामा ट्रान्सफर भएको सम्बन्धमा पछि मात्र थाहा भयो। पार्किङ खाता सामान्यतया बैंक खाता नभएका ग्राहक र बैंकको आन्तरिक प्रयोजनको लागि बैंकको अपरेशन विभागले प्रयोग गर्ने गरेको हुँदा यस सम्बन्धी विस्तृत प्रयोजनको जानकारी मलाई भएन। एउटा प्रयोजनको लागि प्रवाह भएको कर्जा अर्को प्रयोजनमा प्रयोग गर्न मिल्दैन। ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरिनरी प्रा.लि.लाई प्रवाह भएको कर्जा रकम रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.मा लगेर कर्जा दुरुपयोगको लागि पुर्व तयारी भएको कुरा मलाई थाहा भएन।

मिति २०७६/०३/१३ गते तपाईले तयार गरेको Memorandum को PURPOSE मा "To seek approval for Release of plot & remortgage the new plot formed after land deduction, Fresh Mortgage of New plot in placement of release of Collateral उल्लेख गरी तयार भएको MEMO मा Proposed by-Dipesh Pokhrel, RM-PF मा भएको दस्तखत मैले गरेको मेरो दस्तखत हो। सो MEMO मा यस Memorandum उल्लेख भए बमोजिम कित्ता न.१२०,६१ र १०३ बाट क्रमश ०-४-०-०, ०-७-२-० र ०-५-०-० जग्गा फुकुवा गर्ने भनी उल्लेख भएको सो जग्गाहरु सम्वन्धमा Deviation Details मा Release & Remortgage within 5 working day उल्लेख भएको, Technical Issue उल्लेख गरी जग्गा फुकुवा गर्ने उल्लेख भएको सम्बन्धमा Technical Issue खुल्ने गरी कुनै लिखित कागजात ऋणीले पेश गरेको थिएन तर मौखिक रुपमा अरु सन्धियारहरुलाई बाटो दिनुपर्ने भन्ने कुरा तत्कालिन समयमा सुनेको हुँदा सोही अनुसार नै विभाग प्रमुख दिनेश डंगोलबाट प्राप्त निर्देशन बमोजिम मैले Memo मा सो कुरा उल्लेख गरेको हुँ। सो समुहको "OVERDUE has been recorded in group account" उल्लेख भएकोमा सो जग्गा फुकुवाको लागि मैले विभाग प्रमुख दिनेश डंगोल मार्फत Credit Risk Department का Risk Analyst बासुदेव भट्टराईबाट उच्च व्यवस्थापन CCO निरज लम्साल, CBO मनिराम पोखरेल र CEO अशोक शेरचन समक्ष स्वीकृतको लागि पठाएको हुँ। ऋणी ओम प्रसाद पाण्डेले मिति २०७९।०३।०६ मा सम्पूर्ण बक्यौता रकम आश्विन ३१, २०७९ मा चुक्ता गर्ने निवेदन बैंकलाई दिएपछि Overdue को अवस्थामा मेरो विभागिय प्रमुख दिनेश डंगोललाई पेश गरेको हुँ। जग्गा

CamScanner

फुकुवा गर्नुभन्दा पहिले OVERDUE लिनुपर्ने वा नपर्ने भन्ने कुरा उच्च व्यवस्थापनको अख्तियारीको विषय हो । शुरुमा धितोको मुल्याङ्कन गरेको प्रा.लि.ले पछि धितो (जग्गा) फुकुवा गर्दा धितोको मुल्याङ्कन गर्न नमिल्ने भन्ने होईन । शुरुमा रु. १३ करोड कर्जा प्रदान गर्दा समेत धितोको मूल्याङकन Sigma engineering Pvt. Ltd.ले नै गरेको यस Memo अनुसार समेत थप लिईने धितो समेत सो प्रा.लि.ले मूल्याङकन गरेकोमा "AS per client after release of the land also, existing mortgage land SHALL HAVE ACCESS" उल्लेख भएको सम्बन्धमा ऋणीले दिएको जानकारी अनुसार सो कुरा उल्लेख गरेको हुँ । ५ दिनको लागि फुकुवा गरी बेच्न भनिएको भन्दा बढी जग्गा बिक्री गरेको भन्ने सम्बन्धमा सो कुराको अनुगमन/ निरीक्षण गर्ने काम CAD को हो । Memo तयार गर्ने क्रममा बैंकबाट प्रदान भएको ऋणको उद्देश्य अनुसारको काम नभएको भनि पटक पटक Memo मा उल्लेख गरी उच्च व्यवस्थापनलाई पठाएकोमा सो विषयमा CCO रिवस श्रेष्ठ, DCEO मनिराम पोखरेल र CEO अशोक शेरचन समेतका उच्च व्यवस्थापनबाट कुनै कारबाहीको लागि निर्देशन आएको थिएन तर Account Overdue clear गर्न तथा कर्जा चुक्ता गर्नको लागि पटक पटक ऋणीलाई पत्राचार र Recovery Department मा पठाउन उच्च व्यवस्थापनबाट स्वीकृती समेत लिई सो कुरा Memo मा उल्लेख गरेका थियौँ । सन् २०२२/०७/०३ (मिति २०७९/०३/१९) गते तयार भएको Memorandum (Memo) को PURPOSE मा " TO seek approval for Release of existing REC mortgaged in favour of us for the facilities availed by M/s: IAFVS LTD having plot number : 306 owned by Om prakash Pandey , Internal tie-up with REC owned by M/s: IAFVS LTD having plot numbers 131,133,135,136 & 47 & REC Owned by M/s :shyam krishna Investment pvt ltd having plot numbers 54,125,129 & 127 उल्लेख गरी तयार भएको MEMO मा Recommended by:Dipesh Pokhrel मा भएको दस्तखत मैले गरेको मेरो दस्तखत हो । Consortium & Project Finance Department बाट पटक पटक ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेस्ट एण्ड भेटेरेनरी साईन्स प्रा.लि.को नाममा रु 189.362 million साँवा र व्याज सहित overdue उठाउनको लागि विभिन्न मितिमा ऋणीलाई पत्राचार गरिएको छ साथै सो Memo मा " THE UNIT COULDNOT OPEATE THE PROJECT DUE TO LACK OF APPROPRIATE PLANNING" भनि उल्लेख गरी पठाएका छौं। तथापी ऋणीको जग्गा फुकुवा गर्ने अख्तियारी उच्च व्यवस्थापन CEO समेतको रहने भएकोले आदेश बमोजिम कार्य गरेको हुँ । ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेस्ट एण्ड भेटेरेनरी साईन्स प्रा. लि. को PROJECT नै नरहेको तथा 129.396 million कर्जा लगिसकेकोमा सो ऋणलाई कुन वर्गमा वर्गिकरण गर्नुपर्ने भन्ने कुरा नेपाल राष्ट्र बैंकको नीति निर्देशन बमोजिम गर्नुपर्ने हो । उल्लेखित कर्जा कुन वर्गमा वर्गिकरण गरिएको र नेपाल राष्ट्र बैंकलाई नियमित पठाउने जाहेरीमा के-कसरी जाहेर गरिएको थियो भन्ने कुरा Account Department लाई थाहा हुन्छ । The unit shall deposit amount not less then FMV of the property i.e. NPR 6.92 Million which shall be utilized either interest overdue or principal overdue उल्लेख गरेकोमा सो बमोजिम रु. ७०,००,०००/- (सत्तरी लाख रुपैयाँ) ऋणीबाट फिर्ता भई सकेको छ । मिति २०७९/०६/२६ गते तयार भएको Memo मा Subject : Seeking approval for (i) Review date extension of Demand loan till 13/04/2023 (ii) Review date extension of Term loan till 13/04/2023 मा Unit head-Pf(Dipesh Pokharel) Recommended by: मा रहेको दस्तखत मैले गरेको मेरो दस्तखत हो । सो Memo मा सो समुहको नाममा रु.२२,९७,२७,०००.००/- Due रहेको तथा ईन्स्टिच्युट अफ एग्रिकल्चरफरेस्ट एण्ड भेटेरेनरी साईन्स प्रा.लि.को नाममा रु.१९,६१,७६,०००.०० रहेको भनी उल्लेख भएको सोको Current Proposal मा "The unit is availing different funded facilities to the tune of npr 129.396 Million for purpose of purchasing land rend required for the planned project and for cash flow management for land pooling & other operating expenses required for the project. However, the unit couldn't operate due to lack of operating Planning"भन्ने उल्लेख गरेको सम्बन्धमा ऋणको साँवा तथा ब्याज उठाउनको लागि ऋणीलाई Consortium & Project Finance Department बाट ऋणीलाई ऋण रकम फिर्ता गर्नको लागि विभिन्न

CamScanner

समयमा पटक पटक पत्राचार गरेका थियौँ। समय बढाउने निर्णय भएको सम्बन्धमा सो कुरा उच्च व्यवस्थापन (CBO र CEO)को निर्देशन बमोजिम भएको हो। सो Memo मा DECO ले Ext: Charges - Rs 10K each उल्लेख गरेको सम्बन्धमा सो कार्यान्वयन भएको हुनुपर्छ। मिति २०८०/११/१३ गते तयार भएको MEMO मा Subject:Seeking Approval for (i) Deferral of overdue interestas per Deferral of overdue interest as of Poush end 2080 amounting NPR 101.643 Million till Poush end 2085.(ii) Deferral of principal overdue of Term Loan amounting 12.39 Million booking as separate Term Loan till Poush end 2085 at interest rate of Average Base Rate (ABR) + Premium Rate - 3.00% p.a.(iii) Review date extension of Demand Loan amounting NPR 108.50 Million for 3 months from the date of implementation.(iv) Downward revision of premium rate from 5.26% p.a. to 3.00% p.a. र Current Proposal :- Currently, the unit is availing Demand Loan amounting NPR 108.50 Million and Term Loan amounting NPR 12.39 Million for the purpose of purchasing land required for the planned project and for cash flow management for land pooling and other operating expenses required for the project. However,the unit couldn't operate the project due to lack of appropriate planning. Now, the client has requested for the deferral of interest and principal overdue as of Poush end 2080 at least for 5 years since the NRB has acknowledged Education and Health sector as one of the affected sectors due to recent economic slowdown उल्लेख गरेको सम्बन्धमा नेपाल राष्ट्र बैंकले शिक्षा तथा स्वास्थ्य क्षेत्रलाई Interest Deferral गर्न अनुमति दिएको छ र सोही बमोजिम CBO, CEO ले निर्देशन दिने गरेको थियो तर यस Project को सम्बन्धमा म समेतको विभागले'the unit couldn't operate the project due to lack of appropriate planning' उल्लेख गरी Project को अवस्था सो समयमा स्पष्ट खुल्ने गरी interest and principal deferral गर्न उच्च व्यवस्थापनलाई उचित निर्णय लिनको लागि पेश गरेकोमा CBO, CEO समेतले deferral of interest and principal overdue लाई deferral गर्ने भनेको हुँदा सोही बमोजिम गरिएको हो। सो कार्य गर्न हुने, नहुने भन्ने कुरा Approving Authority CBO, CEO को अख्तियारी अन्तर्गतको कुरा हो। बेस रेटको आधारमा ब्याजदर थपघट हुने गरेकोमा यो अवस्थामा ऋणीको निवेदनको आधारमा ऋणीको आर्थिक अवस्था हेरी ब्याज घटाउनको लागि Approving Authority CEO अशोक शेरचन समक्ष पेश गरी Premium Rate 5.26% p.a. बाट 3.00% p.a. कायम गर्नको लागि स्वीकृत लिईएको हो। Loan Defferal भन्नाले असुल गर्नुपर्ने ब्याज तथा बक्यौता ब्याज निश्चित समयावधी तोकी केहि समय पछि लिने कार्य हो। नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणीलाई ब्याज रकम तिर्न नसकेको अवस्थामा सहुलियत दिने उद्देश्यले कर्जाको Defferal गर्ने गरिन्छ। ऋणीको Overdue कर्जा Deferral गर्नको लागि ऋणीको निवेदन प्राप्त भएपछि उद्योग/व्यवसायको नगद प्रवाह तथा आम्दानी विश्लेषण गरी आवश्यकता र औचित्यताको आधारमा Overdue कर्जा Deferral गर्नुपर्ने भएतापनि यो अवस्थामा ऋणीको निवेदन प्राप्त भएपछि उक्त कर्जामा १०% रकम असुल हुने उद्देश्यले उच्च व्यवस्थापनको निर्देशन बमोजिम उद्योग/व्यवसायको नगद प्रवाह तथा आम्दानी विश्लेषण नगरी Overdue भएको कर्जालाई Deferral को Memo Risk Department मार्फत उच्च व्यवस्थापनमा पेश गरेको हो। यसपछि १०% रकम बापत कम्तिमा रु. १,१२,९३,७६७.६९/- (एक करोड बाह्र लाख त्रियानब्बे हजार सात सय सतसठ्ठी रुपैयाँ उनन्सत्तरी पैसा) बैंकले असुल गरिसकेको छ। यसै गरी NOTE :Overdue interest as of poush end of M/s Ram Janaki Health Foundation Pvt Ltd , Om Prasad Pandey/Arcana pandeyAdhikary& Om Prasad Pandey amounting Npr: 148.207Million Npr: 38:473Million &Npr: 15:085 Million respectively have been deferred till:13/01/2029 भनी उल्लेख भएको, Note : The proposed deferral of interest shall be implemented by recovering 10% of interest overdue.उल्लेख भएकोमा सो अनुसारको ब्याज लिईएको छ। सो Memo मा जम्मा Deferral Overdue interest रु.१०,१६,४३,९०९.२२ लाई २० कित्तामा Repayment

CamScanner

Schedule उल्लेख गरेकोमा सो बमोजिम भएको छ । यसै गरी Department /RM to ensure existing security documents to be Intact उल्लेख भएको सम्बन्धमा प्राप्त कागजातहरु सुरक्षित राख्ने काम CAD को हो । सो सुरक्षित नै छ । 'Operation of business / Project not Observed as per mentioned'भनि उल्लेख भएकोमा सो कुरा Memorandum मा उल्लेख गरेका छौं । सो Memo को Current Proposal:- "Currenty, the unit is availing Demand Loan amounting NPR 108.50 Million and Term Loan amounting NPR 12.39 Million for the purpose of purchasing land required for the planned project and for cash flow management for land pooling and other operating expenses required for the project. **However, the unit couldn't operate the project due to lack of appropriate planning.** Now,the client has requested for the deferral of interest and principal overdue as of Poush end 2080 at least for 5 years since the NRB has acknowledged Education and Health sector as one of the affected sectors due to recent economic slowdown"उल्लेख भएको सम्बन्धमा सो project को अवस्था Consortium & Project Finance Department ले उल्लेख गरी उचित निर्णय लिन Credit Risk Department मार्फत उच्च तह CCO रिवस श्रेष्ठ, CBO रस्मि पन्त, CEO अशोक शेरचनलाई पेश गरेका हौं । मैले तत्कालिन समयमा Consortium & Project Finance Department मा Project Manager (PM) को पदमा रही सोही बमोजिम Credit Appraisal समेतको कागजातहरु तयार गरी दस्तखत गरेको हुँ । मैले बैंकलाई हानी नोक्सानी पुर्याई आर्थिक लाभ लिने कार्य गरेको छैन भन्ने व्यहोराको प्रभु वैंक लि.मा कार्यरत दिपेश पोखरेलको को घटना बिबरण कागज।

ग) <u>प्रभु वैंक लि. ववरमहलमा Credit Manager को हैसियतमा कार्यरत वासुदेव भट्टराईको घटना विबरण कागज:</u>

म पहिले ग्राण्ड बैंक लि. मा काम गरी आएको थिएँ, वि.सं.२०७२ सालमा ग्राण्ड बैंक र प्रभु बैंक लि.मा मर्ज भए पछि म Credit Risk Assesment Department मा अफिसर पदमा रही Risk Analyst को रुपमा काम गरेको थिएँ । म २०७२ साल देखी २०७९ साल सम्म Credit Risk Assessment Department मा Risk Analyst को रुपमा कमलादी शाखा र केन्द्रीय कार्यालयमा काम गरेको हुँ । हाल Credit Risk Assessment Department मा सिनियर अफिसर पदमा Credit Manager को रुपमा कार्यरत छु । मिति २०७६/०३/१३ (सन् 28/06/2019) गतेको Memorandum को PURPOSE मा " TO seek approval for Release of plot & re-mortgage the new plot formed after land deduction, Fresh Mortgage of New plot in placement of release of Collateral उल्लेख भएकोमा Risk Analyst को हैसियतमा गरेको दस्तखत मेरो हो । Risk Analyst को रुपमा मेरो पदीय जिम्मेवारी Back office को हो, जस अन्तर्गत केन्द्रीय कार्यालयको Project Finance Department/शाखाले तयार गरेका कर्जा सम्वन्धि कागजातहरु सो विभागहरुबाट सिफारिस भई म कार्यरत रहेको Credit Risk Assessment Department मा आउँछ र आए पश्चात उपलब्ध कागजातहरु हेरी (सम्बन्धित ऋणीलाई नभेटी उपलब्ध भएका कागजातहरुको आधारमा) कर्जाको आवश्यकता (Requirement) तथा कर्जा भुक्तानी गर्ने सिमाको (TIME) आधारमा तटस्थ रुपमा समिक्षा गरी (Review) Credit Risk को पहिचान गरी आवश्यक देखिएमा कैफियत समेत लेखी आफु भन्दा माथिको तहमा पठाउने, Desk Review गर्दा Credit Appraisal तथा Deviation detail मा उल्लेख नभएका कुराहरु Review/Remarks लेखी माथिल्लो तहमा पठाउने रहेकोमा सोही अनुसार गरेर उक्त Memo Credit Manager भुषण गुप्ता समक्ष पठाएको थिएँ तर उक्त Memo मा निजको दस्तखत रहेनछ । यस Memorandum उल्लेख भए बमोजिम कित्ता नं.१२०, ६१ र १०३ बाट क्रमश ०-४-०-०, ०-७-२-० र ०-५-०-० जग्गा फुकुवा गर्ने भनी उल्लेख भएको सो जग्गाहरु सम्बन्धमा Deviation Details मा Release & Re-mortgage within 5 working day उल्लेख भएको, Technical Issue उल्लेख भएको सम्बन्धमा के-कस्तो Technical issue हो, स्पष्ट नभएकोले मैले 'Reason for release is not clear' भनि उल्लेख गरी अगाडी बढाएको थिएँ । सो समुहको "OVERDUE has been recorded in group account"

उल्लेख भएको सम्बन्धमा जग्गा फुकुवा गर्नुभन्दा पहिले OVERDUE सकेसम्म लिनुपर्ने हो तर उक्त Project प्रकृतिका कर्जा भएकोले उक्त फाईल अगाडी बढाएको हुँ। 'Sigma Architecture & Engineering Consultants' बैंकको मान्यता प्राप्त मुल्याङ्कनकर्ता कम्पनी हो। पुरानो धितोबन्धक भएका जग्गाहरुमा बाटो रहेको र नयाँ धितोबन्धक हुने जग्गा त्यसैसँग जोडिएको भएकोले "As per client after release of the land also, existing mortgage land SHALL HAVE ACCESS" उल्लेख गरिएको हो। माथी सवालमा उल्लेखित कित्ता नम्बरको जग्गाहरु बिक्री भएको सम्बन्धमा मेरो जानकारीमा आए अनुसार जग्गा कित्ताकाट पश्चात जति जग्गा बाँकी रहने भनेको थियो, सोही बमोजिम नै बाँकी रहेको थियो। यस सम्बन्धमा विस्तृत कुरा सम्बन्धित Project Finance Department लाई थाहा होला। यस सम्बन्धमा Memorandum मा मैले उक्त जग्गाहरु सोही दिन कित्ता काट र दृष्टिबन्धक पनि गर्नुपर्ने, बाँकी कित्ता काट भएको जग्गा Project लाई उपयुक्त हुने खालको हुनुपर्ने, नभएका कागजातहरु प्रगति विवरण सहित लिने, कित्ता काट पछि धितोको जग्गा के-कस्तो (Shape, Size) रहन्छ भनि CSVR (Collateral Site Visit Report) लिएर फाईलमा राख्नु भनि 'proposed for release REC will be derived from master plot (existing mortgage REC), Branch should ensure that Remortgage should be done on same day.', 'Prior to release, please ensure that the remaining plot is Bankable', 'Required documents like projected financial, progress report, E & S risk rating, BSVR to be obtained in branch file', 'After Kitta kat, latest CSVR to be obtained in branch file.' Remarks उल्लेख गरेको थिएँ।

सन् २०२२/०७/०३ (मिति २०७९/०३/१९) मा तयार भएको Memorandum (Memo) को PURPOSE मा " TO seek approval for Release of existing REC mortgaged in favour of us for the facilities availed by M/s: IAFVS LTD having plot number : 306 owned by Om Prasad Pandey , Internal tie-up with REC owned by M/s: IAFVS LTD having ploit numbers 131,133,135,136 & 47 & REC Owned by M/s : Shyam Krishna Investment Pvt. Ltd. having plot numbers 54,125,129 & 127 उल्लेख गरी तयार भएको MEMO मा Reviewed and supported by : मा भएको दस्तखत मैले गरेको हो। उक्त Memo मा मैले Review मात्र गरेको हुँदा Reviewed मा Tick लगाएर दस्तखत गरेको हुँ। Support गर्ने मसँग अख्तियारी थिएन। मभन्दा माथिल्लो तह CCO रिवस श्रेष्ठबाट Support भई अघि बढेको छ। उक्त Memo मा overdue हुँदा हुँदै तथा पुरानो प्रतिबद्धता पनि ऋणीले पूर्ण रुपमा पालना नगरेको भएतापनि पुन: धितो जग्गा फुकुवा गर्नको लागि माग भएकोले 'REC release is proposed without settlement of overdue interest and principal overdue, If any variance will be raised then proposed, it should be immediate notified to credit chain. Other remarks as per RA's.' भनि उल्लेख गरेको Remarks लेखी उक्त Memo अगाडी बढाएको हुँ। उक्त memorandum मा overdue देखि सकेपछि पनि मैले उक्त Memorandum रोकी फायल अगाडि नबढाउने गरी कार्य गर्ने अख्तियारी मसँग हुँदैन र छैन। Credit Chain मा रही मसँग आएको कागजातहरु हेरी Memo मा भएको कुराहरु Review गरी आवश्यक लागेमा Remarks उल्लेख गर्ने काम मात्र मेरो हो। ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेस्ट एण्ड भेटेरेनरी साईन्स प्रा.लि.को नाममा रु.189.362 million साँवा र ब्याज सहित overdue (उठ्न बाँकी) रहेकोमा सो समेत नउठाएको अवस्थामा सो MEMO को Current Proposal मा ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेस्ट एण्ड भेटेरेनरी साईन्स प्रा. लि. को नाममा प्रभु बैंकले यस भन्दा अगाडी पनि 129.396 million कर्जा लगिसकेको तर हालसम्म "THE UNIT COULDNOT OPEATE THE PROJECT DUE TO LACK OF APPROPRIATE PLANNING" भन्ने व्यहोरा उल्लेख गरेको सम्बन्धमा मलाई कुनै पनि निर्णय लिने, स्वीकृत, अस्वीकृत गर्ने अख्तियारी नभएको र Credit Chain मा म Credit Manager को रुपमा रहेको हुँदा मसँग आएको कर्जा फाईललाई हेरी म भन्दा माथिल्लो तहलाई आवश्यक कारबाहीको लागि पठाएको थिएँ।

CamScanner

मिति २०८०/११/१३ गते तयार भएको MEMO मा Subject: Seeking Approval for (i) Deferral of overdue interest as per Deferral of overdue interest as of Poush end 2080 amounting NPR 101.643 Million till Poush end 2085.(ii) Deferral of principal overdue of Term Loan amounting 12.39 Million booking as separate Term Loan till Poush end 2085 at interest rate of Average Base Rate (ABR) + Premium Rate - 3.00% p.a.(iii) Review date extension of Demand Loan amounting NPR 108.50 Million for 3 months from the date of implementation. (iv) Downward revision of premium rate from 5.26% p.a. to 3.00% p.a. उल्लेख गरेको सम्बन्धमा ब्याजदरको निर्धारण गर्ने काम Business को भएको र माथिल्लो तहको अधिकारीहरुलाई हुने अख्तियारी परिवर्तन भईरहने हुँदा, सो समयमा ब्याजदर निर्धारण गर्ने अख्तियारी कसकोमा थियो, मलाई थाहा भएन । Loan Deferral भन्नाले ऋणीलाई कर्जा रकम फिर्ता गर्नको लागि थप समयसिमा तोकिदिनु हो । समय परिस्थिति अनुसार ऋणीको मागलाई मुल्याङ्कन गरी बैंकको संचालक समिति र उच्च तहबाट कर्जाको Deferral गर्न सक्छ । कर्जाको Deferral को लागि ऋणीको रकम तिर्ने क्षमता सहितको Business Plan तथा Updated कागजातहरु आवश्यक पर्छ । यस memorandum मा उक्त Project चालु नभएको भन्ने कुरा उल्लेख हुँदाहुँदै पनि १०% ब्याज बैंकलाई प्राप्त हुन्छ भनि Deferral गरिएको देखिन्छ । के-कति आवश्यक कागजातहरु लिईएको छ भन्ने कुरा Project Finance Department लाई थाहा होला । कुन वर्गको कर्जालाई कुन वर्गमा राख्ने हो, सो कुरा लेखा शाखाले निर्धारण गर्ने गरेको र यस memo मा उक्त कर्जालाई के-कुन वर्गमा राखिएको भन्ने कुरा उल्लेख नभएकोले यो कुरा मलाई थाहा भएन । यो कर्जा स्वीकृत हुँदाका बखत सन् २०१८।०७।२४ (वि.सं. २०७५।०४।०८) मा म कमलादी शाखामा कार्यरत थिएँ । मैले यो प्रवाह भईसकेको कर्जालाई थप नगरी पछि Re-scheduling, Re-structuring मात्र गरेको हो । उक्त Project चालू अवस्थामा नरहेपनि बैंकलाई १० % ब्याज प्राप्त हुन्छ भनि ऋणीको माग अनुरोधमा Overdue भएपनि उक्त कर्जालाई Memo मा Current Proposal :- Currently, the unit is availing Demand Loan amounting NPR 108.50 Million and Term Loan amounting NPR 12.39 Million for the purpose of purchasing land required for the planned project and for cash flow management for land pooling and other operating expenses required for the project. However, the unit couldn't operate the project due to lack of appropriate planning. Now, the client has requested for the deferral of interest and principal overdue as of Poush end 2080 at least for 5 years since the NRB has acknowledged Education and Health sector as one of the affected sectors due to recent economic slowdown उल्लेख गरेको Memo मा Risk Analyst राज कुमार न्यौपानेले गरेको Remarks लाई नै सहमत भई उपयुक्त निर्णय गर्नको लागि Review गरी CCO ऋवस श्रेष्ठलाई पठाएको हुँ ।

मिति २०८०/११/१३ गते तयार भएको MEMO मा नै उक्त Project चालु अवस्थामा नरहेको कुरा उल्लेख गरेको नै थियो । सोही आधारमा Credit Analyst राज कुमार न्यौपानेले 'Department has proposed deferral of interest and principal overdue for next 5 years as per enclosed repayment schedule, operation of business/ project not observed as per mentioned in Memo, Extended demand loan to be settled within extension/ given period either through equity, RM department to ensure existing security documents to be intact.' भनि Remarks उल्लेख गरेकोमा मैले सोही Remarks लाई समर्थन गरी Current Proposal :- मा 'the unit couldn't operate the project due to lack of appropriate planning' भन्ने कुरालाई Highlight गरी (सांकेतिक रुपमा '= ?' लेखी) CCO ऋवस श्रेष्ठलाई पठाएको हुँ । यसमा उपयुक्त निर्णय गर्ने काम म भन्दा माथिल्लो तहमा पठाएको हुँ । Credit Manager को हैसियतमा मेरो जिम्मेवारी अन्तर्गत मसँग आएको कर्जा फाईलको Review गर्ने र आवश्यक देखिएमा कैफियतहरु (Remarks) उल्लेख गर्ने मात्र पर्छ । सोही अनुसार देखिएको कैफियतहरु लेखी कर्जा फाईल माथिल्लो तहमा मैले बढाएको हुँ । Review गर्दा देखिएको कुनै पनि कैफियत मैले लुकाएको छैन, जे-

CamScanner

जस्तो देखिएको छ, सोही अवस्था खुलाएर अगाडी बढाएको थिएँ। Credit Manager को रुपमा कुनैपनि निर्णय लिने, स्वीकृत, अस्वीकृत गर्ने अख्तियारी मलाई नभएकोले उक्त Memo मा NOTE:'Overdue interest as of poush end of M/s Ram Janaki Health Foundation Pvt Ltd, Om Prasad Pandey/Archana Pandey Adhikari & Om Prasad Pandey amounting Npr: 148.207Million Npr: 38:473Million & Npr 15.085 Million respectively have been deferred till:13/01/2029 भनी उल्लेख भएकोमा मैले Review गरी आवश्यक कारबाहीको लागि अगाडी बढाएको हो। उक्त memo को Note मा : The proposed deferral of interest shall be implemented by recovering 10% of interest overdue.' उल्लेख भएकोमा सो ब्याज लिईएको छ, छैन भन्ने कुरा सम्बन्धित Project Finance Department सँग सम्बन्धित भएकोले मलाई थाहा भएन। सो Memo मा जम्मा Deferral Overdue interest रु.१०,१६,४३,९०९.२२ लाई २० कित्तामा Repayment Schedule उल्लेख गरेको देखिन्छ सो बमोजिम भयो वा भएन, Department /RM to ensure exiting security documents to be Intact & "Operation of business / Project not Observed as per mentioned" भन्ने उल्लेख भएकोमा यो बारेमा Project Finance Department लाई थाहा होला। कर्जा प्रवाह भए पश्चात कर्जा रकमको दुरुपयोग भएको सम्बन्धमा मैले हाल आएर मात्र थाहा पाएको हुँ। मैले बैंकको नियमानुसार कर्जा फाइलको तटस्थ RISK Review गरी आफ्नो विवेकले देखिएको Comment लेखि Credit manager र CCO समक्ष फरवार्ड गरेको मात्र हुँ, मेरो ऋण प्रवाह गर्ने कार्यमा कुनै स्वार्थ वा लेनदेन रहेको छैन भन्ने व्यहोराको वासुदेव भट्टराईको घटना बिबरण कागज।

घ) <u>प्रभु बैंक शाखा कार्यालय मनमैजुमा प्रवन्धकको हैसियतमा कार्यरत राज कुमार न्यौपानेको घटना विबरण कागज:</u>

म प्रभु बैंक लि.मा सन् २०२० मार्च १ देखि वरिष्ठ अधिकृतको रुपमा कार्यरत रही वि.सं. २०८१ कात्तिक देखि हालसम्म बैंकको मनमैजु शाखाको शाखा प्रबन्धकको रुपमा कार्यरत छु। यस भन्दा अगाडी केन्द्रीय कार्यालयमा Risk Analyst को रुपमा कार्यरत रहेकोमा मैले कर्जा फाईलमा संलग्न कागजातहरु हेरी फाईलको समिक्षा गर्ने र सोही अनुसारको Remarks लेखी Credit Manager समक्ष पठाउने समेतको काम गर्ने गरेको थिएँ। मिति २०८०/११/१३ गते तयार भएको MEMORANDUM मा Subject: Seeking Approval for (i) Deferral of overdue interestas per Deferral of overdue interest as of Poush end 2080 amounting NPR 101.643 Million till Poush end 2085.(ii) Deferral of principal overdue of Term Loan amounting 12.39 Million booking as separate Term Loan till Poush end 2085 at interest rate of Average Base Rate (ABR) + Premium Rate - 3.00% p.a.(iii) Review date extension of Demand Loan amounting NPR 108.50 Million for 3 months from the date of implementation.(iv) Downward revision of premium rate from 5.26% p.a. to 3.00% p.a. उल्लेख भएको आधारमा Credit Analyst को रुपमा 'Department has proposed deferral of interest and principal overdue for next 5 years as per enclosed repayment schedule' भनि Remarks उल्लेख गरी Credit Manager बासुदेव भट्टराईलाई पठाएको थिएँ। के-कति कारणले, कुन प्रावधानको आधारमा उक्त ब्याजदर घटाईएको हो, सो कुरा मलाई थाहा छैन। Risk Analyst को रुपमा कुनै पनि कर्जाको ब्याजदर घटाउने, बढाउने, कर्जा Deferral गर्ने समेतको निर्णय गर्नेमा मेरो भुमिका रहँदैन। मेरोमा आएको उक्त Memo लाई समिक्षा गरी माथी उल्लेखित कुराहरु Remarks उल्लेख गर्ने काम मैले गरेको हुँ। कर्जा तिर्ने समयावधी केही समयको लागि लम्ब्याउने काम नै सामान्य अर्थमा Loan Deferral हो। नियमनकारी निकाय नेपाल राष्ट्र बैंकले दिएको प्रावधान अनुसार Restructuring र Rescheduling को प्रावधान भित्र रहेर कर्जाको Deferral गर्न सकिन्छ। कर्जाको Deferral को लागि संस्थाको Audit Report, करचुक्ता प्रमाण पत्र, Project Projection Report, CSVR (Collateral Site Visit Report), BSVR (Business Site Visit Report), संस्थाले कुन कुन समयमा, के-कति रकम तिर्ने भन्ने कुरा उल्लेख गरिएको भुक्तानी तालिका (Repayment Schedule), धितो सुरक्षण समेतका कागजातहरु आवश्यक पर्छ। यस

CamScanner

Memorandum मा धितो सुरक्षणको रुपमा लिईएको जग्गाहरु भनि उल्लेख गरिएको थियो । उक्त Memo मा interest and principal overdue लाई deferral गरिएको सम्बन्धमा ऋणीको अनुरोधमा उठ्नुपर्ने कर्जा उठ्छ भन्ने good faith मा बैंकले interest and principal overdue लाई deferral गर्नको लागि प्रस्ताव गरिएकोमा मैले सोही आधारमा Remarks मा समेत सो कुरा उल्लेख गरेको थिएँ । उक्त Memorandum मा कर्जाको Deferral गरिएकोमा कुन निर्देशन वा नियमको आधारमा वा कस्को निर्देशनमा उक्त सुविधा प्रदान गरिएको हो, सो कुरा मलाई थाहा भएन । Credit Chain मा Risk Analyst को रुपमा रही मसँग आएको उक्त Memo मा Overdue भएको कर्जालाई Deferral गर्नको लागि स्वीकृत/अस्वीकृत गर्ने अख्तियारी मेरो हुँदैन । उक्त Memo मा Overdue भएको कर्जालाई Deferral गर्ने कुरा उल्लेख भएकोमा मैले सोही आधारमा Remarks लेखी Credit Manager बासुदेव भट्टराईको मा पठाएको हुँ । यसैगरी उक्त Memo मा NOTE : 'Overdue interest as of Poush end of M/s Ram Janaki Health Foundation Pvt. Ltd., Om Prasad Pandey/Archana PandeyAdhikari & Om Prasad Pandey amounting Npr: 148.207Million Npr: 38:473Million &Npr: 15:085 Million respectively have been deferred till:13/01/2029 भनी उल्लेख भएको, Note: The proposed deferral of interest shall be implemented by recovering 10% of interest overdue.' उल्लेख भएको सम्बन्धमा सो बमोजिम ब्याज लिईएको, नलिईएको भन्ने कार्यान्वयन Credit Administration Department ले गर्ने भएकोले मलाई थाहा भएन । यस memo मा कुन वर्गको कर्जालाई कुन वर्गमा राखी deferral गरिएको हो, यो कुरा Finance Department ले गर्ने भएकोले मलाई थाहा भएन । सो Memo मा जम्मा Deferral Overdue interest रु. १०,१६,४३,९०९.२२ लाई २० किस्तामा Repayment Schedule उल्लेख गरेको सम्बन्धमा सो बमोजिम भयो वा भएन भन्ने कुरा कार्यान्वयनको पक्ष भएको र कार्यान्वयनमा मेरो भूमिका नरहने भएकोले यो कुरा मलाई थाहा भएन । यसै गरी Department /RM to ensure exiting security documents to be Intact & "Operation of business / Project not Observed as per mentioned" भन्ने उल्लेख भएकोमा धितो सुरक्षणको कागजातहरु सम्बन्धित कर्जा फाईलमा संलग्न राख्नु, उक्त Memo मा Project चालू अवस्थामा नरहेको कुरा उल्लेख गरेकोमा सो कुरा जानकारीमा आयो भन्ने कुराको Remarks लेखेको हुँ । Memo मा उल्लेख गरिएको कुराहरु अध्ययन गरी मैले नै Comment मा "1. Department has proposed deferral of interest and principal overdue for next 5 years as per enclosed repayment schedule,2. Operation of business/project not observed as per mentioned in Memo,3. Extended demand loan to be settled within extentional given period either through equity, 4. RM/Department to ensure existing security documents to be intact:" लेखी हस्ताक्षर गरेको हुँ । Credit Chain म Risk Analyst को रुपमा Memo मा उल्लेखित प्रस्तावहरुको बारेमा मात्र मलाई थाहा हुन्छ । उक्त कर्जामा Loan Deferral गर्दा समावेश गर्नुपर्ने कागजातहरू समावेश गरियो कि गरिएन भन्ने कुरा पछिको कार्यान्वयनको कुरा हो, जुन जिम्मेवारी मेरो भित्र पर्दैन भन्ने व्यहोराको राज कुमार न्यौपानेको घटना बिबरण कागज।

ङ) <u>प्रभु वैंक लि.को CAD विभागमा कार्यरत सुभेच्छा जोशीको घटना विबरण कागज:</u>

सन् २०१० मा मैले प्रभु वैंकको हेड अफिस ववरमहलमा Clearing शाखामा करिव २ दुई वर्ष जती काम गरी Branch office ललितपुरमा गई Operation in-charge को हैसियतमा करिव ४ वर्ष जति काम गरेको छु, त्यस पछी मैले प्रभु वैंकको मुख्य कार्यालय ववरमहलमा रहेको Credit Administration Department (CAD) operation department मा कार्यरत रहेको छु । ३ तीन वर्ष अगाडी मात्रै Credit Administration Department (CAD) कमलादी शाखामा सरेको छ, म शुरुमा Credit Administration Department (CAD) मा Officer दर्जामा काम गर्न शुरु गरी हाल म सहायक प्रवन्धक (Assistant manager) को हैसियतमा कार्यरत भई आएको छु । म Credit Administration Department (CAD) मा कार्यरत रहदा बैकमा कर्जाको Approving chain मार्फत Approved भई आए पछि Checker को हैसियतमा system मा loan Disbursement/ settlement लगायतका अन्य कामहरुको

CamScanner

Approved गर्ने गरेको छु । प्रभु बैंक लि.मा Credit Administration Department (CAD) मा सन २०२० भन्दा अगाडी Pumory र सन २०२० पछाडी Finacle system को प्रयोग भई आएको छ । प्रभु वैक लि.बाट रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा सन् २०१८।०९।१३ (२०७५/०५/२८) मा कर्जा प्रवाह भएको समयमा Credit Administration Department (CAD) मा म CHECEKER को रुपमा Officer पदमा कार्यरत रहेको थिए । कर्जा प्रवाह लागि संचालक समिती (वोर्ड) को निर्णय हुनु भन्दा अगाडी सन् २०१८।०९।१३ (मिति २०७५/०५/२८) र सन् २०१८।०९।२० (२०७५/०५/०४) मा प्रवाह भएको कर्जा रकम बैंकको CEO अशोक शेरचनको निर्देशनमा भएको हो । सामान्यता कुनै पनि कर्जा प्रवाह गर्नको लागि Credit Appraisal मा कर्जा प्रवाह गर्ने भनि वैंकका CEO समेतका कर्मचारीहरुले सही छाप गरी कागजातहरु बोर्डमा पेश भए पछि बोर्डमा स्विकृत भए पछि उल्लेखित कागजातहरु Credit Administration Department (CAD) मा आउछ, त्यस पछि Credit Administration Department (CAD) मा रहेको compliance Department बाट कागजातहरु चेकजाच गरी कर्जा रकम प्रवाह गर्नु भने पछि मात्र Credit Administration Department (CAD) operation department मा रहेको कर्मचारीहरुले आवश्यक कागजतहरु अध्ययन गरी कर्जा प्रवाह गरी आएको छ । यसमा उल्लेखित कर्जा प्रवाह गर्न संचालक समितिको निर्णय हुनु भन्दा अगाडी बैंकको CEO अशोक शेरचनले नै बोर्डबाट पछि अनुमोदन गर्ने गरी मौखिक अनुमति लिई सकेको छु, पछि अनुमोदन गरौला भनी निज CEO अशोक शेरचनको मौखिक निर्देशनमा नै उल्लेखित कर्जा रकम संचालक समिती (वोर्ड) को निर्णय हुनु भन्दा अगाडी कर्जा प्रवाह भएको हो । उल्लेखित कर्जा प्रवाह पछि उक्त कर्जा ऋणीले के कुन प्रयोजनमा प्रयोग भएको हो मलाई जानकारी छैन भन्ने व्यहोराको प्रभु वैंक लि. कमलादीमा कार्यरत सुभेच्छा जोशी घटना बिबरण कागज।

च) <u>प्रभु वैंक लि.को CAD विभागमा कार्यरत सौरभराज जोशीको घटना विबरण कागज:</u>

सन् २०१३ मा ग्राण्ड बैंक नेपाल लि. र प्रभु बैंक लि. एक आपसमा मर्ज भएदेखि नै म प्रभु बैंक लि.मा कार्यरत छु । म सन् २०१३ देखि नै प्रभु बैंक लि.को Credit Administration Department (CAD) मा कार्यरत रहेकोमा सुरुमा म सुपरभाईजर, जुनियर अफिसर हुँदै सन् २०२२ देखि म कर्जा प्रशासन विभाग (Credit Administration Department) मा अधिकृत पदमा कार्यरत छु । सुपरभाईजर रहँदा मेरो जिम्मेवारी अन्तर्गत कर्जाको फाईलहरुमा कागजातहरु पुगेको, नपुगरेको हेरी Core Banking Software-Pumori मा ईन्ट्री गर्ने रहेको थियो, जुनियर अफिसर रहँदा मेरो जिम्मेवारी अन्तर्गत Core Banking Software-Pumori मा गरेको ईन्ट्रीलाई हेरी Approve गर्ने समेतको काम गर्ने गरेको थिएँ । हाल अधिकृत पदमा रहँदा मेरो जिम्मेवारी अन्तर्गत पनि Core Banking Software-Finacle (सन् २०२० देखि) मा जुनियर अफिसरहरुले गरेको ईन्ट्रीलाई हेरी Approve गर्ने, कर्जा रकम ऋणीको खातामा पठाउने, कर्जाको ब्याज र साँवा किस्ताहरु बापतको रकम ऋणीको खाताबाट सिस्टममार्फत कटाउने, Loan Disbursement, Loan Account Settlement/Closed, Loan Overdue Report, Loan Insurance Expiry Report, Loan Expiry Report बनाउने समेतको कामहरु पर्दछन् । ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरिनरि साईन्स प्रा.लि.लाई सन् २०१८।०७।३१ (तदनुसार २०७५/०४/१५ गते) मा कर्जा प्रवाहको समयमा म सुपरभाईजरको जिम्मेवारीमा थिएँ । सन् २०१८।०७।३१ (तदनुसार २०७५/०४/१५ गते) मा ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरिनरि साईन्स प्रा.लि.को खाता नं. १३०००११०१०६५८ ७२००००० १ मा कर्जा रकम जम्मा रु. १३,००,००,०००/- (तेह्र करोड रुपैयाँ) Loan Disburse भएको सम्बन्धमा CAD-compliance बाट उक्त कर्जाको Credit Appraisal समेतको कर्जा फाईल मकहाँ आएपछि Credit Appraisal मा Client को Request, RO/PM को Request र CAD-compliance को Checklist मा कर्जा रकम Disburse गर्ने भनि लेखिएको कुरा, Offer Letter, Credit Chain बाट CA मा उल्लेख भएको Remarks हरु हेरी उक्त Remarks मा CEO अशोक शेरचनले 'Board Rectification will be obtain from next Board Meeting' उल्लेख गरेको हुँदा संचालक समितिको बैठक पछि बस्ने गरी पहिले नै सो रकम ऋणीको खातामा पठाईएको थियो । उक्त रकम मिति २०७५/०४/३१ गतेको सञ्चालक समितिको बैठकबाट अनुमोदन गरिएको हो । यसरी Board Meeting पछि बस्ने भनि कर्जाको Credit Appraisal मा CEO बाट 'Board Rectification will be obtain from

CamScanner

next Board Meeting' उल्लेख गरेको कुरालाई नै CEO बाट स्वीकृत भएको मान्नु भनि CEO अशोक शेरचनबाट भएको मौखिक आदेश/ निर्देशानुसार नै ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरिनरि साईन्स प्रा.लि.को खाता नं.१३०००११०१०६५८७२००००० मा कर्जा रकम जम्मा रु. १३,००,००,०००/- (तेह्र करोड रुपैयाँ) सञ्चालक समितिको स्वीकृति अगावै Loan Disburse भएको हो । यसमा म Maker रही काम गरेकोमा उक्त फाईल Stack को लागि Checker उपेन्द्र नेपाललाई पेश गरेको हुँ । उपेन्द्र नेपालले उक्त Stack लाई Approve गरेपछि मात्र ऋणीको खातामा उक्त कर्जा रकम Disburse (स्थानान्तरण) गरिएको थियो ।

यसरी नै कर्जा प्रवाह लागि संचालक समिती (वोर्ड) को निर्णय हुनु भन्दा अगाडी सन् २०१८।०९।१३ (मिति २०७५/०५/२८) र सन् २०१८।०९।१६ (२०७५/०५/३१) मा प्रवाह भएको कर्जा रकम बैंकको CEO अशोक शेरचनको निर्देशनमा भएको हो । यसमा उल्लेखित कर्जा प्रवाह गर्न संचालक समितिको निर्णय हुनु भन्दा अगाडी बैंकको CEO अशोक शेरचनले नै बोर्डबाट पछि अनुमोदन गर्ने गरी मौखिक अनुमति लिई सकेको छु, पछि अनुमोदन गरौला भनी निज CEO अशोक शेरचनको मौखिक निर्देशनमा नै उल्लेखित कर्जा रकम संचालक समिती (वोर्ड) को निर्णय हुनु भन्दा अगाडी कर्जा प्रवाह भएको हो । उल्लेखित कर्जा रकम ऋणीले के कुन प्रयोजनमा प्रयोग गरेको हो मलाई जानकारी छैन भन्ने व्यहोराको प्रभु वैंक लि.कमलादीमा कार्यरत सौरभ जोशीको घटना बिबरण कागज।

छ) <u>रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को पुर्व कर्मचारी दिपकराज वरालको घटना विबरण कागज:</u>

२०५६ सालतिर निज ओम प्रसाद पाण्डेले सपिङ कम्प्लेस तथा हेल्थ क्ल्व संचालन गर्ने भनि काठमाडौं सिनामंगल स्थितमा सिनामंगल प्लाजा प्रा.लि.नामको कम्पनी खोली भवन निर्माणको काम शुरु गरेको हो । त्यस बेला मैले पनि उक्त कम्पनीमा सुपरभाईजरको हैसियतमा करिव २ दुई वर्ष जति काम गरेको हो । २०५८ सालतिर उक्त निर्माणधिन कम्पनीको निर्माणधिन भवन काठमाडौं मेडिकल कलेज प्रा.लि.लाई ओम प्रसाद पाण्डेले आफ्नो केही शेयर राखेर बिक्री गरेको हो तर के कतिमा विक्री गरेको हो मलाई जानकारीमा छैन । राम जानकी हेल्थ फाउण्डेसनका संस्थापक शेयरधनी तथा संचालक रामानन्द सिन्हाको अनुरोधमा २०५८ सालमा ओम प्रसाद पाण्डे उक्त राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को केही शेयर खरिद गरे पछि निज उक्त कम्पनीको शेयरधनी तथा संचालक भएका हुन । उक्त कम्पनीमा तत्काल ओम प्रसाद पाण्डेले के कति शेयर लगानी गरेको थियो मलाई जानकारी छैन । त्यस पछि मैले ओम प्रसाद पाण्डेको सिनामंगल प्लाजा प्रा.लि.मा काम गर्दै निज ओम प्रसाद पाण्डेले नै संचालन गरेको औषधी विक्री वितरण गरी आएको सिनामंगल स्थितमा रहेको काठमाडौं फर्मासिटिकल मार्टमा समेत २०६० साल सम्म काम गरेको हो । म काठमाडौं फर्मासिटिकल मार्टमा काम गर्दाको समयमा पनि ओम प्रसाद पाण्डेले मौखिकरुपमा भनेका कतिपय रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.द्वारा संचालित जानकी मेडिकल कलेजको काम गर्ने गरेको थिए । त्यस पछि मलाई २०६१ साल तिर रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को काठमाडौं स्थितमा भएको भैपरी आउने सम्पुर्ण कामहरु गर्ने गरी काठमाडौं रातोपुल स्थितमा सम्पर्क कार्यालय बनाई सहायक चौथोको हैसियतमा आधिकारीको रुपमा नियुक्ती लिई २०७६ को फागुन महिना सम्म काम गरेको हो । मैले काठमाडौंबाट कुनै औषधी तथा मेडिकल सामग्री लगायतका अन्य सामानहरु रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.द्वारा संचालित जानकी मेडिकल कलेज धनुषामा पठाउने समेतको अन्य लाए अराएका कामहरु गर्ने गरेको थिए। मैले रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.द्वारा संचालित जानकी मेडिकल कलेजको काम गर्दा शुरुमा मलाई मासिक तलव रु.७ सात हजार दिएको थियो पछि तलव वढाएर मासिक रु.३० (तीस) हजार दिई आएको थियो । हाल मैले काठमाडौं मध्य बानेश्वर स्थितमा रहेको White house कलेज नजिकै प्रताप लामा र शक्ती लाल लामा समेतले संचालन गरेको जापनिज भाषा अध्यापन गराउने कन्सल्टेन्सी काठमाडौं साईन एजुकेशन सर्भिसेज प्रा.लि. मा सुपरभाईजरको हैसियतमा काम गरी आएको छु । सो काम गरे वापत हाल मैले मासिक रु.३० (तीस हजार) तलव पाउदै आएको छु । रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.द्वारा संचालित जानकी मेडिकल कलेजले २०६० साल देखी त्रिभुवन विश्वबिद्याल, किर्तिपुर, काठमाडौंबाट सम्बन्धन प्राप्त गरी तत्काल शुरुमा MBBS अध्यापन गरी आएको थियो पछि आएर MBBS लगायत PCL Nursing, BSC Nursing र BN Nursing प्रोग्राम समेत संचालन भई आएको छ । रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को संस्थापक शेयरधनी

CamScanner

डा.रामनन्दन सिन्हाले २०६३/२०६४ सालतिर कम्पनी छोडे पछि ओम प्रसाद पाण्डे संचालक समितीको अध्यक्ष, संचालकहरु अशोक सिन्हा, वलराम प्रसाद गुप्ता, श्रीचन साह, टिका पौडेल, समिर ढुङ्गेल, कनक भुषण सुवेदी समेत भई जानकी मेडिकल कलेज संचालन गर्ने क्रममा विस्तारै जानकी मेडिकल कलेजमा आर्थिकरुपमा र पठन पाठनमा समस्या देखिन थाले पछि कलेजमा बिद्यार्थीहरु समेतले विभिन्न प्रकारका बन्द हडताल जस्ता क्रियाकलापहरु गर्न हुन थाले पछि २०७०, २०७१ सालतिर त्रिभुवन विश्वबिद्यालय र नेपाल मेडिकल काउन्सिल समेतले MBBS, BSC Nursing र BN Nursing समेतको कार्यक्रम संचालन गर्नको लागि बिद्यार्थी भर्नामा रोक लगाएको थियो । २०७२ सालको असार महिनाको अन्तिमतिर ओम प्रसाद पाण्डे समुहले रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को शेयर धन वहादुर शेरचन, हरीमान लामा, हरिकृष्ण भट्टचन लगायतका व्यक्तीहरुलाई विक्री गरे पछि नयाँ संचालकहरुले प्रभु वैंक लि.बाट विभिन्न मितिहरुमा कर्जा लिएर जानकी मेडिकल कलेजको कर्मचारी तथा शिक्षकहरुलाई तलव दिने र MBBS, BSC Nursing र BN Nursing समेतको अन्य कार्यक्रमहरु नियमितरुपमा संचालन गरी आएका थिए। २०७४ साउन महिनातिर हरिमान लामा र धन वहादुर शेरचनले कम्पनी छोडी हरिमान लामाको भाई गणेशमान लामा देवान राई, गोपाल खनाल, राजेश थापा,पुर्ण लाल श्रेष्ठ, राजन कुमार साही, रमेश धिताल समेतलाई शेयर विक्री गरेको थियो। त्यस पछि २०७५ असार महिनातिर पुन ओम प्रसाद पाण्डे, रविन्द्र पन्थ समेतले रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को शेयर खरिद गरी जानकी मेडिकल कलेज संचालन गरी आएका थिए। हाल उक्त मेडिकल कलेज संचालनमा आएको छ भन्ने विभिन्न पत्र पत्रिका लगायत संचार माध्यमबाट थाहा भएको छ तर उक्त मेडिकल कलेज को कसले संचालन गरी आएका छन ? सो समेत अन्य मलाई जानकारी छैन।

यसमा मलाई माथी देखाईएको राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा सन् 2015/07/27 मा प्रवाह भएको जम्मा १० (दश) करोड कर्जा रकम मध्ये रु.६,१४,००,०००।०० (छ करोड १४ लाख), सन् 2015/08/06 सन् र 2015/09/01 मा प्रवाह भएको कर्जा रकम क्रमश ४ (चार) करोड र २ (दुई) करोड समेत जम्मा ६ (छ) करोड कर्जा रकम मध्ये रु.९०,००,०००।-(नव्वे लाख मात्र), सन् 2015/08/06 मा प्रवाह भएको जम्मा १२ (बाह्र) करोड कर्जा रकम मध्ये रु.४,४५,००,०००।-(चार करोड पैतालिस लाख मात्र), सन् 2016/02/25 मा प्रवाह भएको जम्मा २० (वीस) करोड कर्जा रकम मध्ये रु.२१,००,०००।-(एक्काईस लाख मात्र) र सन् 2016/09/16 मा प्रवाह भएको जम्मा ४ (चार) करोड कर्जा रकम मध्ये रु.१,४४,००,०००।- (एक करोड चौवालिस लाख मात्र) समेतको चेकहरु राम जानकी हेल्थ फाउण्डेसनन प्रा.लि.को तत्कालिन संचालक समितीको अध्यक्ष धन बहादुर शेरचन र प्रवन्धक संचालक हरीमान लामा समेतले मेरो नाममा चेक काटेको सत्य हो, यसरी मेरो नाममा काटिएका चेकहरु मार्फत प्रभु वैंक लि.बाट रकम भुक्तानी लिन कतिपय म स्वयं समेतलाई वैंकमा लिई गई चेकमा उल्लेखित रकम वैंकबाट निज धन बहादुर शेरचन र हरिमान लामाले वुझि लिने गरेका थिए भने प्राय जसो धेरै पटक मेरो नाममा चेक काटी निजहरु धन बहादुर शेरचन र हरिमान लामा आफै वैंकमा उपस्थित भई मेरो नाममा काटिएको चेक मार्फत रकम भुक्तानी लिने गरेका थिए। कतिपय रकम मेरो नाममा चेक काटी ईन्सेन्टीभ टुर्स एण्ड ट्राभल्सका कर्मचारी कुमार आचार्यले भुक्तानी लिइ धन बहादुर शेरचन र हरिमान लामालाई दिने गरेको भनि कुमार प्रसाद आचार्यले मलाई वताएका थिए। राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को संचालक समितीको अध्यक्ष धन वहादुर शेरचनको प्रभु वैंक लि.का तत्कालिन संचालक समितीको अध्यक्ष देवी प्रकाश भट्टचन नाताले भान्जा भएको र राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को शेयरधनी हरिकृष्ण भट्टचनको प्रभु वैंक लि.का CEO अशोक शेरचन नाताले ज्वाई पर्ने भनि धन वहादुर शेरचन र हरिकृष्ण भट्टचनले भनेको कुरा प्रसंगवस मैले सुनेको थिए। यसमा मलाई माथि देखाईएका प्रभु बैंक लि.मा भएको रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को खाता नं. 00100100678973000001 को मेरो नाममा काटिएका थान-८ चेकहरु मलाई देखाउदा हेरि चिने, उल्लेखित चेकहरुबाट मेरो नाममा म आफैले चेकमा दस्तखत गरी प्रभु बैंक लि.ववरमहलबाट भुक्तानी भएको हो, उक्त रकम रु.३,००,००,०००।– (तीन करोड) समेत रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.का अध्यक्ष धन वहादुर शेरचन र हरिमान लामा समेतलाई दिएको हो। उल्लेखित रकमबाट मैले एक पैसा पनि प्रयोग गरेको छैन।

CamScanner

राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को शेयरधनी तथा संचालक ओम प्रसाद पाण्डेले २०७२ साल असारको अन्तिम तिर (सन २०१५ को जुलाई) मा सम्पुर्ण शेयर धन बहादुर शेरचन, हरी मान लामा र हरिकृष्ण भट्टचन समेतको नाममा विक्री गरेको हुनाले माथि उल्लेखित कारोवार हुँदाको समयमा ओम प्रसाद पाण्डे कम्पनीबाट हटि निस्की गएका थिए। पछि २०७५ सालको असार महिनातिर निज ओम प्रसाद पाण्डेले डिल्ली पौडेल र राजेश थापा समेतबाट पुन राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को शेयर खरिद गरि लिएका हुन । उक्त राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को शेयरधनी तथा संचालक को को कहिले कहिले थिए भनि सम्पुर्ण विवरण हेर्न शेयर लगत र माईन्युटबाट थाहा हुन्छ। यसमा मैले राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को काम गरे वापत मैले पाउने तलव भत्ता वाहेक माथी उल्लेखित मेरो नाममा भुक्तानी भएका रकमहरुबाट एक रुपैया पनि मैले लिएको छैन्, राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को तत्कालिन संचालक धन वहादुर शेरचन र हरिमान लामाको निर्देशनमा रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को लेखापाल वासुदेव राज भण्डारीले मेरो नाममा चेक काटी हरिमान लामा र धन बहादुर शेरचन समेतले उल्लेखित रकम भुक्तानी लिएको साँचो हो। मेरो नाममा काटिएका चेकहरुबाट मैले नै केही रकम भुक्तानी लिई धन वहादुर शेरचन र हरिमान लामाले भने अनुसार निजहरुलाई दिएको छु तर के कति रकम भुक्तानी लिई निजहरुलाई दिए भनेर हाल याद छैन। कतिपय मेरो नाममा काटिएका चेकहरुबाट ईन्सेन्टिभ ट्राभल्स एण्ड टुर्स प्रा.लि.का कर्मचारी कुमार आचार्यले भुक्तानी लिएका थिए। प्रभु वैंकबाट कर्जा लिए पछि हरेक जसो ठुलो चेक कारोवारमा हुने भुक्तानी के कति कारणले किन र कसलाई भुक्तानी दिने भन्ने कुरा प्रभु बैंक लि.बाट माथिल्लो तहका कर्मचारीहरुलाई जानकारी गराए पछि माथिल्लो तहका कर्मचारीबाट प्राप्त आवश्यक निर्देशन पश्चात मात्र उल्लेखित रकम भुक्तानी दिने गरेको थियो। त्यति ठुलो रकम पटक पटक मेरो नाममा चेक मार्फत भुक्तानी लिदा बैंकको उच्च तहका कर्मचारीहरुको जानकारी विना मलाई भुक्तानी दिन सम्भव नै थिएन। मेरो नाममा काटेको चेक मार्फत भुक्तानी लिदा प्रभु वैंक लि.का उच्च तहका कर्मचारीहरु CEO, DCEO, CBO लगायका व्यक्तीलाई जानकारीमा हुनु पर्छ। मेरो नाममा रकम भुक्तानी लिदा धन वहादुर शेरचन, हरिमान लामा, रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.का लेखापाल वासुदेव राजभण्डारी, ईन्सेन्टीभ टुर्स एण्ड ट्राभल्सका कर्मचारी कुमार आचार्य, मोतीलाल उदास र एयर एसिया कम्पनीको गाडीको ड्राईभर समेत भई प्रभु वैंकको मुख्य कार्यालय ववरमल, काठमाडौं जाने गरेका थियौ। धन वहादुर शेरचन, हरिमान लामा र एयर एसिया कम्पनीको गाडीको ड्राईभर समेत हाल के कहाँ छन निजहरुको सम्पर्क नं. समेत मलाई थाहा छैन। सवै रकम हरीमान लामा र धन बहादुर शेरचन समेतले लिएका हुन्, निजहरुले उल्लेखित रकम के कसो गरे सो सम्बन्धमा निजहरुलाई थाहा छ, माथि उल्लेखित कारोवार हुँदाको समयमा राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को सम्पर्क कार्यालय काठमाडौं लाजिम्पाट स्थित मेट्रोपार्क भवनमा भएको र निजहरु हरीमान लामा र धन बहादुर शेरचन दुवै जना कार्यालय आउने भएकोले मेरो नाममा भुक्तानी भएका कारोवारहरु पनि निजहरु दुबै जना हरीमान लामा र धन बहादुर शेरचनबाट निजहरुले भने अनुसार भुक्तानी भएको हो। "राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.का संचालक प्रतिवादी ओम प्रसाद पाण्डेको योजनामा निज प्रतिवादी ओम प्रसाद पाण्डेले प्रभु बैंकका CEO अशोक शेरचन, DCEO मनिराम पोखरेल, CBO रश्मि पन्त र Assistant General Manager ऋवश श्रेष्ठ समेतसँग मिलेमतो गरी राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.को नाममा प्रवाह भएको कर्जा रकम प्रभु वैंक लि.को पार्किङ खातामा जम्मा गरी सो खाताबाट विभिन्न पुरानो कर्जा तथा व्याज रकम तिरेको र राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.का पुर्व शेयरधनी रविन्द्र पन्थ र हेमता सुवेदी ढुंगेल समेतलाई व्यक्तीगतरुपमा भुक्तानी दिई कर्जा रकमको दुरुपयोग गरेको सम्बन्धमा मलाई केही थाहा छैन"। प्रभु वैंक लि.बाट रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा प्रवाह कर्जा रकम प्रभु वैंक लि.को पार्किङ खातामा जम्मा गरी उक्त पार्किङ खाताबाट विभिन्न पुरानो कर्जा तथा व्याज रकम तिर्न प्रयोग भएको सम्बन्धमा प्रभु बैंक लि.का उच्च तहका कर्मचारीहरुलाई समेत जानकारी हुनु पर्छ। सो सम्बन्धमा सवै कुरा राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.का संचालक ओम प्रसाद पाण्डे तथा वैंकका उच्च तहका कर्मचारीहरुलाई थाहा हुनु पर्छ। निज ओम प्रसाद पाण्डे हाल के कहाँ छन् सो समेत मलाई केही जानकारी छैन। राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को संचालक समितीको अध्यक्ष धन वहादुर शेरचनको प्रभु वैंक लि.का तत्कालिन संचालक समितीको अध्यक्ष देवी प्रकाश भट्टचन नाताले भान्जा भएको र राम जानकी हेल्थ फाउण्डेसन

CamScanner

प्रा.लि.को तत्कालिन शेयरधनी हरिकृष्ण भट्टचनको प्रभु वैंक लि.का CEO अशोक शेरचन नाताले ज्वाई पर्ने भएको हुनाले निजहरु धन बहादुर शेरचन र हरिमान लामा समेतले प्रभु वैंक लि.का तत्कालिन संचालक समितीको अध्यक्ष देवी प्रकाश भट्टचन र CEO अशोक शेरचन समेतलाई प्रभाव पारी देवी प्रकाश भट्टचन र अशोक शेरचन समेतका उच्च तहका कर्मचारीहरुले आफ्नो पदिय हैसियत दुरुपयोग गरी राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.को नाममा प्रवाह भएको कर्जा रकम मेरो नाममा चेक काटी भुक्तानी लिई कर्जा रकमको दुरुपयोग गरेको कुरा हाल आएर मलाई थाहा भयो भन्ने व्यहोराको दिपकराज वरालको घटना बिबरण कागज।

ज) <u>ईन्सेटिभ टुर्स एण्ड ट्राभल्स प्रा.लि.का कर्मचारी कुमार प्रसाद आचार्यको घटना विबरण कागज:</u>

म २०७१ साल देखी २०७६ पुस महिना सम्म संचालक हरिमान लामा भएको ईन्सेन्टिभ टुर एण्ड ट्राभल कम्पनी, लाजिम्पाटमा लेखा अन्तर्गत मार्केटिङको काम गरेको हुँ। शुरुमा मेरो मासिक तलव रु.७,५००।– रहेको थियो। पछि वृद्धि हुँदै मासिक पारिश्रमिक रु.३०,०००।– रहेको थियो। उक्त समयमा मेरो काम बजारमा गई हवाई टिकट बापतको चेक तथा नगदमा भुक्तानी लिई कार्यालयमा ल्याई ईन्सेन्टिभ टुर एण्ड ट्राभल प्रा.लि.का लेखा प्रमुख माधव खड्कालाई बुझाउने रहेको थियो। हरिमान लामाले सन् २०१५ मा राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.को शेयर खरिद गरी निज हरिमान लामा राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.को संचालक समितिको अध्यक्ष भए पश्चात मैले राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.को बारेमा थाहा पाएको हुँ। हरिमान लामा रामजानकी हेल्थ फाउण्डेशन प्रा.लि.को संचालक समितिको अध्यक्ष भए पश्चात रामजानकी हेल्थ फाउण्डेशन प्रा.लि.को सम्पर्क कार्यालय काठमाडौं लाजिम्पाट स्थित मेट्रो पार्कको भवनमा रहेको थियो। ईन्सेन्टिभ टुर एण्ड ट्राभल प्रा.लि.को कार्यालय समेत सोही भवनमा संचालनमा रहेको थियो। राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि. र ईन्सेन्टिभ टुर एण्ड ट्राभल कम्पनीको संचालक हरिमान लामा रहेको र एउटै भवनमा दुवैको कार्यालय रहेको हुँदा मलाई कहिलेकाँही रामजानकी हेल्थ फाउण्डेशन प्रा.लि.का लेखापाल बासुदेव राज भण्डारीले प्रभु बैंक लि.मा भएको राम जानकी हेल्थ फाऊण्डेशन प्रा.लि.को खाताको चेक मेरो नाममा काटिदिई रकम झिकेर ल्याउनु भनि मलाई दिने गरेका थिए। सोही अनुसार मेरो नाममा काटिएको चेकहरुको रकम बैंकबाट भुक्तानी लिई राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.का लेखापाल बासुदेव राज भण्डारीलाई दिने गरेको थिए। सन् २०१८ पश्चात ईन्सेन्टिभ टुर एण्ड ट्राभल प्रा.लि. बन्द भए पश्चात मैले सो कम्पनी छाडेको हुँ। सो पश्चात मैले दमौली पोखरा सडक निर्माण गर्ने छाप्दी वाराही क्रसर उद्योगमा सामान सप्लाई गर्ने कामको व्यवस्थापन हेर्ने गरेकोमा सो प्रोजेक्ट सम्पन्न भए पश्चात हाल घरमा नै बसिरहेको छु। म राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.को कर्मचारी नभएता पनि राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.र ईन्सेन्टिभ टुर एण्ड ट्राभल प्रा.लि.समेतको अध्यक्ष हरिमान लामा भएको र निजको निर्देशनमा राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.को नामको खाताको चेकहरु मेरो नाममा काटिई सो चेकहरुबाट भुक्तानी लिन लगाईएको हो। मैले भुक्तानी लिएका सम्पूर्ण रकमहरु मैले राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.का लेखापाल बासुदेव राज भण्डारीलाई बुझाउने गरेको थिए। राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.को उक्त चेकहरु मेरो नाममा काटिए बापत मैले कुनै किसिमको व्यक्तिगतरुपमा आर्थिक लाभ लिएको छैन।

यसमा मलाई देखाईएको प्रभु वैंक लि.बाट राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा सन् २०१५/०७/२७ मा प्रवाह भएको कर्जा रकम रु.१०,००,००,०००।००(दश करोड) मध्ये राम जानकी हेल्थ फाउण्डेसनको खाता नम्बर 00100100678973000001 को उल्लेखित चेकहरुबाट जम्मा रु ८०,००,०००।०० (असी लाख) मैले भुक्तानी लिएको सम्वन्धमा राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.का लेखापाल बासुदेव राज भण्डारीले मेरो नाममा चेक काटिदिई रकम झिकी ल्याउनु भने बमोजिम मैले प्रभु बैंकमा गई उक्त चेकबाट रकम भुक्तानी लिई आई निज बासुदेव राज भण्डारीलाई दिएको हुँ। यसमा मलाई देखाईएको सन् २०१५/०८/०६ मा प्रभु वैंक लि.बाट राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा प्रवाह भएको कर्जा रकम रु ४,००,००,०००।००(चार करोड) र सन् २०१५।०९।०१ मा प्रवाह भएको रु २,००,००,०००।०० (दुई करोड) गरी जम्मा ६ करोड रुपैयाँ मध्ये राम जानकी हेल्थ फाउण्डेसनको खाता नम्बर 00100100678973000001 को उल्लेखित चेकहरुबाट जम्मा रु १,८०,००,०००।०० (एक करोड असी लाख) मैले

CamScanner

भुक्तानी लिएको सम्वन्धमा राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.का लेखापाल बासुदेव राज भण्डारीले मेरो नाममा चेक काटिदिई उल्लेखित रकम झिकी ल्याउनु भने बमोजिम मैले बैंकमा गई उक्त चेकबाट रकम भुक्तानी लिई आई निज बासुदेव राज भण्डारीलाई दिएको हुँ। यसमा मलाई देखाईएको सन् २०१६/०२/२५ मा राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि. लाई प्रवाह भएको कर्जा रकम रु.२०,००,००,०००।०० (बीस करोड) मध्ये राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को खाता नम्बर 00100100678973000002 को उल्लेखित चेकहरुबाट जम्मा रु ८,००,०००।०० (आठ लाख) मैले भुक्तानी लिएको सम्वन्धमा राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.का लेखापाल बासुदेव राज भण्डारीले मेरो नाममा चेक काटिदिई रकम झिकी ल्याउनु भने बमोजिम मैले बैंकमा गई उक्त चेकबाट रकम भुक्तानी लिएर निज बासुदेव राज भण्डारीलाई दिएको हुँ। यसमा मलाई देखाईएको सन् २०१६/०९/१६ मा प्रभु वैंक लि.बाट राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा प्रवाह भएको कर्जा रकम रु ४,००,००,०००।००(चार करोड) मध्ये राम जानकी हेल्थ फाउण्डेसनको खाता नम्बर 001001006789 73000001 को उल्लेखित चेकहरुबाट जम्मा रु ८,००,०००।०० (आठ लाख) मैले भुक्तानी लिएको सम्वन्धमा राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.का लेखापाल बासुदेव राज भण्डारीले मेरो नाममा चेक काटिदिई रकम झिकी ल्याउनु भने बमोजिम मैले बैंकमा गई उक्त चेकबाट रकम भुक्तानी लिएर निज बासुदेव राज भण्डारीलाई दिएको हुँ। यसमा मलाई प्रभु बैंक लि.बाट प्राप्त रामजानकी हेल्थ फाउण्डेशन प्रा.लि.को खाता नं. ००१००६७८९७ ३०००६१ बाट रकमान्तर भई गएका चेकहरुको प्रतिलिपी देखाउँदा देखेँ, रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को कर्मचारी दिपक बराल तथा अन्य व्यक्तीहरु प्रमोद चौधरी, विष्णु सिम्खडा समेतको नाममा काटिएको चेकहरुमा उल्लेखित रकम म कुमार प्रसाद आचार्यले भुक्तानी लिएको हो र उक्त चेकहरुमा भुक्तानी लिए भनी गरेको दस्तखत मैले गरेको मेरो आफ्नो दस्तखतहरु हो, फरक छैन मैले हेरी चिनी सनाखत गरिदिए। मलाई देखाईएको चेकहरुमा भुक्तानी लिने व्यक्ति कुमार आचार्य र कुमार प्रसाद आचार्यको नाममा भएको दस्तखत मेरो नै हो । प्रश्नमा उल्लेखित राम जानकी हेल्थ फाउन्डेशन प्रा.लि.को खाता नं. 00100100678973000001 र 00100100678973000002 बाट विभिन्न व्यक्तिहरुको नाममा विभिन्न मितिमा जारी भएको चेकहरु राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.का संचालक हरिमान लामाले प्रभु बैंक लि.को केन्द्रीय कार्यालयमा कुराकानी गरि सक्नु भएको छ भनी रामजानकी हेल्थ फाउण्डेशन प्रा.लि.का लेखापाल वासुदेव राज भण्डारीले मलाई दिए पश्चात प्रभु वैंक लि.बाट मैले दिपक बराल समेतका विभिन्न व्यक्तिहरुको नाममा काटिएको चेकहरुबाट भुक्तानी लिई लेखापाल वासुदेव राज भण्डारीलाई बुझाउने गरेको थिएँ। यसरी मैले माथि उल्लेखित जम्मा ६६ थान चेकहरुबाट जम्मा रु. ३०,७०,७५,०००/- (तिस करोड सत्तरी लाख पचहत्तर हजार रुपैयाँ) भुक्तानी लिएको रहेछु । तत्कालिन समयमा वैंकबाट एउटा चेकबाट एक व्यक्तीको नाममा जम्मा रु.४९,००,०००।– (उनान्पचास लाख) मात्र झिक्न मिल्ने भएकोले एकै दिनमा मेरो नाममा मात्र त्यती ठुलो मात्रा कारोबार भएको हो । वैंकबाट रु.४९,००,०००।– (उनान्पचास लाख) भन्दा धेरै रकम झिक्नु पर्ने अवस्था भएमा संचालक हरिमान लामाको निर्देशनमा लेखापाल बासुदेव राजभण्डारीले विभिन्न व्यक्तिहरुको बनावटी नाम राखी चेक जारी गर्ने गरेका थिए। त्यसरी विभिन्न व्यक्तीहरुको नाममा काटिएको चेकहरु सटही गर्नको लागि मलाई दिने गरेको हुँदा विभिन्न व्यक्तिहरुको नाममा जारी भएको चेकबाट मैले भुक्तानी लिएको हुँ। यसरी माथि उल्लेखित ६६ थान चेकहरु मध्ये १ (एक) थान चेकमा भएको रु.९,९०,००,०००/- (नौ करोड नब्बे लाख रुपैयाँ) राम जानकी हेल्थ फाउन्डेशन प्रा.लि.को खातामा जम्मा गरी अन्य ६५ थान चेकहरुको रकम रु.२०,८०,७५,०००/- (बिस करोड असी लाख पचहत्तर हजार) भुक्तानी लिई लेखापाल वासुदेव राज भण्डारीलाई वुझाएको हो । यसरी मैले काम गरेँ बापत कुनै आर्थिक लाभ लिएको छैन भन्ने व्यहोराको ईन्सेन्टिभ टुर्स एण्ड ट्राभल्स प्रा.लि.का कर्मचारी कुमार प्रसाद आचार्यकोको घटना बिबरण कागज।

झ) <u>रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.का लेखापाल वासुदेव राजभण्डारीको घटना विबरण कागज:</u>

कुमार प्रसाद आचार्य, दिपक राज बराल, मोतिलाल उदास, माधव खड्कालाई म ईन्सेन्टिभ टुर एण्ड ट्राभल कम्पनीमा लेखापालको रुपमा कार्यरत रहँदा चिनेको हुँ। ईन्सेन्टिभ टुर एण्ड ट्राभल कम्पनीका लेखा प्रमुख माधव खड्का र कुमार प्रसाद आचार्य, दिपक राज बराल, मोतिलाल उदास र प्रितम दानी सहायकस्तरका कर्मचारीहरु थिए। हाल ६ महिना

CamScanner

देखि म कोटेश्वर स्थित अल्फा कन्सल्टेन्सी प्रा.लि.मा लेखापालको रुपमा कार्यरत छु । यसभन्दा अगाडी ईशान अस्पताल, बसुन्धरा स्थित लेखापालको रुपमा कार्यरत थिएँ । काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २, लाजिम्पाट स्थित मेट्रो पार्कको भवनमा ईन्सेन्टिभ टुर एण्ड ट्राभल कम्पनीमा वि.सं. २०७० देखि २०७२ सम्म ईन्सेन्टिभ टुर एण्ड ट्राभल कम्पनीमा लेखापालको रुपमा काम गरेको थिएँ । उक्त कम्पनीको संचालक हरिमान लामा रहेका थिएँ । हरिमान लामा राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि. को संचालक समितिको अध्यक्ष भए पश्चात राम जानकी मेडिकल हेल्थ फाउण्डेशन प्रा.लि.को सम्पर्क कार्यालय ईन्सेन्टिभ टुर एण्ड ट्राभल कम्पनीसँगै एकै भवनमा थियो । ईन्सेन्टिभ टुर एण्ड ट्राभल कम्पनीमा काम गर्दागर्दै हरिमान लामाले मलाई राम जानकी हेल्थ फाउन्डेशन प्रा.लि.मा काम गर्नु भनि खटाई दिएका थिए । सोही बमोजिम वि.सं. २०७२ साल देखि करिब १ वर्ष जति राम जानकी हेल्थ फाउन्डेशन प्रा.लि.मा लेखापाल कै रुपमा काम गर्न शुरु गरेँ । काम गर्दै जाँदा तलब नपाएपछि मैले उक्त प्रा.लि. एकिन मिति याद भएन, वि.सं. २०७४ सालको सुरुवाततिर छोडेको थिएँ । लेखा शाखामा कार्यरत भएको हैसियतले ईन्सेन्टिभ टुर एण्ड ट्राभल कम्पनीका संचालक र राम जानकी हेल्थ फाउन्डेशन प्रा.लि. संचालक समितिको अध्यक्ष हरिमान लामा र कहिलेकाही लेखा प्रमुख माधव खड्काले भने बमोजिम नै विभिन्न व्यक्तिहरुको नाममा चेक जारी गरेको हुँ । उक्त चेक बापतको रकम हरिमान लामाले आफ्नो नाममा राख्नु भनि दिएको निर्देशन बमोजिम नै मैले नेपाल राष्ट्र बैंकबाट तोकिएको कारोबारको सिमा एक व्यक्तिसँग एक दिनमा रु. ५०,००,०००/- (पचास लाख) सम्मको मात्र कारोबार गर्न मिल्ने हुनाले उक्त कारोबारको सीमालाई ख्याल गरी विभिन्न काल्पनिक व्यक्तिहरुको नाममा चेक जारी गरी सटहीको लागि कुमार प्रसाद आचार्य, दिपक राज बराल, मोतिलाल उदास र प्रितम दानीसमेतलाई दिने गरेको थिएँ । हरिमान लामाले मलाई भने बमोजिम नै मैले कुमार प्रसाद आचार्यलाई उक्त चेकबाट भुक्तान भएको रकम विभिन्न व्यक्तिहरुको नाममा जम्मा गर्नको लागि भन्ने गरेको थिएँ । कुमार प्रसाद आचार्य, दिपक राज बराल, मोतिलाल उदास र प्रितम दानीले चेक सटही गरी नगदै ल्याएको रकम रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.का संचालक हरीमान लामालाई म र माधब खड्का समेतले दिने र निजले आफ्नो तजबिजले उक्त रकम चलाउने गर्दथे । हरीमान लामाको एअर एसियामा समेत राम जानकी को चेकबाट सटही गरेको नगद रकम मध्ये केही रकम गएको हो , तर के कति रकम गएको भन्ने बिषय हाल आएर याद भएन । यस बाहेक हरिमान लामाको कारोबार सम्बन्धमा मलाई थाहा छैन । यसरी जसको नाममा चेक जारी गरेको भएपनि उक्त चेक सटहिको लागि कुमार प्रसाद आचार्य जाँदा प्रभु बैंकबाट सहजै रकम भुक्तान हुने गरेको थियो । सो चेक जसको नाममा जारी गरिएपछि सो चेक कुमार आचार्य, दिपक राज बराल, मोतिलाल उदास समेतले प्रभु बैंकमा गई पेश गर्दा बैंकबाट सजिलै भुक्तानी हुने गरेको थियो । चेक सटही गरी प्राप्त रकम हरिमान लामाले आफ्नो तजबिजी अनुसार प्रयोग गर्ने गरेका थिए प्रभु बैंकको संचालक देवी प्रकाश भट्टचन, CEO अशोक शेरचन र राम जानकी हेल्थ फाउन्डेशन प्रा.लि.को संचालक धन बहादुर शेरचन आफन्त पर्ने भएकोले राम जानकी हेल्थ फाउन्डेशन प्रा.लि.को नाममा रहेको चेक सजिलै सटही हुने गरेको थियो । मैले हरिमान लामाको निर्देशन बमोजिम नै उक्त चेकहरु जारी गर्ने गरेको थिएँ । रामजानकी हेल्थ फाउण्डेसनको खाता नं. 00100100678973000000 बाट सन् 10/02/2016 मा जारी गरिएको चेक नं. HOME CHQ. 50004152777 को सम्बन्धमा मैले स्टेटमेन्ट र चेक भुक्तानीको कागजमा चेकको प्रतिलिपि समेत हेरी देखे । उक्त चेकको सम्बन्धमा मलाई केही थाहा छैन । उक्त रकम मैले भुक्तानी लिएको समेत हैन । उक्त चेकमा हरिमान लामा र धन बहादुर शेरचनको हस्ताक्षर रहेको बिषय भने मैले सनाखत गरे । उक्त चेक भुक्तानी लिने रबिन प्रजापतिलाई समेत मैले चिन्दिन/जान्दिन भन्ने व्यहोराको ईन्सेन्टिभ टुर एण्ड ट्राभल प्रा.लि.का लेखापाल वासुदेव राजभण्डारीको घटना बिबरण कागज।

ञ) <u>ईन्सेन्टिभ टुर एण्ड ट्राभल प्रा.लि.का लेखापाल माधव खड्काको घटना विबरण कागज:</u>

मैले कुमार प्रसाद आचार्य, दिपक राज बराल, बासुदेव राज भण्डारी, मोतीलाल उदास र प्रितम दानीलाई चिन्छु । निजहरु सबै ईन्सेन्टिभ टुर एण्ड ट्राभल कम्पनी र राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.का कर्मचारी थिएँ । विगत ६ वर्षदेखि काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २ गैह्रीधारा स्थित एयरलजिस्टिक ग्रुप नामक कार्गो कम्पनीमा लेखापालको रुपमा काम गरी आएको छु । यस भन्दा अगाडी सन् २०११ देखि सन् २०१९ सम्म काठमाडौं जिल्ला

CamScanner

काठमाडौं महानगरपालिका वडा नं. २, लाजिम्पाट स्थित मेट्रो पार्कको भवनमा ईन्सेन्टिभ टुर एण्ड ट्राभल कम्पनीमा लेखापालको रुपमा कार्यरत थिएँ। उक्त कम्पनीको संचालक हरिमान लामा रहेका थिएँ। सन २०१५ मा हरिमान लामा राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि. समेतको संचालक समितिको प्रवन्ध संचालक भए पश्चात राम जानकी मेडिकल हेल्थ फाउण्डेशन प्रा.लि.को सम्पर्क कार्यालय समेत ईन्सेन्टिभ टुर एण्ड ट्राभल प्रा.लि.सँगै एउटै भवनमा एउटै फ्लाटमा संचालन गरेको थियो। सोही समयमा राम जानकी हेल्थ फाउन्डेशनका संचालक हरिमान लामा बाहेक अन्य धन बहादुर शेरचन र हरिकृष्ण भट्टचन समेतलाई चिनजान भएको थियो। म कम्पनीको लेखापालको रुपमा कार्यरत रहँदा कम्पनीको लेखा सम्बन्धित कामहरु साथै विभिन्न बैंक तथा वित्तीय संस्थाहरुसँग कर्जा लिने, बुझाउने समेतको अन्य कामहरु समेत गर्ने गरेको थिए। त्यस वेला मेरो मासिक तलब रु.५५,०००।-थियो। त्यस वेला ईन्सेन्टिभ टुर एण्ड ट्राभल प्रा.लि.मा सहायक लेखापालको रुपमा काम गरिरहेका वासुदेव राजभण्डारीलाई ईन्सेन्टिभ टुर्स एण्ड ट्राभल्स प्रा.लि.को व्यवस्थापनले राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.को लेखापालको रुपमा काम गर्न भनि खटाएको थियो। ईन्सेन्टिभ टुर एण्ड ट्राभल कम्पनी र राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.का संचालक हरिमान लामा भएकोले निज हरिमान लामाले नै मलाई लेखा प्रमुखको हैसियतमा प्रभु बैंक लि.को राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.को खाताबाट निकाल्नु पर्ने रकमको लिस्ट मलाई दिने गरेका थिए, त्यस पछि मैले सोही बमोजिम चेक काटि दिनु भनि बासुदेव राजभण्डारीलाई दिने गरेको थिए। त्यस पछि निज वासुदेव राजभण्डारीले सोही अनुसार नै विभिन्न व्यक्तिहरुको नाममा चेक जारी गरी रकम भुक्तानी लिनको लागि कुमार प्रसाद आचार्य, दिपक राज बराल, मोतिलाल उदास र प्रितम दानी समेतका व्यक्तिहरुलाई पठाउने गरेका थिएँ। उक्त चेकहरु जसको नाममा जारी गरेको भएपनि केही फरक पर्दैन्थ्यो। चेक काटी दिए पछि कुमार प्रसाद आचार्य, दिपक राज बराल, मोतिलाल उदास र प्रितम दानी चेक सटहीको लागि प्रभु बैंकमा गएपछि उक्त चेकमा उल्लेख भएको रकम भुक्तानी गर्ने, नगर्ने भनि Confirm गर्नको लागि बैंकबाट हरिमान लामालाई फोन गरी सोधे पछि मात्र भुक्तानी हुने गरेको थियो। कुनै बेला ठूलो रकम भुक्तानी लिने बेलामा हरिमान लामा स्वयम् प्रभु बैंकमा जाने गरेका थिए। त्यसरी बैंकबाट रकम भुक्तानी लिए पछि हरिमान लामाको निर्देशनमा कुमार प्रसाद आचार्यले विभिन्न खातामा जम्मा गर्ने गरेका थिए। प्रभु बैंक लि.को तत्कालिन संचालक देवी प्रकाश भट्टचन, CEO अशोक शेरचन र राम जानकी हेल्थ फाउन्डेशन प्रा.लि.को संचालक धन बहादुर शेरचन आफन्त पर्ने भएको कारणले जसको नाममा चेक जारी गरेको भएपनि उक्त चेक सटहिको लागि कुमार प्रसाद आचार्य, दिपक राज बराल, मोतिलाल उदास र प्रितम दानी प्रभु बैंक जाँदा बैंकबाट सहजै रकम भुक्तान हुने गरेको थियो, त्यसमा कुनै पनि समस्या आउने गरेको थिएन। मैले हरिमान लामाको निर्देशन बमोजिम नै उक्त चेकहरु जारी गर्नको लागि लेखापाल बासुदेव राजभण्डारीलाई भन्ने गरेको थिए। सवै काम हरिमान लामाको निर्देशनमा भएको हो भनि ईन्सेन्टिभ टुर्स एण्ड ट्राभल्स प्रा.लि.का लेखपाल माधव खड्काको घटना बिबरण कागज।

ट) <u>प्रईन्सेन्टिभ टुर्स एण्ड ट्राभल्स प्रा.लि.का कर्मचारी मोतीलाल उदासको घटना विबरण कागज:</u>

मैले २०६८ साल देखी २०७५ साल सम्म संचालक हरिमान लामा भएको ईन्सेन्टिभ टुर एण्ड ट्राभल कम्पनी, लाजिम्पाटमा लेखा अन्तर्गत मार्केटिङको काम गरेको हुँ। शुरुमा मेरो मासिक तलव रु.७,५००।– रहेको थियो। पछि वृद्धि हुँदै मासिक पारिश्रमिक रु.२३,५००।– रहेको थियो। उक्त समयमा मेरो काम बजारमा गई हवाई टिकट बापतको चेक तथा नगदमा भुक्तानी लिई कार्यालयमा ल्याई ईन्सेन्टिभ टुर एण्ड ट्राभल प्रा.लि.का लेखा प्रमुख माधव खड्कालाई बुझाउने रहेको थियो। हरिमान लामाले सन् २०१५ मा राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.को शेयर खरिद गरी निज हरिमान लामा राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.को संचालक समितिको अध्यक्ष भए पश्चात मैले राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.को बारेमा थाहा पाएको हुँ। हरिमान लामा रामजानकी हेल्थ फाउण्डेशन प्रा.लि.को संचालक समितिको अध्यक्ष भए पश्चात रामजानकी हेल्थ फाउण्डेशन प्रा.लि.को सम्पर्क कार्यालय काठमाडौं लाजिम्पाट स्थित मेट्रो पार्कको भवनमा रहेको थियो। ईन्सेन्टिभ टुर एण्ड ट्राभल प्रा.लि.को कार्यालय समेत सोही भवनमा रहेको थियो। राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि. र ईन्सेन्टिभ टुर एण्ड ट्राभल कम्पनीको संचालक हरिमान लामा रहेको र एउटै भवनमा दुवैको कार्यालय रहेको हुँदा मलाई कहिलेकाँही रामजानकी हेल्थ फाउण्डेशन प्रा.लि.का लेखापाल बासुदेव राज भण्डारीले प्रभु बैंक लि.मा भएको राम जानकी

CamScanner

हेल्थ फाऊण्डेशन प्रा.लि.को खाताको चेक दिपक राज वरालको नाममा काटिदिई रकम झिकेर ल्याउनु भनि मलाई दिने गरेका थिए। सोही अनुसार दिपक राज वरालको नाममा काटिएको चेकहरुको रकम मैले बैंकबाट भुक्तानी लिई राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.का लेखापाल बासुदेव राज भण्डारी दिए पछि सो को हिसाव किताव ईन्सेन्टिभ टुर एण्ड ट्राभल्स प्रा.लि.का लेखापाल माधव खड्कालाई समेत दिने गरेको थिए। म राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.को कर्मचारी नभएता पनि राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.र ईन्सेन्टिभ टुर एण्ड ट्राभल प्रा.लि.समेतको अध्यक्ष हरिमान लामा भएको र निजको निर्देशनमा राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.को नामको खाताको चेकहरु रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को कर्मचारी दिपक राज वरालको नाममा काटिई उल्लेखित चेकहरुबाट मलाई भुक्तानी लिन लगाईएको हो। यसमा मलाई देखाईएको रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को खाता नं. 00100100678973O 00001 बाट 07/27/2015 मा दिपक राज वरालको नाममा काटिएका ७ थान चेकहरुबाट जम्मा रु.२,७५,००,०००।– (दुई करोड पचहतर लाख) मैले झिकेको हो। उल्लेखित चेकहरुमा रकम झिक्ने व्यक्तीको नाममा गरेको दस्तखत मैले गरेको मेरो आफ्नै दस्तखत हो फरक छैन मैले हेरी चिनी सनाखत गरिदिए। राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.को खाताबाट दिपक राज वरालको नाममा काटिएका चेकहरुबाट रकम भुक्तानी लिए वापत मैले कुनै किसिमको व्यक्तिगतरुपमा आर्थिक लाभ लिएको छैन। ईन्सेन्टिभ टुर एण्ड ट्राभल्स प्रा.लि.का लेखापाल माधब खड्का, कर्मचारी कुमार आचार्य र रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.का लेखापाल बासुदेव राज भण्डारी र कर्मचारी दिपकराज बराल लाई मैले ईन्सेन्टिभ टुर एण्ड ट्राभल्स प्रा.लि.मा काम गर्दा चिनेका व्यक्तीहरु हुन। यसमा मेरो कुनै संलग्नता छैन्, रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.का लेखापाल बासुदेव राज भण्डारीको निर्देशनमा दिपकराज वरालको नाममा काटिएको चेकहरुबाट रकम झिकेर ल्याउनु भने वमोजिम मैले प्रभु वैंकमा गई उल्लेखित चेकहरुबाट रकम भुक्तानी लिई उल्लेखित रकम वासुदेव राज भण्डारीलाई दिएको र सो को जानकारी ईन्सेन्टीभ टुर एण्ड ट्राभल्सका लेखापाल माधव खडकालाई दिने गरेको हो भन्ने व्यहोराको मोतिलाल उदासको घटना बिबरण कागज।

ठ) <u>प्रभु बैंक लि.को तत्कालिन Risk Analyst प्रतिक भट्टचनको घटना विबरण कागज:</u>

मैले २०१५ देखि नै प्रभु बैंक लि.बबरमहलमा Risk Analyst को रुपमा काम गर्न शुरु गरी हाल सम्म कार्यरत भई आएको छु। प्रभु बैंक लि.ले राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा Term Loan 60 million कर्जा प्रवाह गर्न तयार भएको सन २०२०/०५/२६ को Credit Appraisal मा मेरो नाममा भएको दस्तखत मलाई देखाउदा हेरीचिने, उक्त दस्तखत मैले गरेको दस्तखत हो फरक छैन। कर्जा प्रवाहको लागि Project Finance Department बाट तयार भई आएको Credit Appraisal लाई ठिक छ छैन भनि हेर्ने, ठीक छैन भने मौखिकरुपमा जानकारी गराई सच्चाएर पेश गर्नु भन्ने र यति गर्दा पनि नभएमा आफ्नो कुराहरु उक्त Credit Appraisal मा उल्लेख गरी लेख्ने र कर्जा प्रवाहको Chain मार्फत Credit Manager समक्ष पेश गर्ने गरी आएको छु। यसरी नै कर्जा Chain मा कर्जाको लिमिट अनुसार स्विकृत भई कर्जा प्रवाह हुने गरेको छ। सन २०२०/०५/२६ को Credit Appraisal अनुसार उक्त कर्जा पनि बोर्डबाट स्विकृत भएको हो। यसमा Purchase of equipment CT Scan, MRI, and installation cost. समेत उद्देश्यले प्रवाह भएको कर्जा जुन उद्देश्यले माग गरिएको हो सोही काममा प्रयोग गर्नु पर्ने हुन्छ, म Credit Risk Analyst को हैसियतले कर्जा स्विकृत हुनु भन्दा अगाडीको Pre approval को काममा मात्र संलग्नता हुन्छ, त्यस पछि Post approval को काममा Project Finance department र Credit Administration Department बाट कर्जा उद्देश्य शर्त बमोजिम कर्जा प्रवाह भएको हो, होईन भनि एकिन गर्नु पर्ने हुन्छ। कर्जा स्विकृत हुनु भन्दा अगाडीको Pre approval को काममा मात्र मेरो संलग्नता हुने भएकोले पछि ऋणीले उक्त कर्जा दुरुपयोग गरेको सम्बन्धमा मलाई जानकारी हुदैन। अघिल्लो बक्यौता रकम चुक्ता गर्दै लाने गरी कम्पनीलाई आवश्यक परेको मेडिकल सामग्री CT Scan, MRI, खरिद गर्न र installation गर्नको लागि ऋणीले कर्जा माग गरे बमोजिम Credit chain मार्फत बोर्डबाट उक्त कर्जा स्विकृत भएको हो। कर्जाको सदुपयोग र दुरुपयोगको सम्बन्धमा Risk Analyst को कुनै भूमिका हुदैन। कर्जा प्रवाह गर्ने क्रममा मेरो स्वतन्त्र भूमिका हुने भएकोले यस कर्जामा

CamScanner

समेत मेरो स्वतन्त्र भूमिका नै रहेको छ । उल्लेखित कर्जा प्रवाह गर्ने क्रममा बैंकका अन्य कर्मचारीहरुको संलग्नता सम्बन्धमा मलाई केही थाहा छैन भन्ने व्यहोराको प्रतिक भट्टचनको घटना बिबरण कागज।

ड) <u>प्रभु बैंक लि.को तत्कालिन CCO भेषराज खतिवडाको घटना विबरण कागज:</u>

राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.लाई सन् 2015-05-05, 2015-08-04, 2015-09-22, 2016-02-23 र 2016-09-05 को Credit Appraisal/Memorandum मार्फत कर्जा प्रवाह गर्दाको समयमा प्रभु बैंकको प्रमुख कर्जा अधिकृत (Chief Credit Officer-CCO) को रुपमा कार्यरत थिएँ । उक्त पदमा रहँदा मेरो जिम्मेवारी अन्तर्गत कर्जा प्रस्तावहरु मुल्याङ्कन तथा विश्लेषण गरी आफ्नो अख्तियारी भित्रको प्रस्तावमा स्वीकृत वा अस्वीकृत गर्ने, अख्तियारी भन्दा माथीको कर्जा प्रस्तावमा समर्थन वा असहमतिहरूमा कैफियत जनाई माथिल्लो तहमा DCEO/ CEO मा पठाउने, यसबाहेक आफू भन्दा तलको तहको कर्मचारीहरुलाई Monitor, Educate गर्ने समेतको काम रहेको थियो । राम जानकी हेल्थ फाउन्डेशन प्रा.लि.को नाममा कर्जा प्रवाह गर्दाका बखत तयार पारिएको सन् 2015-05-05 को Credit Appraisal को For Approval or Rejection/Remarks, if Any खण्डमा supported by CCO मा भेषराज खतिवडाको दस्तखत मैले नै गरेको हुँ । उक्त कर्जा प्रवाह सन्दर्भमा सो प्रस्ताव पूर्व सन् २०१५ अप्रिल १० मा ऋणीबाट थप धितो लिने प्रस्तावमा मैले भाका नाघेको (overdue) यस कर्जा फाईलमा थप धितो लिन मिल्ने तर विद्यार्थी कोटा स्वीकृत नभएकोले थप कर्जा दिन नमिल्ने भनी Comment गरेको थिएँ । त्यसपछि पनि सन् 2015-05-05 को प्रस्तावमा समेत मैले १४ वटा बुँदामा असहमती राखेर प्रस्ताव पेश गर्ने विभागीय प्रमुख तत्कालिन Head of Corporate and Project Financing रविन श्रेष्ठलाई प्रश्न राखी ईमेल पठाएको थिएँ । त्यसपछि निजले डा. लोक बिक्रम थापाको व्यवस्थापन समेत भित्रिने भनि उक्त कर्जा प्रवाह गर्नको लागि CEO अशोक शेरचनले निर्देशन दिएको भनि पुन: पेश भएको भनेपछि (i) Overdue भएको कर्जा थप कर्जा प्रवाह भन्दा अगाडी नै चुक्ता गर्नुपर्ने, (ii) कर्जा प्रवाह गर्दा कर भुक्तानी, कर्मचारीको तलब, आपूर्तीकर्ताको भुक्तानी आदि सम्बन्धितको बैंक खातामा जम्मा गर्नुपर्ने तथा ऋणीले निकाल्न नपाउने व्यवस्था गर्नुपर्ने, (iii) कलेज संचालक (ऋणी) र नयाँ व्यवस्थापन डा. लोक बिक्रम थापा बिच भएको भनिएको सम्झौता पत्र बैंकलाई उपलब्ध गराउनुपर्ने, (iv) कलेजको खर्च तथा आम्दानी नियन्त्रण गर्न वित्तीय परामर्शदाता नियुक्ती गर्नुपर्ने, (v) विद्यार्थीको Fee दुरुपयोग रोक्न बैंक खातामा मात्र जम्मा गर्नुपर्ने, (vi)ऋणीले अन्य बैंकमा खाता खोल्न नपाउने, (vii) शेयरहोल्डरबिच शेयर खरिद-बिक्री गर्न खरिदकर्ता आफैले रकम तिर्नुपर्ने, बैंकबाट कर्जा लिन नपाउने व्यवस्था गर्नुपर्ने भनि मैले सात बुँदामा शर्तहरु राखेर फाईल अगाडी बढाएको अवस्थामा समेत उक्त कर्जा CEO अशोक शेरचनको सिफारिसमा संचालक समितिबाट स्वीकृत भएको थियो तर मैले राखेका सर्तहरू कर्जा स्विकृतिको अंग बनाईएन र शर्तहरू पालना गराईएन । राम जानकी हेल्थ फाउन्डेशन प्रा.लि.को नाममा कर्जा प्रवाह गर्दाका बखत तयार पारिएको सन् 2015-08-04 को Credit Appraisal को For Approval or Rejection/ Remarks, if Any खण्डमा supported by CCO भेषराज खतिवडाको दस्तखत मैले गरेको हुँ । रु. ६ करोडको थप कर्जाको लागि उक्त कर्जा प्रस्ताव पेश भएकोमा मैले सन् 2015-05-05 को प्रस्तावमा मैले उल्लेख गरेको शर्तहरु बमोजिम नै हुनुपर्ने भनि 'suggestions on CA dated 5/5/2015 is integral part of the proposal.' भनि Comment गरेर अगाडी बढाएकोमा उक्त कर्जा CEO अशोक शेरचनको सिफारिसमा संचालक समितिबाट स्वीकृत भएको थियो तर मैले राखेका सर्तहरू कर्जा स्विकृतिको अंग बनाईएन र शर्तहरू पालना गराईएन । राम जानकी हेल्थ फाउन्डेशन प्रा.लि.को नाममा कर्जा प्रवाह गर्दाका बखत तयार पारिएको सन् 2015.09.22 को Credit Appraisal को For Approval or Rejection/ Remarks, if Any खण्डमा supported by CCO मा भेषराज खतिवडाको दस्तखत मैले गरेको हुँ । सामान्यतया बैंकिङ प्रचलनमा CCO ले ऋणीलाई भेट्ने काम सम्बन्ध प्रबन्धक (RM & Line Manager; RM head , CBO, DCEO, CEO) ले गर्ने तर CCO ले भेट्ने गरिदैन तर यो कर्जा प्रस्तावमा यस भन्दा अगाडीका दुईवटा प्रस्तावहरुमा मैले राखेको शर्तहरु पुरा नभएकोले थप कर्जा प्रवाह गर्न नसकिने भनि CEO अशोक शेरचनसँग मौखिक अडान राखेपछि अशोक शेरचनले राम जानकी हेल्थ फाउन्डेशनमा संचालक हरिमान लामासँग CEO कै कार्यकक्षमा मिटिङ राखी उक्त कर्जा समर्थन गर्न दबाब दिएपछि मैले पहिलेको

CamScanner

कर्जाको सदुपयोगितामा नै प्रश्न रहेकोले जनताको निक्षेप रहेको बैंकबाट थप कर्जा स्वीकृत गर्न नसकिने भनि हरिमान लामा र अशोक शेरचन दुवैको उपस्थितिमा मौखिक अडान राखेको थिएँ, यो तथ्य मैले सन् २०१८ मा प्रभु बैंकबाट राजिनामा गरेपछि CEO अशोक शेरचन, तत्कालिन Chairman देवी प्रकाश भट्टचन र जोखिम व्यवस्थापन समितिका सबै सदस्यहरुलाई Departure Note को रुपमा ईमेल मार्फत जानकारी गराएको थिएँ। उक्त मिटिङमा अडान राखेपछी पनी पुन: प्रस्ताव पेश भएको हुँदा मैले बैंकिङ भाषामा बुझीने गरी असहमति जनाई 'In line with observations and suggestions on the CA dated 5/5/2015, forwarded for further decision' भनि Comment लेखी पठाएको थिएँ। मौखिक र लिखित रुपमा यति स्पष्ट असहमति भएपछि यो कर्जा स्वीकृत हुँदैन भन्ने मेरो बुझाई रहेको थियो। Comment मा उल्लेख भएको विषय तल्लो तहको कर्मचारीसँग सम्बन्धित नभई माथिल्लो तहमा नै forward गर्नुपर्ने भएकोले कर्जा प्रस्तावको अस्वीकृतीको अपेक्षा सहित माथिल्लो तहमा पठाएको थिएँ तर सो कर्जा पनि CEO अशोक शेरचनको सिफारिसमा संचालक समितिबाट स्वीकृत भएको थियो तर मैले राखेका शर्तहरु कर्जा स्वीकृतीको अङ्ग बनाईएन र शर्तहरु पालना गराईएन। राम जानकी हेल्थ फाउन्डेशन प्रा.लि.को नाममा कर्जा प्रवाह गर्दाका बखत तयार पारिएको सन् 2016.02.23 को Credit Appraisal को For Approval or Rejection/Remarks, if Any खण्डमा supported by CCO मा भएको दस्तखत मेरो नै हो। यस बिचमा ऋणीले रु. ३२.५ करोड कर्जा वृद्धि गरेकोमा सो रकमको उपयोग सम्बन्धमा बैंकबाट वित्तीय परामर्शदाता नियुक्त गरी कर्जा प्रस्तावमा निर्णय हुनु पूर्व नै छानविन गरी एकिन गर्नुपर्ने, (ii) विद्यार्थीको कोटा हालसम्म प्राप्त नभएकोले कोटा पाउन्जेल सम्मको खर्च संचालकहरुले व्यहोर्नुपर्ने, (iii) भौगोलिक जोखिम र व्यवस्थापन जोखिम उच्च रहेको, (iv) कृषि विकास बैंकबाट Swap गर्न कर्जा प्रवाह गर्न खोजिएको (v) हालै प्रकाशित MBBS को नतिजामा विद्यार्थी उतीर्ण ज्यादै न्यून भएकोले नयाँ कोटा पाएपनि भर्ना नपाउने जोखिम रहेको, (vi) पूर्व शर्तहरु पालना नगरेको भनि पुन: असहमति जनाएको र अघिल्ला प्रस्तावमा 'forwarded for further decision' भनि Comment लेखी पठाउँदा पनि कर्जा स्वीकृत भएपछि अझ स्पष्ट रुपमा 'Forwarded without support' भन्ने Comment लेखि पठाएको अवस्थामा पनि उक्त कर्जा CEO अशोक शेरचनको सिफारिसमा संचालक समितिबाट स्वीकृत भएको थियो। राम जानकी हेल्थ फाउन्डेशन प्रा.लि.को नाममा कर्जा प्रवाह गर्दाका बखत तयार पारिएको सन् 2016.09.05 को Credit Appraisal को For Approval or Rejection/Remarks, if Any खण्डमा supported by CCO भेषराज खतिवडाको नाममा On Leave उल्लेख भएको सम्बन्धमा यस भन्दा अगाडी मैले असहमति जनाउँदा जनाउँदै कर्जा स्वीकृत भएकोले सो कर्जा प्रस्ताव दस्तखत नगर्ने भनेको थिएँ। सोही कारणले CEO अशोक शेरचन आफैले मेरो नाममा On Leave लेखेर उक्त कर्जा सिफारिस गरी संचालक समितिबाट स्वीकृत गराएका हुन्। राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.मा कर्जाको साँवा र व्याजको भुक्तानी नियमित नरहेको र सो सावाँ ब्याजको भुक्तानी नियमित गर्नुपर्ने भन्ने पूर्व शर्त राखेर नै कर्जा प्रस्ताव दस्तखत गरेको थिएँ। मैले हेरेको कर्जा प्रस्तावमा SOL Limit नाघेको अवस्था थिएन। पुरानो कर्जा expire भएको कर्जालाई सावाँ तथा ब्याज भुक्तानी नियमित भए नविकरण गर्ने बैंकिङ क्षेत्रमा सामान्य प्रचलन रहेको छ। रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.लाई कर्जा प्रवाह गर्नको लागि तयार भएको कर्जा प्रस्तावमा CCO को हैसियतले गर्नुपर्ने भूमिका मैले तटस्थ रुपमा निर्वाह गरी यथास्थितिमा कर्जा प्रवाह गर्न नसकिने भनि असहमती जनाउँदा जनाउँदैको अवस्थामा तत्कालिन CEO अशोक शेरचनले मैले लेखेको Comment तथा शर्तहरु बेवास्ता गरी निजको सिफारिसमा संचालक समितिबाट उक्त कर्जाहरु स्वीकृत भएको थियो। कर्जाको रकम साँवा र ब्याज तिर्नको लागी र नगदमा भुक्तानी लिई हाल सम्म खुलेको जम्मा रु. 562,854,137 (छपन्न करोड अठ्ठाईस लाख चौवन्न हजार एक सय सैतिस रुपैयाँ) कर्जाको रकम दुरुपयोग गरेको सम्बन्धमा मलाई हाल जानकारी भयो। तत्कालिन समयमा प्रवाह भएको कर्जा दुरुपयोग भएको हुन सक्छ र दुरुपयोग रोक्न भनि Financial Consultant बाट रुजु गराउनु पर्ने भनि शर्त राखेकोमा सो समेत बेवास्ता गरी थप कर्जाहरु स्वीकृत गरिएको थियो। कर्जा दुरुपयोग रोक्नको लागि शर्तहरु राख्ने सम्मको जिम्मेवारी CCO को हैसियतले मेरो हो, सो काम मैले गरेको पनि थिएँ। बैंकले कर्जाको रकम प्रवाह गरेकोमा सो को सदुपयोगिताको बारेमा अनुगमन गरी दुरुपयोग गर्न नदिने जिम्मेवारी सम्बद्ध प्रबन्धकहरु (RM) र कर्जा प्रशासन विभागको हुने भएतापनी

CamScanner

CEO को निर्देशनमा अन्यथा भएको हुन सक्छ भन्ने व्यहोराको प्रभु बैंक लि.मा तत्काल CCO को हैसियतमा कार्यरत भेषराज खतिवडाको घटना बिबरण कागज।

ढ) <u>प्रभु बैंक लि.को तत्कालिन Relationship manager सुरेश कँडेलको घटना विबरण कागज</u>:

मैले २०७७ सालको पुष महिनाबाट प्रभु बैंकको हेड अफिसमा Officer लेभलबाट काम गर्न शुरु गरी २०८२ सालको माघ महिनाबाट म भक्तपुर सुर्यविनायक स्थित भक्तपुर शाखाको शाखा प्रबन्धकको हैसियतमा कार्यरत भई आएको छु । प्रभु बैंक लि.बाट मिति २०७९/०३/१७ (सन् 2022-07-03), मिति २०७९/०६/२६ (सन 2022-10-12) र मिति २०८०/११/१३ (सन् २०२४-०२-२५) मा तयार भएको memorandum/Internal memorandum मलाई देखाउदा हेरी देखे, उल्लेखित memorandum/Internal memorandum हरुमा मेरो नाममा भएको दस्तखत मैले गरेको दस्तखत हो फरक छैन । मिति २०७५/०४/१५ (सन २०१८/०७/३१) मा प्रभु वैंक लि.बाट ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेस्ट एण्ड भेटेरेनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt.Ltd.) को नाममा प्रवाह भएको रकमबाट रु.११ करोड प्रतिवादी ओम प्रसाद पाण्डेले रामजानकी हेल्थ फाउन्डेशन प्रा.लि.को खातामा रकमान्तर गरिदिनु हुन भनी सादा कागजमा लेखेको निवेदनको आधारमा उल्लेखित कर्जा रकम रु.११,००,००,०००।– (एघार करोड) सोही बैंकको पार्किङ एकाउण्ट (खाता नं MDR A/C 917106010001)मा रकमान्तर गरी उक्त पार्किङ खाताबाट प्रतिवादी ओम प्रसाद पाण्डे समेत संचालक रहेको राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.को प्रभु वैंक लि.मा भएको विभिन्न ९ (नौ) वटा खाताहरुको कर्जाहरुको साँवा तथा व्याज तिर्न प्रयोग गरी कर्जा रकमको प्रयोजन विपरीत प्रयोग गरेको म बैंकमा आउनु भन्दा अगाडीको बिषय भएकोले मलाई थाहा छैन । यसमा ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेस्ट एण्ड भेटेरेनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt.Ltd.) को नाममा कर्जा प्रवाह गर्ने क्रममा धितोमा राखिएको ओम प्रकाश पाण्डेको नाममा रहेको कित्ता नं. ३०६ लाई धितो फुकुवा गरी न्युनतम रु.६९ लाख ६२ हजार साँवा चुक्ता गर्ने र कम्पनीको नाममा रहेको कित्ता नं. १३१, १३२, १३५, १३६ र ४७ तथा श्याम कृष्ण ईन्भेष्टमेन्ट प्रा.लि.को नाममा रहि धितो बन्धक रहेको कित्ता नं. ५४, १२५, १२९ र १२७ लाई थप धितोको रुपमा राख्ने भनि तत्कालिन Project Finance हेडको निर्देशन अनुसार मिति २०७९/०३/१७ (सन् 2022-07-03) को Internal memorandum मैले तयार गरेको हो । ओम प्रकाश पाण्डेको नाममा रहेको कित्ता नं. ३०६ लाई धितो फुकुवा गरी अन्य सम्पत्ती धितोमा राखे पछि ऋणीले रु.७० लाख आशिक कर्जा चुक्ता गरेको थियो । ऋणीको निवेदन अनुसार कर्जाको साँवा चुक्ता गर्ने समयावधी समाप्त भएको कारण सन 2022-10-12 मा Department Head को मौखिक निर्देशन अनुसार म समेतको सहमतीमा उक्त कर्जाको समयावधी बढाउन Internal memorandum तयार गरेको हो । साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम तिर्नु पर्ने वक्यौता ब्याजको १०% असुल गरी बाँकी साँवा व्याज समेत रकमलाई loan Deferral गर्न मिल्ने व्यवस्था भए बमोजिम मिति २०८०/११/१३ (सन् २०२४-०२-२५) को Memorandum समेत Department प्रमुखको निर्देशनमा मैले तयार गरेको हो । म Project Finance department कार्यरत रहदाको समयमा उक्त कम्पनीको नाममा प्रवाह भएको कर्जा रकम चुक्ता गर्नको लागि पटक पटक कम्पनी र जमानीकर्ता ओम प्रसाद पाण्डेलाई मौखिक तथा लिखितरुपमा जानकारी गराइएको हो । यसमा मेरो कुनै संलग्नता छैन्, उल्लेखित कार्यमा बैंकका अन्य कर्मचारीहरुको संलग्नता सम्बन्धमा मलाई केही थाहा छैन भन्ने व्यहोराको सुरेश कँडेलको घटना बिबरण कागज।

ण) <u>प्रभु बैंक लि.को तत्कालिन भुषण गुप्ताको घटना विबरण कागज</u>:

हाल म प्रभु बैंकको पर्सा जिल्ला वीरगञ्ज महानगरपालिका आदर्शनगरमा रहेको प्रभु बैंकको मधेश प्रदेशको प्रादेशिक कार्यालयमा प्रदेश प्रमुखको रुपमा विगत साढे चार वर्ष देखि कार्यरत छु । यस भन्दा अगाडी प्रभु बैंक लि.को केन्द्रीय कार्यालय काठमाडौं जिल्ला बबरमहलमा Credit Manager को रुपमा करिब ३ वर्ष जति कार्यरत थिएँ । प्रभु बैंक लि.ले राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा Term Loan 60 million कर्जा प्रवाह गर्न तयार भएको सन २०२०/०५/२६ को Credit Appraisal मा भुषण गुप्ताको नाममा भएको दस्तखत देखाउँदा देखें, सो दस्तखत मैले नै गरेको

CamScanner

हुँ। राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.को नाममा उल्लेखित थप कर्जा प्रवाह गर्नको लागि Credit Appraisal तयार हुँदाको बखत म काठमाडौं, बबरमहलको बैंकको केन्द्रीय कार्यालयको Credit Risk Assessment Department मा Credit Manager को रुपमा कार्यरत थिएँ। उक्त पदमा रहँदा मेरो जिम्मेवारी अन्तर्गत Business Unit बाट आएको कर्जा फाईलको कागजातहरुमा जोखिमको Independent Desk Review गर्ने हो। Credit Manager ले कुनै पनि ऋणीसँग प्रत्यक्ष सम्पर्क कुराकानी गरेको हुँदैन । उल्लेखित अवस्थामा Business Unit बाट राम जानकी हेल्थ फाउन्डेशन प्रा.लि.को नाममा थप कर्जा प्रवाहको लागि तयार भएको उक्त Credit Appraisal मा Overdue चुक्ता गर्ने, कर्जा नियमित गर्ने प्रतिबद्धता गरेको कुराहरु उल्लेख गरेको हुँदा उक्त प्रा.लि.लाई प्रवाह भई सकेको कर्जा नियमित भएमा पहिलेको कर्जाको साँवा, ब्याज उठ्न सक्ने र बैंकलाई नै लाभ हुने असल नियतले नै Risk Analyst प्रतिक भट्टचन र मैले उक्त Credit Appraisal को Risk Review गरी दस्तखत गरेका हौं। उक्त प्रवाह भएको कर्जा दुरुपयोग भएको भन्ने कुरा सो समयमा खुल्न आएको थिएन। म समेतले दस्तखत गरी राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.लाई प्रवाह गरेको कर्जा रकम मध्ये कर्जाको प्रयोजन विपरीत हाल सम्म खुल्न आएको रू 43,12,061.00 (रु. त्रिचालिस लाख बाह्र हजार एकसट्ठी रुपैयाँ) प्रयोग गरी कर्जा दुरुपयोग भएको सम्बन्धमा हाल थाहा भयो । कर्जा स्वीकृत भएपछि ऋणीको खातामा रकम रकमान्तर गर्ने र रकमको सदुपयोगिताको निरीक्षण तथा सुपरीवेक्षण गर्ने काम बैंकको Credit Administration Department (CAD) र Relationship Manager (RM) शाखाको को हो। कर्जा दुरुपयोग रोक्ने जिम्मेवारी Credit Manager को हुँदैन । रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा कर्जा प्रवाह गरी कर्जा दुरुपयोग गर्ने कार्यमा मेरो संलग्नता छैन भन्ने व्यहोराको तत्काल प्रभु बैंक लि.मा Credit Manager को हैसियतमा कार्यरत भुषण गुप्ताको घटना बिबरण कागज।

त) <u>प्रभु बैंक लि.को तत्कालिन Risk Analyst भावना खनालको घटना विबरण कागज:</u>

मैले २०१७ जुलाई महिना देखि Management Trainee को हैसियतमा काम शुरु गरी हाल कामना सेवा विकास बैंक ज्ञानेश्वरमा Risk Department ईन्चार्जको हैसियतमा कार्यरत छु । म प्रभु बैंक लि.मा करिव एक वर्ष जति Management Trainee को हैसियतमा काम गरी त्यस पछि मैले करिव ४ वर्ष जति Junior Officer र करिव एक वर्ष जति Risk Analyst Officer को हैसियतमा काम गरी २०२३ सेप्टेम्वर पछि म कामना सेवा बिकास बैंकमा काम गर्न शुरु गरेको हुँ। प्रभु बैंक लि.बाट मिति २०७९/०३/१७ (सन् 2022-07-03) तयार भएको Internal memorandum मलाई देखाउदा हेरी देखे, उल्लेखित memorandum मा मेरो नाममा भएको दस्तखत मैले गरेको दस्तखत हो फरक छैन। मिति २०७५/०४/१५ (सन २०१८/०७/३१) मा प्रभु वैंक लि.बाट ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेस्ट एण्ड भेटेरेनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt. Ltd.) को नाममा Demand Loan रु ११ करोड र Fixed Term Loan रु १ करोड ९९ लाख ९५ हजार ५ सय रुपैया प्रवाह भएको व्यहोरा Internal memorandum मा उल्लेख भएको कारण मलाई थाहा थियो तर उक्त कर्जा के कसरी प्रवाह भएको मलाई थाहा थिएन साथै मिति २०७५/०४/१५ मा प्रभु वैंक लि.बाट ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेस्ट एण्ड भेटेरेनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt.Ltd.) को नाममा प्रवाह भएको रकमबाट रु.११ करोड प्रतिवादी ओम प्रसाद पाण्डेले रामजानकी हेल्थ फाउन्डेशन प्रा.लि.को खातामा रकमान्तर गरिदिनु हुन भनी सादा कागजमा लेखेको निवेदनको आधारमा उल्लेखित कर्जा रकम रु.११,००,००,०००।– (एघार करोड) सोही बैंकको पार्किङ एकाउण्ट (खाता नं MDR A/C 917106010001)मा रकमान्तर गरी उक्त पार्किङ खाताबाट प्रतिवादी ओम प्रसाद पाण्डे समेत संचालक रहेको राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.को प्रभु वैंक लि.मा भएको विभिन्न ९ (नौ) वटा खाताहरुको कर्जाहरुको साँवा तथा व्याज तिर्न प्रयोग गरी कर्जा रकमको प्रयोजन विपरीत प्रयोग गरेको सम्बन्धमा मलाई थाहा छैन । यसमा ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेस्ट एण्ड भेटेरेनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt.Ltd.) को नाममा कर्जा प्रवाह गर्ने क्रममा धितोमा राखिएको ओम प्रकाश पाण्डेको नाममा रहेको कित्ता नं. ३०६ लाई धितो फुकुवा गरी कम्पनीको नाममा रहेको कित्ता नं. १३१, १३२, १३५, १३६ र ४७ तथा श्याम

CamScanner

कृष्ण ईन्भेष्टमेन्ट प्रा.लि.को नाममा रहि धितो बन्धक रहेको कित्ता नं. ५४, १२५, १२९ र १२७ लाई थप धितोको रुपमा राख्ने सम्बन्धमा म समक्ष आएको Internal memorandum मा मैले तत्काल Overdue observed on unit and group a/c partial release of REC (real estate Collateral) proposed with out settlement of overdue interest/principle hence further review is required. %credit exposure of unit & group not available for review समेतको व्यहोरा उल्लेख गरी Forward गरि दिएको हो । मैले मेरो दायित्व अनुसार Review को लागि आएको Internal memorandum मा Analysis गरी आफ्नो कैफियत लेखी Credit Chain अनुसार आफु भन्दा माथि Forward गरेको हो तर मलाई उक्त Internal memorandum लाई Reject गर्ने अख्तियारी थिएन । तत्काल ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेस्ट एण्ड भेटेरेनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt.Ltd.) को नाममा प्रवाह भएको रकम कम्पनी नै संचालनमा नभई डमी कम्पनीको नाममा प्रवाह भएको कुरा तत्काल मलाई थाहा थिएन् । उक्त Internal memorandum मा उक्त कम्पनीको सम्पत्ती फुकुवा र internal tie up गर्ने भन्ने व्यहोरा उल्लेख भए अनुसार नै मैले Review गरी Credit chain मा पठाएको हो । यसमा मेरो कुनै संलग्नता छैन्, उल्लेखित कार्यमा बैंकका अन्य कर्मचारीहरुको संलग्नता सम्बन्धमा मलाई केही थाहा छैन भन्ने व्यहोराको भावना खनालको घटना बिबरण कागज।

थ) **<u>प्रभु बैंक लि.को तत्कालिन DCEO तारा मानन्धरको घटना विबरण कागज:</u>**

मैले प्रभु बिकास बैंक भएको समय सन २०१३ तिर DGM बाट काम गर्न शुरू गरी २०१४ मा तत्कालिन किष्ट बैंकमा AGM भएको र त्यस पछि प्रभु बैंकको सन २०१५ तिर DCEO भई सन २०१८ को अप्रिल महिनामा प्रभु बैंक छोडेर मुक्तिनाथ बिकास बैंकको DCEO मा काम गर्न शुरु गरेको र अन्य बैंकहरुमा काम गरी पुन वि.सं. २०८३ सालको जेठ १ गते देखि सोही बैंकको CEO को हैसियतमा काम गरि आएको छु । राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.लाई कर्जा प्रवाह गर्ने क्रममा बैंकबाट तयार भएको सन् 2015-05-05, सन् 2015-08-04, सन् 2015-09-22, सन् 2016-02-23 र सन् 2016-09-05 को Credit Appraisal/ Memo हरुमा DCEO को हैसियतमा गरेको दस्तखत मैले गरेको मेरो दस्तखत हो फरक छैन, मैले हेरीचिनी सनाखत गरिदिए । रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा कर्जा प्रवाह गर्ने क्रममा तयार भई आएको सन् 2015-05-05 को Credit Appraisal मा तत्कालिन अवस्थामा कम्पनीको जम्मा २० करोड कर्जा रहेकोमा थप कर्जा १० करोड प्रदान गर्दा ३० करोड र कृषि बिकास बैंकको कर्जा सहित जम्मा ३९ करोड हुने उक्त समयमा कम्पनीको Fixed Assets १०७ करोड रहेको जसको कारण जम्मा ३५% Fixed Assets मात्र बैंकको फाईनान्समा रहने व्यहोरा देखिएको र म आउनु अगाडी कै पुरानो कर्जा भएको तथा CCO भेषराज खतिवडाले कमेण्टमा Overdue चुक्ता गर्नु पर्ने, कम्पनीको Cash follow बैंकमा डिपोजिट हुनु पर्ने लगायतको तथ्यहरुलाई आधार मानि CEO समक्ष Forward गरेको हो । रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा कर्जा प्रवाह गर्ने क्रममा तयार भई आएको सन् 2015-08-04 को Credit Appraisal मा तत्कालिन अवस्थामा कृषि बिकास बैंक र प्रभु बैंक सहित ३९ करोड जति कर्जा रहेकोमा थप कर्जा रु.६ करोड प्रदान गर्दा करिव ४५ करोड पुग्ने र उक्त समयमा कम्पनीको Fixed Assets १०७ करोड रहेको जसको कारण जम्मा ४३% Fixed Assets मात्र बैंकको फाईनान्समा रहने व्यहोरा देखिएको र CCO भेषराज खतिवडाले कमेण्टमा Overdue चुक्ता गर्नु पर्ने, कम्पनीको Cash follow बैंकमा डिपोजिट हुनु पर्ने लगायतको तथ्यहरुलाई आधार मानि CEO समक्ष Forward गरेको हो । रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा कर्जा प्रवाह गर्ने क्रममा तयार भई आएको 2015-09-22 Credit Appraisal मा उल्लेख भई आएको अतिरिक्त २२.५० करोडको कर्जा रकम प्रदान गर्ने सम्बन्धमा मैले सन् 2015-05-05 को Credit Appraisal मा CCO भेषराज खतिवडाले कमेण्टमा उल्लेख गरेको कमेण्ट अनुसार नै Inline with CCO Remarks लेखि Forward गरेको हो । रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा कर्जा प्रवाह गर्ने क्रममा तयार भई आएको सन् 2016-02-23 को Credit Appraisal मा उल्लेख भई आएको अतिरिक्त ३५ करोड प्रदान गर्ने सम्बन्धमा CCO ले गरेको कमेण्टमा सहमती जनाउदै थप माथिका Issues हरु सम्बोधन गर्नु पर्ने, कम्पनीले पुँजी आफै हाल्नु पर्ने थप सल्लाह सहित थप काम कारवाही गर्ने भनि उल्लेख गरी

CamScanner

CEO समक्ष Forward गरेको हो । रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा कर्जा प्रवाह गर्ने क्रममा तयार भई आएको सन् 2016-09-05 Credit Appraisal मा उल्लेख भई आएको अतिरिक्त २० करोड कर्जा प्रदान सम्बन्धमा Memo को मध्य पृष्ठमा Overdue को सेटलमेण्ट प्लान मागेको, र सन २०१५/०५/०५ र सन २०१६/०२/२३ को memo मा उल्लेख भएको कैफियतलाई यस memo को पनि भाग मानी सम्बोधन गरी Support मा PTO लेखी Memo मा ८० सिट बिद्यार्थी भर्ना गर्न दिने भन्ने कुरा देखिएको थियो, त्यसमा मैले Overdue सेटलको Commitment मागेको, तत्कालिन अवस्थामा कम्पनीको Due Diligence Audit गर्ने छलफल भएको र त्यो तोकिएको अवधीमा सक्नु पर्ने कुरा राखेको, कम्पनीले बिद्यार्थी भर्ना गर्दा हुने आम्दानी बैंकमा जम्मा गर्ने भनेको हुँदा सोही रकमबाट उक्त २० करोड पनि व्यवस्थापन गर्ने, कलेजले व्यवस्थापनमा सुधार गर्नु पर्ने लगायतका शर्तहरु उल्लेख गरी थप कमेण्ट लेखी CEO समक्ष पठाएको हो । यसमा रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा कर्जा प्रवाह गर्ने क्रममा तयार भएका Credit Appraisal/Memo मा मैले कर्जा प्रवाह गर्नु भनि स्विकृती दिएको छैन । कमेण्टमा लेखिएको शर्तहरुलाई पुरा नगरी कर्जा प्रवाह गर्न नमिल्ने कुरा सभ्य भाषामा कमेण्टमा लेखिएको हो । तत्कालिन अवस्थामा म प्रभु बैंक लि.को DCEO को हैसियतमा रहदा माथि उल्लेखित कर्जाहरु स्विकृत गर्ने अख्तियारी मलाई थिएन । रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा कर्जा प्रबाह गर्ने क्रममा तयार भएका Credit Appraisal/Memo हरुमा मैले कैफियतहरु लेखी CEO समक्ष पठाएको हो, यस कसूरमा मेरो कुनै संलग्नता छैन, मैले DCEO को हैसियतमा आफ्नो जिम्मेवारी अनुसारको प्राप्त अधिकार भित्र रही काम गरेको हो । म प्रभु बैंकमा तत्कालिन समयमा कार्यरत रहदा बैंकले लगानी गरेका अन्य कम्पनीहरुमा बैंकको तर्फबाट प्रतिनिधित्व गरी प्राप्त गर्ने मिटिङ भत्ताहरु समेत बैंकलाई नै बुझाउने गरेको थिए, यस्तै प्रकारको उच्च नैतिकता कायम राख्दै आफ्नो अख्तियारी भित्र रही कार्य सम्पादन गरेको थिए । मैले कुनै पनि समयमा बैंकलाई हानी नोक्सानी पुऱ्याउने काम गरेको छैन । बैंकले कर्जा प्रवाह गरे पछि Project Finance department र Credit Administration Department बाट कर्जा उद्देश्य शर्त बमोजिम कर्जा प्रवाह भएको हो, होईन भनि एकिन गर्नु पर्ने हुन्छ । त्यसै गरी SOL को मनिटरिङ गर्ने काम Disbursement गर्ने बिभागबाट हुने गर्दछ र सो कुरा Memo मा उल्लेख गरिएको हुन्छ । म प्रभु बैंकमा DCEO को हैसियतमा कार्यरत रहदा व्यवसाय विस्तारको मार्केटिङ गर्ने, नेपाल राष्ट्र बैंकको निर्देशन वमोजिम मानव संसाधनको व्यवस्थापन समितिको Co-ordinator को रुपमा काम गर्ने जस्ता जिम्मेवारीहरु रहेको थियो । तत्कालिन अवस्थामा बैंकको CEO ले संचालक समिति मार्फत कर्जाहरु स्विकृत गराउनु भएको हो, म कुनै पनि संचालक समितिको मिटिङमा उपस्थित नभएकोले यस कर्जा प्रवाहमा को कसको संलग्नता रहेको सम्बन्धमा मलाई जानकारी छैन भन्ने व्यहोराको तारा मानन्धरको घटना बिबरण कागज।

द) **<u>प्रभु बैंक लि.को तत्कालिन संचालक समितिको सदस्य ऋषिराम गौतमको घटना विबरण कागज:</u>**

म नेपाल राष्ट्र बैंकबाट अवकास प्राप्त कर्मचारी हुँ । प्रभु बैंक लि.मा म संचालक समिति सदस्यको रुपमा वि.सं. २०७१।०५।३० गते देखि २०७३।०९।०८ गते सम्म र दोस्रो पटक वि.सं. २०७६।०६।१७ गते देखि २०७९।०९।२६ गते सम्म संचालक समितिको सदस्यको रुपमा आबद्ध थिएँ । कुनै पनि कर्जा प्रवाहको लागि कर्जाको सम्पूर्ण प्रकृया, कागजातहरु पुर्याई सम्बन्धित विभागबाट व्यवस्थापक हुँदै CEO मा आएपछि CEO को कर्जा स्वीकृतीको कर्जा लिमिट नाघेको अवस्थामा संचालक समितिमा पेश भएपछि संचालक समितिमा छलफल गरी कर्जा स्वीकृतीको लागि CEO बाट पेश भएको कारण र आधारबाट उक्त कर्जा स्वीकृती गरिन्छ । सन २०१५/०५/०५ को बैंकको Credit Appraisal अनुसारको Term Loan 100 million. कर्जा सन् २०१५/०५/०७ (मिति २०७२/०१/२४ गते) स्वीकृत गरेको, सन् २०१५/०८/०४ को बैंकको Credit Appraisal (CA) अनुसारको Term Loan 60 million कर्जा सन् २०१५/०८/०५ (मिति २०७२/०४/२०) गते स्वीकृत गरेको, सन् २०१५/०९/२२ को बैंकको Credit Appraisal (CA) अनुसारको OD 25 million र Term Loan 200 million कर्जा सन् २०१५/०९/२५ (मिति २०७२/०६/०८) गते स्वीकृत गरेको, सन् २०१६/०९/०५ को बैंकको Credit Appraisal (CA) अनुसारको Bridge Gap Loan (BGL) 250 million कर्जा समितिले सन् २०१६/०९/०८ (मिति २०७३/०५/२३) गते स्वीकृत गरेको, सन् २०१६/०२/२३ को बैंकको Credit

CamScanner

Appraisal (CA) अनुसार Bridge Gap Loan (BGL) 350 million कर्जा रकम सन् २०१६/०२/२३ (मिति २०७२/११/११) गते स्वीकृत गरेको, सन् २०२०/०५/२६ को बैंकको Credit Appraisal (CA) अनुसार Term Loan 60 million कर्जा सन् २०२०/०६/११ (मिति २०७७/०२/२९) गते संचालक समितिबाट स्वीकृत गरेको सम्बन्धमा उल्लेखित कर्जा प्रस्ताव CEO अशोक शेरचनबाट नै संचालक समितिमा स्वीकृतीको लागि पेश भएको र उक्त थप कर्जाहरु प्रवाह गरेमा पुरानो कर्जाले निरन्तरता पाउने र परियोजना संचालनमा रही बैंकलाई नै फाईदा हुने भन्ने कुराहरु संचालक समितिमा राखेको हुँदा तत्कालिन संचालन समितिका अध्यक्ष देवी प्रकाश भट्टचन समेत संचालक समितिले निर्णय गरी राम जानकी हेल्थ फाउन्डेशन प्रा.लि.लाई उल्लेखित थप कर्जाहरु प्रवाहको लागि संचालक समितिबाट स्वीकृत भएको थियो। उल्लेखित कर्जाहरु संचालक समितिको स्वीकृतीको लागि CEO अशोक शेरचनले पेश गर्दाका बखत निजले उक्त राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.लाई दिईएको कर्जाको सावाँ र ब्याज तत्काल भुक्तानी नभएपनि उक्त प्रा.लि.ले मेडिकल कलेज संचालन गर्नको लागि १०० जना नर्सिङ विद्यार्थीहरुको थप नयाँ कोटाको लागि स्वीकृती प्राप्त गरेको, भारतसमेतको देशबाट MBBS, MD विद्यार्थीहरु पढ्न आउन सक्ने, अस्पताल पनि संचालन गर्न सकिने भएकोले राम्रो project रहेको र थप कर्जा प्रवाह गरेमा उक्त कर्जाले निरन्तरता पाई पछि साँवा, ब्याज उठेर बैंकलाई लाभ हुने भन्ने कुरा CEO अशोक शेरचनले Briefing गरेको हुँदा सोही आधारमा संचालक समितिबाट राम जानकी हेल्थ फाउन्डेशनलाई थप कर्जा प्रवाह भएको थियो। संचालक समितिको सदस्यको हैसियतले राम जानकी हेल्थ फाउन्डेशन प्रा.लि.लाई माथी उल्लेखित मितिमा कर्जा र थप कर्जा प्रवाह हुनुमा मेरो कुनै स्वार्थ छैन। यसमा मैले कुनै अनुचित लाभ लिएको छैन। बैंकले प्रवाह गरेको कर्जाको रकमको सदुपयोगिताको बारेमा अनुगमन गरी दुरुपयोग गर्न नदिने जिम्मेवारी सम्बन्धित कर्जा प्रशासन विभागको हुन्छ र समय समयमा नेपाल राष्ट्र बैंकले पनि निरीक्षण, सुपरीवेक्षण गरिरहेको हुन्छ। प्रस्तुत कसूरमा मेरो कुनै संलग्नता छैन, संलग्न व्यक्तिहरुलाई कानून बमोजिम कारबाही होस् भन्ने व्यहोराको संचालक समितिको सदस्य ऋषिराम गौतमको घटना बिबरण कागज।

ध) <u>प्रभु बैंक लि.को तत्कालिन संचालक समितिको सदस्य अम्विका शर्माको घटना विबरण कागज:</u>

प्रभु बैंक लि.मा मिति २०७१।१२।१३ गते देखि मिति २०७७।०९।२६ गते सम्म संचालक समितिको सदस्यको रुपमा आबद्ध थिएँ। सोपछि हाल म मिति २०८१।०९।२९ गते देखि प्रभु बैंकको संचालक समितिमा सदस्यको रुपमा आबद्ध छु। संचालक समिति बैंकको CEO अशोक शेरचनसँग प्रत्यक्ष रुपमा जोडिने भएकोले बैंकका अन्य कर्मचारीहरुसँग कुनै सम्बन्ध हुँदैन। कुनै पनि कर्जा प्रवाहको स्वीकृतीको लागि संचालक समितिमा आईसकेपछि CEO अशोक शेरचनले कर्जा स्वीकृत गर्नुपर्ने आधार कारणहरु पेश गरेपछि संचालक समितिबाट कर्जा स्वीकृत हुन गरेको थियो। राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.लाई थप कर्जा प्रवाह गर्नको लागि सवालमा उल्लेखित विभिन्न मितिमा तयार पारिएको Credit Appraisal (CA) बाट प्रवाह भएको थप कर्जाहरु संचालक समितिबाट स्वीकृत भएको सम्बन्धमा उक्त कर्जा फाईलको सम्पुर्ण कागजातहरु बैंकको Management देखि नै राष्ट्र बैंकको नियमहरु पालना गरी CEO अशोक शेरचनले उक्त कर्जा प्रवाह गर्दा बैंकलाई नै राम्रो हुने आधार, कारणहरु पेश गरेपछि नै संचालक समितिबाट स्वीकृत गरिएको हो। उल्लेखित कर्जा प्रवाहको लागि संचालक समितिबाट उक्त कर्जा के-कुन आधारमा दिने भन्ने प्रश्नमा CEO अशोक शेरचनले पहिले नै प्रवाह भईसकेको राम जानकी हेल्थ फाउन्डेशनको कर्जालाई थप कर्जा प्रवाह गरेमा दिएको कर्जा नियमित भई साँवा ब्याज उठ्ने सक्ने र बैंकलाई समेत फाईदा हुने कुरा गरेपछि संचालक समितिबाट स्वीकृत भएको हो। उक्त थप कर्जाहरु तत्कालिन संचालक समितिका अध्यक्ष देवी प्रकाश भट्टचनले स्वीकृत गरेपछि नै सदस्यको हैसियतले मैले समेत स्वीकृतीको लागि दस्तखत गरेकी हुँ। यो सम्पूर्ण थप कर्जाहरु प्रवाह गर्दाका बखत बैंकका व्यवस्थापनले सम्पूर्ण कर्जा प्रस्तावका कागजातहरु र कर्जा फाईल ठीक छ भनी CEO अशोक शेरचनले संचालक समितिमा पेश गरेपछि सोही आधारमा संचालक समितिबाट स्वीकृत भएको हो। सन् २०१८/०९/२० (मिति २०७५/०६/०४ गते) को बैंकको Credit Appraisal (CA) अनुसार Bridge Gap Loan (BGL) 250 million कर्जा सन् २०१८/०९/०६ (मिति २०७५/०५/२१) गते स्वीकृत नगरी फिर्ता पठाईएको सम्बन्धमा थप कागजातहरु माग गर्ने भनि बैंकको व्यवस्थापनलाई जिम्मा दिई आगामी संचालक समितिको

CamScanner

बैठकमा पेश गर्ने व्यवस्थापनलाई निर्देशन दिने निर्णय गरेको भनि फिर्ता पठाईएको थियो । उल्लेखित कर्जाहरु संचालक समितिको स्वीकृतीको लागि CEO अशोक शेरचनले पेश गर्दाका बखत निजले उक्त राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.लाई दिईएको कर्जाको सावाँ र ब्याज तत्काल भुक्तानी नभएपनि उक्त प्रा.लि.ले मेडिकल कलेज संचालन गर्नको लागि १०० जना नर्सिङ विद्यार्थीहरुको कोटाको लागि स्वीकृती प्राप्त भएको, भारतसमेतको देशबाट विद्यार्थीहरु पढ्न आउन सक्ने, अस्पताल पनि संचालन गर्न सकिने भएकोले राम्रो project रहेको र थप कर्जा प्रवाह गरेमा उक्त कर्जाले निरन्तरता पाई पछि साँवा, ब्याज उठेर बैंकलाई लाभ हुने भन्ने कुरा Briefing गरेको हुँदा सोही आधारमा संचालक समितिबाट राम जानकी हेल्थ फाउन्डेशनलाई थप कर्जा प्रवाह भएको थियो । संचालक समितिको सदस्यको हैसियतले राम जानकी हेल्थ फाउन्डेशन प्रा.लि.लाई माथी उल्लेखित मितिमा कर्जा र थप कर्जा प्रवाह हुनुमा मेरो कुनै स्वार्थ छैन । यसमा मैले कुनै अनुचित लाभ लिएको छैन । बैंकले कर्जाको रकम प्रवाह गरेकोमा सो को सदुपयोगिताको बारेमा अनुगमन गरी दुरुपयोग गर्न नदिने जिम्मेवारी सम्बद्ध प्रबन्धकहरु र कर्जा प्रशासन विभाग र प्रमुख कार्यकारी अधिकृतको हुन्छ । कर्जा स्वीकृत हुनुभन्दा अगाडी नै ऋणीलाई कर्जा प्रवाह भएको सम्बन्धमा संचालक समितिलाई जानकारी गराईएको थिइन त्यसकारण मलाई सो विषयमा जानकारी भएन । यदि त्यसो गरिएको हो भने बैंकको CEO को जिम्मेवारी हुन्छ । राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.मा कर्जाको साँवा र व्याजको भुक्तानी नियमित रहेको नरहेको सम्बन्धित कर्जा विभागबाट नै समय समयमा अनुगमन गरी भुक्तानी भए नभएको जानकारी सम्बन्धित कर्जा प्रशासन विभागले नै जानकारी लिनुपर्ने हो । कर्जा दुरुपयोग भएको अवस्थामा CEO र बैंकको कर्जा प्रवाह गर्दा संलग्न सम्बन्धित विभागले नै छलफल गरी के भएको भनी सो को जानकारी गराई थप कर्जा प्रवाह गर्नुपर्ने हो वा होइन निर्णय गरी संचालक समितिमा पेश गर्नु पर्दछ । सोहि अनुसार नै संचालक समितिका सदस्यहरुबाट निर्णय गरिन्छ । प्रस्तुत कसूरमा मेरो कुनै संलग्नता छैन, संलग्न व्यक्तिहरुलाई कानून बमोजिम कारवाही होस् भन्ने व्यहोराको संचालक समितिका सदस्य अम्बिका शर्माको घटना बिबरण कागज।

न) <u>प्रभु बैंक लि.को तत्कालिन संचालक समितिको सदस्य अन्जु अधिकारीको घटना विबरण कागज:</u>

प्रभु बैंक लि.मा २०७५/०२/१९ देखी २०७९/९/२६ सम्म संचालक समितिको सदस्यको हैसियतमा आबद्ध थिएँ। राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.लाई थप कर्जा प्रवाह गर्नको लागि सन् २०१८/०९/०६ को Credit Appraisal (CA) लाई बैंकको संचालक समितिले सन् २०१८/०९/२० (मिति २०७५/०६/०४) गतेको बैठकबाट र सन् २०२०/०५/२६ को बैंकको Credit Appraisal (CA) अनुसार Term Loan 60 million कर्जा सन् २०२०/०६/११ (मिति २०७७/०२/२९) गते कर्जाको स्वीकृत संचालक समितिबाट भएको सम्बन्धमा उक्त कर्जा फाईलको सम्पुर्ण कागजातहरु बैंकको Management देखि नै राष्ट्र बैंकको नियमहरु पालना गरी CEO अशोक शेरचनले उक्त कर्जा प्रवाह गर्दा बैंकलाई नै राम्रो हुने आधार, कारणहरु पेश गरेपछि नै संचालक समितिबाट स्वीकृत गरिएको हो । सन् २०१८/०९/०६ (मिति २०७५/०५/२१) को बैंकको Credit Appraisal (CA) अनुसार Bridge Gap Loan (BGL) 200 million कर्जाको प्रकृया, कागजात र कर्जाको रकम ठुलो भएको कारणले बैंकलाई जोखिम हुन सक्छ भनी कर्जामा पुनर्विचार गर्नको लागि फिर्ता पठाईएको हो । त्यसपश्चात मिति २०७५/०६/०४ गते अन्य बैंक तथा वित्तीय संस्थाहरूलाई छ महिना भित्र Consortium गराउनको लागि अनुरोध गर्ने सर्त सहित कर्जा स्वीकृत गरिएको थियो । कर्जा स्वीकृत हुनुभन्दा अगाडी नै ऋणीलाई कर्जा प्रवाह भएको विषयमा संचालक समितिलाई जानकारी गराईएको थिइन त्यसकारण मलाई सो विषयमा जानकारी भएन । यदि त्यसो गरिएको हो भने बैंकको CEO को जिम्मेवारी हुन्छ । राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.मा कर्जाको साँवा र व्याजको भुक्तानी नियमित रहेको नरहेको सम्बन्धित कर्जा विभागबाट नै समय समयमा अनुगमन गरी भुक्तानी भए नभएको जानकारी सम्बन्धित कर्जा प्रशासन विभागले नै जानकारी लिनुपर्ने हो । कर्जा दुरुपयोग भएको अवस्थामा CEO र बैंकको कर्जा प्रवाह गर्दा संलग्न सम्बन्धित विभागले नै छलफल गरी के भएको भनी सो को जानकारी गराई थप कर्जा प्रवाह गर्नुपर्ने हो वा होइन निर्णय गरी संचालक समितिमा पेश गर्नु पर्दछ । सोहि अनुसार नै संचालक समितिका सदस्यहरुबाट निर्णय गरिन्छ । ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि.को लागि सन् 2018/07/24 (मिति २०७५/०४/०८ गते) मा तयार भएको कर्जा फायललाई १६ दिन पछि मिति 2075/04/31 गते

CamScanner

स्वीकृत गरेको सम्बन्धमा उक्त कर्जा फाईलको कागजातहरु पुर्ण रुपमा समावेश भएको भनी CEO अशोक शेरचनले बैंकको संचालक समितिको अध्यक्ष देवी प्रकाश भट्टचनलाई जानकारी गराई कर्जा प्रवाह भएको थियो । सो पश्चात आगामी संचालक समितिमा उक्त प्रस्ताव पेश भई अनुमोदन गरिएको थियो । बैंकले कर्जाको रकम प्रवाह गरेकोमा सो को सदुपयोगिताको बारेमा अनुगमन गरी दुरुपयोग गर्न नदिने जिम्मेवारी CEO तथा बैंकको कर्जा प्रशासन विभागको हुन्छ । प्रस्तुत कसूरमा संलग्न व्यक्तिहरुलाई कानून बमोजिम कारवाही होस् भन्ने व्यहोराको तत्कालिन संचालक समितिको सदस्य अन्जु अधिकारीको घटना बिबरण कागज।

ञ) <u>प्रभु बैंक लि.को तत्कालिन Risk Manager प्रकाश वरालको घटना विबरण कागज:</u>

हाल म ३ वर्ष देखि ज्योती विकास बैंक लि.को केन्द्रीय कार्यालय, कमलपोखरीमा वरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृत (Senior Deputy Chief Executive Officer) को रुपमा कार्यरत छु । यस भन्दा अगाडी एनआईसि एसिया बैंकमा सहायक महाप्रबन्धक (Assistant General Manager) को रुपमा करिब ६ वर्ष र त्यसभन्दा अगाडी प्रभु बैंक लि.मा सन् २०११ मार्च देखि सन् २०१७ मार्च सम्म कार्यरत थिएँ। शुरुमा Risk Manager (Manager-Risk) र पछि कमलादी शाखाको शाखा प्रमुखको हैसियतमा कार्यरत थिएँ । मैले राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.लाई सन् 8/4/2015 को Credit Appraisal/Memorandum मार्फत कर्जा प्रवाह गर्दाको समयमा म प्रभु बैंक लि.मा Risk Manager को रुपमा कार्यरत थिएँ । राम जानकी हेल्थ फाउन्डेशन प्रा.लि.को नाममा Term Loan 60 Million कर्जा प्रवाह गर्दाका बखत तयार पारिएको सन् 2015-8-4 को Credit Appraisal को Supported By खण्डमा Manager Risk मा प्रकाश बरालको दस्तखत मलाई देखाउँदा देखेँ, उक्त दस्तखत मैले नै गरेको हुँ । Risk Manager को जिम्मेवारी भनेको कर्जा विभाग (Consortium & Project Financing department) बाट उठाई आएको कर्जा प्रस्ताव (Credit Appraisal) मा उल्लेख गरिएका विवरण, सुचना, तथ्यांक तथा शर्तहरुको आधारमा कर्जा फाइलको review गर्नु हो र जस अन्तर्गत Risk से review गर्ने भनेको कर्जा प्रस्तावमा उल्लेखित विषयवस्तु नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कहि कतै बाझिने छ कि छैन त्यसको review गर्ने, उक्त कर्जा प्रस्तावमा उल्लेखित विषयबस्तु बैंकको आन्तरिक नीति तथा कार्यविधीले तोकेको मापदण्ड भित्र छ कि छैन भन्ने कुराको review गर्ने साथै कर्जा संग सम्बन्धित अन्य विषयहरु जस्तै ऋणी company को व्यवसायको अवस्था तथा संभावना, वित्तीय विवरणको अवस्था, loan repayment को अवस्था, धितोको अवस्था साथै कर्जा प्रस्तावमा उल्लेखित शर्त तथा बन्देजका विषयहरु review गर्ने हो । मैले review गरेको कर्जा प्रस्तावमा एकल ग्राहक कर्जा सीमा (Single Obligor Limit) सम्बन्धी नियम उल्लङ्घन भएको छैन किनभने उक्त कर्जा प्रस्तावको पृष्ठ नं. ३ को Section C को तल note मा "कर्जाको outstanding अर्थात कर्जा प्रदान गरिने रकम SOL सीमा भित्र restrict गर्ने" भनि शर्त राखिएको छ । साथै कर्जा फाइलमा Single Obligor Limit अनुपालना गर्नुपर्ने भनेको कर्जा प्रदान गर्दा अर्थात loan disburse गर्दाको समयमा हो र नेपाल राष्ट्र बैंकको यो व्यवस्थालाई निर्देशित गर्ने एकिकृत निर्देशन नं. ३ को दफा २ को पहिलो हरफमा पनि "प्रदान" भन्ने शब्दावलि नै रहेको छ । त्यसकारण यो व्यवस्था कर्जा प्रदान गर्दा अर्थात loan disburse गर्दाका बखत अनुपालना गर्नुपर्ने विषय हो र सो समयमा अनुपालना पनि भएको छ । कर्जाको दुरुपयोग सम्बन्धमा कर्जाको सदुपयोगिता (proper utilization) सुनिश्चतता गर्ने जिम्मेवारी Risk Manager को होइन । यो जिम्मेवारी कर्जा disburse गर्ने CAD department र कर्जा file फाइल उठाउने Consortium & Project Financing department को हो । Risk Manager ले कर्जा प्रस्तावमा कर्जाको प्रयोजन (purpose) का सम्बन्धमा के कुरा उल्लेख गरिएको छ र के शर्त राखिएको छ भनि review गर्ने हो । कर्जा प्रयोजनका सम्बन्धमा, मैले review गरेको उक्त कर्जा प्रस्तावको section G मा प्रस्तावित थप ६ करोडको कर्जा TDS Liability pay गर्नको लागि हो र सो TDS Liability ऋणी company को provisional balance sheet मा रु ६४.६७ मिलियन verify भएको भनि उल्लेख गरिएको छ र सोहि Tax Liability भुक्तानी (Settlement) प्रयोजनका लागि यो कर्जा दिने भनि प्रस्तावको Section A मा समेत स्पष्ट रुपमा उल्लेख भएको छ र कर्जा प्रयोजनका यिनै शर्तहरुको आधारमा मैले फाइल review गरेको हो । यसरी कर्जा प्रस्तावमा उल्लेख गरीएको शर्त अनुसार यो कर्जा केवल TDS Liability भुक्तानी को लागी मात्र जाने गरी

CamScanner

disburse गर्नुपर्ने र monitoring गर्नुपर्ने जिम्मेवारी CAD Department र Consortium & Project Financing Department को हो । त्यसको अतिरिक्त मैले Review गरेको उक्त कर्जा प्रस्तावको समयमा ऋणीको repayment का सम्बन्धमा हाल कुनै पनि overdue नभएको, कम्पनीको व्यवसायका सम्बन्धमा उक्त कलेज पुनः सञ्चालनमा आई विज्ञ टिम (Professional team) बाट कलेज सञ्चालन गर्न पदपूर्तिका लागि विज्ञापन (vacancy) समेत निकालिएको, ऋणी कम्पनीको वित्तीय विवरण verify गरिएको र वित्तीय सूचकांक financial indicator हरु सुधारोन्मुख रहेको भनि कर्जा प्रस्तावका विभिन्न परिच्छेद (section) हरुमा स्पष्ट रुपमा उल्लेख गरिएको थियो । साथै, धितोको अवस्था हेर्दा पनि Overdraft Loan बाहेक (जसका लागि नेपाल राष्ट्र बैंक समेतले घरजग्गा धितो अनिवार्य नभएको उल्लेख गरेको छ) थप प्रस्तावित ६ करोड कर्जा समेत मिलाउँदा हुन आउने करिव २५.२८ करोड कर्जाको लागि करिब २८.५२ करोड बराबरको घरजग्गा धितो रहेको साथै उक्त कर्जा प्रस्तावका उल्लेखित विषयवस्तुहरु नेपाल राष्ट्र बैंकको निर्देशन तथा बैंकको आन्तरीक नीति तथा कार्यविधी (policy, guideline) बमोजिम कहि कतै बाझिएको थिएन । यसरी यी सबै विषयहरुको समग्र अध्ययन विश्लेषण (Proper review) गरेपछि आफ्नो सम्पूर्ण पदिय जिम्मेवारी पूरा गरिकन मात्र मैले Risk Manager को हैसियतले उक्त कर्जा फाइलमा हस्ताक्षर गरेको थिएँ । तत्पश्चात सोही कर्जा फाइल विभिन्न मितिमा पटक पटक कर्जा वृद्धि (enhancement) को लागि आएको थियो तर ऋणीको व्यवसाय तथा नगद प्रवाहले यति धेरै थप कर्जाहरु धान्न सक्दैन भन्ने मेरो विश्लेषण रहेकोले Risk Manager को हैसियतले ती कर्जा वृद्धिका प्रस्तावहरुमा हस्ताक्षर गर्दिन भनी मैले आफ्नो हाकिम CCO भेषराज खतिवडालाई जानकारी गराएको थिए र सोही बमोजिम तत्पश्चात आएका थप कर्जा वृद्धि (enhancement) का कुनै पनि कर्जा प्रस्तावहरुमा मैले हस्ताक्षर गरेको थिइन भन्ने व्यहोराको प्रकाश वरालको घटना बिबरण कागज।

प) <u>प्रभु बैंक लि.को तत्कालिन Chief Credit Risk निरज लम्सालको घटना विबरण कागज:</u>

सन् २०१८ अगस्ट देखि हाल सम्म कार्यरत छु । शुरुमा म Chief Credit Officer (CCO) को रुपमा कार्यरत थिएँ। हाल म प्रभु बैंकमा Chief Recovery Officer (CRO) को रुपमा कार्यरत छु । राम जानकी हेल्थ फाउन्डेशन प्रा.लि.को नाममा कर्जा प्रवाह गर्दाका बखत तयार पारिएको सन् 2020-5-26 को Credit Appraisal को For Approval or Rejection/ Remarks, if any: को Supported By खण्डमा CCO Niraj Lamsal को दस्तखत देखाउँदा दे खेँ, उक्त दस्तखत मैले नै गरेको हुँ । CCO को हैसियतमा मेरो जिम्मेवारी अन्तर्गत तलको विभागहरुबाट आएको कर्जा फाईललाई कागजातहरु हेरी माथील्लो तहलाई फर्वाड गर्ने हो । राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि. कर्जा नविकरण, BGL लाई Term Loan मा Convert गर्ने, उपकरणहरु मगाउनको लागि छ करोडको Term Loan दिने उद्देश्यका साथ उक्त Credit Appraisal तयार पारिएको थियो । सो कर्जा प्रस्ताव हेर्दा LTV(Loan to Value) Ratio 86 % थियो, सो कारण उक्त कर्जा प्रवाह गर्नको लागि Risk कम नै देखेको थियो र धितो सुरक्षण पर्याप्त देखेको हुँदा मैले उक्त Credit Appraisal मा दस्तखत गरेको हुँ । राम जानकी हेल्थ फाउन्डेशन प्रा.लि.को नाममा प्रवाह भएको कर्जाको सावाँ र ब्याज भुक्तानी नियमित नभएको सम्बन्धमा Overdue भएको अवस्थामा कर्जा प्रवाह गर्न नमिल्ने भन्ने हुँदैन । बैंकिङ क्षेत्रमा Overdue भएको अवस्थामा समेत कर्जा नविकरण, थप कर्जा प्रवाह गर्ने काम गरिन्छ । जसले गर्दा पुरानो कर्जाले निरन्तरता पाउँछ, ऋणीले समेत आफ्नो अवस्था सुधार गरी पुरानो कर्जा चुक्ता गर्ने आशामा Overdue भएको अवस्थामा समेत थप कर्जा प्रवाह गरिन्छ । राम जानकी हेल्थ फाउन्डेशन प्रा.लि.ले कर्जा भुक्तानीको लागि अन्य आम्दानीहरु समेतबाट पर्याप्त देखिएको थियो । म समेतले दस्तखत गरी राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.लाई प्रवाह गरेको कर्जा रकम मध्ये कर्जाको प्रयोजन विपरीत हाल सम्म खुल्न आएको रू 43,12,061.00 (त्रिचालिस लाख बाह्र हजार एकसठ्ठी रुपैयाँ) प्रयोग गरी कर्जा दुरुपयोग भएको सम्बन्धमा हाल थाहा भयो । कर्जा प्रवाह हुनुभन्दा पहिले मात्र म समक्ष उक्त कर्जा फाईल आउने र त्यसपछि मलाई कर्जा रकम ऋणीको खातामा रकमान्तर भए, नभएको भन्ने कुरा जानकारी नहुने, उक्त फाईल पुन: म समक्ष नआउने भएकोले कर्जा प्रवाह भएपछिको कुराहरु मलाई थाहा हुँदैन । कर्जा स्वीकृत भएपछि ऋणीको खातामा रकम रकमान्तर गर्ने र रकमको सदुपयोगिताको निरीक्षण तथा सुपरीवेक्षण (कार्यान्वयन) गर्ने काम बैंकको Project Finance

CamScanner

Department को Request मा Credit Administration Department (CAD) ले गर्ने हो । कर्जा दुरुपयोग रोक्ने जिम्मेवारी Project Finance Department को हुन्छ, CCO को हुँदैन । रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा कर्जा प्रवाह गरी कर्जा दुरुपयोग गर्ने कार्यमा मेरो संलग्नता छैन । ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. को लागि तयार पारीएको सन् 2019-06-28 को Memorandum को for Approval or rejection/remarks, if any: खण्डको supported by CCO Niraj Lamsal मा भएको दस्तखत मलाई देखाउँदा देखें, उक्त दस्तखत मैले नै गरेको हुँ । ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. लाई प्रवाह भएको कर्जा रकम मध्ये रु ११,००,००,०००।०० (एघार करोड रुपैयाँ) बैंककै पार्किङ खाता प्रयोग गरी दुरुपयोग भएको बारेमा मलाई जानकारी छैन । ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. को लागि तयार पारिएको सन् 2019-06-28 को Credit Appraisal मा नयाँ एक करोड सत्र लाख तीस हजारको नयाँ धितोको FMV (Fair Market Value) रहेको र उनान्साठी लाख त्रियानब्बे हजार रुपैयाँको धितो फुकुवा गर्ने भन्ने प्रस्ताव भएकोले उक्त प्रस्ताव बैंकको हितमा नै देखिएकोले मैले दस्तखत गरेको हुँ । कर्जा दुरुपयोग सम्बन्धमा हेर्ने जिम्मेवारी बैंकको Project Finance Department को हो । उक्त Memorandum मा Risk Analyst ले financial Progress Report, E & S Report, BSVR, Latest BSVR संलग्न राख्नु भनी कमेन्ट लेखेको सम्बन्धमा उक्त अपुग कागजातहरु सम्बन्धित Project Finance Department का Head दिनेश डंगोल र सोहि विभागका Relationship Manager दिपेश पोखरेलले कर्जा रकम ऋणीको खातामा रकमान्तर गर्नु पूर्व संकलन गरी संलग्न राख्नुपर्ने हो । उल्लेखित सम्बन्धमा म Credit Chain मा CCO को हैसियतले म समक्ष आएको कर्जा फाईललाई हेरी फर्मेट अनुसार रहे, नरहेको, बैंकको नीति, नियम, राष्ट्र बैंकको निर्देशन अनुसार छ, छैन भन्ने कुरा हेरी माथिल्लो निकायलाई फर्वाड गरेको हुँ । प्रस्तुत कसूरमा मेरो संलग्नता छैन भन्ने व्यहोराको निरज लम्सालको घटना बिबरण कागज।

फ) <u>प्रभु बैंक लि.को तत्कालिन संचालक समितिको सदस्य शंकर प्रसाद कालिकोटाको घटना विबरण कागज:</u>

प्रभु बैंक लि.मा २०७४/०५/१८ देखी २०८१/०१/०७ सम्म संचालक समितिमा रहेको थिएँ । राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.लाई सवालमा उल्लेखित विभिन्न मितिमा प्रवाह भएको थप कर्जाको बारेमा हामी संचालक समिति सदस्यहरुले भन्दा नि सम्पुर्ण कागजातहरु Management देखि नै सबैकुराहरू राष्ट्र बैंकको नियमहरु पालना गरी संचालक समितिमा पेश गर्ने काम हुन्छ । सोहि कुरालाई CEO मार्फत बैंकको व्यवस्थापनले पेश गरेको प्रस्ताव उपर छलफल गरी निर्णय गर्ने गरिन्छ । पहिला नै बैंकको CEO बाट स्वीकृत गरिएको कर्जाको सम्बन्धमा संचालक समितिलाई जानकारी नहुने हुदाँ कर्जा खातामा जम्मा भएको नभएको कुरा संचालक सिमितिका सदस्यहरुलाई जानकारी हुँदैन । यसको बारेमा संचालक समिति सदस्यहरुले भन्दा नि सम्पुर्ण कागजातहरु Management देखी नै राष्ट्र बैंकको नियमहरु पालना गरी संचालक समितिमा पेश गर्ने काम हुन्छ । सोही कुरालाई संचालक समितिले नियम संगत पेश गरेको प्रस्ताव उपर छलफल गरी निर्णय गर्ने गरिन्छ । सन् २०१८/०९/०५ (मिति २०७५/०५/२१) को बैंकको Credit Appraisal (CA) अनुसार Bridge Gap Loan (BGL) 200 million कर्जाको प्रकृया, कागजात र कर्जाको रकम ठुलो भएको कारणले बैंकलाई जोखिम हुन सक्छ भनी कर्जामा पुनर्विचार गर्नको लागि फिर्ता पठाईएको हो । त्यसपश्चात मिति २०७५/०६/०४ गते अन्य बैंक तथा वित्तीय संस्थाहरूलाई छ महिना भित्र Consortium गराउनको लागि अनुरोध गर्ने सर्त सहित कर्जा स्वीकृत गरिएको थियो । कर्जा स्वीकृत हुनुभन्दा अगाडी नै ऋणीलाई कर्जा प्रवाह भएको विषयमा संचालक समितिलाई जानकारी गराईएन त्यसकारण मलाई सो विषयमा जानकारी भएन । यदि त्यसो गरिएको हो भने बैंकको CEO जिम्मेवार रहन्छ । राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.मा कर्जाको साँवा र व्याजको भुक्तानी नियमित रहेको नरहेको सम्बन्धित कर्जा विभागबाट नै समय समयमा अनुगमन गरी भुक्तानी भए नभएको जानकारी सम्बन्धित कर्जा प्रशासन विभागले नै जानकारी लिनुपर्ने हो । कर्जा दुरुपयोग भएको अवस्थामा CEO र बैंकको कर्जा प्रवाह गर्दा संलग्न सम्बन्धित विभागले नै छलफल गरी के भएको भनी सो को जानकारी गराई थप कर्जा प्रवाह गर्नुपर्ने हो वा होइन निर्णय गरी संचालक समितिमा पेश गर्नु पर्दछ । सोहि अनुसार नै संचालक समितिका सदस्यहरुबाट निर्णय गरिन्छ । ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि.को लागि

CamScanner

सन् 2018/07/24 (मिति २०७५/०४/०८ गते) मा तयार भएको कर्जा फायललाई मिति 2075/04/31 गरे स्वीकृत गरेको सम्बन्धमा उक्त कर्जा फाईलको कागजातहरु पुर्ण रुपमा समावेश भएको भनी बैंकको CEO ले संचालक समितिमा जानकारी गराएको हुदाँ कर्जा प्रवाह भएको हो। यसमा संचालक समितले स्वीकृत गर्नु अगावै बैंकको CEO अशोक शेरचनले बैंकको संचालक समितिको अध्यक्ष देवी प्रकाश भट्टचनलाई जानकारी गराई कर्जा प्रवाह भएको तथा सो पश्चात आगामी संचालक समितिमा उक्त प्रस्ताव पेश भई अनुमोदन गरिएको थियो। बैंकले कर्जाको रकम प्रवाह गरेकोमा सो को सदुपयोगिताको बारेमा अनुगमन गरी दुरुपयोग गर्न नदिने जिम्मेवारी प्रमुख कार्यकारी अधिकृतको हुन्छ भन्ने व्यहोराको संचालक समितिको सदस्य शंकर प्रसाद कालिकोटाको घटना बिबरण कागज।

ब) <u>प्रभु बैंक लि. रंगेलीमा कार्यरत घनश्याम भट्टराईको घटना विबरण कागज:</u>

प्रभु बैंक लि.मा वि.सं. २०७४ साल देखि कार्यरत छु। शुरुमा बैंकको मोरङ जिल्लाको विराटनगर शाखामा Teller, त्यसपछि महोत्तरी जिल्लाको बर्दिवास शाखामा Teller र Relationship Officer को रुपमा ५ वर्ष कार्यरत रहि त्यसपछि विराटनगरको तिनपैनी शाखामा ३ वर्ष Marketing र Relationship Officer को रुपमा कार्यरत भई हाल म विगत १ महिना देखि मोरङ जिल्लाको रंगेली शाखामा Operation Incharge को रुपमा कार्यरत छु। मेरो मोबाईल नं. ९८४००६३३२४ हो। मलाई ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट साईन्स प्रा.लि. को नाममा रहेको रोक्का रहेको जग्गालाई फुकुवा गर्न तयार गरिएको सन् 2019/06/28 को Memorandum देखाउँदा देखेँ। त्यसताका म बर्दिवास शाखामा Relationship Officer को रुपमा कार्यरत थिएँ। सन् 2019/06/28 को Credit Appraisal/Memorandum अनुसार कि.नं. १२०, ६१ र १०३ बाट क्षेत्रफल क्रमश (०-४-०-०), (०-७-२-०) र (०-५-०-०) गरी जम्मा (०-१६-२-०) जग्गा फुकुवाको लागि स्वीकृत गरिएको सम्बन्धमा उक्त कर्जा फाईल बैंकको प्रधान कार्यालय, काठमाडौंबाट तयार गरिएको हो। जग्गा फुकुवाको लागि Relationship Manager ले Memorandum तयार गरी Approval को लागि Credit Chain मा पठाउँछ, Credit Chain बाट स्वीकृत भई आएको Memorandum पुन: Relationship Manager ले जग्गा फुकुवाको पत्र तयार गर्नको लागि बैंकको कर्जा प्रशासन विभाग (CAD) लाई पठाउँछ, CAD बाट Vetting को लागि Legal शाखामा पठाउँछ, त्यसपछि Legal शाखाबाट कर्जा प्रशासन विभाग (CAD) मा आएपछि फेरी उक्त पत्र कर्जा प्रशासन विभाग (CAD) ले Relationship Manager लाई पठाएपछि Relationship Manager ले सम्बन्धित शाखामा जग्गा फुकुवाको लागि तयार गरिएको पत्र पठाउने काम हुन्छ, यी सम्पूर्ण कामहरु बैंकको प्रधान कार्यालयबाट नै हुने गर्छ। मिति २०७६/०३/२५ गतेको प्रभु बैंक लि.बाट मालपोत कार्यालय, बर्दिबासलाई लेखेको पत्र प्रधान कार्यालयबाट नै तयार गरी बर्दिबास शाखामा आएको हो। त्यसपछि बर्दिबास शाखाबाट च.नं. र मिति मात्र राख्ने काम भएको हो। उक्त पत्रमा च.नं. ३६४ र मिति २०७६।०३।२५ गते राखी शाखा प्रमुख अशोक प्रताप साहले मलाई पत्र दिएकोमा मैले सो पत्र मालपोत कार्यालयमा पेश गरी पत्रमा उल्लेखित उक्त जग्गा फुकुवा गर्नको लागि काम गरेको हुँ। ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट साईन्स प्रा.लि.को नाममा रहेको उल्लेखित रोक्का जग्गाहरु फुकुवा गर्ने प्रयोजनको लागि प्रधान कार्यालयबाट शाखा प्रमुख अशोक प्रताप साहसँग समन्वय भई उक्त कामको लागि मलाई प्रतिनिधी खटाईएको पत्र प्रधान कार्यालयबाट नै तयार भई बर्दिबास शाखामा प्राप्त भएपछि म समेतले उक्त पत्र दस्तखत गरी मालपोत कार्यालयमा बुझाउने काम गरेको हुँ। सो बेलामा Memorandum मा के-कति जग्गा क्षेत्रफल धितो फुकुवाको प्रस्ताव पेश भएको थियो भन्ने कुरा मैले Memorandum हेरेको थिईन। बैंकको प्रधान कार्यालयबाट प्राप्त पत्रहरु प्रिन्ट गरी च.नं., मिति राख्ने सम्पूर्ण कामहरु शाखा प्रमुख अशोक प्रताप साहले नै गरेको हुँदा के-कति जग्गा धितो फुकुवाको लागि प्रस्ताव पेश गरिएको छ भन्ने कुरा मलाई थाहा थिएन। बैंकको कर्मचारीको हैसियतले मैले लाएअह्राएको काम मात्र गरेको थिएँ। सन् 2019/06/28 को Credit Appraisal/Memorandum अनुसार कि.नं. १२०, ६१ र १०३ बाट क्षेत्रफल क्रमश (०-४-०-०), (०-७-२-०) र (०-५-०-०) गरी जम्मा (०-१६-२-०) जग्गा मात्र फुकुवाको लागि स्वीकृत भएको भन्ने कुरा हाल मात्र थाहा भयो। के कति कारणले Credit Appraisal/Memorandum मा स्वीकृत गरेको भन्दा फरक र बढी जग्गा फुकुवाको लागि पत्राचार गरेको हो, सो कुरा मलाई थाहा भएन भन्ने व्यहोराको घनश्याम भट्टराईको घटना बिबरण कागज।

CamScanner

भ) **<u>प्रभु बैंक लि. तत्कालिन समयमा Project Finance Department मा Manager को रुपमा कार्यरत रविन श्रेष्ठको घटना विबरण कागज:</u>**

म Nepal Infrastructure Bank Ltd. (NIFRA), बानेश्वरमा विगत सन् २०१८ देखि हाल सम्म कार्यरत छु। उक्त बैंकमा म वरिष्ठ प्रबन्धको रुपमा कार्यरत छु। म प्रभु बैंक लि.मा सन् २०१३ देखि २०१८ सम्म Consortium and Project Finance Department मा Manager को रुपमा कार्यरत थिएँ। राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.लाई सन् 2015-05-05, 2015-08-04, 2015-09-22, 2016-02-23, 2016-09-05 र 2018-09-05 को Credit Appraisal/ Memorandum मार्फत कर्जा प्रवाह गर्दाको समयमा Consortium and Project Finance Department मा Head को रुपमा कार्यरत थिएँ। कार्यको Reporting CBO लाई गर्ने गरेको थिएँ। उक्त पदमा मेरो जिम्मेवारी अन्तर्गत Relation Manager ले तयार गरेको Credit Appraisal/Memorandum लाई Review गरी Risk Department मार्फत Credit Chain मा माथिल्लो तहलाई पठाउने कार्य पर्दथ्यो। राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.लाई कर्जा प्रवाह गर्दाका बखत SOL Limit नाघेको अवस्था थिएन। कर्जा फायल तयार पार्ने काम Consortium and Project Finance Department को हो र सोहि अनुसार म समेतले ऋणीलाई भेट्ने, कागजातहरु माग गर्ने, प्रक्रिया पुर्याउनु पर्ने हो तर राम जानकी हेल्थ फाउन्डेशन प्रा.लि.को कर्जा फायल तयार पार्दा, मैले ऋणीलाई भेट्न नपाएको र यसरी कर्जा फायल तयार पार्नु भनि CEO अशोक शेरचनबाट निर्देशन आउथ्यो। मैले कतिपय अवस्थामा थप विवरण समेत आवश्यक पर्ने हुन्छ भनि मौखिक Reporting गर्दा CEO अशोक शेरचनले जसरी पनि गर्नु भनि भनेको अन्यथा काम गर्न नसकेको भनी कारबाही गर्ने छु भनि भनेकोले म समेत मेरो Department ले प्राप्त सबै विवरणहरु उल्लेख गरी कर्जा फायल तयार गरेको हो। कर्जाको साँवा र व्याजको भुक्तानी नियमित नरहेको (Overdue) को अवस्थामा सो को Follow up Recovery Department ले गरिरहेको थियो। उक्त Credit Appraisal/Memorandum मा ऋणीको Overdue भएको जानकारी सहित उक्त कर्जा फाईल Credit Chain मार्फत माथिल्लो तहमा फर्वाड गरेको अवस्थामा CEO अशोक शेरचन समेत संचालक समितिले नै उक्त कर्जाहरु स्वीकृत गरेको हुँदा सोही अनुसार थप कर्जा प्रवाह भएको हो। तत्कालिन अवस्थामा प्रवाह गरेको थप कर्जाहरु बैंकिङ प्रचलन अनुसार ऋणीको Financial Statement हरुबाट Justifiable थियो। Due Delegence Audit (DDA) Report को माध्यमबाट पनि कर्जाको रकमहरु Verified भएको थियो। कर्जा दुरुपयोग भएको सम्बन्धमा तत्कालिन अवस्थामा कुनै कुराहरु सुनिएको थिएन। साथै नियामकीय निरीक्षण तथा बाह्य लेखा परीक्षकको निरीक्षणमा पनि कुनै किसिमको कैफियत भएको भन्ने कुराहरु जानकारीमा आएको थिएन। कर्जाको सदुपयोगिताको जिम्मेवारी ऋणीको हुन्छ। बैंकमा Cash को Utilization हेर्ने प्रचलन थिएन तर BSVR (Business Site Visit Report) मार्फत Business संचालन तथा Asset Utilization मा छ, छैन भन्ने कुरा हेर्ने प्रचलन रहेको थियो। सो काम Relationship Manager/ Branch Manager ले गर्ने गरेका थिएँ। मेरो Job Description मा सो कार्य उल्लेख गरिएको थिएन। कर्जा प्रवाह गर्दाको बखत तयार पारिएको Credit Appraisal को Credit Chain मा रहि Review गरी माथिल्लो तहमा फर्वाड गर्ने जिम्मेवारी अनुसार नै सो काम मैले गरेको हुँ। त्यसपछि फर्वाड गरेको कर्जा फाईम मकहाँ नआउने कर्जा स्वीकृत पश्चात Credit Administration Department (CAD) मा जाने गरेको थियो। कर्जा दुरुपयोग रोक्ने जिम्मेवारी Head C & PF को हुँदैन। प्रभु बैंक लि.को मिति २०८३/०२/०६ को पत्र संख्या PRABHU/CMP/8688/ 7642/082-083 को पत्रानुसार कर्जाको सदुपयोगिता सम्बन्धी प्रतिवेदन फेला नपरेको तर BSVR मात्र रहेको साथै कर्जा प्रवाह पश्चात कर्जाको सदुपयोगिताको अनुगमनको जिम्मेवारी सम्बन्धित कर्जा हेर्ने Relationship Officer/Assistant Relationship Manager/ Relationship Manager/शाखा प्रमुख/बिभागिय प्रमुखहरुको रहने भनी प्रभु बैंकको Credit Risk Management Manual मा उल्लेख रहेको भन्ने कुरा जानकारी गराउँदा जानकारी भयो। म Head C & PF हुँदा Head ले नै BSVR गर्नुपर्ने भन्ने प्रचलन थिएन र मेरो Job Description मा पनि सो कुरा उल्लेख गरेको थिएन। सो काम नजिकैको सम्बन्धित Branch ले गर्ने गरेको थियो। मलाई Head C & PF को हैसियतले कर्जाको सदुपयोगिताको अनुगमन गर्ने भनी जिम्मेवारी तोकिएको थिएन। सो काम BSVR (Business Site

CamScanner

Visit Report) मार्फत Relationship Manager/ Branch Manager ले गर्ने गरेका थिएँ। ईन्सिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. लाई कर्जा प्रवाहको लागि सन् 2018/07/24 मा तयार पारीएको Credit Appraisal मा शिक्षा मन्त्रालयको Letter of Intent (LOI) आइसकेको साथै कृषि विश्व विद्यालय चितवनबाट समेत पूर्व स्वीकृती र Tax Clearance समेत आईसकेको, ऋणीले स्वीकृतीको लागि आवश्यक जग्गा तथा पूर्वाधारहरु तयार गर्नको लागि कर्जा रकम माग गरेको, उक्त ऋण छोटो समयको लागि प्रवाह गरिएको हुँदा सोही आधारमा उक्त कर्जा फाईल Review गरी दस्तखत गरी माथिल्लो तहमा फर्वाड गरेको हुँ। कर्जा फायलमा संलग्न राख्नुपर्ने कागजातहरू (CSVR, BSVR) राखे, नराखेको भन्ने कुराहरु रकम Disbursement गर्नु भन्दा अगाडि Credit Administration Department (CAD) ले गर्नुपर्ने हो। Project Plan को छोटकरी रिपोर्ट छ तर विस्तृत रिपोर्ट भने कृषि विश्व विद्यालय चितवनबाट स्वीकृत पश्चात बैंकलाई उपलब्ध गराउने कुरा थियो। प्राथमिक धितोको रुपमा धितो बजारमा सुचिकृत नभएतापनि सो संस्थाको शेयरहरु NEPSE को OTC market मा Transaction हुने र मुल्य सो अनुसार हुने भएकोले संस्थाको शेयरलाई धितोको रुपमा राखेको हो। CEO अशोक शेरचनको आदेश अनुसार नै कर्जा प्रवाहको लागि चाहिने कागजातहरू पछि लिने, Risk Grading नभए पनि कर्जा फायल तयार पार्ने काम भएको हो। मैले दिपेश पोखरेललाई सो कामहरु गर्नको लागि आदेश दिएको छैन। राम जानकी हेल्थ फाउन्डेशन प्रा.लि. र ईन्सिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि लाई प्रवाह भएको कर्जा रकमको फाईलहरु CEO अशोक शेरचनको आदेश मार्फत संचालक समितिबाट स्वीकृत भएको हो। ईन्सिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि लाई सन् 2018/07/24 मा तयार पारिएको Credit Appraisal मार्फत प्रदान गरिएको कर्जा मध्ये रु ११,००,००,०००।००(रु एघार करोड रुपैयाँ) बैंकको पार्किङ खातामा ल्याई राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को overdue साँवा/व्याज तिर्नको लागि प्रयोग गरेको भन्ने कुरा हाल थाहा भयो। Group Overdue भएकोले सो जानकारी सहित Credit Appraisal Review गरी Credit Chain मा फर्वाड गरी CEO मार्फत संचालक समिति द्वारा स्वीकृत भएको हो। स्वीकृत पश्चात CAD र Recovery Department ले आफ्नो Operation Manual अनुसार कर्जा रकम Disburse गरेको हुन सक्छ, सो कुरा मलाई जानकारी भएन। Group Exposure मा रहेको कुनै एक कम्पनी / संस्थामा Overdue देखिए पनि Group को कुनै अर्को संस्था/ कम्पनिको लागि कर्जा प्रवाह गर्न सक्छ तर कर्जा रकम Release गर्दा Recovery/ CAD ले Group को पुरानो due clear/ borrower commitment लिएर मात्र रकम Release गर्ने गर्दछ। यसमा सोही बमोजिम भएको हुन सक्छ। सो काम गर्नको लागि मैले तत्कालिन CAD प्रमुख उपेन्द्र नेपाल समेत कसैलाई पनि मेल/ पत्र पठाएको छैन। राम जानकी हेल्थ फाउन्डेशन प्रा.लि. र ईन्सिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि लाई कर्जा प्रवाह गर्दा तयार भएको Credit Appraisal तल्लो तहबाट माथिल्लो हुँदै जानुपर्नेमा माथिबाट तल आएको निर्देशन बमोजिम तयार गरेको हो त्यसकारण कर्जा फायलमा समावेश गर्नुपर्ने विषयहरु सम्पूर्ण रुपमा समावेश नभएपनि माथिल्लो तह (CEO) कै आदेश निर्देशन बमोजिम तयार पारिएको हो। यसरी माथी उल्लेखित कर्जा फायल CEO अशोक शेरचनबाट नै भएको निर्देशन अनुसार पर्याप्त कागजातहरु नभएपनि कर्जा स्वीकृत हुने गरेकोमा मलाई चित्त नबुझी प्रभु बैंक सन् २०१८ मा राजिनामा दिएको थिएँ। उल्लेखित कर्जा रकम दुरुपयोगमा मेरो कुनै संलग्नता छैन भन्ने व्यहोराको प्रभु बैंक लि.मा तत्काल Project Finance Department मा Manager को रुपमा कार्यरत रविन श्रेष्ठको घटना बिबरण कागज।

म) <u>प्रभु बैंक लि. तत्कालिन समयमा RM को हैसियतमा कार्यरत दिपेश पोखरेलको घटना विबरण कागज:</u>

राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.लाई सन् 2015-05-05, 2015-08-04, 2015-09-22, 2016-02-23, 2016-09-05, 2018-09-05 र 2020/05/26 को Credit Appraisal/Memorandum मार्फत कर्जा प्रवाह गर्दाको समयमा म Consortium & Project Finance Department को Relationship Officer/ Manager को रुपमा कार्यरत थिएँ। उक्त पदमा कार्यरत रहँदा मेरो जिम्मेवारी अन्तर्गत विभिन्न कर्जा प्रवाहको लागि Credit Appraisal तयार गरी आफ्नो विभागीय प्रमुख सामू पेश गर्ने रहेको थियो। सो समयमा मैले बनाएको Credit Appraisal हरु सन् 2015-05-05, 2015-08-04, 2015-09-22, 2016-02-23, 2016-09-05, 2018-09-05 रविन श्रेष्ठ र 2020/05/26 को Credit

CamScanner

Appraisal दिनेश डंगोल समक्ष पेश गरेको थिएँ। Credit Appraisal तयार गर्दाका बखत ऋणीको निवेदन, कम्पनीको Minute, कम्पनीको Legal Document (Company Registration, PAN, Tax Clearance), Audit Report तथा Projected Report हरु, कम्पनीको व्यक्तिहरुको नागरिकता, KYC समेतको कागजातहरु लिएर सोहि आधारमा Credit Appraisal तयार गर्ने काम मैले गर्ने गरेको थिएँ। राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा समेत कर्जा प्रवाह गर्दाको समयमा मैले नै सन् 2015-05-05, 2015-08-04, 2015-09-22, 2016-02-23, 2016-09-05, 2018-09-05 र 2020/05/26 को Credit Appraisal/Memorandum तयार गरी Head Consortium & Project Finance Department लाई पठाएको हुँ। उल्लेखित कर्जा फायल तयार पार्दा Consortium and Project Finance Department ले ऋणीलाई भेट्ने, कागजातहरु माग गर्ने, प्रक्रिया पुर्याउनु पर्नेमा राम जानकी हेल्थ फाउन्डेशन प्रा.लि.को कर्जा फायल तयार पार्दा मैले ऋणीलाई भेट्न नपाएको र यसरी कर्जा फायल तयार पार्नु भनि CEO अशोक शेरचनबाट निर्देशन आए बमोजिम हामी तल्लो दर्जाका कर्मचारीहरुले काम गरी कर्जा फायल तयार पारेको हो। उल्लेखित Credit Appraisal मा साँवा र व्याजको भुक्तानी नियमित नरहेको (Overdue), SOL Limit नाघेको, पुरानो कर्जा expire भएको भन्ने समेतको कुराहरु उल्लेख गरी Credit Appraisal तयार गरी पेश गरेको अवस्थामा माथिल्लो Management (CEO अशोक शेरचन) ले नै उक्त कर्जा स्वीकृतको लागि संचालक समितिमा पेश गरी कर्जा स्वीकृत गरेको हो। Chain मा मभन्दा माथिल्लो दर्जाको कर्मचारीले विभिन्न Credit Appraisal/Memorandum मा कमेन्टहरु समेत लेखेको, supported नगरी forwarded मात्र गरेको अवस्थामा समेत कर्जा फायलमा लेखिएका कमेन्टहरूबारेमा सम्बोधन नभएको सम्बन्धमा सो गर्ने काम मेरो होईन, मेरो अख्तियारीमा पर्दैन। सोको कार्यान्वयन गर्ने, कर्जा स्वीकृत गर्ने, नगर्ने भन्ने कुरा माथिल्लो व्यवस्थापन (CEO समेत), संचालक समितिको हुन्छ । मैले मलाई प्राप्त निर्देशानुसार Credit Appraisal/Memorandum तयार गर्ने काम मेरो हो। तत्कालिन समयमा बैंकमा Cash को Utilization हेर्ने प्रचलन थिएन। BSVR (Business Site Visit Report) मार्फत Business संचालन तथा Asset Utilization मा छ, छैन भन्ने कुरा हेर्ने गरिन्थ्यो। सो काम Relationship Manager/ Branch Manager ले गर्ने गरेका थिएँ। मेरो Job Description मा Cash को Utilization हेर्ने काम गर्ने भनि उल्लेख गरिएको थिएन। राम जानकी हेल्थ फाउन्डेशन प्रा.लि.को BSVR (Business Site Visit Report) गर्नको लागि जनकपुरकै नजिकैको शाखाबाट गर्ने गरिएको थियो। सम्बन्धित शाखाबाट BSVR (Business Site Visit Report) प्राप्त भएपछि सोही आधारमा राम जानकी हेल्थ फाउन्डेशन प्रा.लि. संचालनमा रहेको भन्ने कुरा एकिन भई थप कर्जाको लागि Credit Appraisal/Memorandum तयार पारी स्वीकृतको लागि माथिल्लो तहमा पठाईएको थियो। रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.लाई प्रवाह भएको कर्जाको रकम साँवा र ब्याज तिर्नको लागी र नगदमा भुक्तानी लिई हाल सम्म खुलेको जम्मा रु 59,77,06,900.00 (उनान्साठी करोड सतहत्तर लाख छ हजार नौ सय रुपैयाँ) कर्जाको रकम दुरुपयोग भएको सम्बन्धमा हाल थाहा भयो। कर्जाको सदुपयोगिताको बारेमा अनुगमन गरी दुरुपयोग गर्न नदिने जिम्मेवारी सम्बन्धित व्यक्ति वा विभागको भनि तोकिएको थिएन। कर्जा दुरुपयोग रोक्ने जिम्मेवारी मेरो थिएन । प्रभु बैंक लि.को मिति २०८३/०२/०६ को पत्र संख्या PRABHU/CMP/8688/7642/082-083 को पत्रानुसार कर्जाको सदुपयोगिता सम्बन्धी प्रतिवेदन फेला नपरेको तर BSVR मात्र रहेको साथै कर्जा प्रवाह पश्चात कर्जाको सदुपयोगिताको अनुगमनको जिम्मेवारी सम्बन्धित कर्जा हेर्ने Relationship Officer/Assistant Relationship Manager/ Relationship Manager/शाखा प्रमुख/बिभागिय प्रमुखहरुको रहने भनी प्रभु बैंकको Credit Risk Management Manual मा उल्लेख रहेको भन्ने कुरा जानकारी गराउँदा जानकारी भयो। मेरो Job Description मा कर्जाको सदुपयोगिता हेर्ने भन्ने कुरा उल्लेख गरेको थिएन। तत्कालिन समयमा BSVR (Business Site Visit Report) मार्फत Business संचालनमा रहेको कुरा सम्बन्धित बैंकको शाखाबाट प्राप्त भएपश्चात, सो रिपोर्टको आधारमा उक्त Business संचालनमा रहे, नरहेको कुरा एकिन हुने गरेको थियो। सो समयमा राम जानकी हेल्थ फाउन्डेशन प्रा.लि.बाट कुनै रकम दुरुपयोग भयो भन्ने कुरा खुल्न आएको थिएन। राम जानकी हेल्थ फाउन्डेशन प्रा.लि. लाई कर्जा प्रवाह गर्दा तयार भएको Credit Appraisal तल्लो तहबाट माथिल्लो हुँदै जानुपर्नेमा माथिल्लो तहबाट तल आएको निर्देशन बमोजिम

CamScanner

तयार गरेको हुँदा कर्जा फायलमा समावेश गर्नुपर्ने विषयहरु सम्पूर्ण रुपमा समावेश नभएपनि माथिल्लो तह (CEO) कै आदेश निर्देशन बमोजिम तयार पारिएको हो । उल्लेखित कर्जा रकम दुरुपयोगमा मेरो कुनै संलग्नता छैन भन्ने व्यहोराको प्रभु बैंक लि.मा कार्यरत तत्कालिन RM दिपेस पोखरेलको घटना बिबरण कागज।

४. <u>प्रभु बैंक लि. को मिति २०८३।०२।२८ गतेको पत्रः-</u>

राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को साँवा रु. १,०६,३६,५७,४१६।१६ (एक अर्ब छ करोड छत्तिस लाख सन्ताउन्न हजार चार सय सोह्र रुपैँया सोह्र पैसा) र ब्याज रु. ३,९३,६९,५८३।४७ (तिन करोड त्रियानब्बे लाख उनान्सत्तरी हजार पाँच सय त्रियासी रुपैँया सठ्चालिस पैसा) समेत गरी जम्मा रु. १,१०,३०,२६,९९९।६६ (एक अर्ब दश करोड तिस लाख सब्बिस हजार नौ सय उनान्सय रुपैँया छैसठ्ठी पैसा) र **इन्स्टिच्यूट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरिनरीको** साँवा रकम रु.१२,०५,००,०००।- (बाह्र करोड पाँच लाख रुपैँया) र ब्याज रु. ३,४६,९२,२८६।१३ (तिन करोड छयालिस लाख बयानब्बे हजार दुई सय छयासी रुपैँया तेह्र पैसा) समेत गरी जम्मा रु. १५,५१,९२,२८६।१३ (पन्ध्र करोड एकाउन्न लाख बयानब्बे हजार दुई सय छयासी रुपैँया तेह्र पैसा) तिर्न बुझाउन बाँकी रहेको भनी प्रभु बैंक लि. बाट लेखि आएको ।

<u>अभियुक्त उपरको अभियोगः</u>

प्रस्तुत मुद्दा नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्यूरो लाजिम्पाट, काठमाडौंबाट अनुसन्धान कार्य सम्पन्न भई निर्णयार्थ पेश भएको सक्कल मिसिल अध्ययन गरी हेर्दा, ईन्ष्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साइन्स प्रा.लि. (Institute of agriculture forest and veterinary science pvt.ltd.) ले प्रभु बैंक लिमिटेडबाट लिएको कर्जामा बैंक तथा ऋणी दुवैबाट नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशन र बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को पूर्णरुपमा पालना नगरी कर्जा पुनतालिकीकरण र पुनरसंरचना गर्दा परियोजनाको अद्यावधिक वित्तीय विवरण, परियोजनाको प्रगती विवरण जस्ता आवश्यक कागजात समेत संकलन नगरी ऋणी कम्पनी ईन्ष्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साइन्स प्रा.लि.ले लिएको कर्जा राम जानकी हेल्थ फाउण्डेशनको कर्जा चुक्ता गर्न प्रयोग भएको देखिएकोले ईन्ष्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साइन्स प्रा.लि. (Institute of agriculture forest and veterinary science pvt.ltd.) र राम जानकी हेल्थ फाउण्डेशन बीचको अन्तर सम्बन्धको विषयमा प्रचलित कानून बमोजि थप अनुसन्धान हुन उपयुक्त देखिन्छ भन्ने समेत व्यहोराको नेपाल राष्ट्र वैंकबाट खटि आएका विज्ञ उप-निर्देशक खगेश्वर भण्डारीको प्रतिवेदन प्राप्त भई अनुसन्धान प्रारम्भ भएको प्रस्तुत कसूर मुद्दामा ओम प्रसाद पाण्डे तथा प्रभु बैंक लिमिटेडका CEO अशोक शेरचन समेतका व्यक्तीहरुको मिलेमतोमा प्रभु बैंक लि.बाट कर्जा लिई राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.मा प्रयोग गर्ने उद्देश्यले ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेस्ट एण्ड भेटेरेनरी साईन्सेस प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt. Ltd.) नामको देखावटी/सेल कम्पनी खडा गरी धितोपत्र बजारमा सूचिकृत समेत नभएको काठमाडौं मेडिकल कलेजको शेयरलाई समेत धितो कायम गरी गराई कम्पनीको नाममा जग्गा खरिद गर्न र कलेज संचालन/व्यवस्थापन गर्न Demand loan र Term loan समेत जम्मा रु.१३,००,००,०००।– (तेह्र करोड) कर्जा सुविधा लिए पछि रु.११,००,००,०००।– (एघार करोड) प्रभु बैंक लि.कै पार्किङ एकाउण्ट (खाता नं MDR A/C 917106010001)मा रकमान्तर गरी उक्त पार्किङ खाताबाट प्रभु बैंक लि.मा भएको ओम प्रसाद पाण्डे समेत संचालक रहेको जानकी हेल्थ फाउण्डेशन प्रा.लि.को नामको विभिन्न खाताहरुमा रकमान्तर गरेको र रु.१,९९,९५,५००।–(एक करोड उनान्सय लाख पञ्चानब्बे हजार पाँच सय रुपैयाँ) राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि. का पुर्व शेयर सदस्य रबिन्द्र पन्थ र हेमता सुवेदी ढुंगेलको नाममा रकमान्तर गरी कर्जा दुरुपयोग गरी बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ वमोजिमको कसूरमा अनुसन्धान तथा कारवाही गरि पाउ भन्ने व्यहोराको प्रहरी प्रतिवेदन समेत पेश भई अनुसन्धान कार्य भएको देखिन्छ । यसरी अनुसन्धानको सिलसिलामा प्रभु बैंक लि.ले रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा प्रवाह गरेको कर्जाहरुको उद्देश्य प्रयोजन बमोजिम उपयोग भए/नभएको यकिन नगरी थप कर्जाहरु स्वीकृत गरी प्रवाह गरेको, उक्त कर्जाको रकम मध्ये केही

CamScanner

रकम कर्जाको साँवा तथा व्याज भुक्तानीमा प्रयोग भएको हुँदा कर्जाको प्रयोजन बमोजिम सदुपयोग नगरेको, रकमान्तर भएको रकमबाट चेक मार्फत नगद भुक्तानी भएको, विभिन्न व्यक्तिको व्यक्तिगत खातामा रकमान्तर भएको रकम र अन्य बैंक तथा वित्तीय संस्थामा वा सहकारीलाई रकमान्तर भएको रकमको आधारमा कर्जाको उद्देश्य वा प्रयोजन बमोजिमको सदुपयोग नगरेको दखिएकोले उक्त करोबार लगायतका अन्य सम्बन्धित विषयहरुमा थप अध्ययन/अनुसन्धान हुन मनासिब हुने देखिन्छ भनि नेपाल राष्ट्र बैंकबाट खटि आएका बिज्ञहरु सहायक निर्देशक अगंदीप न्यौपाने र सहायक निर्देशक लेख बहादुर पाण्डे समेतको छुट्टै प्रतिवेदन पेश भएको अबस्थामा प्रभु बैंक लि.बाट राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा प्रवाह भएको कर्जा रकम कर्जा सुविधा प्रस्ताव पत्र (Credit Apprisal) मा उल्लेख भए अनुसार जुन प्रयोजनको लागि कर्जा सुबिधा लिएको हो सोही प्रयोजनमा प्रयोग नगरी व्यक्तीगत स्वार्थको लागि वनावटी व्यक्तीहरु समेतको नाममा चेक काटी उक्त चेक मार्फत भुक्तानी लिएको, विभिन्न वैंक तथा वित्तीय संस्थामा रहेको पुरानो कर्जाहरुको साँवा तथा व्याज तिर्नको लागि प्रयोग गरेको साथै कर्जा सुविधामा उल्लेख भए वमोजिम प्रयोजन विपरीत कर्मचारीहरुलाई तलवको रुपमा भुक्तानी गरी जम्मा कर्जा रकम रु.५९,७७,०६,९००।०६ (उनान्साठी करोड सत्तर लाख छ हजार नौ सय रुपैया छ पैसा) दुरुपयोग गरेको साथै Sigma architecture and Engineering Consultant का देव ढुङ्गानाले Institute of agriculture forest & veterinary science Pvt. Ltd को नाममा कर्जा प्रवाह गर्नको लागि धितोमा राखिएको साविक २५ नं. बहादुरगञ्ज गा.बि.स.वडा नं.९ हाल वर्दिवास न.पा.वडा नं.३ महोत्तरीमा रहेको जग्गाको मुल्य तत्कालिन समयमा सरकारी मूल्यांकन दर २,००,०००।०० (दुई लाख रुपैया) प्रति कट्ठा रहेको भनि बढी मुल्याङकन गरी कर्जा प्रवाह भएको हुँदा उल्लेखित कार्यमा संलग्न प्रभु वैंक लि.मा कार्यरत उच्च तहका कर्मचारीहरु CEO अशोक शेरचन समेतका व्यक्तीहरु उपर बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ अन्तर्गतको कसूरमा आवश्यक अनुसन्धान तथा कारवाही गरी पाउ भन्ने व्यहोराको छुट्टै थप प्रहरी प्रतिवेदन प्राप्त भई प्रस्तुत कसूरको अनुसन्धान कार्य भएको छ । प्रस्तुत कसूर मुद्दाको अनुसन्धानको सिलसिलामा संकलन हुन आएका कर्जा प्रवाह गर्न तयार भएको Credit Appraisal, Memorandum, Internal memorandum, आन्तरिक राजस्व कार्यालय वर्दिवासबाट प्राप्त पत्र, जानकी फाईनान्स कम्पनी लि.बाट प्राप्त विवरण, जग्गाको Valueation गर्ने Sigma Architecture & Engineering Consultants को प्रतिवेदन, काठमाडौं मेडिकल कलेज सिनामंगलबाट प्राप्त पत्रको व्यहोरा, कृषि तथा वन बिज्ञान विश्व विद्यालय चितवनबाट प्राप्त पत्र समेतको विवरण, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरबाट प्राप्त विवरण, लेखा परिक्षण प्रतिवेदन, प्रभु बैंक लि.को पत्र र सो साथ प्राप्त विवरण, विभिन्न वैंक तथा वित्तीय संस्थाहरुबाट प्राप्त हुन आएको पत्र लगायत वैंक स्टेटमेण्ट समेतको विवरण, नेपाल राष्ट्र वैंकबाट प्राप्त पत्रको व्यहोरा, मालपोत कार्यालय वर्दिवास समेतको कार्यालयहरुको पत्रसाथ प्राप्त जग्गा जमिन समेतको विवरण, प्रतिवादीहरु प्रभु बैंकका CEO अशोक शेरचन, DCEO मनिराम पोखरेल, Assistant General Manager ऋवश श्रेष्ठको वयान, वुझिएका मानिसहरु उपेन्द्र नेपाल, दिपेश पोखरेल, वासुदेव भट्टराई, राजकुमार न्यौपाने, सुवेच्छा जोशी, सौरभराज जोशी, दिपक राज वराल, कुमार प्रसाद आचार्य, बासुदेव राज भण्डारी, माधव खड्का, मोतीलाल उदाश, प्रतिक भट्टचन, भेषराज खतिवडा, सुरेश कडेल, भुषण गुप्ता, भावना खनाल, तारा मानन्धर, ऋषिराम गौतम, अम्बिका शर्मा, अञ्जु अधिकारी, प्रकाश बराल, निरज लम्साल, शंकर प्रसाद कालिकोटा, रविन श्रेष्ठ र दिनेश डंगोल समेतले खुलाई लेखाई दिएको कागजको ब्यहोरा लगायतको मिसिल संलग्न देहायमा उल्लेखित तथ्य प्रमाणहरुको आधारबाट ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साइन्स प्रा.लि. (Institute of agriculture forest and veterinary science pvt.ltd.) को एकल सञ्चालक तथा राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.का संचालक प्रतिवादी ओम प्रसाद पाण्डेको योजनामा प्रभु बैंक लि.का CEO अशोक शेरचन, DCEO मनिराम पोखरेल, CBO रश्मि पन्त, CCO ऋवश श्रेष्ठ र Sigma architecture and Engineering Consultant का देव ढुङ्गाना समेतका व्यक्तीहरुसँग मिलेमतो गरी योजनावद्धरुपमा जानीजानी प्रतिवादीहरुले आफ्नो पदिय दायित्व, अधिकारको दुरुपयोग गरी स्वार्थ समुहलाई फाईदा पुऱ्याई बैंकलाई हानी नोक्सानी पुऱ्याउने उदेश्यले राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.मा प्रयोग गर्ने गरी ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेस्ट एण्ड भेटेरेनरी साईन्सेस प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt. Ltd.) नाम मात्राको

CamScanner

देखावटी डमी/Shell कृत्रिम व्यवसाय/कम्पनी खडा गरी धितोपत्र बजारमा सूचिकृत समेत नभएको प्रतिवादी ओम प्रसाद पाण्डेको नामको काठमाडौं मेडिकल कलेज सिनामंगलमा भएको १,८८,०४७ थान शेयरलाई २,००,०००।–(दुई लाख) कित्ता शेयर भएको देखाई धितोको रुपमा राखेको साथै कर्जा प्रवाह गर्न धितोको रुपमा सकारीएको साविक २५ नं. बहादुरगञ्ज गा.बि.स.वडा नं.९ हाल वर्दिवास न.पा.वडा नं.३ महोत्तरीमा रहेको कि.नं.१२०, ६१ र १०३ को जग्गाको मुल्याङ्कन Sigma architecture and Engineering Consultant का मुल्याङ्कनकर्ता देव ढुङ्गानाले तत्कालिन जग्गाको सरकारी मूल्यांकन दर भन्दा रु.५०,०००।– (पचास हजार) बढी मुल्याङ्कन गरी गराई ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेस्ट एण्ड भेटेरेनरी साईन्सेस प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt. Ltd.) को नाममा जग्गा खरिद गर्न Term loan रु.२,००,००,०००।–(दुई करोड) र कलेज संचालन व्यवस्थापन गर्न Demand loan रु.११,००,००,०००।–(एघार करोड) समेत गरी जम्मा रु.१३,००,००,०००।–(तेह्र करोड) कर्जा स्वीकृत भई ऋणीको प्रभु बैंक लि.मा भएको खाता नं.13000101065872000001 मा जम्मा भएकोमा प्रतिवादी ओम प्रसाद पाण्डेले उल्लेखित कर्जा रकम मध्ये रु.११ करोड रामजानकी हेल्थ फाउन्डेशन प्रा.लि.को खातामा रकमान्तर गरिदिनु भनि सादा कागजमा लेखेको निवेदनको आधारमा उल्लेखित कर्जा रकम रु.११,००,००,०००।– (एघार करोड) सोही बैंकको पार्किङ एकाउण्ट (खाता नं MDR A/C 917106010001)मा रकमान्तर गरी उक्त पार्किङ खाताबाट प्रतिवादी ओम प्रसाद पाण्डे समेत संचालक रहेको राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.को प्रभु वैंक लि.मा भएको विभिन्न ९ (नौ) वटा खाताहरुको कर्जाहरुको साँवा तथा व्याज तिर्न प्रयोग र जग्गा खरीद गर्नको लागि प्रवाह भएको कर्जा रकम रु.१,९९,९५,५००।–(एक करोड उनान्सय लाख पञ्चानब्बे हजार पाँच सय रुपैयाँ) मध्ये राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.का शेयर सदस्य रबिन्द्र पन्थको प्रभु बैंक लि. मा रहेको खाता नं. 0180036567800011 मा रु.१,५१,००,०००।०० (एक करोड एकाउन्न लाख मात्र) र रामजानकी हेल्थ फाउन्डेशन प्रा.लि. को पुर्व शेयरधनी हेमता सुवेदी ढुंगेलको प्रभु बैंकको खाता नं. 001010 00002464600000 1 मा रु.४२,९०,०००। (बयालिस लाख नब्बेहजार रुपैया मात्र) समेत गरी जम्मा रु.१,९३,९०,०००।– (एक करोड त्रियानब्बे लाख नव्वे हजार मात्र) रकमान्तर गरी प्रवाह भएको कर्जा रकमको प्रयोजन विपरीत प्रयोग गरी सो समेत गरी जम्मा रु.१३,००,००,०००।– (तेह्र करोड) प्रयोजन विपरीत प्रयोग गरी कर्जा रकमको दुरुपयोग गरेको तथा ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Science P.Ltd.) आयोजना नै सञ्चालनमा नै नआएको अबस्थामा उल्लेखित कर्जालाई बैंकले खराब कर्जामा वर्गीकरण गरी सोको नेपाल राष्ट्र बैंकलाई Reporting गरेको अवस्थामा ऋणीले बैंकलाई नियमानुसार तिर्नु पर्ने भनी तोकिएको शुरुको ब्याजको प्रिमियम समेत घटाई बैंकबाट उल्लेखित कर्जाको Deferal, गरी, पुनरतालिकिकरण/ पुनरसंरचना गरी कर्जा रकमको दुरुपयोग गरी स्वार्थ समुहलाई फाईदा पुऱ्याई बैंकलाई हानी नोक्सानी पुऱ्याउने कार्य गरी प्रतिवादीहरु *ओम प्रसाद पाण्डे,अशोक शेरचन,मनिराम पोखरेल,* **रश्मी पन्त र ऋवस श्रेष्ठ र देब ढुङ्गानाले** बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ वमोजिमको कसूर अपराध गरेको पुष्टी हुन आउछ ।

यसै गरी साथै ईन्ष्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साइन्स प्रा.लि. (Institute of agriculture forest and veterinary science pvt.ltd.) को एकल सञ्चालक तथा राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.का संचालक प्रतिवादी ओम प्रसाद पाण्डे, राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.का तत्कालिन संचालकहरु हरीमान लामा, धन बहादुर शेरचन, हरीकृष्ण भट्टचन, महावीर तामाङ, देवान राई, सुरेश कुमार तिवारी र प्रभु बैंक लि.को तत्कालिन CEO अशोक शेरचन लगायतका व्यक्तीहरुले एक आपसमा मिलेमतो गरी योजनावद्धरुपमा जानीजानी प्रतिवादीहरुले आफ्नो पदिय दायित्व, अधिकार समेतको दुरुपयोग गरी बैंकलाई हानी नोक्सानी पुऱ्याउने उदेश्यले स्वार्थ समुह व्यक्ती तथा कम्पनीलाई फाईदा पुऱ्याई प्रभु बैंक लि.बाट राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा पटक पटक प्रवाह भएको कर्जा रकम कर्जा सुबिधा पत्र (Credit Appraisal) मा उल्लेख भए वमोजिम जुन प्रयोजनको लागि कर्जा प्रवाह भएको हो सोही प्रयोजनमा प्रयोग नगरी प्रतिवादीहरुले व्यक्तीगत स्वार्थ/हितको लागि दिपक राज वराल समेत विभिन्न व्यक्तीहरुको नाममा चेक काटी

CamScanner

उल्लेखित चेक मार्फत भुक्तानी लिएको, प्रभु बैंक लि. लगायतका विभिन्न वैंक तथा वित्तीय संस्थामा रहेको पुरानो कर्जाहरुको साँवा तथा व्याज तिर्नको लागि प्रयोग गरेको र प्रयोजन विपरीत कर्मचारीहरुलाई तलव दिने काममा प्रयोग गरी सो समेत हाल सम्म खुल्न आएको **जम्मा रु.५९,७७,०६,९००।०६ (उनान्साठी करोड सत्तर लाख छ हजार नौ सय रुपैया छ पैसा)** कर्जा रकम दुरुपयोग गरी बैंकलाई हानीनोक्सानी पुऱ्याई बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ वमोजिमको कसूर अपराध गरेको वारदात पुष्टी हुन आयो।

अव अभियोजन तर्फ बिचार तथा विश्लेषण गर्दा मिसिल संलग्न निम्न तथ्य, प्रमाणहरुको आधारबाट ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेस्ट एण्ड भेटेरेनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt.Ltd.) का एकल संचालक तथा राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि. (Ram Janaki Health Foundation Pvt. Ltd.) को संचालक ओम प्रसाद पाण्डे, राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि. (Ram Janaki Health Foundation Pvt. Ltd.) को तत्कालिन संचालकहरु हरिमान लामा, धन बहादुर शेरचन, महावीर तामाङ, हरिकृष्ण भट्टचन, देवान राई, सुरेश कुमार तिवारी तथा प्रभु वैंक लि.का तत्कालिन CEO अशोक शेरचन समेतले प्रभु बैंक लि.बाट रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा बिभिन्न शिर्षकहरुमा प्रवाह भएको कर्जा रकम दुरुपयोग गरेको भनि विभिन्न मितिमा नेपाल राष्ट्र वैंकबाट खटि आएका विज्ञले पेश गरेको प्रतिवेदनबाट प्रहरी प्रतिवेदन तयार तथा कर्जाको विश्लेषण र प्रतिवादीहरुको बयान र मौकामा बुझीएका मानिसहरुले गरी दिएको कागज समेतका आधार प्रमाणबाट *प्रतिवादीहरु हरिमान लामा, धन बहादुर शेरचन, हरिकृष्ण भट्टचन, महावीर तामाङ, देवान राई, सुरेश कुमार तिवारी,ओम प्रसाद पाण्डे,अशोक शेरचन,मनिराम पोखरेल,* **रश्मी पन्त र ऋवस श्रेष्ठ र देब ढुङगानाले** बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ वमोजिमको कसूर अपराध गरेको स्पष्ट देखिन्छ।

यसै गरी प्रतिवादी अशोक शेरचनले अनुसन्धान अधिकारी समक्ष बयान गर्दा, सन् २०११ देखी प्रभु बिकास बैंक लि. हुदै प्रभु बैंक लि.को प्रमुख कार्यकारी अधिकृत भई काम गरी आएको छु। ईन्स्च्टच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरिनरी साईन्स प्रा.लि. का अध्यक्ष ओम प्रसाद पाण्डेसँग मेरो बैंकको ऋणीको रुपमा करिव १४/१५ बर्ष अगाडी देखि चिनजान भई आएको हो। Banking क्षेत्रमा ग्राहकको आवश्यकता र बैंकसँगको सम्बन्धको आधारमा तत्काल ऋणीको आवश्यकतालाई मध्यनजर राखी कर्जा प्रदान गर्नु पर्ने भएमा सो कुरा संचालक समितिका प्रतिनिधीलाई जानकारी गराई संचालक समितिवाट स्विकृत गर्नु पुर्व Bank ले कर्जा प्रवाह गर्न सक्ने प्रावधान प्रचलन रहि आएको हुनाले मिति २०७५ साउन ११ गते (सन् २०१८।०७।२७) मा पनि ऋणीको अनुरोध अनुसार संचालक समितिलाई पुर्व जानकारी गराई बैंकबाट रु.१३,००,००,०००।– (तेह्र करोड) कर्जा प्रवाह गरी पछि संचालक समितिको बैंठकबाट अनुमोदन गरिएको थियो। कर्जा जुन प्रयोजनको लागि लिएको सोही प्रयोजनको लागि प्रयोग गर्नु पर्छ, यदी उल्लेखित उद्देश्य प्रयोजन बाहेक अन्यत्र प्रयोग गर्नु मिल्दैन र प्रयोजन भन्दा अन्य उद्देश्यमा कर्जाको प्रयोग गरीएमा उक्त कार्य कर्जाको दुरुपयोग हुन्छ। प्रयोजन बाहेक अन्यत्र प्रयोग गर्नको लागि कसैलाई पनि सहयोग गर्न समेत हुदैन। ओम प्रसाद पाण्डेले ईन्स्च्टच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरिनरी साईन्स प्रा.लि. को खाता बाट रु ११,००,००,००० (एघार करोड रुपैया) राम जानकी हेल्थ फाउण्डेसनको खातामा रकमान्तर गरिदिनहुन" भनी कम्पनीको छाप र आधिकारीक दस्तखत भएको पत्राचारको आधारमा बैंकले रकम रकमान्तर भएको हुनु पर्छ। कर्जाका ऋणीले आंशिक धितो फुकुवा माग्नुको प्राविधिक कारणहरुमा परियोजना सुचारु गर्नको लागि धितोमा रहेका केही कित्ताहरु आंशिक रुपमा फुकुवा गरी अन्य जोडिएका जग्गावालाहरुसँग कित्ता मिलान गर्ने, हाल साबिक गर्ने, केही कित्ताहरु बिक्री गरी कर्जा रकम घटाउने लगायतका कारणहरुको लागि ऋणीको माग बमोजिम आंशिक धितो फुकुवाको सुविधा ऋणीलाई प्रदान गरिएको हुनुपर्छ। ऋण रकम जग्गा खरिद लगायतका कामका लागि प्रवाह भए पश्चात विश्वब्यापी रुपमा महामारीको रुपमा फैलिएको कोरोना भाईरसको कारण निर्माणकार्य अघि बढाउन नसेकेको कारणले उक्त परियोजना निर्माणका लागि समय थप गरिएको थियो। नेपाल राष्ट्र बैंकले विविध कारणले अर्थतन्त्रमा आएको मन्दीको समयमा उद्योग, ब्यापार, सेवा क्षेत्र लगायतका संस्थाहरुलाई जोगाउनको लागि बैंक तथा वित्तिय संस्थाहरुलाई Loan

CamScanner

Deferral गर्ने सुबिधा प्रदान गरेको कारण रामजानकी हेल्थ फाउण्डेसनको कर्जा Deferral गरिएको हो भनि ईन्स्च्टच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरिनरी साईन्स प्रा.लि.को सम्बन्धमा प्रभु बैंक लि.का तत्कालिन **CEO अशोक शेरचनले** बयान गरेको देखिन्छ । प्रतिवादी DCEO मनिराम पोखरेलले बयान गर्दा, हाल म करिब ३ वर्ष अगाडी देखि DCEO को हैसियतमा प्रभु बैंक लि.मा काम गरि आएको छु । मिति २०७५ साल साउन ८ गते (सन् २०१८।०७।२४) मा तयार पारिएको Credit Appraisal अनुसार नै ऋणीलाई कर्जा प्रदान गर्ने अधिकार रहेको संचालक समितिले स्विकृत गर्नु अगाडी नै मिति २०७५।०४।१५ (सन् 2018 July 31) मा CEO अशोक शेरचनले "Board reactification will be obtain from next board meeting" भनी लेखि कर्जा प्रवाह गरेको सम्बन्धमा मलाई थाहा भएन । तत्कालिन समयमा म Chief Credit Officer हैसियतमा Credit Manager बाट पेश भएको कर्जा फाईल CEO समक्ष पठाएको थिएँ । कर्जाको लागि कर्जा स्वीकृतीको लागि मैले फाईल बढाईसकेपछि उक्त कर्जा स्वीकृत भयो वा भएन भन्ने कुरा मलाई थाहा हुँदैन र कर्जा स्वीकृती पश्चातका अन्य तहमा मेरो कुनै भूमिका नहुने भएकोले जानकारी हुँदैन । काठमाण्डौ मेडिकल कलेजमा ओम प्रसाद पाण्डेको नाममा रहेको २ लाख कित्ता शेयरको Market Value NPR 450 र FMV 225 रुपैयाँ मानिने भनी के कुन विधि प्रकृयाबाट के कसरी को कसले Valuation गरिएको हो मलाई हाल थाहा भएन । कर्जा प्रशासन विभाग अन्तर्गत Legal Documentation Section ले धितो सुरक्षण गर्ने, कागजात बनाउने, सम्पूर्ण Legal Documentation बनाउने काम गर्दछ । मैले दस्तखत गरेको Credit Appraisal Memo मा चालु पुजी र Land pooling भनी उद्देश्य किटान गरिएको प्रस्ताव कागजातमा मात्र मैले दस्तखत गरी अगाडी बढाएको हुँ । Incident Report (कर्जाको दुरुपयोग भएको प्रतिवेदन) गर्ने कार्य Consortium & Project Finance Department ले गर्नुपर्ने हो, गरे नगरेको बारेमा मलाई उक्त समयमा भएन । मिति २०७६।०३।१३ गते (सन् 2019/06/28) मा बैंकले तयार पारेको Memorandum मा Chief Business Office (CBO) को हैसियतले plot no. 120 (3-0-0-0), 61 (0-16-0-0) and 103 (0-17-0-0) and re-mortgage new plot formed after land deduction of 0-4-0-0, 0-7-2-0 & 0-5-0-0 अनुसार स्वीकृतीको लागि मैले स्विकृत गरेको हो । सो भन्दा अन्यथा भएमा मलाई थाहा भएन । मिति २०७९।०३।१९ गते (सन् 2022/07/03) मा बैंकले तयार पारेको Internal Memorandum अनुसार बैंकको DCEO को रुपमा Credit Chain मा रही काम गर्ने गरेको थिएँ । Plot no. 306 Value 6.962 Million Release गर्नको लागि Rs. 6.962 Million बैंकमा जम्मा गर्ने सर्तमा फुकुवा गर्ने र अन्य धितो पनि थप Memorandum मा खुलाईए बमोजिम Rs. 103.106 Million को धितोमा Internal Tie Up (बैंकमा पहिलै रोक्का रहेको सम्पत्तिलाई विभिन्न कर्जा सुविधालाई जग्गाधनीले धितो दिने मञ्जुर गरेको लिखितम कागज) गर्ने सर्तमा फुकुवाको प्रस्ताव Credit Chain मार्फत मकहाँ आएपछि कार्यकारी प्रमुखको मा पठाएको थिएँ भनि ईन्स्च्टच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरिनरी साईन्स प्रा.लि.को सम्बन्धमा प्रभु बैंक लि.का तत्कालिन **DCEO मनिराम पोखरेलले** बयनम गरेको देखियो । प्रतिवादी CCO ऋवश श्रेष्ठले बयान गर्दा, मिति २०७५ साल साउन ८ गते (सन् २०१८।०७।२४) मा तयार पारीएको Credit Appraisal (for Fresh project loan) मा Credit Manager पदमा रही स्विकृत गरे पछि कर्जा प्रदान गर्ने अधिकार रहेको संचालक समिति समक्ष पेश नगरी पछि अनुमोदन गर्ने गरी मिति २०७५।०४।१५ (सन् 2018 July 31) CEO अशोक शेरचनले कर्जा स्विकृत गरी कर्जा प्रदान भएको देखिन्छ । मिति २०७५ साल साउन ८ गते (सन् २०१८।०७।२४) को Credit Appraisal अनुसार प्राथमिक धितोको रुपमा स्वीकार गरीएको काठमाण्डौ मेडिकल कलेजमा ओम प्रसाद पाण्डेको नाममा रहेको २ लाख कित्ता शेयर नै के कति कारणले धितो सुरक्षण नगरिएको हो, सो सम्बन्धमा सम्वन्धित विभाग Consortium and project finance department लाई जानकारी हुनु पर्छ । कर्जा जुन प्रयोजनको लागि लिएको सोही प्रयोजनको लागि प्रयोग गर्नु पर्छ, यदी उल्लेखित उद्देश्य प्रयोजन बाहेक अन्यत्र प्रयोग गर्नु मिल्दैन, कर्जाको उद्देश्य भन्दा अन्यन्त्र कर्जाको रकम प्रयोग गरीएमा उक्त कार्य कर्जाको दुरुपयोग हुन्छ र प्रयोजन बाहेक अन्यत्र प्रयोग गर्नको लागि कसैलाई पनि सहयोग गर्न समेत हुदैन । ईन्स्च्टच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरिनरी साईन्स प्रा.लि.का अध्यक्ष ओम प्रसाद पाण्डेले ईन्स्च्टच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरिनरी साईन्स प्रा.लि. को खाता बाट रु ११,००,००,००० (एघार करोड रुपैया) राम जानकी हेल्थ फाउण्डेसनको

CamScanner

खातामा रकमान्तर गरिदिनहुन" भनी सादा पानामा पत्राचार गरेको आधारमा बैंकको पार्किङ खातामा जम्मा गरी उक्त खाताबाट रामजानकी हेल्थ फाउण्डेसनको बिभिन्न खाताहरुको साँवा र ब्याज तिर्न प्रयोग गरेको र Sigma Architecher and engineering consultant ले ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेस्ट एण्ड भेटेरेनरी साईन्स प्रा.लि.को नाममा रहेको कित्ता नं १२०,६१ र १०३ को मुल्याङ्कन गर्दा सरकारी दररेट भन्दा धेरै मुल्याङकन गरेको मलाई थाहा छैन। जग्गा फुकुवा गर्नलाई ऋणीले कवुलियतनामा गरे अनुसार फुकुवा गरिएको जग्गाको मुल्य (FMV) बरावर ७ दिन भित्र जम्मा गरि दिने भनि लेखिएको कारण कर्जा असुली पनि हुने भएको देखिदा Chief Credit Officer को हैसियतमा Internal Memorandum मा हस्ताक्षर गरेको हुँ। कम्पनी संचालनमा नरहेको र Overdue (भाखा नाघेको) समेत भएको अबस्थामा बैंकले ऋणीबाट कर्जा रकम असुली कार्यमा सहजिकरणको लागि व्याजदर ५.२६% बाट घटाई ३.००% बनाएको हो भनि ईन्स्च्टच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरिनरी साईन्स प्रा.लि.को सम्बन्धमा प्रभु बैंक लि.का तत्कालिन **CCO ऋवश श्रेष्ठले** बयान गरेको देखिन्छ। प्रतिवादी ओम प्रसाद पाण्डेले बयान गर्दा, ईन्स्च्टच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरिनरी साईन्स प्रा.लि. कृषि, बन विज्ञान बिषयमा पठपाठन गर्नको लागि शिक्षा मन्त्रालयबाट मनसाय पत्र लिई रामपुर चितवन क्याम्पसबाट सम्वन्धन नदिएको कारण संचालन हुन नसकेको हो। ईन्ष्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साइन्स प्रा.लि. एकल संचालकको हैसियतमा मैले मिति २०७५ साल आषाढ १७ गते प्रभु बैंक लि.बाट दीर्घकालीन कर्जा रु २,००,००,०००/-(दुई करोड मात्र) र अधिविकर्ष कर्जा रु.११,००,००,०००।–(एघार करोड मात्र) गरी जम्मा रु.१३,००,००,०००।– (तेह्र करोड मात्र) कर्जा सुविधा लिनको लागि आवश्यक प्रकृया अगाडी बढाई प्रभु बैंक लि.बाट कर्जा लिएको हो। कम्पनीले कृषि, बन विज्ञान बिषयमा पठपाठन गर्नको लागि शिक्षा मन्त्रालयबाट मनसाय पत्र लिएकोमा चितवन रामपुर कृषि क्याम्पसबाट सम्वन्धन नदिएको कारण संचालन हुन नसकेकोले रु.११,००,००,०००।–(एघार करोड) रामजानकी हेल्थ फाउण्डेशन प्रा.लि.को नाममा रकमान्तर गरी दिनु भनि प्रभु वैंक लि.लाई सम्बोधन गरी मैले सादा कागजमा निवेदन दिएको आधारमा रु.११,००,००,०००।–(एघार करोड) रामजानकी हेल्थ फाउण्डेशन प्रा.लि.को प्रभु बैंक लि.मा रहेको कर्जाको सावाँ र ब्याज भुक्तानीको लागि प्रयोग गरेको हुँ। ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेस्ट एण्ड भेटेरेनरी साईन्स प्रा.लि. बर्दिबासको लागि जग्गा खरिद भईसकेको र सोको रकम कम्पनीले अन्य विभिन्न श्रोतबाट बिक्रेतालाई चुक्ता गरिसकेको जानकारी गराउछौ। प्रभु बैंक लि.बाट कर्जा लिने क्रममा धितोको रुपमा काठमाण्डौ मेडिकल कलेजमा मेरो नाममा रहेको करिब १,८८,००० कित्ता शेयर धितोमा राखेको हुँ। उक्त शेयर रोक्का रहे नरहेको सम्वन्धमा मलाई एकिन भएन। मैले Sigma Architecture and Engineering Consultant लाई प्रलोभनमा पारी धितोको रुपमा राखेको जग्गा जिल्ला महोत्तरी, तत्कालिन २५ न. बहादुरगंज हाल बर्दिबास नगरपालिका -०३ मा रहेको कि.न. १२०, ६१ र १०३ को जग्गाको मुल्यांकन बढाउन लगाएको होईन भनि **प्रतिवादी ओम प्रसाद पाण्डेले** बयान गरेको देखिन्छ।

मौकामा बुझीएका उपेन्द्र नेपालले घटना विवरण कागज गर्दा, राम जानकी हेल्थ फाउन्डेसन प्रा.लि.को नाममा कर्जा प्रवाहको लागि संचालक समिती (वोर्ड) को निर्णय हुनु भन्दा अगाडी सन् २०१८।०९।१३ (मिति २०७५/०५/२८) रु.५,०१,५२,६४७।९१ (पाँच करोड एक लाख वाउन्न हजार छ सय सतचालिस रुपैया एकानब्बे पैसा) र सन् २०१८।०९।१६ (२०७५/०५/३१) मा रु. १,१६,१८,०५३।८६ (एक करोड सोह्र लाख अठार हजार त्रिपन्न रूपैया छयासी पैसा) समेत गरी जम्मा रु.६,१७,७०,७०१।७७ (छ करोड सत्र लाख सत्तरी हजार सात सय एक रुपैया सत्तर पैसा) प्रवाह भएको कर्जा रकम बैंकको CEO अशोक शेरचनको निर्देशनमा भएको हो। यसमा उल्लेखित कर्जा प्रवाह गर्न संचालक समितिको निर्णय हुनु भन्दा अगाडी बैंकको CEO अशोक शेरचनले नै बोर्डबाट पछि अनुमोदन गर्ने गरी मौखिक अनुमति लिई सकेको छु, पछि अनुमोदन गरौला भनी निज CEO अशोक शेरचनको मौखिक निर्देशनमा नै उल्लेखित कर्जा रकम संचालक समिती (वोर्ड) को निर्णय हुनु भन्दा अगाडी कर्जा प्रवाह भएको हो। उल्लेखित कर्जाको सम्बन्धमा संचालक समिति (वोर्ड) को सन् २०१८।०९।२० मा बसेको वैठकबाट अनुमोदन गरेको हो। उल्लेखित कर्जा प्रवाह पछि उक्त कर्जा

CamScanner

रकम ऋणीले के कुन प्रयोजनमा प्रयोग गरेको हो मलाई जानकारी छैन भनि प्रभु बैंकको तत्कालिन कर्मचारी **उपेन्द्र नेपालले** मौकामा कागज गरिदिएको पाइयो ।

सुभेच्छा जोशीले घटना विवरण कागज गर्दा, म Credit Administration Department (CAD) मा कार्यरत रहदा बैकमा कर्जाको Approving chain मार्फत Approved भई आए पछि Checker को हैसियतमा system मा loan Disbursement/settlement लगायतका अन्य कामहरुको Approved गर्ने गरेको छु । रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा सन् २०१८।०९।१३ (२०७५/०५/२८) मा कर्जा प्रवाह भएको समयमा म CHECEKER को रुपमा Officer पदमा कार्यरत रहेको थिए । कर्जा प्रवाह लागि संचालक समिती (वोर्ड) को निर्णय हुनु भन्दा अगाडी सन् २०१८।०९।१३ (मिति २०७५/०५/२८) र सन् २०१८।०९।२० (२०७५/०५/०४) मा प्रवाह भएको कर्जा रकम बैंकको CEO अशोक शेरचनको निर्देशनमा भएको हो । यसमा उल्लेखित कर्जा प्रवाह गर्न संचालक समितिको निर्णय हुनु भन्दा अगाडी बैंकको CEO अशोक शेरचनले नै बोर्डबाट पछि अनुमोदन गर्ने गरी मौखिक अनुमति लिई सकेको छु, पछि अनुमोदन गरौला भनी निज CEO अशोक शेरचनको मौखिक निर्देशनमा नै उल्लेखित कर्जा रकम संचालक समिती (वोर्ड) को निर्णय हुनु भन्दा अगाडी कर्जा प्रवाह भएको हो भनि प्रभु बैंक लि.मा तत्कालि Credit Administration Department (CAD) मा कार्यरत **सुभेच्छा जोशीले** मौकामा कागज गरिदिएको पाइयो ।

सौरभ राज जोशीले घटना विवरण कागज गर्दा, रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को लागि संचालक समिती (वोर्ड) को निर्णय हुनु भन्दा अगाडी सन् २०१८।०९।१३ (मिति २०७५/०५/२८) र सन् २०१८।०९।१६ (२०७५/०५/३१) मा प्रवाह भएको कर्जा रकम बैंकको CEO अशोक शेरचनको निर्देशनमा भएको हो । यसमा उल्लेखित कर्जा प्रवाह गर्न संचालक समितिको निर्णय हुनु भन्दा अगाडी बैंकको CEO अशोक शेरचनले नै बोर्डबाट पछि अनुमोदन गर्ने गरी मौखिक अनुमति लिई सकेको छु, पछि अनुमोदन गरौला भनी निज CEO अशोक शेरचनको मौखिक निर्देशनमा नै उल्लेखित कर्जा रकम संचालक समिती (वोर्ड) को निर्णय हुनु भन्दा अगाडी कर्जा प्रवाह भएको हो । उल्लेखित कर्जा प्रवाह पछि उक्त कर्जा रकम ऋणीले के कुन प्रयोजनमा प्रयोग गरेको हो मलाई जानकारी छैन भनि प्रभु बैंक लि.मा तत्कालि Credit Administration Department (CAD) मा कार्यरत **सौरभ राज जोशीले** मौकामा कागज गरिदिएको पाइयो ।

दिपक राज वरालले घटना विवरण कागज गर्दा, राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा प्रवाह भएको कर्जा रकम उक्त कम्पनीको संचालकहरु धन बहादुर शेरचन र हरीमान लामा समेतले मेरो नाममा चेक काटेको सत्य हो, यसरी मेरो नाममा काटिएका चेकहरु मार्फत प्रभु वैंक लि.बाट रकम भुक्तानी लिन कतिपय म स्वयं समेतलाई वैंकमा लिई गई चेकमा उल्लेखित रकम वैंकबाट निज धन बहादुर शेरचन र हरिमान लामाले वुझि लिने गरेका थिए भने प्राय जसो धेरै पटक मेरो नाममा चेक काटी निजहरु धन बहादुर शेरचन र हरिमान लामा आफै वैंकमा उपस्थित भई मेरो नाममा काटिएको चेक मार्फत रकम भुक्तानी लिने गरेका थिए । कतिपय रकम मेरो नाममा चेक काटी ईन्सेन्टीभ टुर्स एण्ड ट्राभल्सका कर्मचारी कुमार आचार्यले भुक्तानी लिइ धन बहादुर शेरचन र हरिमान लामालाई दिने गरेको भनि कुमार प्रसाद आचार्यले मलाई वताएका थिए । राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को तत्कालिन संचालक धन वहादुर शेरचन र हरिमान लामाको निर्देशनमा रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को लेखापाल वासुदेव राज भण्डारीले मेरो नाममा चेक काटी हरिमान लामा र धन बहादुर शेरचन समेतले उल्लेखित रकम भुक्तानी लिएको साँचो हो । मेरो नाममा काटिएका चेकहरुवाट मैले नै केही रकम भुक्तानी लिई धन वहादुर शेरचन र हरिमान लामाले भने अनुसार निजहरुलाई दिएको छु तर के कति रकम भुक्तानी लिई निजहरुलाई दिए भनेर हाल याद छैन । कतिपय मेरो नाममा काटिएका चेकहरुबाट ईन्सेन्टिभ ट्राभल्स एण्ड टुर्स प्रा.लि.का कर्मचारी कुमार आचार्यले भुक्तानी लिएका थिए । प्रभु वैंकबाट कर्जा लिए पछि हरेक जसो ठुलो चेक कारोवारमा हुने भुक्तानी के कति कारणले किन र कसलाई भुक्तानी दिने भन्ने कुरा प्रभु बैंक लि.वाट माथिल्लो तहका कर्मचारीहरुलाई जानकारी गराए पछि माथिल्लो तहका कर्मचारीबाट प्राप्त आवश्यक निर्देशन पश्चात मात्र उल्लेखित रकम भुक्तानी दिने गरेको

CamScanner

थियो । मेरो नाममा काटेको चेक मार्फत भुक्तानी लिदा प्रभु वैंक लि.का उच्च तहका कर्मचारीहरु CEO, DCEO, CBO लगायका व्यक्तीलाई जानकारीमा हुनु पर्छ भनि **दिपक राज वरालले** मौकामा कागज गरिदिएको पाइयो ।

कुमार प्रसाद आचार्यले घटना विवरण कागज गर्दा, मलाई कहिलेकाँही रामजानकी हेल्थ फाउण्डेशन प्रा.लि.का लेखापाल बासुदेव राज भण्डारीले प्रभु बैंक लि.मा भएको राम जानकी हेल्थ फाऊण्डेशन प्रा.लि.को खाताको चेक मेरो नाममा काटिदिई रकम झिकेर ल्याउनु भनि मलाई दिने गरेका थिए । सोही अनुसार मेरो नाममा काटिएको चेकहरुको रकम बैंकबाट भुक्तानी लिई बासुदेव राज भण्डारीलाई दिने गरेको थिए । प्रभु वैंक लि.वाट राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा सन् २०१५/०७/२७ मा प्रवाह भएको कर्जा रकम रु.१०,००,००,०००।००(दश करोड) मध्ये राम जानकी हेल्थ फाउण्डेसनको खाता नम्बर 00100100678973000001 को उल्लेखित चेकहरुबाट जम्मा रु ८०,००,०००।०० (असी लाख),सन् २०१५/०८/०६ मा प्रभु वैंक लि.बाट राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा प्रवाह भएको कर्जा रकम रु ४,००,००,०००।००(चार करोड) र सन् २०१५।०९।०१ मा प्रवाह भएको रु २,००,००,०००।०० (दुई करोड) गरी जम्मा ६ करोड रुपैयाँ मध्ये राम जानकी हेल्थ फाउण्डेसनको खाता नम्बर 00100100678973000001 को उल्लेखित चेकहरुबाट जम्मा रु १,८०,००,०००।०० (एक करोड असी लाख), सन् २०१६/०२/२५ मा राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि. लाई प्रवाह भएको कर्जा रकम रु.२०,००,००,०००।०० (बीस करोड) मध्ये राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को खाता नम्बर 00100100678973000002 को उल्लेखित चेकहरुबाट जम्मा रु ८,००,०००।०० (आठ लाख),सन् २०१६/०९/१६ मा प्रभु वैंक लि.बाट राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा प्रवाह भएको कर्जा रकम रु ४,००,००,०००।००(चार करोड) मध्ये राम जानकी हेल्थ फाउण्डेसनको खाता नम्बर 001001006789 73000001 को उल्लेखित चेकहरुबाट जम्मा रु ८,००,०००।०० (आठ लाख) मैले बासुदेव राज भण्डारीले मेरो नाममा चेक काटिदिई रकम झिकी ल्याउनु भने बमोजिम मैले उक्त रकम भुक्तानी लिई निज बासुदेव राज भण्डारीलाई दिएको हुँ । मैले कुमार प्रसाद आचार्य समेतको नाममा काटिएको चेकहरुबाट भुक्तानी लिई लेखापाल वासुदेव राज भण्डारीलाई बुझाउने गरेको थिएँ । यसरी मैले माथि उल्लेखित जम्मा ६६ थान चेकहरुबाट जम्मा रु. ३०,७०,७५,०००/- (तिस करोड सत्तरी लाख पचहत्तर हजार रुपैयाँ) भुक्तानी लिएको रहेछु । तत्कालिन समयमा वैंकबाट एउटा चेकबाट एक व्यक्तीको नाममा जम्मा रु.४९,००,०००।– (उनान्पचास लाख) मात्र झिक्न मिल्ने भएकोले एकै दिनमा मेरो नाममा मात्र त्यती ठुलो मात्रा कारोबार भएको हो । वैंकबाट रु.४९,००,०००।– (उनान्पचास लाख) भन्दा धेरै रकम झिक्नु पर्ने अवस्था भएमा संचालक हरिमान लामाको निर्देशनमा लेखापाल बासुदेव राजभण्डारीले विभिन्न व्यक्तिहरुको बनावटी नाम राखी चेक जारी गर्ने गरेका थिए । मैले काम गर्ँ बापत कुनै आर्थिक लाभ लिएको छैन भनि **कुमार प्रसाद आचार्यले** मौकामा कागज गरिदिएको पाइयो ।

वासुदेव राजभण्डारीले घटना विवरण कागज गर्दा, वि.सं.२०७० देखि २०७२ सम्म ईन्सेन्टिभ टुर एण्ड ट्राभल कम्पनीमा लेखापालको रुपमा काम गरेको थिएँ, ईन्सेन्टिभ टुर एण्ड ट्राभल कम्पनीमा काम गर्दागर्दै हरिमान लामाले मलाई राम जानकी हेल्थ फाउन्डेशन प्रा.लि.मा काम गर्नु भनि खटाई दिएका थिए । सोही बमोजिम वि.सं. २०७२ साल देखि करिब १ वर्ष जति राम जानकी हेल्थ फाउन्डेशन प्रा.लि.मा लेखापाल कै रुपमा काम गर्न शुरु गरेँ । लेखा शाखामा कार्यरत भएको हैसियतले ईन्सेन्टिभ टुर एण्ड ट्राभल कम्पनीका संचालक र राम जानकी हेल्थ फाउन्डेशन प्रा.लि. संचालक समितिको अध्यक्ष हरिमान लामा र कहिलेकाही लेखा प्रमुख माधव खड्काले भने बमोजिम नै विभिन्न व्यक्तिहरुको नाममा चेक जारी गरेको हुँ । उक्त चेक बापतको रकम हरिमान लामाले आफ्नो नाममा राख्नु भनि दिएको निर्देशन बमोजिम नै मैले नेपाल राष्ट्र बैंकबाट तोकिएको कारोबारको सिमा एक व्यक्तिसँग एक दिनमा रु. ५०,००,०००/- (पचास लाख) सम्मको मात्र कारोबार गर्न मिल्ने हुनाले उक्त कारोबारको सीमालाई ख्याल गरी विभिन्न काल्पनिक व्यक्तिहरुको नाममा चेक जारी गरी सटहीको लागि कुमार प्रसाद आचार्य, दिपक राज बराल, मोतिलाल उदास र प्रितम दानीसमेतलाई दिने गरेको थिएँ। हरिमान लामाले मलाई भने बमोजिम नै मैले कुमार प्रसाद आचार्यलाई उक्त चेकबाट भुक्तान भएको रकम विभिन्न व्यक्तिहरुको नाममा जम्मा गर्नको लागि भन्ने गरेको थिएँ । सो चेक जसको नाममा जारी गरिएपछि सो चेक कुमार आचार्य, दिपक राज बराल,

CamScanner

मोतिलाल उदास समेतले प्रभु बैंकमा गई पेश गर्दा बैंकबाट सजिलै भुक्तानी हुने गरेको थियो । चेक सटही गरी प्राप्त रकम हरिमान लामाले आफ्नो तजबिजी अनुसार प्रयोग गर्ने गरेका थिए भनि **वासुदेव राजभण्डारीले** मौकामा कागज गरिदिएको पाइयो ।

माधव खड्काले घटना विवरण कागज गर्दा, हरिमान लामाले मलाई लेखा प्रमुखको हैसियतमा प्रभु बैंक लि.को राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.को खाताबाट निकाल्नु पर्ने रकमको लिस्ट मलाई दिने गरेका थिए, त्यस पछि मैले सोही बमोजिम चेक काटि दिनु भनि बासुदेव राजभण्डारीलाई दिने गरेको थिए। त्यस पछि निज वासुदेव राजभण्डारीले सोही अनुसार नै विभिन्न व्यक्तिहरुको नाममा चेक जारी गरी रकम भुक्तानी लिनको लागि कुमार प्रसाद आचार्य, दिपक राज बराल, मोतिलाल उदास र प्रितम दानी समेतका व्यक्तिहरुलाई पठाउने गरेका थिएँ । उक्त चेकहरु जसको नाममा जारी गरेको भएपनि केही फरक पर्दैन्थ्यो । चेक सटहीको लागि प्रभु बैंकमा गएपछि उक्त चेकमा उल्लेख भएको रकम भुक्तानी गर्ने, नगर्ने भनि Confirm गर्नको लागि बैंकबाट हरिमान लामालाई फोन गरी सोधे पछि मात्र भुक्तानी हुने गरेको थियो । कुनै बेला ठूलो रकम भुक्तानी लिने बेलामा हरिमान लामा स्वयम् प्रभु बैंकमा जाने गरेका थिए । मैले हरिमान लामाको निर्देशन बमोजिम नै उक्त चेकहरु जारी गर्नको लागि लेखापाल बासुदेव राजभण्डारीलाई भन्ने गरेको थिए । सवै काम हरिमान लामाको निर्देशनमा भएको हो । त्यस काम गरे बापत मैले पाउने मासिक तलब बाहेक अन्य कुनै आर्थिक लाभ लिएको छैन भनि **माधव खड्काले** मौकामा कागज गरिदिएको पाइयो ।

मोतिलाल उदासले घटना विवरण कागज गर्दा, मलाई कहिलेकाँही लेखापाल बासुदेव राज भण्डारीले रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को खाताको चेक दिपक राज वरालको नाममा काटि रकम झिकेर ल्याउनु भनि मलाई दिने गरेका थिए । सोही अनुसार दिपक राज वरालको नाममा काटिएको चेकहरुको रकम मैले बैंकबाट भुक्तानी लिई बासुदेव राज भण्डारी दिए पछि सो को हिसाव किताव माधव खड्कालाई समेत दिने गरेको थिए । म राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.को कर्मचारी नभएता पनि हरिमान लामाको निर्देशनमा राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.को नामको खाताको चेकहरु दिपक राज वरालको नाममा काटिई उल्लेखित चेकहरुबाट मलाई भुक्तानी लिन लगाईएको हो, यसमा मेरो कुनै संलग्नता छैन् भनि **मोतिलाल उदासले** मौकामा कागज गरिदिएको पाइयो ।

प्रतिक भट्टचनले घटना विवरण कागज गर्दा, मैले २०१५ देखि नै प्रभु बैंक लि.बबरमहलमा Risk Analyst को रुपमा काम गर्न शुरु गरी हाल सम्म कार्यरत भई आएको छु । कर्जा प्रवाहको लागि Project Finance Department बाट तयार भई आएको Credit Appraisal लाई ठिक छ छैन भनि हेर्ने, ठीक छैन भने मौखिकरुपमा जानकारी गराई सच्चाएर पेश गर्नु भन्ने र यति गर्दा पनि नभएमा आफ्नो कुराहरु उक्त Credit Appraisal मा उल्लेख गरी लेख्ने र कर्जा प्रवाहको Chain मार्फत Credit Manager समक्ष पेश गर्ने गरी आएको छु । सन २०२०/०५/२६ को Credit Appraisal अनुसार उक्त कर्जा पनि बोर्डबाट स्विकृत भएको हो । यसमा Purchase of equipment CT Scan, MRI, and installation cost. समेत उद्देश्यले प्रवाह भएको कर्जा जुन उद्देश्यले माग गरिएको हो सोही काममा प्रयोग गर्नु पर्ने हुन्छ, म Credit Risk Analyst को हैसियतले कर्जा स्विकृत हुनु भन्दा अगाडीको Pre approval को काममा मात्र संलग्नता हुन्छ, त्यस पछि Post approval को काममा Project Finance department र Credit Administration Department बाट कर्जा उद्देश्य शर्त बमोजिम कर्जा प्रवाह भएको हो, होईन भनि एकिन गर्नु पर्ने हुन्छ । कर्जाको सदुपयोग र दुरुपयोगको सम्बन्धमा Risk Analyst को कुनै भूमिका हुदैन भनि प्रभु बैंक लि.मा कार्यरत Risk Analyst **प्रतिक भट्टचनले** मौकामा कागज गरिदिएको पाइयो ।

भेषराज खतिवडाले घटना विवरण कागज गर्दा, राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.लाई कर्जा प्रवाह गर्दाको समयमा प्रभु बैंकको CCO को रुपमा कार्यरत थिएँ । कर्जा प्रस्तावहरु मुल्याङ्कन तथा विश्लेषण गरी आफ्नो अख्तियारी

CamScanner

भित्रको प्रस्तावमा स्वीकृत वा अस्वीकृत गर्ने, अख्तियारी भन्दा माथीको कर्जा प्रस्तावमा समर्थन वा असहमतिहरूमा कैफियत जनाई माथिल्लो तहमा पठाउने, यसबाहेक आफू भन्दा तलको तहको कर्मचारीहरुलाई Monitor, Educate गर्ने समेतको काम रहेको थियो । ऋणीबाट थप धितो लिने प्रस्तावमा मैले भाका नाघेको (overdue) यस कर्जा फाईलमा थप धितो लिन मिल्ने तर विद्यार्थी कोटा स्वीकृत नभएकोले थप कर्जा दिन नमिल्ने भनी Comment गरेको थिएँ । त्यसपछि पनि सन् 2015-05-05 को प्रस्तावमा समेत मैले १४ वटा बुँदामा असहमती राखेर प्रस्ताव पेश गर्ने विभागीय प्रमुख तत्कालिन Head of Corporate and Project Financing रविन श्रेष्ठलाई प्रश्न राखी ईमेल पठाएको थिएँ । उक्त कर्जा प्रवाह गर्नको लागि CEO अशोक शेरचनले निर्देशन दिएको भनि पुन: पेश भएको भनेपछि मैले शर्तहरु राखेर फाईल अगाडी बढाएको अवस्थामा समेत उक्त कर्जा CEO अशोक शेरचनको सिफारिसमा संचालक समितिबाट स्वीकृत भएको थियो, सन् 2015-08-04 को थप कर्जाको लागि कर्जा प्रस्ताव मैले सन् 2015-05-05 को प्रस्तावमा मैले उल्लेख गरेको शर्तहरु बमोजिम नै हुनुपर्ने भनि Comment गरेर अगाडी बढाएको हो र पनि उक्त कर्जा CEO अशोक शेरचनको सिफारिसमा संचालक समितिबाट स्वीकृत भएको थियो । सन् 2015.09.22 को कर्जा प्रस्तावमा यस भन्दा अगाडीका दुईवटा प्रस्तावहरुमा मैले राखेको शर्तहरु पुरा नभएकोले थप कर्जा प्रवाह गर्न नसकिने भनि CEO अशोक शेरचनसँग मौखिक अडान राखेपछि मैले बैंकिङ भाषामा बुझीने गरी असहमति जनाई 'In line with observations and suggestions on the CA dated 5/5/2015, forwarded for further decision' भनि Comment लेखी पठाएको थिएँ । सन् 2016.02.23 को थप कर्जा प्रदान गर्दा'Forwarded without support' भन्ने Comment लेखि पठाएको अवस्थामा पनि उक्त कर्जा CEO अशोक शेरचनको सिफारिसमा संचालक समितिबाट स्वीकृत भएको थियो । सन् 2016.09.05 को थप कर्जा गर्ने क्रममा मेरो नाममा On Leave लेखेर उक्त कर्जा सिफारिस गरी संचालक समितिबाट स्वीकृत गराएका हुन् । रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.लाई कर्जा प्रवाह गर्नको लागि तयार भएको कर्जा प्रस्तावमा CCO को हैसियतले गर्नुपर्ने भूमिका मैले तटस्थ रुपमा निर्वाह गरी यथास्थितिमा कर्जा प्रवाह गर्न नसकिने भनि असहमती जनाउँदा जनाउँदैको अवस्थामा तत्कालिन CEO अशोक शेरचनले मैले लेखेको Comment तथा शर्तहरु बेवास्ता गरी निजको सिफारिसमा संचालक समितिबाट उक्त कर्जाहरु स्वीकृत भएको थियो भनि प्रभु बैंक लि.का तत्कालिन CCO **भेषराज खतिवडाले** मौकामा कागज गरिदिएको पाइयो ।

भुषण गुप्ताले घटना विवरण कागज गर्दा, राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.को नाममा उल्लेखित थप कर्जा प्रवाह गर्नको लागि Credit Appraisal तयार हुँदाको बखत म काठमाडौं, बबरमहलको बैंकको केन्द्रीय कार्यालयमा Credit Manager को रुपमा कार्यरत थिएँ । उक्त पदमा रहँदा मेरो जिम्मेवारी अन्तर्गत Business Unit बाट आएको कर्जा फाईलको कागजातहरुमा जोखिमको Independent Desk Review गर्ने हो। Credit Manager ले कुनै पनि ऋणीसँग प्रत्यक्ष सम्पर्क कुराकानी गरेको हुँदैन । उल्लेखित अवस्थामा Business Unit बाट राम जानकी हेल्थ फाउन्डेशन प्रा.लि.को नाममा थप कर्जा प्रवाहको लागि तयार भएको उक्त Credit Appraisal मा Overdue चुक्ता गर्ने, कर्जा नियमित गर्ने प्रतिबद्धता गरेको कुराहरु उल्लेख गरेको हुँदा उक्त प्रा.लि.लाई प्रवाह भई सकेको कर्जा नियमित भएमा पहिलेको कर्जाको साँवा, ब्याज उठ्न सक्ने र बैंकलाई नै लाभ हुने असल नियतले नै Risk Analyst प्रतिक भट्टचन र मैले उक्त Credit Appraisal को Risk Review गरी दस्तखत गरेका हो । उक्त प्रवाह भएको कर्जा दुरुपयोग भएको भन्ने कुरा सो समयमा खुल्न आएको थिएन । म समेतले दस्तखत गरी राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.लाई प्रवाह गरेको कर्जा रकम मध्ये कर्जाको प्रयोजन विपरीत हाल सम्म खुल्न आएको रू 43,12,061.00 (रु. त्रिचालिस लाख बाह्र हजार एकसट्ठी रुपैयाँ) प्रयोग गरी कर्जा दुरुपयोग भएको सम्बन्धमा हाल थाहा भयो । कर्जा स्वीकृत भएपछि ऋणीको खातामा रकम रकमान्तर गर्ने र रकमको सदुपयोगिताको निरीक्षण तथा सुपरीवेक्षण गर्ने काम बैंकको Credit Administration Department (CAD) र Relationship Manager (RM) शाखाको को हो । कर्जा दुरुपयोग रोक्ने जिम्मेवारी Credit

CamScanner

Manager को हुँदैन । यस कर्जा दुरुपयोग गर्ने कार्यमा मेरो संलग्नता छैन प्रभु बैंक लि.का तत्कालिन Credit Manager **भुषण गुप्ताले** मौकामा कागज गरिदिएको पाइयो ।

अम्विका शर्माले घटना विवरण कागज गर्दा, रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा कर्जा प्रवाह गर्ने क्रममा तयार भई आएको सन् 2015-05-05 को Credit Appraisal मा तत्कालिन अवस्थामा कम्पनीको जम्मा २० करोड कर्जा रहेकोमा थप कर्जा १० करोड प्रदान गर्दा ३० करोड र कृषि बिकास बैंकको कर्जा सहित जम्मा ३९ करोड हुने उक्त समयमा कम्पनीको Fixed Assets १०७ करोड रहेको जसको कारण जम्मा ३५% Fixed Assets मात्र बैंकको फाईनान्समा रहने व्यहोरा देखिएको र म आउनु अगाडी कै पुरानो कर्जा भएको तथा CCO भेषराज खतिवडाले कमेण्टमा Overdue चुक्ता गर्नु पर्ने, कम्पनीको Cash follow बैंकमा डिपोजिट हुनु पर्ने लगायतको तथ्यहरुलाई आधार मानि मैले CEO समक्ष Forward गरेको हो । सन् 2015-08-04 को Credit Appraisal मा तत्कालिन अवस्थामा कृषि बिकास बैंक र प्रभु बैंक सहित ३९ करोड जति कर्जा रहेकोमा थप कर्जा रु.६ करोड प्रदान गर्दा करिव ४५ करोड पुग्ने र उक्त समयमा कम्पनीको Fixed Assets १०७ करोड रहेको जसको कारण जम्मा ४३% Fixed Assets मात्र बैंकको फाईनान्समा रहने व्यहोरा देखिएको र CCO भेषराज खतिवडाले कमेण्टमा Overdue चुक्ता गर्नु पर्ने, कम्पनीको Cash follow बैंकमा डिपोजिट हुनु पर्ने लगायतको तथ्यहरुलाई आधार मानि CEO समक्ष Forward गरेको हो । सन 2015-09-22 Credit Appraisal मा उल्लेख भई आएको अतिरिक्त २२.५० करोडको कर्जा रकम प्रदान गर्ने सम्बन्धमा मैले सन् 2015-05-05 को Credit Appraisal मा CCO भेषराज खतिवडाले कमेण्टमा उल्लेख गरेको कमेण्ट अनुसार नै Inline with CCO Remarks लेखि Forward गरेको हो । सन् 2016-02-23 को Credit Appraisal मा उल्लेख भई आएको अतिरिक्त ३५ करोड प्रदान गर्ने सम्बन्धमा CCO ले गरेको कमेण्टमा सहमती जनाउदै थप माथिका Issues हरु सम्बोधन गर्नु पर्ने, कम्पनीले पुँजी आफै हाल्नु पर्ने थप सल्लाह सहित थप काम कारवाही गर्ने भनि उल्लेख गरी CEO समक्ष Forward गरेको हो । सन् 2016-09-05 Credit Appraisal मा उल्लेख भई आएको अतिरिक्त २० करोड कर्जा प्रदान सम्बन्धमा Memo को मध्य पृष्ठमा Overdue को सेटलमेण्ट प्लान मागेको, र सन २०१५/०५/०५ र सन २०१६/०२/२३ को memo मा उल्लेख भएको कैफियतलाई यस memo को पनि भाग मानी सम्बोधन गरी Support मा PTO लेखी Memo मा ८० सिट बिद्यार्थी भर्ना गर्न दिने भन्ने कुरा देखिएको थियो, त्यसमा मैले Overdue सेटलको Commitment मागेको, तत्कालिन अवस्थामा कम्पनीको Due Diligence Audit गर्ने छलफल भएको र त्यो तोकिएको अवधीमा सक्नु पर्ने कुरा राखेको, कम्पनीले बिद्यार्थी भर्ना गर्दा हुने आम्दानी बैंकमा जम्मा गर्ने भनेको हुँदा सोही रकमबाट उक्त २० करोड पनि व्यवस्थापन गर्ने, कलेजले व्यवस्थापनमा सुधार गर्नु पर्ने लगायतका शर्तहरु उल्लेख गरी थप कमेण्ट लेखी CEO समक्ष पठाएको हो । मैले कर्जा प्रवाह गर्नु भनि स्विकृती दिएको छैन । कमेण्टमा लेखिएको शर्तहरुलाई पुरा नगरी कर्जा प्रवाह गर्न नमिल्ने कुरा सभ्य भाषामा कमेण्टमा लेखिएको हो । तत्कालिन अवस्थामा बैंकको CEO ले संचालक समिति मार्फत कर्जाहरु स्विकृत गराउनु भएको हो भनि प्रभु बैंक लि. को तत्कालिन DCEO **तारा मानन्धरले** मौकामा कागज गरिदिएको पाइयो ।

अम्विका शर्माले घटना विवरण कागज गर्दा, प्रभु बैंक लि.मा म संचालक समिति सदस्यको रुपमा वि.सं. २०७१।०५।३० गते देखि २०७३।०९।०८ गते सम्म र दोस्रो पटक वि.सं. २०७६।०६।१७ गते देखि २०७९।०९।२६ गते सम्म संचालक समितिको सदस्यको रुपमा आबद्ध थिएँ । सन २०१५/०५/०५ को बैंकको Credit Appraisal, सन् २०१५/०८/०४ को बैंकको Credit Appraisal (CA), सन् २०१५/०९/२२ को बैंकको Credit Appraisal (CA), सन् २०१६/०९/०५ को बैंकको Credit Appraisal (CA), सन् २०१६/०२/२३ को बैंकको Credit Appraisal (CA), सन् २०२०/०५/२६ को बैंकको Credit Appraisal (CA) समेत CEO अशोक शेरचनबाट नै संचालक समितिमा स्वीकृतीको लागि पेश भएको र उक्त थप कर्जाहरु प्रवाह गरेमा पुरानो कर्जाले निरन्तरता पाउने र परियोजना संचालनमा रही बैंकलाई नै फाईदा हुने भन्ने कुराहरु संचालक समितिमा राखेको हुँदा तत्कालिन संचालन समितिका अध्यक्ष देवी प्रकाश भट्टचन समेत संचालक समितिले निर्णय गरी राम जानकी हेल्थ फाउन्डेशन प्रा.लि.लाई उल्लेखित थप कर्जाहरु प्रवाहको

CamScanner

लागि संचालक समितिबाट स्वीकृत भएको थियो । उल्लेखित कर्जाहरु संचालक समितिको स्वीकृतीको लागि CEO अशोक शेरचनले पेश गर्दाका बखत निजले उक्त राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.लाई दिईएको कर्जाको सावाँ र ब्याज तत्काल भुक्तानी नभएपनि उक्त प्रा.लि.ले मेडिकल कलेज संचालन गर्नको लागि १०० जना नर्सिङ विद्यार्थीहरुको थप नयाँ कोटाको लागि स्वीकृती प्राप्त गरेको, भारत समेतको देशबाट MBBS, MD विद्यार्थीहरु पढ्न आउन सक्ने, अस्पताल पनि संचालन गर्न सकिने भएकोले राम्रो project रहेको र थप कर्जा प्रवाह गरेमा उक्त कर्जाले निरन्तरता पाई पछि साँवा, ब्याज उठेर बैंकलाई लाभ हुने भन्ने कुरा CEO अशोक शेरचनले Briefing गरेको हुँदा सोही आधारमा संचालक समितिबाट राम जानकी हेल्थ फाउन्डेशनलाई थप कर्जा प्रवाह भएको थियो । संचालक समितिको सदस्यको हैसियतले राम जानकी हेल्थ फाउन्डेशन प्रा.लि.लाई माथी उल्लेखित मितिमा कर्जा र थप कर्जा प्रवाह हुनुमा मेरो कुनै स्वार्थ छैन । यसमा मैले कुनै अनुचित लाभ लिएको छैन भनि प्रभु बैंक लि.का तत्कालिन संचालक समितिको सदस्य **ऋषिराम गौतमले** मौकामा कागज गरिदिएको पाइयो ।

अम्विका शर्माले घटना विवरण कागज गर्दा, म प्रभु बैंक लि.मा मिति २०७१।१२।१३ गते देखि मिति २०७७।०९।२६ गते सम्म र सोपछि मिति २०८१।०९।२९ गते देखि प्रभु बैंकको संचालक समितिमा सदस्यको रुपमा आबद्ध छु । कुनै पनि कर्जा प्रवाहको स्वीकृतीको लागि संचालक समितिमा आईसकेपछि CEO अशोक शेरचनले कर्जा स्वीकृत गर्नुपर्ने आधार कारणहरु पेश गरेपछि संचालक समितिबाट कर्जा स्वीकृत हुन गरेको छ । उल्लेखित कर्जा प्रवाहको लागि संचालक समितिबाट उक्त कर्जा के-कुन आधारमा दिने भन्ने प्रश्नमा CEO अशोक शेरचनले पहिले नै प्रवाह भईसकेको राम जानकी हेल्थ फाउन्डेशन प्रा.लि.को कर्जालाई थप कर्जा प्रवाह गरेमा दिएको कर्जा नियमित भई साँवा ब्याज उठ्ने सक्ने र बैंकलाई समेत फाईदा हुने कुरा गरेपछि संचालक समितिबाट स्वीकृत भएको हो । उक्त कर्जाहरु तत्कालिन संचालक समितिका अध्यक्ष देवी प्रकाश भट्टचनले स्वीकृत गरेपछि नै सदस्यको हैसियतले मैले समेत स्वीकृतीको लागि दस्तखत गरेकी हुँ। यो सम्पूर्ण कर्जाहरु प्रवाह गर्दाका बखत बैंकका व्यवस्थापनले सम्पूर्ण कर्जा प्रस्तावका कागजातहरु ठीक छ भनी CEO अशोक शेरचनले संचालक समितिमा पेश गरेपछि सोही आधारमा संचालक समितिबाट स्वीकृत भएको हो । संचालक समितिको सदस्यको हैसियतले यसमा मेरो कुनै स्वार्थ छैन र मैले कुनै अनुचित लाभ लिएको छैन भनि प्रभु बैंक लि.को संचालक समितिको सदस्य **अम्विका शर्माले** मौकामा कागज गरिदिएको पाइयो ।

अन्जु अधिकारीले घटना विवरण कागज गर्दा, म प्रभु बैंक लि.मा २०७५/०२/१९ देखी २०७९/९/२६ सम्म संचालक समितिको सदस्यको हैसियतमा आबद्ध थिएँ । राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.लाई थप कर्जा प्रवाह गर्नको लागि बैंकले तयार गरेको सन् २०१८/०९/०६ को Credit Appraisal (CA) र सन् २०२०/०५/२६ को बैंकको Credit Appraisal (CA) मा उल्लेखित कर्जा प्रवाह गर्न CEO अशोक शेरचनले बैंकलाई नै राम्रो हुने आधार, कारणहरु पेश गरेपछि नै संचालक समितिबाट स्वीकृत गरिएको हो । सन् २०१८/०९/०६ (मिति २०७५/०५/२१) को बैंकको Credit Appraisal (CA) अनुसार Bridge Gap Loan (BGL) 200 million कर्जाको प्रकृया, कागजात र कर्जाको रकम ठुलो भएको कारणले बैंकलाई जोखिम हुन सक्छ भनी कर्जामा पुनर्विचार गर्नको लागि फिर्ता पठाईएको हो । त्यसपश्चात मिति २०७५/०६/०४ गते अन्य बैंक तथा वित्तीय संस्थाहरूलाई छ महिना भित्र Consortium गराउनको लागि अनुरोध गर्ने सर्त सहित कर्जा स्वीकृत गरिएको थियो । राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.मा कर्जाको साँवा र व्याजको भुक्तानी नियमित रहेको नरहेको सम्बन्धित कर्जा विभागबाट नै समय समयमा अनुगमन गरी भुक्तानी भए नभएको जानकारी सम्बन्धित कर्जा प्रशासन विभागले नै जानकारी लिनुपर्ने हो । कर्जा दुरुपयोग भएको अवस्थामा CEO र बैंकको कर्जा प्रवाह गर्दा संलग्न सम्बन्धित विभागले नै छलफल गरी के भएको भनी सो को जानकारी गराई थप कर्जा प्रवाह गर्नुपर्ने हो वा होइन निर्णय गरी संचालक समितिमा पेश गर्नु पर्दछ । सोहि अनुसार नै संचालक समितिका सदस्यहरुबाट निर्णय गरिन्छ भनि प्रभु बैंक लि.को तत्कालिन संचालक समितिको सदस्य **अन्जु अधिकारीले** मौकामा कागज गरिदिएको पाइयो ।

CamScanner

प्रकाश बरालले घटना विवरण कागज गर्दा, सन् 8/4/2015 को Credit Appraisal/Memorandum मार्फत कर्जा प्रवाह गर्दाको समयमा म प्रभु बैंक लि.मा Risk Manager को रुपमा कार्यरत थिएँ। Risk Manager को जिम्मेवारी भनेको कर्जा विभाग (Consortium & Project Financing department) बाट उठाई आएको कर्जा प्रस्ताव (Credit Appraisal) मा उल्लेख गरिएका विवरण, सुचना, तथ्यांक तथा शर्तहरुको आधारमा कर्जा फाइलको review गर्नु हो, कर्जा प्रस्तावमा उल्लेखित विषयवस्तु नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कहि कतै बाझिने छ कि छैन त्यसको review गर्ने, कर्जा संग सम्बन्धित ऋणी company को व्यवसायको अवस्था तथा संभावना, वित्तीय विवरणको अवस्था, loan repayment को अवस्था, धितोको अवस्था साथै कर्जा प्रस्तावमा उल्लेखित शर्त तथा बन्देजका विषयहरु review गर्ने हो । कर्जाको दुरुपयोग सम्बन्धमा कर्जाको सदुपयोगिता (proper utilization) सुनिश्चतता गर्ने जिम्मेवारी Risk Manager को होइन । यो जिम्मेवारी कर्जा disburse गर्ने CAD department र कर्जा file फाइल उठाउने Consortium & Project Financing department को हो । यी सबै विषयहरुको समग्र अध्ययन विश्लेषण (Proper review) गरेपछि मैले Risk Manager को हैसियतले हस्ताक्षर गरेको थिएँ। तत्पश्चात सोही कर्जा फाइल विभिन्न मितिमा पटक पटक कर्जा वृद्धि (enhancement) को लागि आएको थियो तर ऋणीको व्यवसाय तथा नगद प्रवाहले यति धेरै थप कर्जाहरु धान्न सक्दैन भन्ने मेरो विश्लेषण रहेकोले Risk Manager को हैसियतले ती कर्जा वृद्धिका प्रस्तावहरुमा हस्ताक्षर गर्दिन भनी मैले आफ्नो हाकिम CCO भेषराज खतिवडालाई जानकारी गराएको थिए र सोही बमोजिम तत्पश्चात आएका थप कर्जा वृद्धि (enhancement) का कुनै पनि कर्जा प्रस्तावहरुमा मैले हस्ताक्षर गरेको थिइन भनि प्रभु बैंक लि.का तत्कालिन Risk Manager **प्रकाश बरालले** मौकामा कागज गरिदिएको पाइयो।

निरज लम्सालले घटना विवरण कागज गर्दा, CCO को हैसियतमा मेरो जिम्मेवारी अन्तर्गत तलको विभागहरुबाट आएको कर्जा फाईललाई कागजातहरु हेरी माथील्लो तहलाई फर्वाड गर्ने हो। राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि. कर्जा नविकरण, BGL लाई Term Loan मा Convert गर्ने, उपकरणहरु मगाउनको लागि छ करोडको Term Loan दिने उद्देश्यका साथ उक्त Credit Appraisal तयार पारिएको थियो। सो कर्जा प्रस्ताव हेर्दा LTV(Loan to Value) Ratio 86 % थियो, सो कारण उक्त कर्जा प्रवाह गर्नको लागि Risk कम नै देखेको थियो र धितो सुरक्षण पर्याप्त देखेको हुँदा मैले उक्त Credit Appraisal मा दस्तखत गरेको हुँ। उक्त कम्पनीको नाममा प्रवाह भएको कर्जाको सावाँ र ब्याज भुक्तानी नियमित नभएको सम्बन्धमा Overdue भएको अवस्थामा कर्जा प्रवाह गर्न नमिल्ने भन्ने हुँदैन। बैंकिङ क्षेत्रमा Overdue भएको अवस्थामा समेत कर्जा नविकरण, थप कर्जा प्रवाह गर्ने काम गरिन्छ। जसले गर्दा पुरानो कर्जाले निरन्तरता पाउँछ, ऋणीले समेत आफ्नो अवस्था सुधार गरी पुरानो कर्जा चुक्ता गर्ने आशामा Overdue भएको अवस्थामा समेत थप कर्जा प्रवाह गरिन्छ। राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.लाई प्रवाह गरेको उल्लेखित कर्जा रकम मध्ये कर्जाको प्रयोजन विपरीत हाल सम्म खुल्न आएको रू 43,12,061.00 (त्रिचालिस लाख बाह्र हजार एकसठ्ठी रुपैयाँ) प्रयोग गरी कर्जा दुरुपयोग भएको सम्बन्धमा हाल थाहा भयो। कर्जा स्वीकृत भएपछि ऋणीको खातामा रकम रकमान्तर गर्ने र रकमको सदुपयोगिताको निरीक्षण तथा सुपरीवेक्षण (कार्यान्वयन) गर्ने काम बैंकको Project Finance Department को Request मा Credit Administration Department (CAD) ले गर्ने हो, यस कर्जा दुरुपयोग गर्ने कार्यमा मेरो संलग्नता छैन भनि प्रभु बैंक लि.का तत्कालिन CCO **निरज लम्सालले** मौकामा कागज गरिदिएको पाइयो।

शंकर प्रसाद कालिकोटाले घटना विवरण कागज गर्दा, म प्रभु बैंक लि.मा २०७४/०५/१८ देखी २०८१/०१/०७ सम्म संचालक समितिमा रहेको थिएँ। राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा कर्जा प्रवाह गर्ने क्रममा सम्पुर्ण कागजातहरु Management देखि नेपाल राष्ट्र बैंकको नियमहरु पालना गरी संचालक समितिमा पेश गर्ने काम भएको हो। पहिला नै बैंकको CEO बाट स्वीकृत गरिएको कर्जाको सम्बन्धमा संचालक समितिलाई जानकारी नहुने हुदाँ कर्जा खातामा जम्मा भएको नभएको कुरा संचालक सिमितिका सदस्यहरुलाई जानकारी हुँदैन । सन् २०१८/०९/०५ (मिति २०७५/०५/२१) को बैंकको Credit Appraisal (CA) अनुसार Bridge Gap Loan (BGL) 200 million कर्जाको

CamScanner

प्रकृया, कागजात र कर्जाको रकम ठुलो भएको कारणले बैंकलाई जोखिम हुन सक्छ भनी कर्जामा पुनर्विचार गर्नको लागि फिर्ता पठाईएको हो । त्यसपश्चात मिति २०७५/०६/०४ गते अन्य बैंक तथा वित्तीय संस्थाहरूलाई छ महिना भित्र Consortium गराउनको लागि अनुरोध गर्ने सर्त सहित कर्जा स्वीकृत गरिएको थियो । संचालक समितिको स्विकृति विना कर्जा प्रवाह भएको हो भने बैंकको CEO जिम्मेवार रहन्छ । कर्जा दुरुपयोग भएको अवस्थामा CEO र बैंकको कर्जा प्रवाह गर्दा संलग्न सम्बन्धित विभागले नै छलफल गरी के भएको भनी सो को जानकारी गराई थप कर्जा प्रवाह गर्नुपर्ने हो वा होइन निर्णय गरी संचालक समितिमा पेश गर्नु पर्दछ । सोहि अनुसार नै संचालक समितिका सदस्यहरुबाट निर्णय गरिन्छ भनि प्रभु बैंक लि.का तत्कालिन संचालक **शंकर प्रसाद कालिकोटाले** मौकामा कागज गरिदिएको पाइयो ।

रविन श्रेष्ठले घटना विवरण कागज गर्दा, राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा सन् 2015-05-05, सन् 2015-08-04, सन् 2015-09-22, सन् 2016-02-23, सन् 2016-09-05 र सन् 2018-09-05 को Credit Appraisal/Memorandum मार्फत कर्जा प्रवाह गर्दाको समयमा Consortium and Project Finance Department मा Head को रुपमा कार्यरत थिएँ । कार्यको Reporting CBO लाई गर्ने गरेको थिएँ । उक्त पदमा मेरो जिम्मेवारी अन्तर्गत Relation Manager ले तयार गरेको Credit Appraisal/Memorandum लाई Review गरी Risk Department मार्फत Credit Chain मा माथिल्लो तहलाई पठाउने कार्य पर्दथ्यो । कर्जा फायल तयार पार्ने काम Consortium and Project Finance Department को हो तर राम जानकी हेल्थ फाउन्डेशन प्रा.लि.को कर्जा फायल तयार पार्दा, मैले ऋणीलाई भेट्न नपाएको र यसरी कर्जा फायल तयार पार्नु भनि CEO अशोक शेरचनबाट निर्देशन बमोजिम जसरी पनि गर्नु अन्यथा कारवाही गर्ने छु भन्ने गरेको कारणबाट भएको हो । कर्जाको साँवा र व्याजको भुक्तानी नियमित नरहेको (Overdue) को अवस्थामा सो को Follow up Recovery Department ले गरिरहेको थियो । कर्जा दुरुपयोग भएको सम्बन्धमा तत्कालिन अवस्थामा कुनै कुराहरु सुनिएको थिएन । साथै नियामकीय निरीक्षण तथा बाह्य लेखा परीक्षकको निरीक्षणमा पनि कुनै किसिमको कैफियत भएको भन्ने कुराहरु जानकारीमा आएको थिएन । कर्जा प्रवाह गर्दाको बखत तयार पारिएको Credit Appraisal को Credit Chain मा रहि Review गरी माथिल्लो तहमा फर्वाड गर्ने जिम्मेवारी अनुसार नै सो काम मैले गरेको हुँ भनि प्रभु बैंक लि.को तत्कालिन Project Finance Department मा Head को रुपमा कार्यरत **रविन श्रेष्ठले** मौकामा कागज गरिदिएको पाइयो ।

दिपेश पोखरेलले घटना विवरण कागज गर्दा, ऋणीको निवेदन, कम्पनीको Minute, कम्पनीको Legal Document (Company Registration, PAN, Tax Clearance), Audit Report तथा Projected Report हरु, कम्पनीको व्यक्तिहरुको नागरिकता, KYC समेतको कागजातहरु लिएर सोहि आधारमा Credit Appraisal तयार गर्ने काम मैले गर्ने गरेको थिएँ । राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा समेत कर्जा प्रवाह गर्दाको समयमा कर्जा फायल तयार पार्नु भनि CEO अशोक शेरचनबाट निर्देशन आए बमोजिम मैले नै सन् 2015-05-05, सन् 2015-08-04, सन् 2015-09-22, सन् 2016-02-23, सन् 2016-09-05, सन् 2018-09-05 र सन् 2020/05/26 को Credit Appraisal/Memorandum तयार गरी Head Consortium & Project Finance Department लाई पठाएको हुँ । मैले मलाई प्राप्त निर्देशानुसार Credit Appraisal/Memorandum तयार गर्ने काम मेरो हो । BSVR (Business Site Visit Report) मार्फत Business संचालन तथा Asset Utilization मा छ, छैन भन्ने कुरा Relationship Manager/ Branch Manager ले गर्ने गरेका थिएँ । उक्त कम्पनीको BSVR जनकपुरकै नजिकैको शाखाबाट गरिएको र सम्बन्धित शाखाबाट BSVR प्राप्त भएपछि सोही आधारमा राम जानकी हेल्थ फाउन्डेशन प्रा.लि. संचालनमा रहेको भन्ने कुरा एकिन भई थप कर्जाको लागि Credit Appraisal/Memorandum तयार पारी स्वीकृतको लागि माथिल्लो तहमा पठाईएको थियो । रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.लाई प्रवाह भएको कर्जाको रकमबाट जम्मा रु 59,77,06,900.00 (उनान्साठी करोड सतहत्तर लाख छ हजार नौ सय रुपैयाँ) दुरुपयोग भएको सम्बन्धमा हाल थाहा भयो । कर्जाको सदुपयोगिताको बारेमा अनुगमन गरी दुरुपयोग गर्न नदिने जिम्मेवारी सम्बन्धित व्यक्ति वा विभागको भनि तोकिएको थिएन, उल्लेखित कर्जा रकम

CamScanner

दुरुपयोगमा मेरो कुनै संलग्नता छैन भनि प्रभु बैंक लि.का तत्कालिन **RM दिपेश पोखरेलले** मौकामा कागज गरिदिएको पाइयो । दिनेश डंगोलले घटना विवरण कागज गर्दा, सन् 2020/05/26 मा तयार पारिएको Credit Appraisal/Memorandum मा उल्लेख भए अनुसार मेरो जिम्मेवारी Relationship Manager मार्फत आएका फाईलहरुलाई Review गरी Risk Department मा फरवार्ड गरिदिने रहेको थियो । सो समयमा मलाई Delegation Authority दिएको थिएन । उच्च व्यवस्थापन/ CEO ले उक्त कर्जा फाईल अगाडी बढाउनु भन्ने आदेश दिए पश्चात राम जानकी हेल्थ फाउण्डेसनको Business Operate गर्नको लागि तथा CT Scan, MRI मेसिन खरिद गर्नको लागि उक्त कर्जा सिफारिस गरिएको हो । सो समयमा Total Project Cost करिब ७ करोड २० लाख रहेकोमा ८०% रकम(६ करोड) Plant and Machinery (CT Scan, MRI), Wages, Installation लगायतमा खर्च गर्न दिने भनी कर्जा प्रवाहको लागि क्राईटेरिया तोकिएको थियो । ऋणीले Equity Upfront गरिसकेपछि ऋणीको खातामा Disburse गरेको सोहि रकम निज ऋणीले कर्मचारीहरुको Salary दिन प्रयोग गरेको रहेछ भनि प्रभु बैंकमा तत्कालिन समयमा Project Finance Department को Head को हैसियतमा कार्यरत **दिनेश** डंगोलले मौकामा कागज गरिदिएको पाइयो ।माथी उल्लेखित तथ्य प्रमाण समेतको विश्लषेण गर्दा प्रतिवादीहरुको कसूरमा सहभागिता र भुमिका बारेमा विश्लेषण यस प्ररकार रहेको छ ।

ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Science P.Ltd.) को नाममा प्रवाह भएको कर्जा रकम दुरुपयोग गरी बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ बमोजिमको कसूर अपराध मुद्दामा प्रतिवादीहरु अशोक शेरचन, मनिराम पोखरेल, रश्मी पन्त, ऋवश श्रेष्ठ र ओम प्रकाश पाण्डे समेतको भूमिका निम्नानुसार रहेको छ ।

ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Science P.Ltd.) को एकल संचालक र राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को सञ्चालक प्रतिवादी **ओम प्रसाद पाण्डे**को संलग्नता/भूमिका **:** प्रतिवादी ओम प्रसाद पाण्डेले बैंक तथा वित्तीय संस्थाहरुबाट कर्जा लिई रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.मा प्रयोग गर्ने गरी स्नातक तथा स्नातकोत्तर तहको कृषि, वन विज्ञान तथा पशु विज्ञान विषयका कक्षाहरु संचालन गर्ने भनिएको ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Science P.Ltd.) संचालनको लागि जग्गा खरिद गर्न र कलेज संचालन/चालु पूजि व्यवस्थापन गर्न मिति २०७५ आषाढ १७ गते वसेको वैठकको ओम प्रसाद पाण्डेको एकल निर्णयबाट प्रभु वैंक लि.बाट Term Loan रु २,००,००,०००/- (दुई करोड) र Demand Loan रु.११,००,००,०००।– (एघार करोड) कर्जा माग गरेको देखिन्छ । सोही बमोजिम सन 2018-07-24 (मिति २०७५/०४/०८) को Credit appraisal अनुसार बैंकको वोर्डबाट स्विकृत हुनु भन्दा १६ दिन अगाडी नै मिति २०७५/०४/१५ (सन २०१८/०७/३१) मा उक्त कम्पनीको खातामा Demand Loan रु ११ करोड र Term Loan रु.१,९९,९५,५००।– प्रवाह भएको देखिन्छ तर कर्जा प्रवाह भएको १६ दिन पछि मिति २०७५/०४/३१ मा बैंकको संचालक समितिको १२२ औ बैठकबाट अनुमोदन गरीएको देखिन्छ । कर्जा प्रवाह भएको मिति २०७५/०४/१५ (सन २०१८/०७/३१) मा ओम प्रसाद पाण्डेले प्रवाह भएको कर्जा रकम मध्ये रु.११,००,००,०००।–(एघार करोड मात्र) रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को खातामा रकमान्तर गरि दिनु भनि सादा कागजमा निवेदन लेखी बैंकमा पेश गरेको आधारमा उक्त रकम सोझै रामजानकी हेल्थ फाउन्डेशन प्रा.लि.को खातामा रकमान्तर नगरी सोही दिन मिति २०७५/०४/१५ मा प्रभु बैंक लि.को आफ्नो PARKING A/C:MDR A/C-917106010001 मा जम्मा गरी उक्त पार्किङ खाताबाट सोही दिन रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को प्रभु बैंक लि. मा भएको बिभिन्न ९ वटा खाताहरुमा रकमान्तर गरी पुरानो कर्जाको साँवा तथा व्याज रकम तिर्न प्रयोग गरेको र जग्गा खरीद गर्नको लागि प्रवाह भएको कर्जा रकम रु.१,९९,९५,५००।–(एक करोड उनान्सय लाख पञ्चानब्बे हजार पाँच सय रुपैयाँ) मध्ये राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.का शेयर सदस्य रबिन्द्र

CamScanner

पन्थको प्रभु बैंक लि. मा रहेको खाता नं. 0180036567800011 मा रु १,५१,००,०००।०० (एक करोड एकाउन्न लाख मात्र) र रामजानकी हेल्थ फाउन्डेशन प्रा.लि.को पुर्व शेयरधनी हेमता सुवेदी ढुंगेलको प्रभु बैंकको खाता नं. 00101000024646000001 मा रु.४२,९०,०००। (बयालिस लाख नब्बेहजार रुपैया मात्र) समेत गरी जम्मा रु.१,९३,९०,०००।–(एक करोड त्रियानब्बे लाख नव्वे हजार मात्र) रकमान्तर गरी प्रवाह भएको कर्जा रकमको प्रयोजन विपरीत प्रयोग गरी सो समेत गरी जम्मा रु.१३,००,००,०००।– (तेह्र करोड रुपैया) कर्जा रकम कर्जा प्रस्ताव पत्र (Credit Appraisal) मा उल्लेख भए बमोजिम जुन प्रयोजनको लागि कर्जा सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरी प्रयोजन विपरीत प्रयोग गरी कर्जा रकम दुरुपयोग गरेको देखिन्छ । यसरी कर्जा प्रस्ताव-पत्र (Credit appraisal) मा कलेज संचालन/चालु पूजि व्यवस्थापन गर्ने उदेश्य विपरीत ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt.Ltd.) को नाममा प्रवाह भएको कर्जा रकम रु.१३,००,००,०००।– (तेह्र करोड रुपैया) जुन प्रयोजनको लागि कर्जा सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरी गराई ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt. Ltd.) का एकल संचालक तथा रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि. (Ram Janaki Health Foundation Pvt.Ltd.) को संचालक **ओम प्रसाद पाण्डे**ले कर्जा रकम दुरुपयोग गरी गराई बैंकिङ कसूर तथा सजाय ऐन २०६३ अन्तर्गतको कसूर गरेको प्रष्ट देखिन्छ ।

- ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt. Ltd.) को नाममा कर्जा प्रवाह गर्ने क्रममा धितोको रुपमा राखिएको प्रतिवादी ओम प्रसाद पाण्डेको काठमाडौं मेडिकल कलेजमा भएको नेपाल स्टक एक्सचेन्ज (NEPSE) मा सुचिकृत समेत नभएको १,८८,०००।–(एक लाख अठासी हजार) कित्ता शेयरलाई २ लाख कित्ता शेयर भएको देखाई उल्लेखित शेयरको जम्मा रु.४,५०,००,०००।– (चार करोड पचास लाख मात्र) मुल्यांकन गरी धितोको रुपमा सकार गरिएको देखिदा उल्लेखित गैरकानूनी कार्यमा निज **ओम प्रसाद पाण्डे** समेतको संलग्नता रहेको प्रष्ट देखिन्छ ।
- ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of agriculture forest & veterinary science Pvt. Ltd.) को नाममा कर्जा प्रवाह गर्ने क्रममा धितोको रुपमा राखिएको साविक २५ नं. बहादुरगञ्ज गा.बि.स.वडा नं.९ हाल वर्दिवास न.पा.वडा नं.३ महोत्तरीमा रहेको कि.नं.१२०,६१ र १०३ को जग्गाको सरकारी मूल्यांकन दर मिति २०७५/०४/०९ गते (सन् 2018/07/25) मा प्रति कट्ठा रु.२,००,०००।०० (दुई लाख) रहेको भनि Sigma architecture and Engineering Consultant का मूल्यांकनकर्ता देव ढुङगानाले मुल्याङकन गरेको देखिन्छ, सोही जग्गालाई मिति २०७६/०३/३१ मा विक्री गर्दा प्रति कट्ठा १ लाख ५० हजारमा विक्री गरेको देखिन्छ, साथै मालपोत कार्यालय वर्दिबास महोत्तरीको मिति २०८२।१०।०७ को पत्रानुसार उक्त जग्गाको न्यूनतम सरकारी मुल्याङकन सो समयमा रु.१,५०,०००।००(एक लाख पचास हजार) रहेको भनि खुली आएको हुँदा उक्त जग्गाको तत्कालिन सरकारी मुल्याङकन भन्दा रु.५०,०००।– (पचास हजार) बढी मुल्याङकन गरेको देखिदा प्रतिवादी ओम प्रसाद पाण्डेले मूल्यांकनकर्ता देव ढुङगानासँग मिलेमतो गरी बढी मुल्याङकन गर्न लगाएको देखिदा प्रस्तुत बैंकिङ कसूर मुद्दामा निज **ओम प्रसाद पाण्डे** समेतको संलग्नता रहेको प्रष्ट देखिन्छ ।
- अनुसन्धानको क्रममा ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt. Ltd.) हाल सम्म सञ्चालनमा आएको देखिदैन, नाम मात्रको डमी/Shell कम्पनी भएको बुझिन्छ । यसरी नाम मात्रको डमी/Shell कम्पनी खडा गरी उक्त कम्पनीको नाममा कर्जा माग गरी प्रवाह भएको कर्जा रकम छुट्टै रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.मा प्रयोग गरेको देखिन्छ । परियोजना नै सञ्चालनमा नआएको कम्पनीको नाममा प्रवाह भएको कर्जा रकम चुक्ता समेत भएको देखिदैन, प्रभु बैंक लि.बाट बैंकिङ कसूर सजाय ऐन, २०६४ को दफा ७ को (क) विपरीत हुने गरी कर्जा प्रदान भएकोमा सोही कर्जा खराव कर्जामा रहेको भनि नेपाल राष्ट्र बैंकलाई Reporting गरेकोले खराव कर्जालाई पुनर्तालिकीकरण गर्न नपाउने अवस्थामा ओम प्रसाद पाण्डे समेत

CamScanner

भई प्रभु बैंकको उच्च तहको कर्मचारीहरु समेतसँग मिलेमतो गरी मिति २०८०/११/१३ (सन् २०२४-०२-२५) मा उल्लेखित कर्जालाई मिति २०८५ चैत्र मसान्त सम्म Deferral गर्ने र समयावधी बढाउने कार्य गरेको देखिदा उल्लेखित बदनियतपुर्ण र गैरकानूनी कार्यमा निज **ओम प्रसाद पाण्डे**को मुख्य भूमिका/संलग्नता रहेको प्रष्ट देखिन्छ ।

ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Science P.Ltd.) को नाममा प्रवाह भएको कर्जा रकम दुरुपयोग भएको सम्बन्धमा प्रभु बैंक लि.को तत्कालिन CEO प्रतिवादी अशोक शेरचनको संलग्नता/भूमिका :प्रतिवादी ओम प्रसाद पाण्डेले बैंक तथा वित्तीय संस्थाहरुबाट कर्जा लिई जानकी हेल्थ फाउण्डेशन प्रा.लि.मा प्रयोग गर्ने उद्देश्य राखी स्नातक तथा स्नातकोत्तर तहको कृषि, वन विज्ञान तथा पशु विज्ञान विषयका कक्षाहरु संचालन गर्ने भनि ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt. Ltd.) नामक नाम मात्राको वनावटी/Shell कृत्रिम व्यवसाय/कम्पनी खडा गरी उक्त कम्पनीको लागि जग्गा खरिद गर्न र कलेज संचालन/चालु पूजि व्यवस्थापन गर्न प्रभु वैंक लि.बाट क्रमश: Term Loan रु २,००,००,०००/- (दुई करोड) र Demand Loan रु.११,००,००,०००।–(एघार करोड) समेत गरी जम्मा रु.१३,००,००,०००।– (तेह्र करोड) बैंकको वोर्डबाट स्विकृत हुनु भन्दा १६ (सोह्र) दिन अगाडी नै प्रतिवादी अशोक शेरचनको निर्देशनमा मिति २०७५/०४/१५ (सन २०१८/०७/३१) मा प्रभु वैंक लि.बाट ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest & Veterinary Sciences P.Ltd.)को नाममा Demand Loan रु.११,००,००,०००।–(एघार करोड) र Term Loan रु.१,९९,९५,५००।–(एक करोड उनान्सय लाख पन्चानब्बे हजार पाच सय) प्रवाह भएको देखिन्छ । यसबाट के बुझिन्छ भने उक्त कर्जा बोर्डबाट स्विकृत हुनु भन्दा १६ (सोह्र) दिन अगाडी नै प्रभु बैंक लि.को तत्कालिन CEO प्रतिवादी अशोक शेरचनको निर्देशनमा कर्जा सुविधा पत्र (Credit Appraisal) मा Board ractification will be obtain from next board meeting उल्लेख गरी Supported By मा प्रतिवादी अशोक शेरचनले बैंकको CEO को हैसियतमा हस्ताक्षर गरी कर्जा प्रवाह गरी मिति २०७५/०४/३१ मा मात्र प्रभु बैंक लि.को संचालक समिति (Board) बाट अनुमोदन भएको देखिन्छ । ओम प्रसाद पाण्डेले कर्जा प्रवाह भएको मिति २०७५/०४/१५ (सन २०१८/०७/३१)मा प्रवाह भएको रकम मध्ये रु.११,००,००,०००।–(एघार करोड मात्र) रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को खातामा रकमान्तर गरि दिनु भनि बैंकमा सादा कागजमा निवेदन पेश गरेको आधारमा उक्त रकम सोझै रामजानकी हेल्थ फाउन्डेशन प्रा.लि.को खातामा रकमान्तर नगरी सोही दिन मिति २०७५/०४/१५ मा प्रभु बैंक लि.को आफ्नो PARKING A/C:MDR A/C-917106010001 मा जम्मा गरी उक्त पार्किङ खाताबाट सोही दिन रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को प्रभु बैंक लि. मा भएको बिभिन्न ९ वटा खाताहरुमा रकमान्तर गरी पुरानो कर्जाको साँवा तथा व्याज रकम तिर्न प्रयोग गरेको र जग्गा खरीद गर्नको लागि प्रवाह भएको कर्जा रकम रु.१,९९,९५,५००।–(एक करोड उनान्सय लाख पञ्चानब्बे हजार पाँच सय रुपैयाँ) मध्ये राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.का शेयर सदस्य रबिन्द्र पन्थको प्रभु बैंक लि. मा रहेको खाता नं. 0180036567800011 मा रु १,५१,००,०००।०० (एक करोड एकाउन्न लाख मात्र) र रामजानकी हेल्थ फाउन्डेशन प्रा.लि.को पुर्व शेयरधनी हेमता सुवेदी ढुंगेलको प्रभु बैंकको खाता नं. 00101000024646000001 मा रु.४२,९०,०००। (बयालिस लाख नब्बेहजार रुपैया मात्र) समेत गरी जम्मा रु.१,९३,९०,०००।–(एक करोड त्रियानब्बे लाख नव्वे हजार मात्र) रकमान्तर गरी प्रवाह भएको कर्जा रकमको प्रयोजन विपरीत प्रयोग गरी सो समेत गरी जम्मा रु.१३,००,००,०००।– (तेह्र करोड रुपैया) कर्जा रकम कर्जा प्रस्ताव पत्र (Credit Appraisal) मा उल्लेख भए बमोजिम जुन प्रयोजनको लागि कर्जा सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरी प्रयोजन विपरीत प्रयोग गरी कर्जा रकम दुरुपयोग गरेको देखिन्छ । यसरी कर्जा प्रस्ताव-पत्र (Credit appraisal) मा लेखिएको उदेश्य विपरीत ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt.Ltd.) को नाममा प्रवाह भएको कर्जा रकम रु.१३,००,००,०००।– (तेह्र करोड मात्र) जुन प्रयोजनको लागि कर्जा सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र

CamScanner

प्रयोग गरी गराई कर्जा रकम दुरुपयोग गरेको देखिन्छ । प्रभु बैंक लि.को तत्कालिन CEO प्रतिवादी अशोक शेरचनको निर्देशनमा परियोजना नै सञ्चालनमा नआएको ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt. Ltd.) को नाममा बैंकको संचालक समिति (बोर्ड)बाट स्विकृत हुनु भन्दा (१६) सोह्र दिन अगाडी नै कर्जा प्रवाह गरी प्रवाह भएको उल्लेखित कर्जा मध्ये रु.१३,००,००,०००।– (तेह्र करोड मात्र) कर्जा सुविधा पत्र (Credit Appraisal) मा उल्लेख भए बमोजिम कार्यमा प्रयोग नगरी कर्जा दुरुपयोग गरी स्वार्थ पक्षलाई लाभ पुऱ्याई बैंकलाई हानी नोक्सानी पुऱ्याउने कार्य गरेको देखिदा प्रस्तुत कसूरमा प्रभु बैंक लि. को तत्कालिन **CEO अशोक शेरचन**को प्रमुख भूमिका रहेको प्रष्ट देखिन्छ ।

❖ प्रभु बैंक लि.बाट ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt. Ltd.) को नाममा कर्जा प्रवाह गर्ने क्रममा धितोको रुपमा सकारीएको प्रतिवादी ओम प्रसाद पाण्डेको नाममा काठमाडौं मेडिकल कलेजमा भएको नेपाल स्टक एक्सचेन्ज (NEPSE) मा सुचिकृत समेत नभएको १,८८,०००।–(एक लाख अठासी हजार) कित्ता शेयरलाई २ लाख कित्ता शेयर भएको देखाई जम्मा रु.४ करोड ५० लाख मुल्यांकन गरी धितोको रुपमा सकारी उक्त शेयर रोक्का समेत राखेको देखिदैन । धितोमा राखिएको उक्त शेयर ओम प्रसाद पाण्डेको नाममा कायम छ, छैन भनि नबुझी सो सम्बन्धमा कुनै चासो नदेखाई नेपाल स्टक एक्सचेन्ज (NEPSE) मा सुचिकृत समेत नभएको शेयरको प्रति कित्ता रु.२२५ को दर कायम गरी ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt. Ltd.) को नाममा कर्जा प्रवाह गरेको देखिन्छ । यसरी स्वार्थ पक्षलाई लाभ पुऱ्याई बैंकलाई हानी नोक्सानी पुऱ्याउने उदेश्यले लापरवाही तरिकाले बैंकबाट न्युनतम आवश्यक प्रकृया समेतको कार्य पुरा नगरी विधिसंम्मत कर्जा प्रवाह गरेको नदेखिदा उल्लेखित कार्यमा प्रभु बैंक लि.को तत्कालिन **CEO अशोक शेरचन**को निर्देशनमा भएको प्रष्ट देखिदा प्रस्तुत कसूरमा निज अशोक शेरचनको संलग्नता रहेको प्रष्ट देखिन्छ ।

❖ प्रभु बैंक लि.बाट ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of agriculture forest & veterinary science Pvt. Ltd.) को नाममा कर्जा प्रवाह गर्ने क्रममा धितोको रुपमा राखिएको साविक २५ नं. बहादुरगञ्ज गा.बि.स.वडा नं.९ हाल वर्दिवास न.पा.वडा नं.३ महोत्तरीमा रहेको कि.नं.१२०, ६१ र १०३ को जग्गाको मिति २०७५/०४/०९ गते (सन् 2018/07/25) मा सरकारी मूल्यांकन दर प्रति कठ्ठा रु.२,००,०००।००(दुई लाख) रहेको व्यहोराको प्रतिवेदन Sigma architecture and Engineering Consultant का मूल्यांकनकर्ता देव ढुङ्गाना पेश गरेको देखिन्छ, सोही जग्गालाई मिति २०७६/०३/३१ मा विक्री गर्दा प्रति कठ्ठा १ लाख ५० हजारमा विक्री गरेको देखिन्छ, मालपोत कार्यालय वर्दिबास महोत्तरीको मिति २०८२।१०।०७ को पत्रानुसार उक्त जग्गाको न्यूनतम सरकारी मुल्याङकन सो समयमा रु.१,५०,०००।००(एक लाख पचास हजार) रहेको भनि खुली आएको देखिन्छ । धितोकोरुपमा राखिएको उल्लेखित जग्गाको तत्कालिन सरकारी मुल्याङकन भन्दा रु.५०,०००।– (पचास हजार) बढी मुल्याङकन गरी Sigma architecture and Engineering Consultant का मूल्यांकनकर्ता देव ढुङ्गाना प्रतिवेदन पेश गरेको देखिन्छ । यसबाट के बुझिन्छ भने प्रभु बैंक लि.का तत्कालिन CEO प्रतिवादी अशोक शेरचन समेतको मिलेमतोमा मूल्यांकनकर्ता देव ढुङ्गानाले न्युनतम सरकारी दर भन्दा बढी मुल्याङकन गरेको देखिदा स्वार्थ समुहलाई लाभ पुऱ्याई बैंकलाई हानीनोक्सानी पुऱ्याउने कार्यमा बैंकको तत्कालिन **CEO अशोक शेरचन** समेतको संलग्नता/भूमिका रहेको प्रष्ट देखिन्छ ।

❖ प्रभु बैंक लि.ले जारी गरेको Credit Policy Guidelines 2015 (Reviewed on November 2017) को क्रम ९.७ मा कर्जा प्रवाह भईसके पश्चात कर्जाको प्रयोजनमा लगानी तथा प्रयोग सम्बन्धी विषयमा नजिकबाट अवलोकन गर्ने र प्रयोजन भन्दा बाहिर कर्जाको रकम प्रयोग भएको पाईएमा तुरुन्तै प्रतिवेदन गर्नु पर्ने व्यवस्था उल्लेख भएको देखिन्छ, तर प्रभु बैंक लि.बाट ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt.Ltd) को नाममा प्रबाह भएको कर्जा रकम ओम प्रसाद पाण्डे शेयर धनी तथा संचालक समेत रहेको राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को पुरानो कर्जा तिर्न समेत प्रयोग गरी कर्जा रकमको

CamScanner

दुरुपयोग गरेको देखिन्छ, यसरी उल्लेखित कर्जाको सही सदुपयोग भए/नभएको सम्बन्धमा बैकबाट नजिकबाट अवलोकन गर्ने कुनै पहल गरेको देखिदैन तर प्रयाप्त योजनाको कमिको कारणले गर्दा परीयोजना संचालन हुन नसकेको भनी बैंकले बारम्बार उल्लेखित कर्जाको Memorandum हरुमा उल्लेख मात्र गरेको देखिन्छ, यसबाट उल्लेखित कम्पनी सञ्चालन नआई नाम मात्रको डमी कम्पनी भएको प्रतिवादी अशोक शेरचन समेतलाई जानकारी हुदाहुदै पनि कर्जाको सदुपयोगिता सम्बन्धमा कुनै चासो देखाएको नदेखिदा प्रस्तुत कसूरमा प्रभु बैंक लि.को तत्कालिन **CEO अशोक शेरचन**को संलग्नता/भूमिका रहेको प्रष्ट हुन्छ ।

❖ ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि.(Institute of Agriculture Forest and Veterinary Sciences Pvt.Ltd) परियोजना नै हाल सम्म संचालनमा नआएको र ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt. Ltd.)को नाममा प्रबाह भएको कर्जा रकम बैंकलाई चुक्ता गरेको समेत देखिदैन, यस्तो अवस्थामा प्रभु बैंक लि.ले मिति २०८०/११/१३ (सन् २०२४-०२-२५) को Memorandum मा loan Deferral र समयावधी बढाउने निर्णय भएको देखिन्छ । परियोजना नै संचालनमा नआएको अबस्थामा प्रयाप्त योजनाको कमिको कारणले गर्दा परीयोजना संचालन हुन नसकेको भनी बैंकले Memorandum हरुमा उल्लेख गरेको देखिन्छ । नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशन २०८० बमोजिम कर्जा रकमको दुरुपयोग भएमा, परियोजना/व्यवसाय सञ्चालन हुने अवस्था नरहेमा, परियोजना/व्यवसाय सञ्चालन नभएमा खराव कर्जा भएको मानिनेछ भन्ने व्यहोरा उल्लेख भए बमोजिम उल्लेखित कर्जालाई बैंकले खराब कर्जामा वर्गीकरण गरी नेपाल राष्ट्र बैंकलाई Reporting गरेको देखिन्छ । नेपाल राष्ट्र बैंकको कुनै पनि नीति नियम, निर्देशन समेतले (Deferral) पुर्नतालिकिकरण वा पुर्नसंरचना गर्ने प्रावधान तथा स्विकृति नदिएको अबस्थामा उल्लेखित कर्जालाई Deferral of overdue interest as of Poush end 2080 amounting NPR 101.643 Million till Poush end 2085, Deferral of principal overdue of Term Loan amounting 12.39 million booking as separate Term Loan till Poush end 2085. Review date extension of Demand Loan amounting NPR 108.50 Million for 3 months from the date of implementation समेतको व्यहोरा उल्लेख गरी नियम विपरीत प्रभु बैंक लि.मा उच्च पदमा रहेको CEO अशोक शेरचन समेतले मनोमानी तवरबाट Recommended/Approved/Declined By मा दस्तखत गरी आयोजना संचालन नभएको अवस्थामा समेत ऋणीलाई फाईदा पुग्ने गरी निज अशोक शेरचनको सहमती/स्विकृतीमा पहिले देखि दुरुपयोग भई आएको उल्लेखित कर्जालाई खराव कर्जामा रहेको भनि नेपाल राष्ट्र बैंकलाई Reporting गरेको, खराव कर्जालाई पुनर्तालिकीकरण गर्न नपाउने अवस्थामा अशोक शेरचन समेत भई खराव कर्जालाई सक्रिय कर्जा बनाई गैरकानूनीरुपमा (Deferral) पुर्नतालिकीकरण वा पुर्नसंरचना गर्ने कार्य गरी कर्जा दुरुपयोगलाई निरन्तरता दिने काम गरेको देखिन्छ । कर्जाको (Deferral) पुर्नतालिकीकरण वा पुर्नसंरचना भएको तत्कालिन समयमा प्रतिवादी अशोक शेरचन प्रभु बैंक लि. मा CEO जस्तो उच्च पदिय हैसियतमा कार्यरत रहेको अवस्थामा उल्लेखित कर्जालाई (Deferral) पुर्नतालिकीकरण वा पुर्नसंरचना नगरी अस्विकृत (Reject) गर्नु पर्नेमा सो कार्य गरेको देखिदैन । यसवाट के बुझिन्छ भने प्रतिवादी अशोक शेरचन समेतले प्रतिवादी ओम प्रसाद पाण्डे समेतका प्रतिवादीहरुसँग मिलेमतो गरी पहिले नै दुरुपयोग भए गरेको कर्जालाई सक्रिय कर्जाको रुपमा (Deferral) पुर्नतालिकीकरण वा पुर्नसंरचना गरेको देखिदा प्रस्तुत कसूरमा निज प्रभु बैंक लि. का तत्कालिन CEO प्रतिवादी अशोक शेरचनले गरेको प्रष्ट देखिन्छ । **ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Science P.Ltd.) को नाममा प्रवाह भएको कर्जा रकम दुरुपयोग भएको सम्बन्धमा प्रभु बैंक लि.को तत्कालिन DCEO मनिराम पोखरेलको संलग्नता/भूमिका:** प्रतिवादी ओम प्रसाद पाण्डेले बैंक तथा वित्तीय संस्थाहरुबाट कर्जा लिई जानकी हेल्थ फाउण्डेशन प्रा.लि.मा प्रयोग गर्ने उद्देश्य राखी स्नातक तथा स्नातकोत्तर तहको कृषि, वन विज्ञान तथा पशु विज्ञान विषयका कक्षाहरु संचालन गर्ने भनि ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि.(Institute of Agriculture Forest

and Veterinary Sciences Pvt. Ltd.) नामक वनावटी, देखावटी/Shell कृत्रिम व्यवसाय/कम्पनी खडा गरी उक्त कम्पनी संचालनको लागि जग्गा खरिद गर्न र कलेज संचालन/चालु पूजि व्यवस्थापन गर्न प्रभु वैंक लि.बाट क्रमश: Term Loan रु २,००,००,०००/- (दुई करोड) र Demand Loan रु.११,००,००,०००।–(एघार करोड) प्रभु बैंक लि.को वोर्डबाट स्विकृत हुनु भन्दा १६ दिन अगाडी मिति २०७५/०४/१५ (सन २०१८/०७/३१) मा प्रभु वैंक लि.बाट ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest & Veterinary Sciences P.Ltd.) को नाममा Demand Loan रु.११,००,००,०००।– (एघार करोड) र Term Loan रु.१,९९,९५,५००।–(एक करोड उनान्सय लाख पन्चानब्बे हजार पाच सय) प्रवाह भएको देखिन्छ । कर्जा प्रवाह भएको समयमा प्रतिवादी मनिराम पोखरेल CCO को हैसियतमा प्रभु बैंक लि.मा कार्यरत रहि बैंकको संचालक समितिबाट स्विकृत हुनु भन्दा १६ (सोह्र) दिन अगाडी नै Credit Appraisal मा Supported By मा प्रतिवादी मनिराम पोखरेलले प्रभु बैंक लि.को CCO को हैसियतमा हस्ताक्षर गरी समर्थन जनाई कर्जा प्रवाह गरी मिति २०७५/०४/३१ गते मात्र प्रभु बैंक लि.को संचालक समितिबाट अनुमोदन भएको देखिन्छ । प्रभु बैंक लि.का तत्कालिन **CCO/DCEO मनिराम पोखरेल** समेतको मिलेमतो/संलग्नतामा गलत तरिकाबाट गैरकानूनीरुपमा प्रवाह भएको कर्जा रकम मध्ये रु.११,००,००,०००।–(एघार करोड मात्र) रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को खातामा रकमान्तर गरि दिनु भनि ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest & Veterinary Sciences P.Ltd.) का एकल संचालक ओम प्रसाद पाण्डेले सादा कागजमा निवेदन लेखी प्रभु बैंक लि.मा पेश गरेको आधारमा उक्त रकम रामजानकी हेल्थ फाउन्डेशन प्रा.लि.को खातामा रकमान्तर नगरी सोही दिन मिति २०७५/०४/१५ मा प्रभु बैंक लि.को आफ्नो PARKING A/C:MDR A/C-917106010001 मा जम्मा गरी उक्त पार्किङ खाताबाट सोही दिन रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को प्रभु बैंक लि. मा भएको बिभिन्न ९ वटा खाताहरुमा रकमान्तर गरी पुरानो कर्जाको साँवा तथा व्याज तिर्न प्रयोग गरेको र जग्गा खरीद गर्नको लागि प्रवाह भएको कर्जा रकम रु.१,९९,९५,५००।–(एक करोड उनान्सय लाख पञ्चानब्बे हजार पाँच सय रुपैयाँ) मध्ये राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.का शेयर सदस्य रबिन्द्र पन्थको प्रभु बैंक लि. मा रहेको खाता नं. 0180036567800011 मा रु १,५१,००,०००।०० (एक करोड एकाउन्न लाख मात्र) र रामजानकी हेल्थ फाउन्डेशन प्रा.लि.को पुर्व शेयरधनी हेमता सुवेदी ढुंगेलको प्रभु बैंकको खाता नं. 0010100000246 46000001 मा रु.४२,९०,०००। (बयालिस लाख नब्बेहजार रुपैया मात्र) समेत गरी जम्मा रु.१,९३,९०,०००।–(एक करोड त्रियानब्बे लाख नव्वे हजार मात्र) रकमान्तर गरी प्रवाह भएको कर्जा रकमको प्रयोजन विपरीत प्रयोग गरी सो समेत गरी जम्मा रु.१३,००,००,०००।– (तेह्र करोड रुपैया) कर्जा रकम कर्जा प्रस्ताव पत्र (Credit Appraisal) मा उल्लेख भए बमोजिम जुन प्रयोजनको लागि कर्जा सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरी प्रयोजन विपरीत प्रयोग गरी कर्जा रकम दुरुपयोग गरेको देखिन्छ । यसरी कर्जा प्रस्ताव-पत्र (Credit appraisal) मा कलेज संचालन/चालु पूजि व्यवस्थापन गर्ने उदेश्यले प्रवाह भएको कर्जा रकम उदेश्य जुन प्रयोजनको लागि कर्जा प्रवाह भएको हो सोही प्रयोजनमा प्रयोग नगरी कर्जा रकम दुरुपयोग गरी स्वार्थ पक्षलाई लाभ पुऱ्याई बैंकलाई हानी नोक्सानी पुऱ्याउने कार्यमा प्रभु बैंक लि.का तत्कालिन **CCO/DCEO मनिराम पोखरेल** समेतको संलग्नता/भूमिका रहेको तथ्य सिद्ध प्रष्ट देखिन्छ । ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt. Ltd.) को नाममा कर्जा प्रवाह गर्ने क्रममा धितोको रुपमा सकारीएको प्रतिवादी ओम प्रसाद पाण्डेको काठमाडौं मेडिकल कलेजमा भएको नेपाल स्टक एक्सचेन्ज (NEPSE) मा सुचिकृत समेत नभएको १,८८,०००।–(एक लाख अठासी हजार) कित्ता शेयरलाई २ लाख कित्ता शेयर भएको देखाई जम्मा रु.४ करोड ५० लाख मुल्यांकन गरी धितोको रुपमा सकारी उक्त शेयर रोक्का समेत राखेको देखिदैन । नेपाल स्टक एक्सचेन्ज (NEPSE) मा सुचिकृत समेत नभएको धितोमा राखिएको उक्त शेयरको प्रति कित्ता रु.२२५ को दरले कायम गरी ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt. Ltd.) को नाममा कर्जा प्रवाह गरेको देखिन्छ । कर्जा प्रवाह प्रकृयामा आवश्यकता अनुसारको न्युनतम प्रकृया पुरा नगरी धितोमा राखिएको

CamScanner

ओम प्रसाद पाण्डेको उल्लेखित शेयर छ छैन भनि विवरण माग गर्ने काम बैंकबाट भएको देखिदैन । यसरी न्युनतम प्रकृया समेत पुरा नगरी प्रभु बैंक लि.मा तत्काल CCO पदमा कार्यरत मनिराम पोखरेल समेतले प्रतिवादी ओम प्रसाद पाण्डे समेतसँग एक आपसमा मिलेमतो गरी प्रभु बैंक लि.बाट ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt. Ltd.) को नाममा कर्जा प्रवाह भएको देखिदा सो कार्यमा प्रभु बैंक लि.को तत्कालिन **CCO /DCEO मनिराम पोखरेल** समेतको संलग्नता रहेको प्रष्ट देखिन्छ । प्रभु बैंक लि.बाट ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of agriculture forest & veterinary science Pvt. Ltd.) को नाममा कर्जा प्रवाह गर्ने क्रममा धितोको रुपमा राखिएको साविक २५ नं. बहादुरगञ्ज गा.बि.स.वडा नं.९ हाल वर्दिवास न.पा.वडा नं.३ महोत्तरीमा रहेको कि.नं.१२०, ६१ र १०३ को जग्गाको सरकारी मूल्यांकन दर प्रति कठ्ठा रु.२,००,०००।००(दुई लाख) रहेको व्यहोराको प्रतिवेदन Sigma architecture and Engineering Consultant का मूल्यांकनकर्ता देव ढुङगाना पेश गरेको देखिन्छ, तर मालपोत कार्यालय वर्दिबास महोत्तरीको मिति २०८२।१०।०७ को पत्रानुसार उक्त जग्गाको न्यूनतम सरकारी मुल्याङकन सो समयमा रु.१,५०,०००।००(एक लाख पचास हजार) रहेको भनि खुली आएको र सोही जग्गालाई मिति २०७६/०३/३१ मा विक्री गर्दा प्रति कठ्ठा १ लाख ५० हजारमा विक्री गरेको देखिन्छ । यसबाट उक्त जग्गाको तत्कालिन सरकारी मुल्याङकन भन्दा रु.५०,०००।– (पचास हजार) बढी मुल्याङकन गरेको देखिन्छ । मुल्याङकनकर्ताले पेश गरेको जग्गाको मुल्याङकन ठिक छ, छैन भनि विश्लेषण गर्ने, अध्ययन गर्ने, बुझ्ने काम गरेको देखिदैन र सो सम्बन्धमा बैंकको तत्कालिन CCO मनिराम पोखरेल कहि कतै पनि यो मुल्याङकन ठिक छैन भनि टिप्पणी उल्लेख गरेको देखिदैन । यसबाट के देखिन्छ भने उल्लेखित जग्गाहरुको न्युनतम सरकारी दर भन्दा बढी मुल्याङकन गर्ने कार्यमा मुल्याङकनकर्ता देव ढुङगाना समेतसँग तत्कालिन **CCO/DCEO मनिराम पोखरेल** समेतको संलग्नता छ भन्ने प्रष्ट देखिन्छ ।प्रभु बैंक लि.ले जारी गरेको Credit Policy Guidelines 2015 (Reviewed on November 2017) को क्रम नं.९.७ मा कर्जा प्रवाह भईसके पश्चात कर्जाको प्रयोजनमा लगानी तथा प्रयोग सम्बन्धी विषयमा नजिकबाट अवलोकन गर्ने र प्रयोजन भन्दा बाहिर कर्जाको रकम प्रयोग भएको पाईएमा तुरुन्तै प्रतिवेदन गर्नु पर्ने व्यवस्था उल्लेख भएको देखिन्छ, तर प्रभु बैंक लि.बाट ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt.Ltd) को नाममा प्रबाह भएको कर्जा रकम जुन प्रयोजनको लागि कर्जा सुविधा लिएको हो सोही वमोजिम प्रयोग नगरी ओम प्रसाद पाण्डे शेयर धनी तथा संचालक भएको राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को पुरानो कर्जा तिर्न समेत प्रयोग गरी कर्जा रकमको दुरुपयोग गरेको देखिन्छ, उल्लेखित कर्जाको सही सदुपयोग भए/नभएको सम्बन्धमा बैकबाट कुनै पहल गरेको देखिदैन, नत कुनै कर्मचारी नै खटाएको देखिन्छ तर प्रयाप्त योजनाको कमिको कारणले गर्दा परीयोजना संचालन हुन नसकेको भनी बैंकले पटक पटक Memorandum हरुमा उल्लेख मात्र गरेको देखिदा उल्लेखित आयोजना सञ्चालन नआई नाम मात्रको डमी कम्पनी भएको व्यहोरा प्रतिवादी मनिराम पोखरेल समेतलाई जानकारी हुदाहुदै पनि कर्जाको सदुपयोगिता सम्बन्धमा कुनै चासो देखाएको नदेखिदा कर्जा दुरुपयोग गरी स्वार्थ समुहलाई लाभ पुऱ्याई बैंकलाई हानी नोक्सानी पुऱ्याउने कार्यमा तत्कलिन **CCO/DCEO मनिराम पोखरेल** समेतको संलग्नता रहेको प्रष्ट हुन्छ । **ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Science P.Ltd.) को नाममा प्रवाह भएको कर्जा रकम दुरुपयोग भएको सम्बन्धमा प्रभु बैंक लि.को तत्कालिन CCO प्रतिवादी ऋवश श्रेष्ठको संलग्नता/भूमिका:** ओम प्रसाद पाण्डेले बैंक तथा वित्तीय संस्थाहरुबाट कर्जा लिई जानकी हेल्थ फाउण्डेशन प्रा.लि.मा प्रयोग गर्ने उद्देश्य राखी स्नातक तथा स्नातकोत्तर तहको कृषि, वन विज्ञान तथा पशु विज्ञान विषयका कक्षाहरु संचालन गर्ने भनि ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt. Ltd.) नामक वनावटी, देखावटी/Cell कम्पनी खडा गरी उक्त कम्पनी संचालनको लागि जग्गा खरिद गर्न र कलेज संचालन/चालु पूजि व्यवस्थापन गर्न प्रभु वैंक लि.बाट क्रमश: Term Loan रु २,००,००,०००/- (दुई करोड) र Demand Loan रु.११,००,००,०००।–(एघार करोड)

CamScanner

प्रभु बैंक लि.को वोर्डबाट स्विकृत हुनु भन्दा १६ दिन अगाडी मिति २०७५/०४/१५ (सन २०१८/०७/३१) मा प्रभु वैंक लि.बाट ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest & Veterinary Sciences P.Ltd.)को नाममा Demand Loan रु. ११,००,००,०००।–(एघार करोड) र Term Loan रु.१,९९,९५,५००।–(एक करोड उनान्सय लाख पन्चानब्बे हजार पाच सय) प्रवाह भएको देखिन्छ । उक्त कर्जा सञ्चालक समितिबाट स्विकृत हुनु भन्दा १६ (सोह्र) दिन अगाडी नै Credit Appraisal मा Reviewed By मा प्रतिवादी ऋवश श्रेष्ठले बैंकको Credit Manager को हैसियतमा हस्ताक्षर गरी कर्जा प्रवाह गरी मिति २०७५/०४/१५ मा मात्र प्रभु बैंक लि.को सञ्चालक समितिबाट अनुमोदन भएको देखिदा गलत तरिकाबाट गैरकानूनीरुपमा कर्जा प्रवाह गर्ने कार्यमा प्रभु बैंक लि.का तत्कालिन **Credit manager/CCO ऋवश श्रेष्ठ** समेतको संलग्नता/भूमिका रहेको प्रष्ट हुन्छ । कर्जा प्रवाह भए पछि ओम प्रसाद पाण्डेले कर्जा प्रवाह भएको मिति २०७५/०४/१५ (सन २०१८/०७/३१)मा प्रवाह भएको कर्जा रकम मध्ये रु.११,००,००,०००।–(एघार करोड मात्र) रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को खातामा रकमान्तर गरि दिनु भनि प्रभु बैंक लि.मा सादा कागजमा निवेदन पेश गरेको आधारमा उक्त रकम रामजानकी हेल्थ फाउन्डेशन प्रा.लि.को खातामा रकमान्तर नगरी सोही दिन मिति २०७५/०४/१५ मा प्रभु बैंक लि.को आफ्नो PARKING A/C:MDR A/C-917106010001 मा जम्मा गरी उक्त पार्किङ खाताबाट सोही दिन रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को प्रभु बैंक लि. मा भएको बिभिन्न ९ वटा खाताहरुमा रकमान्तर गरी पुरानो कर्जा रकम तिर्न प्रयोग गरेको र जग्गा खरीद गर्नको लागि प्रवाह भएको कर्जा रकम रु.१,९९,९५,५००।–(एक करोड उनान्सय लाख पञ्चानब्बे हजार पाँच सय रुपैयाँ) मध्ये राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.का शेयर सदस्य रबिन्द्र पन्थको प्रभु बैंक लि. मा रहेको खाता नं. 0180036567800011 मा रु १,५१,००,०००।०० (एक करोड एकाउन्न लाख मात्र) र रामजानकी हेल्थ फाउन्डेशन प्रा.लि.को पुर्व शेयरधनी हेमता सुवेदी ढुंगेलको प्रभु बैंकको खाता नं. 00101000024646000001 मा रु.४२,९०,०००। (बयालिस लाख नब्बेहजार रुपैया मात्र) समेत गरी जम्मा रु.१,९३,९०,०००।–(एक करोड त्रियानब्बे लाख नव्वे हजार मात्र) रकमान्तर गरी प्रवाह भएको कर्जा रकमको प्रयोजन विपरीत प्रयोग गरी सो समेत गरी जम्मा रु.१३,००,००,०००।– (तेह्र करोड रुपैया) कर्जा रकम कर्जा प्रस्ताव पत्र (Credit Appraisal) मा उल्लेख भए बमोजिम जुन प्रयोजनको लागि कर्जा सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरी प्रयोजन विपरीत प्रयोग गरी कर्जा रकम दुरुपयोग गरेको देखिन्छ । उल्लेखित कर्जा प्रस्ताव-पत्र (Credit appraisal) मा जुन उदेश्यले ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt.Ltd.) को नाममा प्रवाह भएको कर्जा रकम रु.१३,००,००,०००।– (तेह्र करोड मात्र) सोही प्रयोजनमा प्रयोग नगरी कर्जा रकम दुरुपयोग गरी स्वार्थ समुहलाई लाभ पुऱ्याई बैंकलाई हानी नोक्सानी पुऱ्याउने कार्यमा प्रभु बैंक लि.का तत्कालिन **Credit Manager/CCO ऋवश श्रेष्ठ** समेतको संलग्नता/भूमिका रहेको प्रष्ट देखिन्छ । ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt. Ltd.) को नाममा कर्जा प्रवाह गर्ने क्रममा धितोको रुपमा सकारीएको प्रतिवादी ओम प्रसाद पाण्डेको काठमाडौं मेडिकल कलेजमा भएको नेपाल स्टक एक्सचेन्ज (NEPSE) मा सुचिकृत समेत नभएको १,८८,०००।–(एक लाख अठासी हजार) कित्ता शेयरलाई २ लाख कित्ता शेयर भएको देखाई जम्मा रु.४ करोड ५० लाख मुल्यांकन गरी धितोको रुपमा सकारी उक्त शेयर रोक्का समेत गरिएको देखिदैन । धितोमा राखिएको ओम प्रसाद पाण्डेको नामको उल्लेखित शेयर काठमाडौं मेडिकल कलेजमा लगानी रहेको छ,छैन भनि खोजी नगरी नबुझी ओम प्रसाद पाण्डेले भनि वताएको भरमा नेपाल स्टक एक्सचेन्ज (NEPSE) मा सुचिकृत समेत नभएको शेयरको प्रति कित्ता रु.२२५ को दर कायम गरी ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt. Ltd.) को नाममा कर्जा प्रवाह गरेको देखिन्छ । यसरी ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt. Ltd.) को नाममा कर्जा प्रवाह गर्ने क्रममा प्रभु बैंक लि.को कर्जा विभागमा Credit Manager को हैसियतमा प्रतिवादी ऋवश श्रेष्ठ कार्यरत रहेको देखिदा

CamScanner

कर्जा प्रवाह गर्ने क्रममा आवश्यक पर्ने न्युनतम कागजातहरु समेत माग नगरी लापरवाही तरिकाले गैरकानूनीरुपमा कर्जा प्रवाह गर्ने कार्यमा प्रभु बैंक लि.का तत्कालिन **Credit Manager/CCO ऋवश श्रेष्ठ** समेतको संलग्नता/भूमिका रहेको प्रष्ट देखिन्छ । प्रभु बैंक लि.बाट ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of agriculture forest & veterinary science Pvt. Ltd.) को नाममा कर्जा प्रवाह गर्ने क्रममा धितोको रुपमा राखिएको साविक २५ नं. बहादुरगञ्ज गा.बि.स.वडा नं.९ हाल वर्दिवास न.पा.वडा नं.३ महोत्तरीमा रहेको कि.नं.१२०, ६१ र १०३ को जग्गाको सरकारी मूल्यांकन दर प्रति कट्ठा रु.२,००,०००।००(दुई लाख) रहेको व्यहोराको प्रतिवेदन Sigma architecture and Engineering Consultant का मूल्यांकनकर्ता देव ढुङ्गाना पेश गरेको देखिन्छ, तर मालपोत कार्यालय वर्दिबास महोत्तरीको मिति २०८२।१०।०७ को पत्रानुसार उक्त जग्गाको न्यूनतम सरकारी मुल्याङ्कन सो समयमा रु.१,५०,०००।००(एक लाख पचास हजार) रहेको भनि खुली आएको र सोही जग्गालाई मिति २०७६/०३/३१ मा विक्री गर्दा प्रति कट्ठा १ लाख ५० हजारमा विक्री गरेको देखिन्छ । यसबाट उक्त जग्गाको तत्कालिन सरकारी मुल्याङ्कन भन्दा रु.५०,०००।– (पचास हजार) बढी मुल्याङ्कन गरेको देखिन्छ । कर्जा प्रवाह गर्ने क्रममा प्रभु बैंक लि.को कर्जा विभागमा Credit Manager को हैसियतमा प्रतिवादी ऋवश श्रेष्ठ कार्यरत रहेको देखिदा मुल्याङ्कनकर्ताले पेश गरेको जग्गाको मुल्याङ्कन ठिक छ, छैन भनि विश्लेषण गर्ने, अध्ययन गर्ने, बुझ्ने काम गरेको देखिदैन र कहि कतै पनि यो मुल्याङ्कन ठिक भए नभएको भनि टिप्पणी समेत उल्लेख गरेको देखिदैन । यसरी जग्गा मुल्याङ्कर्ताले पेश गरेको मुल्याङ्कन विवरणलाई आधार मानी निज ऋवस श्रेष्ठ समेतको मिलेमतोमा जग्गाको सरकारी मुल्याङ्कन बढी देखाई ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of agriculture forest & veterinary science Pvt. Ltd.) को नाममा कर्जा प्रवाह गरेको देखिदा सो कार्यमा प्रतिवादी **Credit Manager/CCO ऋवश श्रेष्ठ** समेतको संलग्नता रहेको प्रष्ट देखिन्छ । प्रभु बैंक लि.ले जारी गरेको Credit Policy Guidelines 2015 (Reviewed on November 2017) को क्रम नं. ९.७ मा कर्जा प्रवाह भईसके पश्चात कर्जाको प्रयोजनमा लगानी तथा प्रयोग सम्बन्धी विषयमा नजिकबाट अवलोकन गर्ने र प्रयोजन भन्दा बाहिर कर्जाको रकम प्रयोग भएको पाईएमा तुरुन्तै प्रतिवेदन गर्नु पर्ने व्यवस्था उल्लेख भएको देखिन्छ, तर प्रभु बैंक लि. बाट ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt.Ltd) को नाममा प्रबाह भएको कर्जा रकम ओम प्रसाद पाण्डे समेत संचालक रहेको राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को प्रभु बैंक लि.मा भएको पुरानो कर्जाको साँवा तथा व्याज तिर्न प्रयोग गरी कर्जा रकमको दुरुपयोग गरेको अबस्थामा उल्लेखित कर्जा असुली गर्ने तर्फ कुनै पहल गरेको देखिदैन । उल्लेखित कर्जा लिनको लागि प्रभु बैंक लि.मा धितोको रुपमा राखेको जग्गाहरुलाई **धितो फुकुवा तथा धितो परिवर्तन गर्न, कर्जाको समयावधि बढाउने र कर्जाको Deferral गर्ने र समयावधि बढाउने** जस्ता कार्यको लागि बैंकबाट फरक फरक मितिमा तयार भएको Memorandum हरुमा प्रयाप्त योजनाको कमिको कारणले गर्दा परीयोजना संचालन हुन नसकेको भन्ने समेतको व्यहोरा बारम्बार उल्लेख मात्र गरेको देखिन्छ । यसबाट ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt.Ltd) परियोजना सञ्चालन नआई नाम मात्रको डमी/Cell कम्पनी भएको भन्ने बुझिन्छ । परियोजना सञ्चालन नआई नाम मात्रको डमी/Cell कम्पनी भएको व्यहोरा प्रतिवादी ऋवस श्रेष्ठ समेतलाई जानकारी हुदाहुदै पनि कर्जा असुली तर्फ कुनै चासो देखाएको नदेखिदा कर्जा दुरुपयोग गरी स्वार्थ पक्षलाई लाभ पुऱ्याई बैंकलाई हानी नोक्सानी पुऱ्याउने कार्यमा प्रभु बैंक लि.का तत्कालिन **Credit Manager/CCO ऋवस श्रेष्ठ** समेतको संलग्नता/भूमिका रहेको प्रष्ट देखिन्छ । प्रभु बैंक लि.बाट ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt. Ltd.)को नाममा प्रबाह भएको कर्जा रकम हाल सम्म चुक्ता गरेको देखिदैन, यस्तो अवस्थामा प्रभु बैंक लि.बाट मिति २०८०/११/१३ (सन् २०२४-०२-२५) को Memorandum अनुसार loan Deferral र समयावधी बढाउने कार्य भएको देखिन्छ तर ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt.Ltd) नामको परियोजना नै हाल सम्म

CamScanner

संचालनमा आएको देखिदैन् । परियोजना नै संचालनमा नआएको अबस्थामा प्रयाप्त योजनाको कमिको कारणले गर्दा परीयोजना संचालन हुन नसकेको भनी बैंकले पटक पटक तयार गरेको Memorandum हरुमा उल्लेख गरेको देखिन्छ । नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशन २०८० बमोजिम कर्जा रकमको दुरुपयोग भएमा, परियोजना/व्यवसाय सञ्चालन हुने अवस्था नरहेमा, परियोजना/व्यवसाय सञ्चालन नभएमा खराव कर्जा भएको मानिनेछ भन्ने व्यहोरा उल्लेख भए बमोजिम उल्लेखित कर्जालाई बैंकले खराब कर्जामा वर्गीकरण गरेको भनि नेपाल राष्ट्र बैंकलाई Reporting गरेको देखिन्छ, यस्तो अवस्थामा नेपाल राष्ट्र बैंकको कुनै पनि नीति नियम, निर्देशन समेतले खराव कर्जालाई (Deferral) पुर्नतालिकिकरण वा पुर्नसंरचना गर्ने प्रावधान तथा स्विकृति नदिएको अबस्थामा समेत उक्त कर्जा रकमलाई मिति २०८० फाल्गुन १३ गते (सन् २०२४/०२/२५) को Memorandum मा Deferral of overdue interest as of Poush end 2080 amounting NPR 101.643 Million till Poush end 2085, Deferral of principal overdue of Term Loan amounting 12.39 million booking as separate Term Loan till Poush end 2085. Review date extension of Demand Loan amounting NPR 108.50 Million for 3 months from the date of implementation समेतको व्यहोरा उल्लेख गरी नियम विपरीत प्रभु बैंक लि.का तत्कालिन Credit Manager/CCO ऋवस श्रेष्ठले समेतले मनोमानी तवरबाट Credit Manager/CCO ऋवस श्रेष्ठले Supported By दस्तखत गरी आयोजना संचालन नभएको अवस्थामा समेत ऋणीलाई फाईदा पुग्ने गरी निज ऋवस श्रेष्ठ समेतको सहमती/स्विकृतीमा पहिले देखि दुरुपयोग भई आएको उल्लेखित कर्जालाई सक्रिय कर्जा बनाई गैरकानूनीरुपमा (Deferral) पुर्नतालिकीकरण वा पुर्नसंरचना गर्ने कार्य गरी कर्जा दुरुपयोगलाई निरन्तरता दिने काम गरेको देखिन्छ । उल्लेखित कर्जालाई (Deferral) पुर्नतालिकीकरण वा पुर्नसंरचना नगरी अस्विकृत (Reject) गर्नु पर्नेमा ऋवस श्रेष्ठ समेतले सो कार्य गरेको देखिदैन । यसवाट के बुझिन्छ भने प्रतिवादी ऋवस श्रेष्ठ समेतले प्रतिवादी ओम प्रसाद पाण्डे समेतका प्रतिवादीहरुसँग मिलेमतो गरी खराव कर्जामा बर्गिकरण गर्नु पर्ने पहिले नै दुरुपयोग भए गरेको कर्जालाई सक्रिय कर्जाको रुपमा (Deferral) पुर्नतालिकीकरण वा पुर्नसंरचना गरेको देखिदा प्रस्तुत कसूरमा निज **Credit Manager/CCO ऋवस श्रेष्ठ** समेतको संलग्नता रहेको प्रष्ट देखिन्छ । **ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Science P.Ltd.) को नाममा प्रवाह भएको कर्जा रकम दुरुपयोग भएको सम्बन्धमा प्रभु बैंक लि.को तत्कालिन CBO प्रतिवादी रश्मी पन्तको संलग्नता/भूमिका :-** प्रतिवादी ओम प्रसाद पाण्डेले बैंक तथा वित्तीय संस्थाहरुबाट कर्जा लिई जानकी हेल्थ फाउण्डेशन प्रा.लि.मा प्रयोग गर्ने उद्देश्य राखी स्नातक तथा स्नातकोत्तर तहको कृषि, वन विज्ञान तथा पशु विज्ञान विषयका कक्षाहरु संचालन गर्ने भनि ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt. Ltd.) नामक वनावटी, देखावटी/Shell कम्पनी खडा गरी ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Science P.Ltd.) संचालनको लागि जग्गा खरिद गर्न र कलेज संचालन/चालु पूजि व्यवस्थापन गर्न प्रभु वैंक लि.बाट क्रमश: Term Loan रु २,००,००,०००/- (दुई करोड) र Demand Loan रु.११,००,००,०००।–(एघार करोड) प्रभु बैंक लि.को वोर्डबाट स्विकृत हुनु भन्दा १६ दिन अगाडी मिति २०७५/०४/१५ (सन २०१८/०७/३१) मा प्रभु वैंक लि.बाट ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest & Veterinary Sciences P.Ltd.) को नाममा Demand Loan रु.११,००,००,०००।–(एघार करोड) र Term Loan रु.१,९९,९५,५००।–(एक करोड उनान्सय लाख पन्चानब्बे हजार पाच सय) प्रवाह भएको देखिन्छ तर जुन उद्धेश्यले कर्जा प्रवाह भएको हो सो प्रयोजनमा कर्जा प्रयोग नगरी उल्लेखित कर्जा दुरुपयोग गरी ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt.Ltd) परियोजना नै हाल सम्म संचालनमा आएको देखिदैन् । प्रभु बैंक लि.ले जारी गरेको Credit Policy Guidelines 2015 (Reviewed on November 2017) को क्रम ९.७ मा कर्जा प्रवाह भईसके पश्चात कर्जाको प्रयोजनमा लगानी तथा प्रयोग सम्बन्धी विषयमा नजिकबाट अवलोकन गर्ने र प्रयोजन भन्दा बाहिर

CamScanner

कर्जाको रकम प्रयोग भएको पाईएमा तुरुन्तै प्रतिवेदन गर्नु पर्ने व्यवस्था उल्लेख गरीएको भएता पनि ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Science P.Ltd.) संचालनको लागि जग्गा खरिद गर्न र कलेज संचालन/चालु पूजि व्यवस्थापन गर्न प्रवाह भएको कर्जा रकम ओम प्रसाद पाण्डे शेयर धनी तथा संचालक समेत भएको राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को प्रभु बैंकबाट प्रदान भई Outstanding रहेको पुरानो कर्जा तिर्न समेत प्रयोग गरी बैंकको मिलेमतोमा कर्जा रकमको दुरुपयोग हुँदा समेत उल्लेखित कर्जाको सही सदुपयोग भए/नभएको सम्बन्धमा बैकबाट आवश्यकता अनुसार कुनै पहल कदमी नगरेवाट बैंकको संलग्नता रहेको स्वत पुष्टी भयो । प्रयाप्त योजनाको कमिको कारणले गर्दा परीयोजना संचालन हुन नसकेको भनी बैंक स्वयं आफ्नो Memorandum हरुमा स्विकार गरेवाट कसुर भएको भन्ने तथ्य वैंकबाट प्राप्त डकुमेण्टबाट स्वत पुष्टी हुन्छ । यसरी स्नातक तथा स्नातकोत्तर तहको कृषि, वन विज्ञान तथा पशु विज्ञान विषयका कक्षाहरु संचालन गर्ने भनि नाम मात्रको परियोजना ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Science P.Ltd.) वनावटी/Shell कृत्रिम व्यवसाय/ कम्पनी खडा गरी उक्त कम्पनीको नाममा प्रवाह भएको कर्जा रकम रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को पुराना कर्जा तिर्न समेत प्रयोग गरी दुरुपयोग गरी उल्लेखित परियोजना/व्यवसाय हाल सम्म सञ्चालन आएको अवस्था छैन् । नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशन २०८० बमोजिम कर्जा रकमको दुरुपयोग भएमा, परियोजना/व्यवसाय सञ्चालन हुने अवस्था नरहेमा, परियोजना/व्यवसाय सञ्चालन नभएमा खराव कर्जा भएको मानिनेछ भन्ने व्यहोरा उल्लेख भए बमोजिम उल्लेखित कर्जालाई बैंकले खराब कर्जामा वर्गीकरण गर्नुपर्ने देखिन्छ । यसरी खराब कर्जामा बर्गिकरण गर्नुपर्ने कर्जालाई नेपाल राष्ट्र बैंकको कुनै पनि नीति नियम, निर्देशन समेतले (Deferral) पुर्नतालिकिकरण वा पुर्नसंरचना गर्ने प्रावधान र स्विकृति दिएको देखिदैन । नेपाल राष्ट्र वैंकको २०८२/०८/१३ गतेको चलानी नं.२०३ को पत्रवाट ईन्ष्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साइन्स प्रा.लि.ले २०८० असार मसान्तमा प्रभु बैंकबाट पठाएको NRB Reporting 2.2 मा सो कर्जाको Overdue Principal 108,500,000.00, Interest 12,395,500.00 रहेकोमा Loan Provision Principal Amount 108,500,000.00, Interest Amount 12,395,500.00 नै रहेको भनि Classification 5 मा उल्लेख गरी Reporting गरेको देखिदा उल्लेखित जानकी ग्रुप अन्तर्गत रहेको ईन्ष्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साइन्स प्रा.लि. कर्जा 100% Provisioning गरेको देखिन्छ । त्यसरी खराव कर्जामा बर्गिकरण भएको कर्जालाई मिति २०८० फाल्गुन १३ गते (सन् २०२४/०२/२५) को Memorandum मा उल्लेखित कर्जा रकमलाई Deferral of overdue interest as of Poush end 2080 amounting NPR 101.643 Million till Poush end 2085, Deferral of principal overdue of Term Loan amounting 12.39 million booking as separate Term Loan till Poush end 2085. Review date extension of Demand Loan amounting NPR 108.50 Million for 3 months from the date of implementation समेतको व्यहोरा उल्लेख गरी वैंकबाट प्रदान गरिएको मुल कर्जा रकम रु.१३,००,००,०००।– (तेह्र करोड)को साँवा र व्याजमा हुन आउने रकममा नियम विपरीत प्रभु बैंक लि.मा उच्च पदमा रहेकी CBO रश्मी पन्त समेतले मनोमानी तवरबाट Recommended/Approved/ Declined By मा दस्तखत गरी आयोजना संचालन नभएको अवस्थामा समेत ऋणीलाई फाईदा पुग्ने गरी परियोजना नभएको स्वयं बैंकले कसूर भएको भनि स्विकार गरी सकेको अवस्थामा कर्जालाई खराव कर्जालाई पुनरतालिकिकरण/पुनर्संरचना गरेको, ऋणीले बैंकलाई नियमानुसार तिर्नु पर्ने भनी तोकिएको शुरुको ब्याजको प्रिमियम समेत घटाई कसूरलाई निरन्तरता दिएको (Countinuity of Crime) समेतको आधारबाट कर्जाको (Deferral) पुर्नतालिकीकरण वा पुर्नसंरचना गर्ने कार्यमा प्रतिवादी रश्मी पन्त प्रभु बैंक लि.मा Credit Business Officer (CBO) जस्तो उच्च पदिय हैसियतमा कर्जालाई (Deferral) पुर्नतालिकीकरण वा पुर्नसंरचना नगरी अस्विकृत (Reject) गर्नु पर्ने वा कैफियत लेखि नियमानुसार गर्नु पर्नेमा सो गरे गराएको भन्ने देखिदैन । प्रभु बैंक लि.बाट बैंकिङ कसूर सजाय ऐन, २०६४ को दफा ७ को (क) विपरीत हुने गरी कर्जा प्रदान भएकोमा सोही कर्जा खराव कर्जामा रहेको भनि नेपाल राष्ट्र बैंकलाई Reporting गरेको, खराव कर्जालाई

CamScanner

पुनर्तालिकीकरण गर्न नपाउने अवस्थामा रश्मी पन्त समेत भई पुनर्तालिकीकरण गरेवाट बैंकको Overdue Interest लाई उठाएको देखाउनको लागि कर्जा प्रदान भई सोही रकम रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को कर्जा वक्यौता व्याज तिर्न प्रयोग गरी बैकिङ कारोवार गर्ने अन्तराष्ट्रिय मापदण्ड विपरीत कार्य गरी ऋणीलाई फाईदा पुग्ने गरी प्रतिवादी ओम प्रसाद पाण्डे समेतको मिलेमतोमा कृत्रिम व्यवसाय खडा गरी प्रदान भएको खराव कर्जालाई सक्रिय कर्जाको रुपमा (Deferral) पुर्नतालिकीकरण वा पुर्नसंरचना गरेको देखिदा प्रस्तुत कसूरमा निज **CBO रश्मी पन्त** समेतको संलग्नता रहेको प्रष्ट देखिन्छ। **ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Science P.Ltd.) को नाममा प्रवाह भएको कर्जा रकम दुरुपयोग भएको सम्बन्धमा Sigma architecture and Engineering Consultant, मुल्याङकनकर्ता देव ढुङगानाको संलग्नता र भूमिका:** Sigma Architecture and Engineering Consultant बालुवाटार, काठमाडौं (दर्ता नम्बर:४१९८/०३५, स्थायी लेखा नम्बर :५०००४३७३६) भएका मुल्याङकनकर्ता देव ढुङगानाले मिति २०७५/०४/०९ (सन् २०१८-०७-२५) मा गरेको ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of agriculture forest & veterinary science Pvt. Ltd) को नाममा कायम रहेको साविक २५ नं. बहादुरगञ्ज गा.बि.स.वडा नं.९ हाल वर्दिवास न.पा.वडा नं.३ महोत्तरी जिल्लामा रहेको कि.नं.१२०, ६१ र १०३ को जग्गाको सरकारी मूल्यांकन दर प्रतिकठ्ठा रु.२,००,०००।००(दुई लाख रुपैया) रहेको भनि मुल्याङकन गरेको, सोही जग्गालाई मिति २०७६/०३/३१ मा विक्री गर्दा प्रति कठ्ठा १ लाख ५० हजारमा विक्री गरेको देखिएको र मालपोत कार्यालय वर्दिबास महोत्तरीको मिति २०८२।१०।०७ को च.न. १३५७ को पत्रानुसार उक्त जग्गाको न्यूनतम सरकारी मुल्याङकन उल्लेखित समयमा १,५०,०००।००(एक लाख पचास हजार रुपैया) रहेको भनि खुली आएको हुँदा मूल्यांकनकर्ताले मुल्याकन गर्दा प्रति कठ्ठा रु.५० हजार रुपैया बढाई मुल्यांकन विवरण पेश गरेको देखिन्छ। साविक २५ नं. बहादुरगञ्ज गा.बि.स.वडा नं.९ हाल वर्दिवास न.पा.वडा नं.३ महोत्तरीको कि.नं.१२०, ६१ र १०३ मा मुल्यांकन गर्दा जम्मा जग्गा ८३.७ कठ्ठाको क्षेत्रफल राखी मुल्यांकन गरेको हुँदा उक्त क्षेत्रफलमा रु.५०,०००।०००(पचास हजार) को दरले जम्मा हुन आउने **रु.४१,८५,०००।००(एकचालिस लाख पचासी हजार रुपैया)** बढी मुल्याङकन गरेको देखिन आएबाट के वुझिन्छ भने प्रभु बैंक लि.बाट ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साईन्स प्रा.लि. (Institute of agriculture forest & veterinary science Pvt. Ltd) को नाममा कर्जा प्रवाह गर्ने क्रममा धितोमा राखिएको साविक २५ नं. बहादुरगञ्ज गा.बि.स.वडा नं.९ हाल वर्दिवास न.पा.वडा नं.३ महोत्तरीको कि.नं.१२०, ६१ र १०३ को जग्गाहरुको मुल्याङकन विवरण मुल्याङकनकर्ता देव ढुङगानाले प्रतिवादी ओम प्रसाद पाण्डे समेतका अन्य प्रतिवादीहरुसँग मिलेमतो गरी जानी जानी धितोको न्युनतम सरकारी मूल्यांकन दर भन्दा अस्वाभाविकरुपमा वढी मुल्यांकन गरी कानून विपरीत अनाधिकृतरुपमा कर्जा प्रवाह गर्ने कार्य भएको देखिदा प्रस्तुत कर्जा दुरुपयोग गर्ने कार्यमा मुल्याङकनकर्ता **प्रतिवादी देव ढुङगाना** समेतको संलग्नता रहेको प्रष्ट देखिन्छ।

यसरी राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.द्वारा संचालित जानकी मेडिकल कलेज/अस्पताल संचालन गर्नको लागी ईन्ष्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साइन्स प्रा.लि.को एकल शेयरधनी तथा संचालक प्रतिवादी ओम प्रसाद पाण्डे समेतको योजनामा प्रभु वैंक लि.का उच्च तहका पदाधिकारीहरु CEO अशोक शेरचन, DCEO मनिराम पोखरेल, CBO रश्मी पन्त, CCO ऋवस श्रेष्ठ र जग्गा मुल्याङकर्ता देव ढुङगाना समेतका व्यक्तीहरुसँग मिलेमतो गरी महोत्तरी जिल्ला वर्दिवास न.पा.वडा नं.६ स्थितमा स्नातक तथा स्नातकोत्तर तहको कृषि, वन विज्ञान तथा पशु विज्ञान विषयका कक्षाहरु संचालन गर्ने भनि ईन्ष्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साइन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Science P.Ltd.) नामको देखावटीरुपमा नाम मात्रको डमी/Cell कम्पनी खडा गरी कम्पनीको प्रवन्ध पत्रमा उल्लेख भएको उद्देश्य वमोजिम कृषि विज्ञान अध्ययन संस्थानबाट अनुमति समेत नलिई ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेस्ट एण्ड भेटेरेनरी साईन्सेस प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt. Ltd.) को नाममा जग्गा जमिन खरिद गर्न Term loan रु.२,००,००,०००।–(दुई करोड) र

कलेज संचालन/चालु पूजि व्यवस्थापन गर्न Demand loan रु.११,००,००,०००।–(एघार करोड) समेत गरी जम्मा रु.१३,००,००,०००।–(तेह्र करोड) ऋणी कम्पनीका एकल संचालक ओम प्रसाद पाण्डेको एकल निर्णय वमोजिम कर्जा लिने प्रयोजनको लागि नेपाल स्टक एक्सचेन्ज (NEPSE) मा सूचिकृत समेत नभएको प्रतिवादी ओम प्रसाद पाण्डेको नामको काठमाडौं मेडिकल कलेजमा भएको १,८८,०४७ थान शेयरलाई २ दुई लाख कित्ता रहेको देखाई रोक्का समेत नगरी धितोको रुपमा राखेको तथा धितोको रुपमा राखिएको साविक २५ नं. बहादुरगञ्ज गा.बि.स.वडा नं.९ हाल वर्दिवास न.पा.वडा नं.३ महोत्तरीमा रहेको कि.नं.१२०, ६१ र १०३ को जग्गाको सरकारी मूल्यांकन दर भन्दा रु.५०,०००।– (पचास हजार) वढी प्रति कठ्ठा रु.२,००,०००।००(दुई लाख) कायम गरी धितोमा राखी वैंकले धितो सुरक्षणको सामान्य नियम समेत पालना नगरी प्रभु बैंक लि.बाट ईन्ष्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साइन्स प्रा.लि.(Institute of Agriculture Forest and Veterinary Science P.Ltd.)को नाममा रु.१३,००,००,०००।– (तेह्र करोड) कर्जा बैंकको सञ्चालक समितिबाट स्विकृत हुनु भन्दा १६ (सोह्र) दिन अगाडी नै मिति २०७५/०४/१५ गते (सन २०१८/०७/३१) मा स्विकृत गरी प्रभु बैंक लि. भएको ऋणी कम्पनीको खाता नं.130001010 65872000001 मा जम्मा गरेको । ऋणी कम्पनीका एकल सञ्चालक ओम प्रसाद पाण्डेले रु.११,००,००,०००।– (एघार करोड मात्र) रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा प्रवाह गरी दिनु भनि सादा कागजमा निवेदन लेखी बैंकमा पेश गरेको आधारमा ऋणी कम्पनीको खातामा जम्मा हुन आएको रकमबाट सोही दिन मिति २०७५/०४/१५ गते (सन २०१८/०७/३१) मा उल्लेखित रकम मध्ये रु.११,००,००,०००।– (एघार करोड) प्रभु बैंक लि.कै पार्किङ एकाउण्ट (खाता नं MDR A/C 917106010001)मा जम्मा गरी उक्त पार्किङ खाताबाट सोही दिन प्रतिवादी ओम प्रसाद पाण्डे संचालक रहेको राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.को विभिन्न ९ (नौ) वटा खाताहरुको पुरानो कर्जाको साँवा तथा व्याज तिर्न प्रयोग गरेको र जग्गा खरीद गर्नको लागि प्रवाह भएको कर्जा रकम रु.१,९९,९५,५००।–(एक करोड उनान्सय लाख पञ्चानब्बे हजार पाँच सय रुपैयाँ) मध्ये राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.का शेयर सदस्य रबिन्द्र पन्थको प्रभु बैंक लि. मा रहेको खाता नं. 0180036567800011 मा रु १,५१,००,०००।०० (एक करोड एकाउन्न लाख मात्र) र रामजानकी हेल्थ फाउन्डेशन प्रा.लि.को पुर्व शेयरधनी हेमता सुवेदी ढुंगेलको प्रभु बैंकको खाता नं. 00101000024646000001 मा रु.४२,९०,०००। (बयालिस लाख नब्बेहजार रुपैया मात्र) समेत गरी जम्मा रु.१,९३,९०,०००।–(एक करोड त्रियानब्बे लाख नव्वे हजार मात्र) रकमान्तर गरी प्रवाह भएको कर्जा रकमको प्रयोजन विपरीत प्रयोग गरी सो समेत गरी जम्मा रु.१३,००,००,०००।– (तेह्र करोड रुपैया) कर्जा रकम कर्जा प्रस्ताव पत्र (Credit Appraisal) मा उल्लेख भए बमोजिम जुन प्रयोजनको लागि कर्जा सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरी कर्जा रकम दुरुपयोग गरेको साथै कर्जा लिनको लागि धितोमा राखिएको जग्गा समय समयमा फुकुवा तथा परिवर्तन गरी वेचविखन समेत गर्न बैंकबाट पटक पटक निर्णय गरी वैंकले जारी गरेको Credit Policy Guidelines मा उल्लेख भए वमोजिम धितोमा राखेको सम्पत्तिको तोकिएको समयमा Re-valuation समेत नगरी प्रवाह भएको कर्जा रकमबाट हाल सम्म आयोजना नै सञ्चालनमा नआएको अवस्थामा खराब कर्जामा राखेको कर्जालाई Defferal तथा पुनरतालिकिकरण/पुनरसंरचना समेत गरी प्रतिवादीहरुले कर्जा रकमको दुरुपयोग गरेको देखियो ।

कर्जा प्रवाहमा Chief Executive officer (CEO) ले नेपाल राष्ट्र वैंकबाट भएको कर्जा निर्देशन पालना भएको छ, छैन अनुगमन गर्ने, कर्जा सुरक्षित, दिगो र नाफामुलक रुपमा संचालन भईरहेको छ, छैन भनि सुनिश्चित गर्ने, कर्जा दिने मापदण्ड सिमा व्याजदरको ढाँचा तयार गर्ने, जोखिम लिन सकिने स्तर स्विकृत गर्ने, ठुला कर्जा स्विकृत गर्ने, आफु भन्दा मुनिका DCEO समेतका कर्मचारीहरुलाई अधिकार प्रत्यायोजन गर्ने, Bad loan वढन नदिने, Collateral,

CamScanner

security र Recovery सम्बन्धमा अनुगमन गर्ने, व्याज आम्दानी र जोखिम बिच सही सन्तुलन कायम गर्ने, कर्जा प्रकृयामा पारदर्शिता वनाउने, समस्याग्रस्त कर्जालाई विशेष निगरानीमा राख्ने, कर्जा कहाँ दिने, कति दिने, कसलाई दिने, कति जोखिम लिने, कसरी सुरक्षित राख्ने, प्रवाह भएको कर्जा रकम दुरुपयोग भएको छ छैन सो सम्बन्धमा सुनिश्चित गर्ने र सोही बमोजिम आवश्यक्ता अनुसार आवश्यक निर्देशन दिने, गैरकानूनी, अवैध वा स्वार्थपुर्ण काम कारोवार रोकी वैंकको प्रतिष्ठा र विश्वनियता जोगाउने लगायतको वैंकको सम्पुर्ण जिम्मेवारी र दायित्व वैंकको **CEO (Chief Executive Officer)** को रहन्छ भने बैंकको CEO को अनुपस्थितीमा कर्जा प्रवाहमा तोकिएको जिम्मेवारी अनुसारको काम गर्ने, CEO ले दिएको निर्देशनको काम गर्ने, कर्जा प्रणाली दैनिक संचालनमा आएको छ, छैन, हेर्ने मुख्य जिम्मेवारी हुन्छ। कर्जा लक्ष्य (Credit growth target) पुरा गराउन आवश्यक निर्देशन दिने, प्रत्यायोजित सिमा भित्रका कर्जा प्रस्ताव स्विकृत गर्ने, कर्जा फाईलका गुणस्तर जाँच गर्ने, प्रवाह भएको कर्जाको दैनिकरुपमा अनुगमन गर्ने, कमजोर देखिएका कर्जाहरुलाई तुरुन्त सुधार गर्न निर्देशन दिने, कर्जा प्रकृयालाई सरल र छरितो वनाउने, कर्जा विभाग, जोखिम व्यवस्थापन र रिकभरी टिमसँग समन्वय गर्ने र आवश्यक निर्देशन दिने, कर्जा कहाँ दिने, कति दिने सम्बन्धमा कर्जा प्रवाह गर्ने मिल्ने गरी एकिन गरी कर्जा प्रवाह भए पछि प्रवाह भएको कर्जा रकम सदुपयोग भएको छ छैन, वा दुरुपयोग भएको भए सो सम्बन्धमा सुनिश्चित गर्ने लगायतको वैंकको जिम्मेवारी, दायित्व वैंकको **DCEO (Deputy Chief Executive Officer)** को रहन्छ। कर्जा विस्तारको लागि रणनीति लक्ष्य तय गर्नु, प्रतिष्पर्धी कर्जा उत्पादन गर्नु, डिजाईन गर्नु र प्रवर्द्धन गर्नु, कर्जालाई तोकिएको अवधिको लक्ष्य अनुसार पुरा गराउनु, वजार माग अनुसार कर्जा पाईपलाईन निर्माण गर्नु, कर्जा सर्त व्याजदरमा छलफल गर्नु, कर्जा शाखाको सुपरीवेक्षण गर्ने, आवश्यक निर्देशन दिने र कार्यसम्पादन मुल्याङकन गर्ने, जोखिमयुक्त कर्जा विस्तारबाट जोगिनु, नेपाल राष्ट्र बैंकबाट भएको निर्देशन बमोजिम कर्जा व्यवसाय संचालन गर्नु, कर्जा लगानी मार्फत वैंकको आम्दानी वढाउनु, कर्जा मुल्य निर्धारण गर्नु, जुन प्रयोजनको लागि कर्जा लिएको हो सो कार्यमा प्रयोग गरेको छ छैन भनि फिल्ड अनुमगन गर्ने गराउने, अन्य तौर तरिकाबाट भेरिफिकेसन गर्ने लगायतको कामहरु वैंकको जिम्मेवारी, दायित्व वैंकको **CBO (Chief Business Officer)** को रहन्छ भने कर्जा प्रवाहमा **CCO** ले नीति र फिल्ड विचको पुलको काम गर्नु पर्छ, यसमा कर्जा शाखा र कर्जा टिमलाई स्पष्ट निर्देशन दिने, कर्जा सम्वन्धमा आएका कर्जा प्रस्तावको समिक्षा गर्ने, उपलब्ध कागजातहरुको जाँच गरी आवश्यकता अनुसार सुधार र संसोधन गर्ने गराउने, सिमा भित्रका कर्जा स्विकृत गरी अन्य कर्जाको लागि CEO, DCEO समक्ष पेश गर्ने, कर्जा नीति बनाउने, जोखिम भएका कर्जा पहिचान गर्ने, खराब कर्जा कम बनाउन उपाय खोज्ने, कर्जा विभागको नेतृत्व गर्ने, फिल्ड भिजिट गरी स्टक प्रोजेक्ट जाँच गर्ने, समस्या देखिएमा समयमा नै हस्तक्षेप गर्ने, स्विकृत कर्जाको प्रयोग सही स्थानमा भएको छ छैन भनि आवश्यकता अनुसार फिल्ड अनुगमन गर्ने तथा कर्जा प्रवाहलाई सुरक्षित व्यवस्थित र नियामक बनाउने समेतको जिम्मेवारी र दायित्व वैंकको **CCO (Chief Credit Officer)** को रहन्छ । जग्गा मुल्याङकनकर्ताले निष्पक्ष र तथ्यमा आधारीत भएर धितोमा राखिएको जग्गाहरुको मुल्याङकन गर्नु पर्ने हुन्छ, तर Sigma architecture and Engineering Consultant जग्गा मुल्याङकनकर्ता **देब ढुङगानाले** त्यस्तो कार्य नगरी तत्कालको सरकारी दररेट भन्दा **रु.५०,०००।– (पचास हजार)** बढी मुल्याङकन गरेको देखिन्छ। यसरी ईन्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटनेरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Science P.Ltd.) का एकल संचालक प्रतिवादी ओम प्रसाद पाण्डेले प्रभु वैंक लि.को म्यानेजमेण्ट तहमा तत्कालिन समयमा कार्यरत CEO अशोक शेरचन, CCO मणिराम पोखरेल, CBO रश्मी पन्त, CCO/CM ऋवस श्रेष्ठ र मुल्याङकनकर्ता देब ढुङगाना समेतलाई प्रभावमा पारी एक आपसमा मिलेमतो गरी योजनावद्ध रुपमा राम जानकी हेल्थ

CamScanner

फाउण्डेसन प्रा.लि.मा प्रयोग गर्न गरी महोत्तरी जिल्ला वर्दिवास न.पा.वडा नं.६ स्थितमा स्नातक तथा स्नातकोत्तर तहको कृषि, वन विज्ञान तथा पशु विज्ञान विषयका कक्षाहरु संचालन गर्ने भनि ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साइन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Science P.Ltd.) नामको देखावटीरुपमा नाम मात्रको डमी/Shell कृत्रिम व्यवसाय/कम्पनी खडा गरी कम्पनीको प्रवन्ध पत्रमा उल्लेख भएको उद्देश्य बमोजिम कृषि विज्ञान अध्ययन संस्थानबाट अनुमति समेत नलिई ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेस्ट एण्ड भेटेरेनरी साईन्सेस प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt. Ltd.) को नाममा जग्गा जमिन खरिद गर्न Term loan रु.२,००,००,०००।–(दुई करोड) र कलेज संचालन/चालु पूजि व्यवस्थापन गर्न Demand loan रु.११,००,००,०००।–(एघार करोड) समेत गरी जम्मा रु.१३,००,००,०००।–(तेह्र करोड) ऋणी कम्पनीका एकल संचालक ओम प्रसाद पाण्डेको एकल निर्णय बमोजिम कर्जा लिने प्रयोजनको लागि नेपाल स्टक एक्सचेन्ज (NEPSE) मा सूचिकृत समेत नभएको प्रतिवादी ओम प्रसाद पाण्डेको नामको काठमाडौं मेडिकल कलेजमा भएको १,८८,०४७ थान शेयरलाई २ दुई लाख कित्ता रहेको देखाई रोक्का समेत नगरी धितोको रुपमा राखेको तथा धितोको रुपमा राखिएको साविक २५ नं. बहादुरगञ्ज गा.बि.स.वडा नं.९ हाल वर्दिवास न.पा.वडा नं.३ महोत्तरीमा रहेको कि.नं.१२०, ६१ र १०३ को जग्गाको सरकारी मूल्यांकन दर भन्दा रु.५०,०००।– (पचास हजार) वढी प्रति कठ्ठा रु.२,००,०००।००(दुई लाख) कायम गरी धितोमा राखी वैंकले धितो सुरक्षणको सामान्य नियम समेत पालना नगरी प्रभु बैंक लि.बाट ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटेरीनरी साइन्स प्रा.लि.(Institute of Agriculture Forest and Veterinary Science P.Ltd.)को नाममा रु.१३,००,००,०००।– (तेह्र करोड) कर्जा बैंकको संचालक समितिबाट स्विकृत हुनु भन्दा १६ (सोह्र) दिन अगाडी नै मिति २०७५/०४/१५ गते (सन २०१८/०७/३१) मा स्विकृत गरी प्रभु बैंक लि.मा भएको ऋणी कम्पनीको खाता नं.13000101065872000001 मा जम्मा गरेको । ऋणी कम्पनीका एकल संचालक ओम प्रसाद पाण्डेले रु.११,००,००,०००।– (एघार करोड मात्र) रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा प्रवाह गरी दिनु भनि सादा कागजमा निवेदन लेखी बैंकमा पेश गरेको आधारमा ऋणी कम्पनीको खातामा जम्मा हुन आएको रकमबाट सोही दिन मिति २०७५/०४/१५ गते (सन २०१८/०७/३१) मा उल्लेखित रकम मध्ये रु.११,००,००,०००।– (एघार करोड) प्रभु बैंक लि.कै पार्किङ एकाउण्ट (खाता नं MDR A/C 917106010001)मा जम्मा गरी उक्त पार्किङ खाताबाट सोही दिन प्रतिवादी ओम प्रसाद पाण्डे संचालक रहेको राम जानकी हेल्थ फाउण्डेशन प्रा.लि.को विभिन्न ९ (नौ) वटा खाताहरुको पुरानो कर्जाको साँवा तथा व्याज तिर्न प्रयोग गरेको र जग्गा खरीद गर्नको लागि प्रवाह भएको कर्जा रकम रु.१,९९,९५,५००।–(एक करोड उनान्सय लाख पञ्चानब्बे हजार पाँच सय रुपैयाँ) मध्ये राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.का शेयर सदस्य रबिन्द्र पन्थको प्रभु बैंक लि. मा रहेको खाता नं. 0180036567800011 मा रु १,५१,००,०००।०० (एक करोड एकाउन्न लाख मात्र) र रामजानकी हेल्थ फाउन्डेशन प्रा.लि.को पुर्व शेयरधनी हेमता सुवेदी ढुंगेलको प्रभु बैंकको खाता नं. 00101000024646000001 मा रु.४२,९०,०००। (बयालिस लाख नब्बेहजार रुपैया मात्र) समेत गरी जम्मा रु.१,९३,९०,०००।–(एक करोड त्रियानब्बे लाख नव्वे हजार मात्र) रकमान्तर गरी प्रवाह भएको कर्जा रकमको प्रयोजन विपरीत प्रयोग गरी सो समेत गरी जम्मा रु.१३,००,००,०००।– (तेह्र करोड रुपैया) कर्जा रकम कर्जा प्रस्ताव पत्र (Credit Appraisal) मा उल्लेख भए बमोजिम जुन प्रयोजनको लागि कर्जा सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरी प्रयोजन विपरीत प्रयोग गरी कर्जा रकम दुरुपयोग गरेको साथै कर्जा लिनको लागि धितोमा राखिएको जग्गा समय समयमा फुकुवा तथा परिवर्तन गरी वेचविखन समेत गर्न बैंकबाट पटक पटक निर्णय गरी वैंकले जारी गरेको Credit

CamScanner

Policy Guidelines मा उल्लेख भए बमोजिम धितोमा राखेको सम्पत्तिको तोकिएको समयमा Re-valuation समेत नगरी प्रवाह भएको कर्जा रकमबाट हाल सम्म परियोजना नै सञ्चालनमा नआएको अवस्थामा उक्त कर्जालाई खराब कर्जामा बर्गिकृत गरेको भनि नेपाल राष्ट्र बैंकमा Reporting समेत गरेको अवस्थामा उक्त कर्जाको Defferal तथा पुनरतालिकिकरण/पुनरसंरचना समेत गरी प्रतिवादीहरुले कर्जा रकमको दुरुपयोग गरेको तथ्य प्रमाणहरुबाट प्रतिवादीहरु **ओम प्रसाद पाण्डे, अशोक शेरचन, मनिराम पोखरेल र ऋवस श्रेष्ठ तथा फरार प्रतिवादीहरु रश्मी पन्त र देव ढुङ्गानाले कसूर गरेको तथ्य प्रमाण रहेकोछ।**

प्रस्तुत कसूर मुद्दामा अनुसन्धानको क्रममा संकलित भएका तथ्यहरु विश्लेषण गर्दा ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेस्ट एण्ड भेटेरेनरी साईन्सेस प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt.Ltd.) का एकल संचालक ओम प्रसाद पाण्डेले प्रभु बैंक लि.का व्यवस्थापन तहमा रहेका तत्कालिन कर्मचारीहरु CEO अशोक शेरचन, CCO/DCEO मणिराम पोखरेल, CBO रश्मी पन्त र CCO ऋवस श्रेष्ठ तथा Sigma architecture and Engineering Consultant जग्गा मुल्याङ्कनकर्ता देब ढुङ्गाना समेतसँग अस्वस्थ्य सम्बन्ध बनाई एकआपसमा मिलेमतो गरी प्रभु बैंक लि. को दिर्घकालीन प्रबर्दनको लागि संवेदनशील नभई नेपाल राष्ट्र बैकले जारी गरेको निर्देशिन, नीति, नियम विपरीत बैकको क्षेत्रधिकार भन्दा वाहिर गई दुषित मनसायले बैंकलाई हानी नोक्सानी पुऱ्याउने उदेश्यले स्वार्थ समुह कम्पनीलाई लाभ पुऱ्याई प्रतिवादीहरुले नितान्त व्यक्तीगत निजी स्वार्थ राखी बदनियतका साथ नियोजितरुपमा नै प्रतिवादीहरुले आफु अनुकुलको अवस्था सृजना गरी आफु प्रभु बैंक लि.को उच्च तहको पदाधिकारी भएको फाईदा उठाई सोही आडमा आफुले जे गरे पनि हुन्छ भन्ने गलत भाष्यले कलेज संचालन गर्नको लागि प्रभु बैंक लि.बाट बैंकले आवश्यकता अनुसारको न्युनतम प्रकृया समेत पुरा नगरी बैंकको संचालक समिति (बोर्ड)ले स्विकृत गर्नु भन्दा १६ (सोह्र) दिन अगाडी नै कर्जा रकम रु.१३,००,००,०००।– (तेह्र करोड रुपैया) कर्जा प्रवाह गरी कर्जा सुविधा प्रस्ताव पत्रमा उल्लेखित उदेश्य विपरीत जुन प्रयोजनको लागि कर्जा सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरी गराई स्वार्थ समुह/पक्षलाई फाईदा पुऱ्याई बैंकलाई हानी नोक्सानी पुऱ्याउने कृत्रिम व्यसाय खडा गरी अस्भाविक रुपमा धितो बढी मुल्याङ्न गरी कर्जा रकमको दुरुपयोग गर्ने कार्यमा प्रतिवादीहरु ओम प्रसाद पाण्डे र प्रभु वैंक लि.का **CEO अशोक शेरचनले DCEO मनिराम पोखरेल, CBO रश्मी पन्त र CCO ऋवस श्रेष्ठले एक आपसमा मिलोमत्तो गरी** बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ ले निधेषित कसूरजन्य कार्य गरेको प्रष्ट देखिन्छ।

अत: कृत्रिम व्यवसाय खडा गरी कर्जा लिनका लागि अस्वाभाविक रुपमा बढि धितो मुल्याङ्कन गर्ने र धितो राखेको शेयर जमानत रोक्का नराखि जिम्मेवार पदमा रहेका बैंकको कर्मचारी आपसी साटघाटका आधार मिलोमत्तो गरी जुन प्रयोजनको लागि कर्जा सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरी कर्जाको दुरुपयोग गरेको त्यसको अतिरिक्त कर्जा लिनको लागि धितोमा राखिएको जमिन समय समयमा फुकुवा तथा परिवर्तन गरी वेचविखन समेत गर्न बैंकबाट पटक पटक निर्णय गरी गराई आयोजना नै सञ्चालनमा नआएको अवस्थामा उल्लेखित कर्जालाई पहिले नै खराब कर्जामा वर्गिकरण भई सकेको अवस्थामा समेत प्रतिवादीहरुले उल्लेखित कर्जाको Defferal तथा पुनरतालिकिकरण/पुनरसंरचना समेत गरी कर्जा दुरुपयोग गर्ने कार्यलाई निरन्तरता दिई स्वार्थ समुहलाई फाईदा पुऱ्याई बैंकलाई हानी नोक्सानी पुऱ्याउने कार्य गरेको देखिदा प्रतिवादीहरु Institute of Agriculture Forest and Veterinary Science P.Ltd. का एकल संचालक प्रतिवादीहरु ओम प्रसाद पाण्डे, प्रभु वैंक लि.का **CEO अशोक शेरचन,DCEO**

मनिराम पोखरेल, CBO रश्मी पन्त र CCO ऋवस श्रेष्ठले बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ को **दफा ७** को **(क) ,(ख), (घ)** र **दफा ८** बमोजिम र जग्गा मुल्याङकनकर्ता **देब ढुङगानाले** बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ को **दफा १३** वमोजिमको कसूर गरेको देखिन्छ ।

यसै गरी सन् 5/52015 देखि सन् 5/26 /2020 सम्म प्रभु बैंकले रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा प्रवाह गरेको कर्जा दुरुपोगमा प्रतिवादीहरुको कसूरमा संलग्नता तथा भुमिका बारेमा देहाय बमोजिम रहेको छ ।

रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को कर्जा प्रभु बैंक लि.को तत्कालिन CEO अशोक शेरचनको संलग्नता/भूमिका:- प्रतिवादी अशोक शेरचन वि.सं.२०७१ साल देखि २०८२ साल पौष महिना सम्म प्रभु बैंक लि.को प्रमुख कार्यकारी अधिकृत (CEO) को हैसियतमा कार्यरत भई आएको देखिन्छ । निज बैंकको प्रमुख कार्यकारी अधिकृत (CEO) भएको फाईदा उठाई आफु मातहतका कर्मचारीहरुलाई दवाव र प्रभावमा राखी रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को संचालकहरु समेतसँग एक आपसमा मिलेमतो गरी रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा पटक पटक प्रवाह भएको कर्जाको सम्पुर्ण अवस्थाको जानकारी हुदाहुदै कर्जाको साँवा तथा व्याजको किस्ता भुक्तानी नियमित नभएको, SOL लिमिट क्रस गरेको, Bridge gap loan को म्याद समाप्त भई कर्जा Expire रहेको र कर्जा रकम overdue रहेको अवस्थामा समेत पुन: नयाँ कर्जा प्रवाहको लागी समर्थन गरी बैंकको संचालक समिति (बोर्ड)ले स्विकृत गर्नु अगाडी नै निम्नानुसारको कर्जा प्रवाह गरी गराई कर्जा जुन प्रयोजनको लागि कर्जा सुविधा लिएको हो सोही प्रयोजनमा प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरी गराई रकमको दुरुपयोग गरेको देखिन्छ ।

सि.नं.	मिति	कर्जा	उद्देश्य	कर्जा स्विकृत हुनु भन्दा अगाडी प्रवाह भएको रकम	अशोक शेरचनको भूमिका
१	2018-05-09	BGL 250 Million	For payment of salary and other payable.	**६,१७,७०,७०१।७७**	१) सन् 2018-09-05 को Credit Appraisal को For Approval or Rejection/Remarks, if Any खण्डमा supported by मा हस्ताक्षर गरी कर्जा प्रवाह भएको । २) कर्जा प्रस्ताव पत्रमा उल्लेख भए बमोजिम कर्जाको साँवा तथा व्याजको किस्ता भुक्तानी नियमित भएको नदेखिएको अवस्थामा समेत कर्जा प्रवाहको लागी समर्थन गरेको देखीएको **३) बैंकको संचालक समिति (बोर्ड)ले कर्जा स्विकृत गर्नु भन्दा अगाडी नै कर्जा प्रवाह गरेको ।** ४) कर्जा प्रवाह गर्न संचालक समिति (वोर्ड)को निर्णय हुनु भन्दा अगाडी बैंकको CEO अशोक शेरचनले नै बोर्डबाट मौखिक अनुमति लिई सकेको छु पछि अनुमोदन गरौला भनी CEO अशोक शेरचनको मौखिक निर्देशनमा नै उल्लेखित कर्जा वोर्डको निर्णय हुनु भन्दा अगाडी कर्जा प्रवाह भएको हो भनि प्रभु बैंक लि.मा CAD मा कार्यरत शुभेच्छा जोशी र सौरभ राज जोशीले कागज गरि दिएको देखिदा यो कर्जा समेत अशोक शेरचनको निर्देशनमा कानून विपरीत प्रवाह भएको देखिन्छ ।
जम्मा कर्जा प्रवाह रकम				**रु. ६,१७,७०,७०१।७७**	

१) सन् 2018/05/09 को Credit Appraisal (CA) बमोजिम राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को कर्जाको साँवा तथा व्याज को किस्ता भुक्तानी नियमित नभएको अबस्थामा प्रतिवादी अशोक शेरचनले CEO को हैसियतमा तलव सुविधा तथा अन्य दायित्व भुक्तानी गर्न (For payment of salary and other payable) को लागि कर्जा प्रवाह गर्न समर्थन गरी बैंकको संचालक समिति (बोर्ड)ले कर्जा स्विकृत गर्नु भन्दा अगाडी नै सन् 2018/09/13 मा Bridge Gap Loan (BGL) (**रु. ६,१७,७०,७०१।७७(छ करोड सत्र लाख सत्तरी सात सय एक रुपैया सततर पैसा)** देखिदा प्रस्तुत कसूरमा प्रतिवादी अशोक शेरचनको संलग्नता रहेको प्रष्ट देखिन्छ ।

२) प्रस्तुत कसूर मुद्दाको अनुसन्धानको सिलसिलामा प्रभु बैंक लि.को तत्कालिन CEO अशोक शेरचनको निर्देशन बमोजिम सन् 2015-05-05, सन् 2015-08-04, सन् 2015-09-22, सन् 2016-02-23, सन् 2016-09-05, सन् 2018-09-05 र सन् 2020/05/26 समेतको Credit Appraisal/Memorandum तयार गरी Credit Chain मार्फत कर्जा प्रवाह भएको हो भनि प्रभु बैंक लि.का तत्कालको RM ***दिपेश पोखरेल***ले कागज गरी दिएको, बैंकको CEO अशोक शेरचनको निर्देशन वमोजिम कर्जा फाईल तयार गरी Credit Chain मार्फत CEO अशोक शेरचनले बोर्डबाट स्विकृत गराउने गरेको थियो । कर्जा फायलमा समावेश गर्नुपर्ने कागजातहरु नभएपनि CEO कै आदेश निर्देशन बमोजिम कर्जा स्वीकृत हुने गरेकोले मलाई चित्त नबुझे पछि सन् २०१८ मा राजिनामा दिएको थिएँ भनि प्रभु बैंक लि.मा तत्काल Manager को रुपमा कार्यरत **रविन श्रेष्ठ**ले कागजमा खुलाई लेखाई दिएको, बैंकको CEO अशोक शेरचनको निर्देशनमा संचालक समिती (वोर्ड) को निर्णय हुनु भन्दा अगाडी सन् २०१८।०९।१३ (मिति २०७५/०५/२८) रु.५,०१,५२,६४७।९१ (पाँच करोड एक लाख वाउन्न हजार छ सय सतचालिस रुपैया एकानब्बे पैसा) र सन् २०१८।०९।१६ (२०७५/०५/३१) मा रु. १,१६,१८,०५३।८६ (एक करोड सोह्र लाख अठार हजार त्रिपन्न रूपैया छयासी पैसा) समेत गरी जम्मा रु.६,१७,७०,७०१।७७ (छ करोड सत्र लाख सत्तरी हजार सात सय एक रुपैया सत्तर पैसा) कर्जा रकम प्रवाह गरिएको हो भनि प्रभु बैंक लि.को तत्काल Operation Risk मा कार्यरत **उपेन्द्र नेपालले** कागज गरी दिएको, बैंकको CEO अशोक शेरचनको निर्देशनमा संचालक समिती (वोर्ड) को निर्णय हुनु भन्दा अगाडी सन् २०१८।०९।१३ (मिति २०७५/०५/२८) र सन् २०१८।०९।२० (२०७५/०५/०४) मा रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा कर्जा प्रवाह भएको हो भनि प्रभु बैंक लि.को Credit Administration Department (CAD) मा कार्यरत सुभेच्छा जोशी र सौरभ राज जोशी समेतले कागज गरी दिएको, कर्जा दुरुपयोग सम्बन्धमा शर्तहरु राख्ने सम्मको जिम्मेवारी CCO को भएकोले रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा कर्जा प्रवाह गर्ने क्रममा तयार भई आएको प्रस्ताव पत्रहरुमा कर्जाको सदुपयोगिताको विषयलाई लिएर बिभिन्न शर्तहरु राखेर फाईल अगाडी बढाएको अवस्थामा समेत CEO अशोक शेरचनको सिफारिसमा बोर्डबाट स्वीकृत गराई कर्जा प्रवाह हुने गरेको थियो भनि प्रभु बैंक लि.मा तत्काल CCO को हैसियतमा कार्यरत **भेषराज खतिवडा**ले कागज गरी दिएको साथै रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा थप कर्जाहरु प्रवाह गरेमा पुरानो कर्जाले निरन्तरता पाउने र परियोजना संचालनमा रही बैंकलाई नै फाईदा हुने भन्ने कुराहरु वताई बैंकको CEO अशोक शेरचनले कर्जा प्रस्ताव संचालक समितिमा स्वीकृतीको लागि पेश हुँदा तत्कालिन संचालक समितिका अध्यक्ष देवी प्रकाश भट्टचन समेतबाट कर्जा स्विकृत भई कर्जा प्रवाह भएको हो भनि तत्कालिन संचालक समितिका सदस्यहरु **ऋषिराम गौतम र अम्विका शर्मा** समेतले कागज गरी दिएको देखिन्छ, तर प्रतिवादी अशोक शेरचनले आफ्नो वयानमा आफ्नो पदिय दायित्व वमोजिमको नियमित काम गरेको हो, कर्जा दुरुपयोग गर्ने कार्य गरेको छैन भनि ईन्कारी वयान गरेता पनि यसवाट के बुझिन्छ भने CEO अशोक शेरचनले राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.का संचालकहरु हरिमान लामा समेतका व्यक्तिहरुसँग एकआपसमा मिलेमतो गरी आफु मातहतका कर्मचारीहरुलाई दवाव र प्रभावमा राखी रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा पटक पटक कर्जा प्रवाह भएको अबस्थामा पुर्व प्रवाह भएको कर्जाको सम्पुर्ण अबस्थाको जानकारी हुदा हुदै पनि प्रतिवादी अशोक शेरचनले बैंकलाई हानी नोक्सानी पुऱ्याउने उदेश्यले स्वार्थ पक्षलाई लाभ पुऱ्याई संचालक समितिले स्विकृत गर्नु भन्दा अगाडी नै **जम्मा (रु. ६,१७,७०,७०१।७७(छ करोड सत्र लाख सत्तरी सात सय एक रुपैया सततर पैसा) कर्जा**

CamScanner

स्विकृत गरी कर्जा प्रवाह गरी प्रतिवादी अशोक शेरचनबाट बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ अन्तर्गतको कसूर भएको प्रष्ट देखिन्छ ।

यसै गरी **ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेस्ट एण्ड भेटेरेनरी साईन्स प्रा.लि.को एकल संचालक तथा रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को संचालक समितिको अध्यक्ष प्रतिवादी ओम प्रसाद पाण्डेको संलग्नता र भूमिका:**-प्रतिवादी ओम प्रसाद पाण्डे रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को मिति २०५८/११/२७ देखि नै शेयर सदस्य तथा संचालक भई आएको देखिन्छ । मिति २०७० देखि मिति २०७२ सम्म संचालक समितिको अध्यक्ष भई त्यस पछि संस्था छोडी मिति २०७५ साल देखि हाल सम्म रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को शेयरधनी तथा संचालक समितिको अध्यक्ष भई आएको देखिन्छ । ओम प्रसाद पाण्डे राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को पटक पटक शेयरधनी तथा संचालक भई आएको फाईदा उठाई प्रतिवादी ओम प्रसाद पाण्डे समेतले रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को लागि प्रयोग गर्ने गरी ईन्स्टिच्युट अफ एग्रिकल्चर फरेस्ट एण्ड भेटेरेनरी साईन्स प्रा.लि. (Institute of Agriculture Forest and Veterinary Sciences Pvt.Ltd.) नामको डमी/Shell कृत्रिम व्यवसाय/कम्पनी खडा गरी प्रभु बैंक लि.बाट उक्त डमी/Shell कम्पनीको नाममा प्रवाह भएको कर्जा रकम राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को पुरानो कर्जाको साँवा तथा व्याज तिर्न प्रयोग समेत गरेको देखिन्छ । यसरी कम्पनी संचालन गर्ने सिलसिलामा बैंकलाई हानीनोक्सानी पुऱ्याउने उदेश्यले प्रतिवादी ओम प्रसाद पाण्डेले प्रभु बैंक लि.का उच्च तहका कर्मचारीहरु CEO अशोक शेरचन समेतका ब्यक्तीहरु समेतसँग निकट सम्बन्ध राखी एक आपसमा मिलेमतो गरी कर्जाको साँवा तथा व्याजको किस्ता भुक्तानी नियमित नभएको र कर्जाको रकम overdue रहेको अवस्थामा समेत **बैंकको संचालक समिति (बोर्ड)ले कर्जा स्विकृत गर्नु भन्दा अगाडी नै कर्जा प्रवाह गर्न लगाई** रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा प्रबाह भएको कर्जा रकमबाट निम्न उल्लेखित रकम **रु.३,४८,५२,७६२।६७ (तीन करोड अडचालिस लाख बाउन्न हजार सात सय बैसठ्ठी रुपैया सतसठी पैसा)** जुन प्रयोजनको लागि कर्जा सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई कर्जा सुविधा पत्र (Credit Appraisal) को उदेश्य विपरीत बैंकलाई हानी नोक्सानी पुऱ्याउने उदेश्यले पुरानो कर्जाको साँवा तथा व्याज तिर्न र कर्मचारीहरुलाई तलवको रुपमा भुक्तान गरी स्वार्थ पक्ष आफैलाई फाईदा पुऱ्याई प्रतिवादी ओम प्रसाद पाण्डेले कर्जा रकमको दुरुपयोग गरेको प्रष्ट देखिन्छ ।

सि.नं.	कर्जा नं.	कर्जाको उद्देश्य	स्विकृत गर्ने	कर्जा प्रवाह मिति	खाता प्रकार	प्रवाह रकम रु.	दुरुपयोग रकमको विवरण	दुरुपयोग रकम	संचालक
१	0010460 0678973 000009 बोर्डले कर्जा स्विकृत गर्नु भन्दा अगाडी नै कर्जा	For payment of salary and other payable	Approved by board 2018/9/20	2018/9/13 देखी 2019/2/20 सम्म पटक पटक कर्जा प्रवाह भएको	BGL	250 million	2018/10/17 मा रु.2,64,86,538. 50 कर्जाको Interest & loan तिर्न प्रयोग भएको	26486538.50	ओम प्रसाद पाण्डे
							2018/10/17 मा ईन्चिच्युट अफ एग्रिकल्चरको नाममा रकमान्तर भएको रु.३८ लाखबाट रु.34,83, 408.32 Interest & loan तिर्न प्रयोग	3483408.32	

	प्रवाह भएको						भएको।		
							2019/03/19 मा OP Pandey को नाममा रकमान्तर भएको २ करोड ६२ लाखबाट रु. 5,70,754.75 कर्जाको सावा व्याज तिर्न प्रयोग गरेको	570754.75	
२	00100678 9 7300018	Purchase of equipment MRI समेत	Approved by board 2020/6/11	2020/6/30	Term Loan	58 million	2020/06/30 मा रामजानकीको चल्ती खाता नं. 0530022019400 011 मा रु. ५४,२३,०००।-मा रकमान्तर गरी सो खाताबाट 2020/ 07/02 मा रु. 43,12, 061.10 तलव भुक्तानी दिन प्रयोग गरेको	4312061.10	**ओम प्रसाद पाण्डे**
जम्मा रु.								**3,48,52,762.67**	

(१) सन् २०१८/०९/०५ को बैंकको Credit Appraisal (CA) अनुसार रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को संचालक ओम प्रसाद पाण्डेले कम्पनीको संचालक समितिको अध्यक्षको हैसियतमा कर्जा माग गरी प्रभु वैंक लि.बाट रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा For payment of salary and other payable उद्देश्यको लागि प्रवाह भएको Bridge Gap Loan (BGL) 250 million बाट सन २०१८/१०/१७ मा रु.२,६४,८६,५३८।५० पुरानो कर्जाको साँवा तथा व्याज तिर्न प्रयोग गरेको, ईन्चिच्युट अफ एग्रिकल्चर फरेष्ट एण्ड भेटनरी साईन्स प्रा.लि.को नाममा रकमान्तर भएको रकम रु.३८,००,०००।- बाट सन २०१८/१०/१७ मा रु.३४,८३,४०८।३२ कर्जाको साँवा तथा व्याज तिर्न प्रयोग गरेको साथै २०१९/०३/१९ मा OP Pandey को नाममा रकमान्तर भएको २ करोड ६२ लाखबाट रु.५,७०,७५४।७५ कर्जाको साँवा व्याज तिर्न प्रयोग गरेको देखिएवाट कर्जा रकम जुन प्रयोजनको लागि कर्जा सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई कर्जाको उदेश्य विपरीत फरक काममा प्रयोग गरी कर्जा रकमको दुरुपयोग गरेको देखिदा प्रस्तुत कसूरमा प्रतिवादी ओम प्रसाद पाण्डे समेतको संलग्नता रहेको प्रष्ट देखिन्छ।

(२) सन् २०२०/०५/२६ को बैंकको Credit Appraisal (CA) अनुसार रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को संचालक ओम प्रसाद पाण्डेले कम्पनीको संचालक समितिको अध्यक्षको हैसियतमा कर्जा माग गरी प्रभु बैंक लि.वाट रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा Purchase of equipment MRI समेत खरिद गर्ने उद्देश्यको लागि प्रवाह भएको Term Loan 60 million बाट सन २०२०/०६/३० मा रामजानकी हेल्थ फाउण्डेस प्रा.लि. को चल्ती

CamScanner

खाता नं. 0530022019400011 मा रु.५४,२३,०००।- रकमान्तर गरी सो रकमबाट सन २०२०/०७/०२ मा रु.४३,१२,०६१।१० तलव भुक्तानी दिन प्रयोग गरेको देखिएवाट जुन प्रयोजनको लागि कर्जा सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई कर्जाको उदेश्य विपरीत फरक काममा प्रयोग गरी कर्जा रकमको दुरुपयोग गरेको देखिदा प्रस्तुत कसूरमा प्रतिवादी ओम प्रसाद पाण्डे समेतको संलग्नता रहेको प्रष्ट देखिन्छ । **रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.का तत्कालिन सञ्चालक समितिको अध्यक्ष प्रतिवादी धन वहादुर शेरचनको संलग्नता/भूमिका:-** प्रतिवादी धन बहादुर शेरचन मिति २०७२ असार महिना देखि मिति २०७३ भदौ महिना सम्म राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को शेयरधनी तथा संचालक समितिको अध्यक्षको हैसियतमा रहेको देखिन्छ । प्रतिवादी धन बहादुर शेरचन आफु रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को संचालक समितिको अध्यक्ष भएको समयमा अध्यक्ष भएको फाईदा लिई उक्त संस्था संचालन गर्ने सिलसिलामा बैंकलाई हानीनोक्सानी पुऱ्याउने उदेश्यले प्रतिवादी धन बहादुर शेरचनले प्रभु बैंक लि.का उच्च तहका कर्मचारीहरु CEO अशोक शेरचन समेतका अन्य ब्यक्तीहरुसँग अस्वस्थ्य निकट सम्बन्ध राखी एक आपसमा मिलेमतो गरी कर्जाको साँवा तथा व्याजको किस्ता भुक्तानी नियमित नभएको, SOL लिमिट क्रस गरेको, Bridge gap loan को म्याद समाप्त भई कर्जा Expire रहेको र कर्जा रकम overdue रहेको अवस्थामा समेत रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को तर्फबाट प्रतिवादी धन बहादुर शेरचन समेतले संचालक समितिको अध्यक्षको हैसियतले Immediate liabilities management and cash flow management, Immediate liabilities management ie. Settlement of taxes and other obligations, Immediate liabilities management to pay salary & other समेतको लागि कर्जा माग गरी प्रभु बैंक लि.बाट रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा प्रवाह भएको उक्त कर्जा रकमबाट प्रतिवादी धन वहादुर शेरचनले राम जानकी हेल्थ फाउण्डेसन प्रा.लि.को संचालक भएको फाईदा लिई दिपक राज वराल समेत नाम मात्रको बिभिन्न वनावटी नाममा चेक काटन लगाई उल्लेखित चेकहरुबाट भुक्तानी लिएको रकम दिपक राज वराल समेतबाट धन वहादुर शेरचन समेत प्राप्त गरी तपसिलमा उल्लेख भए अनुसारको जम्मा रु.३९,०९, ११,५३७।३९(उनान्चालिस करोड नौ लाख एघार हजार पाँच सय सैतिस रुपैया उनान्चालिस पैसा) जुन प्रयोजनको लागि कर्जा सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई कर्जा सुविधा पत्र (Credit Appraisal) को उदेश्य विपरीत पुरानो कर्जाको साँवा तथा व्याज तिर्न र चेक मार्फत भुक्तानी लिई स्वार्थ पक्ष आफुलाई फाईदा पुऱ्याई कर्जा रकमको दुरुपयोग गरेको देखिदा प्रस्तुत कसूरमा प्रतिवादी धन बहादुर शेरचन समेतको संलग्नता रहेको प्रष्ट रहेको देखिन्छ ।

(क) सन् २०१५/०९/२२ को Credit Appraisal (CA) अनुसार प्रभु वैंक लि.बाट रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा Immediate liabilities management and cash flow management उद्देश्यको लागि प्रवाह भएको कर्जा नं. 06230100220194000009 को OD 25 Million र Term loan 200 million बाट 2015/10/15 मा Short term Loan settlement गरेको रु.२,४६,१०,२६५।१३, र 2015/10/16 मा दुई पटक गरी कर्जाको सावा र व्याज रु.२५,२७,९४५।२६ तिरेको साथै कर्जाको साँवा व्याज तिर्न प्रयोग भएको रकम रु.९५,२५,०००।-समेत गरी जम्मा रु.३,६६,६३,२१०।३९ (तीन करोड छैसठ्ठी लाख त्रिसठ्ठी हजार दुई सय दश रुपैया उनान्चालिस पैसा) रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को संचालक **धन बहादुर शेरचन** समेतले दुरुपयोग गरी प्रस्तुत कसूरमा संलग्नता रहेको देखिन्छ ।

सि.नं.	कर्जा नं.	कर्जाको उद्देश्य	स्विकृत गर्ने	कर्जा प्रवाह मिति	कर्जा प्रकार	प्रवाह रकम	दुरुपयोग भएको विवरण	दुरुपयोग रकम	संचालक
१	0010067	Immediate	Approved		Term loan	200	2015/10/16 मा दुई पटक गरी कर्जाको	2527945.26	धन बहादुर शेरचन, हरिमान

	8 973000 39 0623010 022 0194000 009	liabilities management and cash flow management	by board 2015/9/2 5	2015/10/ 9 2015/10/ 15	 O.D.	million 25 million	सावा 1500000 र व्याज 1027945.26 समेत गरी जम्मा 2527945.26 तिरेको। 2015/10/15 मा 24610265.13 short term loan Settlement गरेको साथै सोही OD खातामा चल्ती खाता नं. 0010010067 8973000001 बाट जम्मा भएको रकमबाट रु. 95,25,000 कर्जाको सावा व्याज तिर्न प्रयोग गरेको।	 24610265.13 9525000	लामा र हरि कृष्ण भट्टचन
जम्मा रु.								**3,66,63,210.39**		

(ख) सन २०१६।०२/२३ को Credit Appraisal (CA) अनुसार Immediate liabilities management. Settlement of taxes and other obligations समेतको प्रयोजनको लागि प्रवाह भएको कर्जा नं. 00104600678973000005 को BGL ३५० million बाट रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को कृषि विकास बैंकमा भएको कर्जा रकम रु.२,००,७३,३२७।– तिर्न प्रयोग गरेको र रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को पुरानो कर्जाको साँवा तथा व्याज रु.१,४६,००,०००।-तिर्न प्रयोग गरी सो समेत गरी जम्मा रु.३,४६,७३,३२७।– प्रतिवादी **धन वहादुर शेरचन** समेतले दुरुपयोग गरी प्रस्तुत कसूरमा संलग्नता भएको देखिन्छ।

सि.नं.	कर्जा नं.	कर्जाको उद्देश्य	स्विकृत गर्ने	प्रवाह मिति	कर्जा प्रकार	प्रवाह रकम	दुरुपयोग भएको विवरण	दुरुपयोग रकम	संचालक
१	001046006 7 89730000	Immediate liabilities managemen	Approve d by	2016/2/25- 2016/3/17	BGL	200 million	2016/03/06 राम जानकीको कृषि विकास वैंकमा भएको A/C मा 56273327 रकमान्तर गरी सोही रकमबाट रु. 20073327 पुरानो कर्जा	20073327	धन बहादुर शेरचन, महावीर

CamScanner

	05	t ie. Settlement of taxes and other obligations	board 2016/2/23			150 million	तिर्न प्रयोग गरेको		तामाङ र हरिकृष्ण भट्टचन
							रामजानकीको चल्ती खाताबाट 2016/02/25 र 2016/03/24 मा राम जानकी को खाता नं. 0623010022 0194000009 मा रकमान्तर गरेको रु. 14600000 कर्जाको सावा व्याज तिरेको	14600000	
जम्मा								**3,46,73,327.00**	

(ग) सन् २०१६/०९/०५ को Credit Appraisal (CA) अनुसार Immediate liabilities management to pay salary & other समेतको प्रयोजनको लागि प्रवाह भएको कर्जा नं. 00104600678973000007 को Bridge Gap Loan (BGL) 200 million कर्जाबाट 2016/09/16 मा रु.१०,००,०००।-कर्जाको व्याज तिर्न प्रयोग गरेको र 2016/09/26 मा रु. ११,७२,००,०००।- रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को कृषि विकास वैंकमा भएको कर्जा तिर्न प्रयोग गरी जम्मा रु.११,८२,००,०००।-प्रतिवादी धन बहादुर शेरचन समेतले कर्जाको दुरुपयोग गरी प्रस्तुत कसूरमा संलग्नता भएको देखिन्छ।

सि.नं.	कर्जा नं.	कर्जाको उद्देश्य	स्विकृत गर्ने	प्रवाह मिति	कर्जा	प्रवाह रकम	दुरुपयोग रकमको विवरण	दुरुपयोग रकम	संचालक
१	0010460067 8973000007	Immediate liabilities manageme nt to pay salary & other	Approved by board 2016/9/8	2016/9/16 देखी 2016/10/2 सम्म प्रवाह भएको	BGL	200 millio	2016/09/16 मा कर्जाको व्याज रु. 10,00,000 तिर्न प्रयोग गरेको।	10,00,000	धन बहादुर शेरचन, देवान राई र सुरेश कुमार तिवारी
							2016/09/26 मा रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को कृषि विकास वैंकमा भएको कर्जा रु.	11,72,00,000	

							11,72,00, 000 तिर्न प्रयोग गरेको।		
जम्मा								**11,82,00,000.00**	

(घ) सन २०१५/०५/०५ को Credit Appraisal अनुसार Fixed Assets Financing for immediate liabilities management प्रयोजनको लागि प्रभु वैंक लि.बाट रामजानकी हेल्थ फाउण्डेसन प्रा.लि.को नाममा प्रवाह भएको कर्जा नं. 0530022019400038/ 06204400220194000031 को Term Loan 100 million कर्जा रकमबाट **धन वहादुर शेरचन** र हरीमान लामाले २ दुई थान चेकहरुमा दस्तखत गरी जम्मा रु.६४,००,०००।–(चौसठ्ठी लाख) कर्जा रकम दुरुपयोग गरेको देखिन्छ।

सि.नं.	उद्देश्य	कर्जा नं.	कर्जा	चेक मार्फत भुक्तानी रकम	चेक थान	दस्तखत गर्ने
१	Fixed Assets Financing for immediate liabilities management	0530022019400038/ 06204400220194000031	Term Loan 100 million	**६४,००,०००।-**	२	धन वहादुर शेरचन र हरीमान लामा

